# साहित्यकार शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन

त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र
सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, कीर्तिपुरको
स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको
प्रयोजनका लागि
प्रस्तुत

## शोधपत्र

शोधार्थी

**लक्ष्मीदेवी शर्मा**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर
काठमाडौँ
२०६५

**त्रिभुवन विश्वविद्यालय**

## नेपाली केन्द्रीय विभाग

त्रि.वि., कीर्तिपुर

मिति : २०६५।९।...

## स्वीकृतिपत्र

त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्काय, नेपाली केन्द्रीय विभागका छात्रा लक्ष्मीदेवी शर्माले स्नातकोत्तर तहको दसौँ पत्रको प्रयोजनका लागि तयार पारेको **साहित्यकार शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको प्रस्तुत शोधपत्र सोही प्रयोजनका लागि स्वीकृत गरिएको छ ।

| | | |
|---|---|---|
| ............................. | ................................... | ............................... |
| (**उपप्रा. नेत्रमणि सुवेदी**) | ( **डा. पारसमणि भण्डारी**) | ( **प्रा.राजेन्द्र सुवेदी**) |
| शोधनिर्देशक | बाह्य परीक्षक | विभागीय प्रमुख |

# मूल्याङ्कनका लागि सिफारिस

प्रस्तुत **साहित्यकार शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** शीर्षकको शोधपत्र त्रिभुवन विश्वविद्यालय, मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभाग, नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको परिपूर्तिका लागि लक्ष्मीदेवी शर्माले मेरो निर्देशनमा तयार पार्नुभएको हो । यस शोधपत्रबाट म सन्तुष्ट छु र यसको आवश्यक मूल्याङ्कनका लागि नेपाली केन्द्रीय विभागसमक्ष सिफारिस गर्दछु ।

मिति : २०६५।९।......

.........................

(उपप्रा. **नेत्रमणि सुवेदी**)

शोधनिर्देशक

# कृतज्ञताज्ञापन

**साहित्यकार शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्व** शीर्षकको शोधपत्र मैले त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली विषयमा स्नातकोत्तर तह पूरा गर्नका लागि तयार पारेकी हुँ । ऐच्छिक रूपमा शोधपत्र तयार गर्नुपर्ने विश्वविद्यालयको शैक्षिक नीति भए पनि विशिष्ट योगदान भएका मोफसलका साहित्यकार शान्तिनारायण श्रेष्ठलाई नेपाली साहित्यको मूलधारमा ल्याउनुपर्ने देखेर त्रि.वि.नेपाली केन्द्रीय विभागबाट यो शोध गर्न म अघि सरेकी थिएँ ।

प्रस्तुत शोधपत्र मैले आदरणीय गुरु श्री नेत्रमणि सुवेदीको कुशल निर्देशनमा लेखेकी हुँ । शोधकार्यमा पटकपटक आइपर्ने विविध समस्याहरूलाई कुनै झन्झट नमानी हरपल सरसल्लाह, सुझाव, प्रोत्साहन, निर्देशन दिनुहुने निर्देशक गुरुप्रति म हार्दिक कृतज्ञताज्ञापन गर्दछु । शोधकार्यको सामग्री सङ्कलनका लागि शोधनायकका बारेमा जानकारी गराउँदै शोधनायक समक्ष र अन्य सम्पर्क स्थानहरूमा पुऱ्याउनुहुने बुबा श्री द्रोणराज उपाध्यायप्रति कृतज्ञताज्ञापन गर्दछु ।

शोधपत्र तयारीका क्रममा आ-आफ्नो स्थानबाट प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा सहयोग पुऱ्याउनुहुने गुरु कृष्णहरि बराल, प्रेम चौलागाई, डा. वमबहादुर थापा जितालीप्रति पनि म कृतज्ञताज्ञापन गर्दछु । शोधकार्यमा आवश्यक पर्ने विभिन्न प्रामाणित सामग्रीहरू आवश्यक मौखिक र लिखित जानकारी उपलब्ध गराउनुहुने शोधनायक शान्तिनारायण श्रेष्ठ र आवश्यक मौखिक जानकारी उपलब्ध गराउनु हुने पर्वत साहित्य सङ्गमका सदस्यहरू प्रेम छोटा, इन्द्रकुमार विकल्प, षडानन्द पौड्याल र काजी रोशनप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु । मेरो अध्ययन आरम्भदेखि यस शोधकार्य तयार पार्दासम्मको लामो समयमा विभिन्न समस्याको सामना गर्दै आर्थिक भार र अन्य भार वहन गरी शिक्षार्जनको वातावरण मिलाउन साहस गर्नुहुने मेरा पिता श्री देवनारायण शर्मा, माता पूर्णिमादेवी शर्मा र दाजु हरिनारायण शर्मा तथा समस्त घरपरिवारमा कृतज्ञताज्ञापन गर्दछु । मेरो अध्ययनको यस क्षणमा निरन्तर चिन्तित रही, सुखदुःखमा साथ दिँदै लेखनकार्यलाई पूर्णतातर्फ लैजान र जीवनलाई सफलताको उच्च मार्गमा पुऱ्याउन सहयोग र हौसला प्रदान गर्नुहुने मेरा श्रीमान् रजनीश पौडेल तथा प्यारो छोरा आगमन पौडेलप्रति हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्र लेखनकार्यमा विविध सहयोग पुऱ्याउनुहुने दाजु खगराज पौडेल, बहिनी रश्मी शर्मा, साथीहरू निर्मला शर्मा, कृष्णराज पौडेल, केशव ढुङ्गेल एवम् आवश्यक पुस्तक, पत्रपत्रिका अध्ययनमा सहयोग पुऱ्याउने त्रि.वि. केन्द्रीय पुस्तकालय र अन्य सहयोगी सङ्घसंस्थाप्रति म आभारी छु । प्रस्तुत शोधपत्रलाई यथासक्य शुद्धताका साथ टङ्कन कार्यमा सहयोग र अन्य सुझाव दिनुहुने दाजु चिरञ्जीवी खड्काप्रति पनि म हार्दिक कृतज्ञताज्ञापन गर्दछु ।

प्रस्तुत शोधपत्रको आवश्यक मूल्याङ्कनका लागि म यसलाई नेपाली केन्द्रीय विभागसमक्ष पेस गर्दछु ।

....................

मिति : २०६५।९।११

**(लक्ष्मीदेवी शर्मा)**
नेपाली केन्द्रीय विभाग
त्रिभुवन विश्वविद्यालय,
कीर्तिपुर, काठमाडौं

# विषयसूची

**मूल्याङ्कनका लागि सिफारिस**

**स्वीकृतिपत्र**

**कृतज्ञताज्ञापन**

**परिच्छेद - एक**

**शोधपरिचय**

| | | |
|---|---|---|
| १.१ | शोधशीर्षक | १ |
| १.२. | शोधकार्यको प्रयोजन | १ |
| १.३. | विषयपरिचय | १ |
| १.४. | शोधसमस्या | २ |
| १.५. | शोधकार्यका उद्देश्य | २ |
| १.६. | पूर्वकार्यको समीक्षा | २ |
| १.७. | शोधकार्यको औचित्य | ५ |
| १.८. | शोधकार्यको सीमाङ्कन | ५ |
| १.९. | शोधविधि | ६ |
| १.१० | शोधपत्रको रूपरेखा | ६ |

**परिच्छेद - दुई**

**शान्तिनारायण श्रेष्ठको जीवनी**

| | | |
|---|---|---|
| २.१. | जन्म र वंशपरम्परा | ७ |
| २.२ | बाल्यावस्था | ६ |
| २.३ | चूडाकर्म | ८ |
| २.४ | शिक्षादीक्षा | ९ |
| २.४.१ | प्रारम्भिक शिक्षा | ९ |

२.४.२ माध्यमिक शिक्षा ९
२.४.३ उच्चशिक्षा १०
२.५ शान्तिनारायण श्रेष्ठ 'दीपक' नामकरण तथा यसको औचित्य १०
२.६ पारिवारिक पृष्ठभूमि १०
२.७ विवाह र दाम्पत्य जीवन ११
२.८ आर्थिक अवस्था १३
२.९ रुचि तथा स्वभाव १३
२.१० सामाजिक कार्य तथा सामाजिक सेवा १५
२.११ लेखनका लागि प्रेरणा र प्रभाव १६
२.१२ साहित्यिक क्षेत्रमा प्रवेश र सिर्जनात्मक सक्रियता १७
२.१३ सम्मान तथा पुरस्कार १९
२.१४ भ्रमण २०
२.१५ जागिरे जीवन २०
२.१६ जीवनदर्शन २१

**परिच्छेद - तीन**

**शान्तिनारायण श्रेष्ठको व्यक्तित्व**

३.१. व्यक्तित्वनिर्माण २२
३.२ बाह्य व्यक्तित्व २२
३.३ आन्तरिक व्यक्तित्व २३
३.४ व्यक्तित्वका विभिन्न पाटाहरू २३
३.४.१ साहित्यकार व्यक्तित्व २४
३.४.१.१ कवि व्यक्तित्व २५
३.४.१.२ कथाकार व्यक्तित्व २७
३.४.१.३ उपन्यासकार व्यक्तित्व २७
३.४.१.४ खण्डकाव्यकार व्यक्तित्व २७
३.४.१.५ गीतकार व्यक्तित्व २८
३.४.१.६ गजलकार व्यक्तित्व २९

| | | |
|---|---|---|
| ३.५ | सम्पादक व्यक्तित्व | ३० |
| ३.६ | संस्थापक व्यक्तित्व | ३१ |
| ३.७ | हास्यव्यङ्ग्यकार व्यक्तित्व | ३१ |
| ३.८ | राजनीतिक व्यक्तित्व | ३१ |
| ३.९ | समाजसेवी व्यक्तित्व | ३२ |


**परिच्छेद - चार**

**शान्तिनारायण श्रेष्ठका प्रकाशित रचनाको विवरण र उनको साहित्यिक यात्रा**


| | | |
|---|---|---|
| ४.१. | पृष्ठभूमि | ३४ |
| ४.२ | प्रकाशित कृतिहरूको विवरण | ३४ |
| ४.३ | अप्रकाशित कृतिहरूको विवरण | ३५ |
| ४.४ | प्रकाशित फुटकर लेखरचनाहरूको विवरण | ३६ |
| ४.५ | शान्तिनारायण श्रेष्ठको साहित्ययात्रा र चरणविभाजन | ६२ |
| ४.५.१ | प्रथम चरण (२०१८-२०४८) | ६३ |
| ४.५.२ | दोस्रो चरण (२०४९ देखि हालसम्म) | ६४ |


**परिच्छेद - पाँच**

**शान्तिनारायण श्रेष्ठको कृतित्वको विश्लेषण**


| | | |
|---|---|---|
| ५.१. | **गुप्तेश्वर** खण्डकाव्यको विश्लेषण | ६७ |
| ५.१.१ | लेखन र प्रकाशन | ६७ |
| ५.१.२ | शीर्षकविधान | ६७ |
| ५.१.३ | सर्ग एवम् संरचना | ६८ |
| ५.१.४ | विषयवस्तु | ६८ |
| ५.१.५ | पात्र | ७० |
| ५.१.६ | परिवेश | ७० |
| ५.१.७ | भाव एवम् केन्द्रीय कथ्य | ७१ |
| ५.१.८ | छन्द एवम् लयविधान | ७१ |

| | | |
|---|---|---|
| ५.१.९ | कथनपद्धति | ७२ |
| ५.१.१० | भाषाशैली | ७२ |
| ५.१.११ | बिम्ब, प्रतीक र अलङ्कारविधान | ७२ |
| ५.१.१२ | निष्कर्ष | ७३ |
| ५.२ | **स्मृतिका लहरहरू** शोककाव्यको विश्लेषण | ७३ |
| ५.२.१ | लेखन र प्रकाशन | ७३ |
| ५.२.२ | शीर्षकविधान | ७४ |
| ५.२.३ | संरचना | ७४ |
| ५.२.४ | विषयवस्तु | ७५ |
| ५.२.५ | पात्र | ७७ |
| ५.२.६ | परिवेश | ७८ |
| ५.२.७ | भावविधान | ७८ |
| ५.२.८ | सर्गविधान | ७९ |
| ५.२.९ | छन्द एवम् लयविधान | ७९ |
| ५.२.१० | कथनपद्धति | ८० |
| ५.२.११ | भाषाशैली | ८० |
| ५.२.११ | बिम्ब, प्रतीक र अलङ्कारविधान | ८० |
| ५.२.१२ | निष्कर्ष | ८१ |
| ५.३ | **विसङ्गति** मुक्तकसङ्ग्रहको अध्ययन | ८१ |
| ५.३.१ | लेखन र प्रकाशन | ८१ |
| ५.३.२ | शीर्षकविधान | ८२ |
| ५.३.३ | संरचना | ८२ |
| ५.३.४ | विषयवस्तु | ८३ |
| ५.३.५ | लयविधान | ८४ |
| ५.३.६ | कथनपद्धति | ८५ |
| ५.३.७ | भाषाशैली | ८५ |
| ५.३.८ | बिम्ब, प्रतीक र अलङ्कारविधान | ८५ |
| ५.३.९ | निष्कर्ष | ८६ |
| ५.४ | **अनुभूति** गजलसङ्ग्रहको अध्ययन | ८७ |
| ५.४.१ | लेखन र प्रकाशन | ८७ |

| | | |
|---|---|---|
| ५.४.२ | संरचना | ८७ |
| ५.४.३ | विषयवस्तु | ८८ |
| ५.४.४ | लयविधान | ८९ |
| ५.४.५ | भाषाशैली | ९० |
| ५.४.६ | बिम्ब, प्रतीक र अलङ्कारविधान | ९० |
| ५.४.७ | निष्कर्ष | ९० |
| ५.५ | **अजम्मरी माया** गजलसङ्ग्रहको अध्ययन | ९१ |
| ५.५.१ | लेखन र प्रकाशन | ९१ |
| ५.५.२ | संरचना | ९१ |
| ५.५.३ | विषयवस्तु | ९२ |
| ५.५.४ | लयविधान | ९४ |
| ५.५.५ | भाषाशैली | ९५ |
| ५.५.६ | बिम्ब, प्रतीक र अलङ्कारविधान | ९६ |
| ५.५.७ | निष्कर्ष | ९६ |
| ५.६ | **झंकार** गीतङ्ग्रहको अध्ययन | ९७ |
| ५.६.१ | लेखन र प्रकाशन | ९७ |
| ५.६.२ | स्थायी, अन्तरा र थेगो | ९७ |
| ५.६.३ | भाव एवम् विषयवस्तु | ९७ |
| ५.६.४ | लय | ९९ |
| ५.६.५ | भाषाशैली | १०० |
| ५.६.६ | निष्कर्ष | १०० |
| ५.७ | **स्पन्दन** गीतङ्ग्रहको अध्ययन | १०१ |
| ५.७.१ | लेखन र प्रकाशन | १०१ |
| ५.७.२ | स्थायी, अन्तरा र थेगो | १०१ |
| ५.७.३ | भाव | १०१ |
| ५.७.४ | लय | १०२ |
| ५.७.५ | भाषाशैली | १०३ |
| ५.७.६ | निष्कर्ष | १०४ |
| ५.८ | **बैंसका सुसेलीहरू** गीतङ्ग्रहको अध्ययन | १०४ |
| ५.८.१ | लेखन र प्रकाशन | १०४ |

| | | |
|---|---|---|
| ५.८.२ | स्थायी, अन्तरा र थेगो | १०४ |
| ५.८.३ | भाव | १०५ |
| ५.८.४ | लय | १०६ |
| ५.८.५ | भाषाशैली | १०६ |
| ५.८.६ | निष्कर्ष | १०७ |
| ५.९ | **बाडुल्की** गीतङ्ग्रहको अध्ययन | १०७ |
| ५.९.१ | लेखन र प्रकाशन | १०७ |
| ५.९.२ | स्थायी, अन्तरा र थेगो | १०७ |
| ५.९.३ | भाव | १०८ |
| ५.९.४ | लय | ११० |
| ५.९.५ | भाषाशैली | ११० |
| ५.९.६ | निष्कर्ष | १११ |
| ५.१० | **अवतरण** हाइकुङ्ग्रहको अध्ययन | १११ |
| ५.१०.१ | परिचय | १११ |
| ५.१०.२ | संरचना | ११२ |
| ५.१०.३ | भाव | ११४ |
| ५.१०.४ | लय | ११७ |
| ५.१०.५ | भाषाशैली | ११८ |
| ५.१०.६ | बिम्ब, प्रतीक, अलङ्कार | ११९ |
| ५.१०.७ | निष्कर्ष | १२० |
| ५.११ | **अनावरण** ताङ्काङ्ग्रहको अध्ययन | १२१ |
| ५.११.१ | परिचय | १२१ |
| ५.११.२ | संरचना | १२२ |
| ५.११.३ | भाव | १२३ |
| ५.११.४ | लय | १२६ |
| ५.११.५ | भाषाशैली | १२७ |
| ५.११.६ | बिम्ब, प्रतीक, अलङ्कार | १२९ |
| ५.११.७ | निष्कर्ष | १२९ |
| ५.१२ | **अन्तर्ध्वनि** चोकाङ्ग्रहको अध्ययन | १२९ |
| ५.१२.१ | परिचय | १२९ |

| | | |
|---|---|---|
| ५.१२.२ | संरचना | १३० |
| ५.१२.३ | भाव | १३१ |
| ५.१२.४ | लय | १३४ |
| ५.१२.५ | भाषाशैली | १३४ |
| ५.१२.६ | बिम्ब, प्रतीक, अलङ्कार | १३५ |
| ५.१२.७ | निष्कर्ष | १३५ |
| ५.१३ | **संस्मरण (अवलोकन भ्रमणको)** यात्रासंस्मरणको अध्ययन | १३६ |
| ५.१३.१ | परिचय | १३६ |
| ५.१३.२ | संरचना | १३७ |
| ५.१३.३ | भाव | १३७ |
| ५.१३.४ | भाषाशैली | १३८ |
| ५.१३.५ | छन्द, लय, अलङ्कार | १३९ |
| ५.१३.६ | निष्कर्ष | १३९ |

**परिच्छेद - छ**

**शोधनिष्कर्ष** १४०

**सन्दर्भसामग्रीसूची**

**परिच्छेद एक**

**परिच्छेद दुई**

**परिच्छेद तीन**

**परिच्छेद चार**

**परिच्छेद पाँच**

# सङ्क्षिप्त रूपसूची

| | | |
|---|---|---|
| आई.ए. | - | इन्टरमिडियट अफ् आर्टस् |
| एस्.एल्.सी. | - | स्कुल लिभिङ सर्टिफिकेट |
| क्र.सं. | - | क्रमसङ्ख्या |
| गा.वि.स. | - | गाउँ विकास समिति |
| जि.वि.स. | - | जिल्ला विकास समिति |
| डा. | - | डाक्टर |
| ना.सु. | - | नायव सुब्बा |
| प्रा.वि. | - | प्राथमिक विद्यालय |
| मा.वि. | - | माध्यमिक विद्यालय |
| सम्पा. | - | सम्पादक |
| त्रि.वि. | - | त्रिभुवन विश्वविद्यालय |

# परिच्छेद - एक

# शोधपरिचय

## १.१ शोधशीर्षक

प्रस्तुत शोधकार्यको शीर्षक **शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन** रहेको छ ।

## १.२. शोधकार्यको प्रयोजन

प्रस्तुत शोधपत्रको प्रयोजन त्रिभुवन विश्वविद्यालय मानविकी तथा सामाजिकशास्त्र सङ्कायअन्तर्गत नेपाली केन्द्रीय विभागको स्नातकोत्तर तह दोस्रो वर्ष दसौँ पत्रको प्रयोजनका लागि प्रस्तुत गरिएको छ ।

## १.३. विषयपरिचय

शान्तिनारायण श्रेष्ठ एक बहुमुखी प्रतिभाका धनी व्यक्तित्व हुन् । उनको जन्म वि.सं. १९९६ भाद्र १७ गते विहीवारका दिन पर्वत जिल्लाको कुश्माबजार स्थित शान्तिचोकमा भएको हो । पिता रूपनारायण श्रेष्ठ र माता मनकुमारी श्रेष्ठको कोखबाट जन्मिएका शान्तिनारायण श्रेष्ठले नेपाली साहित्यका अनेकौँ विधा कविता, कथा, खण्डकाव्य, गीत आदिमा कलम चलाएर थुप्रै कृतिहरू प्रकाशित गरेका छन् । स्वदेशी तथा विदेशी पत्रपत्रिकाहरूमा उनका लेखरचना, कविता, गजल र गीतहरू छरिएर रहनुका साथै लोकदोहोरी गीतका क्यासेटहरू बजारमा आइसकेका छन् । यसका अतिरिक्त समाजसेवामा पनि उनको भूमिका उल्लेख्य रहेको छ । औपचारिक रूपमा एस्.एल्.सी. सम्मको अध्ययन गरेका श्रेष्ठले गीति क्षेत्रबाट नै बढी सफलता हासिल गरेको पाइन्छ । उनका गीतहरू मायाप्रेममा आधारित छन् भने खण्डकाव्यहरू झ्याउरे छन्दमा लेखिएका छन् । उनका साहित्यिक रचनामा सर्वसाधारणले बुझ्न सक्ने झर्रा नेपाली शब्दको प्रयोग र सरल, मीठो भाषाशैली पाइन्छ । नेपाली साहित्यका क्षेत्रमा अनेकौं विधामा कलम चलाएर जम्माजम्मी १३ ओटा कृतिहरू पुस्तकाकार रूपमा प्रकाशनमा ल्याएका र गायन

क्षेत्रमा आफूलाई स्थापित गरेका श्रेष्ठले नेपाली साहित्यमा ठूलो योगदान पुऱ्याएका छन् । त्यसैले उनको जीवनी, व्यक्तित्व र कृतित्वको प्रारम्भिक अध्ययन आवश्यक देखिएको हो ।

## १.४. शोधसमस्या

शान्तिनारायण श्रेष्ठ निरन्तर रूपमा साहित्यसिर्जनामा संलग्न रहेका व्यक्ति हुन् । आजसम्म उनका कृतित्वका बारेमा केही अध्ययन गरिएका छन् तापनि उनका जीवनी र व्यक्तित्वलाई समेटेर कृतित्व पक्षको समग्र अध्ययन हुन सकेको छैन । यही मूल समस्याको समाधानका निम्ति निम्नानुसारका समस्याहरूमा केन्द्रित भई यो शोधकार्य सम्पन्न गरिएको छ :

(क) शान्तिनारायण श्रेष्ठका जीवनीका पाटाहरू केकस्ता रहेका छन् ?

(ख) शान्तिनारायण श्रेष्ठको व्यक्तित्व केकस्तो रहेको छ ?

(ग) शान्तिनारायण श्रेष्ठको साहित्य सिर्जनायात्रा केकस्तो रहेको छ ?

(घ) शान्तिनारायण श्रेष्ठका कृतिहरू केकस्ता रहेका छन् ?

## १.५. शोधकार्यका उद्देश्य

प्रस्तुत शोधकार्यका प्रमुख उद्देश्यहरू निम्नलिखित रहेका छन् :

(क) शान्तिनारायण श्रेष्ठको जीवनीका विभिन्न पाटाहरू केलाउनु,

(ख) शान्तिनारायण श्रेष्ठको व्यक्तित्वका विभिन्न पक्षहरूको अध्ययन गर्नु,

(ग) शान्तिनारायण श्रेष्ठको साहित्यिक सिर्जनायात्राको पहिचान गर्नु,

(घ) शान्तिनारायण श्रेष्ठका कृतिहरूको विश्लेषण गर्नु ।

## १.६. पूर्वकार्यको समीक्षा

नेपाली साहित्यका बहुमुखी प्रतिभा व्यक्तित्व शान्तिनारायण श्रेष्ठका बारेमा छुट्टै अध्ययन गरिएको नपाइए तापनि केही पत्रपत्रिकाहरू तथा उनकै कृतिहरूका भूमिका, परिशिष्ट आदिमा

चर्चा परिचर्चा र सामान्य टिप्पणी आदि जे-जति भएका छन् तिनलाई पूर्वकार्यको समीक्षाका रूपमा यहाँ कालक्रमअनुसार प्रस्तुत गरिएको छ :

विजय सागरले **गुप्तेश्वर** खण्डकाव्य (२०२७) को 'सम्मति' लेख्ने क्रममा शान्तिनारायण श्रेष्ठलाई एक प्रतिभासम्पन्न बुज्रुक कविका साथसाथै लेकमा फुल्ने अनुपम गुराँसका फूल हुन् भनी प्रशंसा गरेका छन् ।

प्रेम छोटाले **मधुपर्क** (२०५३) मा प्रकाशित 'धवलागिरि अञ्चलका साहित्यकार र कृतिहरू लेखमा पर्वत जिल्लाका साहित्यकार शान्तिनारायण श्रेष्ठको नाम उल्लेख गरेका छन् । यस लेखले पर्वत जिल्लाका साहित्यकार शान्तिनारायण श्रेष्ठका बारेमा सङ्क्षिप्त जानकारी प्रस्तुत गरेको छ ।

प्रेम छोटाले **धवलागिरिका कवि र कविता** (२०५५) शीर्षकको कृतिमा धवलागिरि अञ्चलका सबै कविहरूलाई समेट्ने क्रममा शान्तिनारायण श्रेष्ठका प्रवृत्तिहरूलाई सङ्क्षिप्त रूपमा प्रस्तुत गरेका छन् ।

प्रेम छोटाले नै **स्पन्दन** (२०५६) गीतसङ्ग्रहको 'पर्वतमा पनि गीतकार जन्मिएछ' शीर्षकको भूमिका लेख्ने क्रममा झट्ट हेर्दा कवि नीरविक्रम प्यासीको प्रभाव गीतकार श्रेष्ठका रचनामा यदाकदा पाइन्छ भन्दै उनीबाट भविष्यमा अरू आशा गर्न सकिने कुरा उल्लेख गरेका छन् ।

समीक्षक रमेश श्रेष्ठले **विसङ्गति** (२०५६) शीर्षकको मुक्तक कवितासङ्ग्रहको आवरण पृष्ठमा "आफ्ना बाटाहरू आफैँले खनेर आफ्नै गतिमा बगिरहने नदीजस्तै सिर्जनाको अँगालोमा बाँधिएर समयले डोऱ्याइरहेको एउटा अथक यात्री शान्तिनारायण श्रेष्ठका रचनाहरू नेपाली ग्रामीण जनजीवनको स्पर्शमा निस्कने धुनहरूका मुर्छनाहरू हुन्" भनी सङ्क्षिप्त रूपमा टिप्पणी गरेका छन् । उनको यो टिप्पणीबाहेक यस कृतिका बारेमा अन्त कतै केही चर्चा भएको भने पाइँदैन ।

शुभन्तनाथ सुवेदीले 'नेपाली साहित्यमा पर्वत जिल्लाको साहित्यिक योगदान' (२०५६) नामक शोधपत्रमा पर्वत जिल्लाका साहित्यकार शान्तिनारायण श्रेष्ठको परिचय र प्रवृत्ति प्रस्तुत गरेका छन् ।

सरुभक्तले **बैंसका सुसेलीहरू** (२०५६) गीतसङ्ग्रहमा 'बैंसका सुसेलीहरू र लोक विनिर्माणवाद' शीर्षक लेखमा सरलता, निख्खरता, लयात्मकता र ग्रामीण संवेगात्मकता आदि गुणहरू श्रेष्ठको **बैंसका सुसेली**मा प्रशस्त पाउन सकिन्छ भनी उल्लेख गरेका छन् ।

कृष्णहरि बरालले **बाडुल्की** (२०५७) गीतसङ्ग्रहको 'भूमिका'मा गीतको शास्त्रीय परम्परामाथि प्रकाश पार्दै श्रेष्ठ अत्यन्तै सुन्दर ढङ्गले आफ्ना गीतमा पोखिएका छन् भनी सङ्क्षिप्त रूपमा टिप्पणी गरेका छन् । उनको यस टिप्पणीले शोधनायकको समग्र साहित्यिक व्यक्तित्वको पाटो उघार्न भने सकेको छैन ।

**झङ्कार** गीतसङ्ग्रहका बारेमा निष्पक्ष अभिमत साप्ताहिकमा महेन्द्र बहुमुखी क्याम्पस बागलुङका (उप-प्राध्यापक) श्री षडानन्द पौड्यालले "गीति क्षेत्रको एक खुड्किलो" भन्ने शीर्षक दिएर यस्तो समालोचना गरेका छन्- समग्रमा 'झङ्कार' गीतसङ्ग्रह शान्तिनारायण श्रेष्ठको आफ्नो जीवनको लामो भोगाईको यथार्थ हो । विषय एवम् लयात्मकताका दृष्टिले प्रगतिवादी चेतना, राष्ट्रवादी भावना, जीवन र समाजका सामाजिक, धार्मिक, आध्यात्मिक विसङ्गतिजस्ता भावना यस सङ्ग्रहमा घुलमिल भएका छन् ।

श्रीओम रोदनले **मधुपर्क** (२०५८) माघ अंकमा 'जीवन भोगाइका अनुभूति' भन्ने शीर्षक दिएर **बाडुल्की** गीतसङ्ग्रहका बारेमा छोटो समालोचना गरेका छन् । उनले बाडुल्की गीतसङ्ग्रहका गीतहरूमा लोकभाका र प्रचलित शब्दहरूको प्रधानता रहेको बताएका छन् । श्रेष्ठका गीतहरू उद्देश्यमूलक र जानकारीमूलक पनि छन् भन्दै उनले प्रस्तुत सङ्ग्रहका कतिपय गीतहरू गायनका दृष्टिले उत्कृष्ट भएका तर सङ्ग्रहमा मुद्राराक्षस भने अत्यन्त बिझाउने खालका रहेको टिप्पणी गरेका छन् ।

**मोदीकाली** साप्ताहिक पत्रिकामा 'मानवीय संवेदनाको खुल्ला आकृति र शान्तिनारायणको अनुभूति' भन्ने शीर्षक दिएर 'अनुभूति गजलसङ्ग्रह (२०६०) का बारेमा श्री ओमप्रसाद घायलले छोटो सिंहावलोकन गरेका छन् ।  उनले शान्तिनारायण श्रेष्ठ एक अभिशप्त मुलुकमा स्रष्टा भएकाले उहाँको **अनुभूति** गजलसङ्ग्रह नयाँ युगको खोजीमा नयाँ आगतका लागि अनुभूतिको धर्ती फाटेर विषमताको ध्वनिको बिगुल फुक्दै आकासिएको भन्ने अतिशयोक्तिपूर्ण टिप्पणी गरेका छन् ।

माधव घिमिरेले **स्मृतिका लहरहरू** (२०६०) को 'समवेदना' शीर्षकको भूमिकामा छोटो मन्तव्य दिँदै श्रेष्ठलाई लोकलयमा सरल र मार्मिक गीत रचना गर्ने गीतकारका रूपमा चित्रण गरेका छन् । यस टिप्पणीले श्रेष्ठको सिङ्गो शोककाव्यको समीक्षा गर्न भने सकेको छैन ।

प्रकट पंगेनी "शिव" ले **अवतरण** (२०६१) हाइकुसङ्ग्रहको '**अवतरण**मा अवतरित शब्दहरू' शीर्षकको भूमिकामा श्रेष्ठलाई कवि, गीतकार, गजलकार, मुक्तककार र सबैथोक भएकाले उनलाई भावनाको भण्डारका रूपमा निकै प्रशंसा गरेका छन् ।

उपर्युक्त पूर्वकार्यहरू शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वसँग कुनै न कुनै रूपमा सम्बन्धित रहेका छन् तर यी अपूर्ण र अधुरा छन् । यिनै अभावहरूको परिपूर्ति गरी साहित्यकार शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको समग्र जानकारी गराउने उद्देश्यले प्रस्तुत शोधकार्य गरिएको छ ।

## १.७. शोधकार्यको औचित्य

पाँच दशक लामो साहित्यिक यात्रा पूरा गरिसकेका शान्तिनारायण श्रेष्ठका बारेमा सामान्य टिप्पणी र छिटफुट चर्चा मात्रै भएका भए पनि व्यवस्थित रूपमा अध्ययन, अनुसन्धान हुन सकेको छैन । यसर्थ उनका बारेमा सर्वप्रथम जीवनी, व्यक्तित्व र कृतित्वको समग्र रूपमा गरिने व्यवस्थित अध्ययन अनुसन्धान स्वतः औचित्यपूर्ण रहेको छ । शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र उनका प्रकाशित पुस्तकाकार कृतिहरूका बारेमा जानकारी राख्न चाहने सम्पूर्ण व्यक्तिका लागि प्रस्तुत शोधपत्र निकै उपयोगी र महत्त्वपूर्ण देखिन्छ ।

## १.८. शोधकार्यको सीमाङ्कन

प्रस्तुत शोधपत्रमा शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन गरिएको छ । यो अध्ययन उनका प्रकाशित पुस्तकाकार कृतिहरू, विभिन्न पत्रपत्रिकामा प्रकाशित कृतिहरूको खोजी गरी प्राप्त समीक्षात्मक टिप्पणीकै आधारमा उनको व्यक्तित्व र कृतित्वको पहिचान गरिएको छ र यही नै प्रस्तुत शोधपत्रको सीमा रहेको छ । शान्तिनारायण श्रेष्ठको जीवनी र व्यक्तित्वका विभिन्न पाटाहरूका अतिरिक्त उनका २०६४ सालसम्म प्रकाशित कृतिहरूको अध्ययन गर्नु नै यस शोधपत्रको क्षेत्र र सीमा रहेको छ ।

## १.९ शोधविधि

प्रस्तुत शोधपत्र तयार पार्दा पुस्तकालयीय अध्ययनलाई सामग्रीसङ्कलनको मूल आधार बनाइएको छ र यसका अतिरिक्त शोधनायक, उनका निकट सम्पर्कमा रहेका विभिन्न व्यक्तिहरू र अन्य सम्बन्धित व्यक्तिहरूसँग प्रत्यक्ष भेटघाट गरी मौखिक तथा लिखित अन्तर्वार्ताका आधारमा विविध सूचनाहरू सङ्कलन गरिएको छ । यसरी प्रस्तुत शोधकार्यका तयारीका क्रममा प्राप्त भएका सबै तय र सूचनाहरूको आवश्यकताअनुसार वर्गीकरण र संयोजन गरिएको छ । शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वका विवेचनाका क्रममा आवश्यकताअनुसार जीवनीपरक, प्रभावपरक समालोचना प्रणाली अवलम्बन गर्नुका साथै विश्लेषणात्मक र वर्णनात्मक पद्धति अवलम्बन गरिएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको संरचनालाई व्यवस्थित रूपमा प्रस्तुत गर्न यसलाई निम्नलिखित परिच्छेदमा विभाजन गरिएको छ :

| | | |
|---|---|---|
| परिच्छेद एक | : | शोधपरिचय |
| परिच्छेद दुई | : | शान्तिनारायण श्रेष्ठको जीवनी |
| परिच्छेद तीन | : | शान्तिनारायण श्रेष्ठको व्यक्तित्व |
| परिच्छेद चार | : | शान्तिनारायण श्रेष्ठको साहित्ययात्राको चरणविभाजन |
| परिच्छेद पाँच | : | शान्तिनारायण श्रेष्ठको कृतित्वको विश्लेषण |
| परिच्छेद छ | : | शोधनिष्कर्ष |
| सन्दर्भसामग्री | | |
| परिशिष्ट | | |

# परिच्छेद – दुई

# शान्तिनारायण श्रेष्ठको जीवनी

## २.१. जन्म र वंशपरम्परा

शान्तिनारायण श्रेष्ठको जन्म वि.सं. १९९६ भाद्र १७ गते विहीबार धवलागिरी अञ्चलअन्तर्गत पर्वत जिल्लाको शिवालय गा.वि.स. वडा नं. ६ कुश्माबजारको शान्तिचोकमा भएको हो (हेर्नू : परिशिष्ट १) । उनको न्वारन हिन्दू परम्पराअनुसार सम्पन्न गरी जन्मकुण्डलीको नाम द्रोणबहादुर श्रेष्ठ र बोलाउने नाम देवकुमार श्रेष्ठ राखिएको हो । तर २०११ सालमा शान्तपात्र बनेर नाटक खेली सबैभन्दा राम्रो अभिनय गरेकाले त्यतिखेरदेखि नै उनलाई प्रायः सबैले शान्ति भनेर बोलाउने हुँदा उनले आफ्नो नाम शान्तिनारायण श्रेष्ठ राखेका हुन् । नागरिकता र शैक्षिक प्रमाणपत्रमा पनि उनको नाम शान्तिनारायण श्रेष्ठ नै रहेको छ (हेर्नू : परिशिष्ट १) । उनी नेवार जाति, श्रेष्ठ थर, काश्यप गोत्र वंशजका सदस्य हुन् । उनका वंशजहरू धेरै वर्षअगाडि भक्तपुर जिल्लाबाट बसाइँसराइ गरी गोर्खा जिल्लामा आई बसोबास गरेको देखिन्छ । त्यहाँबाट पनि केही समयपछि पर्वत जिल्लाको कुश्मा बजार भन्ने स्थानमा बसाइँ सरी आएका हुन् (हेर्नू : परिशिष्ट १) ।

शान्तिनारायण श्रेष्ठ तेहरसिंह श्रेष्ठको पनाति, गुञ्जमान श्रेष्ठको नाति हुन् । उनी पिता रूपनारायण श्रेष्ठ र माता मनकुमारी श्रेष्ठका दुई सन्तानमध्ये प्रथम सन्तान हुन् (हेर्नू : परिशिष्ट १) । उनले अध्ययनका शिलशिलामा २०१३/१४ सालतिर आफ्ना साथीभाइहरू बीच उपनाम लेख्ने लहर चलेका समयमा नामका पछाडि ‘दीपक’ उपनाम थपी शान्तिनारायण श्रेष्ठ ‘दीपक’ राखी आफ्ना साहित्यिक सिर्जनाहरू प्रकाशित गरेका छन् तापनि मूलतः उनी शान्तिनारायण श्रेष्ठ नामबाट नै चिनिएको पाइन्छ ।

## २.२. बाल्यावस्था

रूपनारायण श्रेष्ठ र मनकुमारी श्रेष्ठको पहिलो सन्तानको रूपमा जन्मेका शान्तिनारायण श्रेष्ठको बाल्यावस्था पर्वतको कुश्मा बजारमा नै बितेको हो । उनका बाबुले कृषि पेसाका साथसाथै उद्योग पनि गर्थे  । उनका बाबुआमाको आर्थिक स्थिति सामान्य थियो । उनको आमा

र बाबुको न्यानो काखमा पाँच वर्षसम्मको बाल्यकाल बित्यो । त्यसपछि उनी पाँच वर्षको पुग्दानपुग्दै वि.सं. २००१ मा उनका पिता रूपनारायण श्रेष्ठको मृत्यु भएको थियो (हेर्नू : परिशिष्ट १) । बाबुको मृत्युपश्चात् उनको रेखदेख पालनपोषणको अभिभारा र त्यसको जिम्मेवारी आमा मनकुमारी श्रेष्ठले बोक्नुपर्‍यो । बाबुको मृत्यु हुँदा शान्तिनारायण श्रेष्ठकी बहिनी बेलकुमारी श्रेष्ठ आमा मनकुमारी श्रेष्ठको गर्भमा थिइन् । उनकी बहिनीको जन्म गर्भे टुहुरीका रूपमा भएको हो । तत्पश्चात् उनकी आमाले परिवारको संरक्षण र पालनपोषण गर्न माइतीघरको सहयोग लिइन् । उनी आमा र मावली परिवारको संरक्षणमा हुर्केका थिए (हेर्नू : परिशिष्ट १) ।

शान्तिनारायण श्रेष्ठले २००१ सालदेखि नै कुश्मामा रहेको भाषा पाठशालामा प्रारम्भिक शिक्षा अध्ययनको आरम्भ गरेका थिए (हेर्नू : परिशिष्ट १) । उनी साथी भाइसँग खेल्न, चित्र कोर्न पढ्न, लोकगीत गाउन र नाच्न मन पराउँथे । बाल्यावस्थामै मेलापातमा गएर दोहोरी गाउने गर्थे । उनको सानै उमेरदेखि नै साहित्य र गीतको क्षेत्रमा रुचि थियो (हेर्नू : परिशिष्ट १) । उनका बाल्यावस्थाका ज्यादै मन मिल्ने साथीहरू गोविन्दबहादुर जोशी र मीनबहादुर राना थिए ।

शान्तिनारायणको बाल्यावस्था चार वर्षदेखि सातवर्षसम्म सामान्य पढाइ र खेल्नमा बित्यो र आठ वर्षदेखि १५ वर्षसम्मको बाल्यकाल खेल्ने, पढ्ने र लोकगीत गाउने नाच्ने गरी बिताएका थिए (हेर्नू : परिशिष्ट १) । उनी बाल्यावस्थादेखि नै दाँतका रोगी थिए । पाँच वर्षदेखि नै बाबुको ममता उपभोग गर्न नपाउँदा उनलाई एकातिर दुःख लाग्ने गर्थ्यो भने अर्कातिर मामाघरका हजुरबा बृजमान श्रेष्ठ र हजुरआमा हरिकुमारी श्रेष्ठबाट स्नेह, सद्भाव पाउँदा सुखको अनुभूति हुने गर्थ्यो (हेर्नू : परिशिष्ट १) । आमा र मावली परिवारको स्नेहमयी वातावरणमा शान्तिनारायणको पालनपोषण भएकाले उनको बाल्यकाल सुखद् ढङ्गमा बितेको थियो ।

## २.३. चूडाकर्म

आमा र मावली परिवारको संरक्षणमा हुर्कंदै आएका शान्तिनारायण श्रेष्ठको चूडाकर्म संस्कार १२ वर्षको उमेरमा वि.सं. २००८ सालमा आफ्नै जन्मस्थल कुश्माबजारमा धार्मिक विधि विधानका साथ सम्पन्न भएको थियो (हेर्नू : परिशिष्ट १) । उनकी मावली परिवारतर्फकी

हजुरआमाका छोरा सन्तान थिएनन् । त्यसैले हजुरआमा जीवन र मृत्युको दोसाँधको अवस्थामा पुगिसकेपछि हजुरआमाको काजक्रिया गर्नुपर्ने हुँदा उनको चूडाकर्म चाँडै भएको देखिन्छ (हेर्नू : परिशिष्ट १) ।

## २.४. शिक्षादीक्षा

### २.४.१ प्रारम्भिक शिक्षा

शान्तिनारायण श्रेष्ठले २००१ सालदेखि पर्वत जिल्लाको कुश्मामा रहेको भाषा पाठशालामा पण्डित दुर्गादत्तसँग प्रारम्भिक शिक्षा लिन सुरु गरेका थिए (हेर्नू : परिशिष्ट १) । त्यसपछि उनले आफ्नो अध्ययन कार्यलाई निरन्तरता दिँदै आए । उनले गुरुले दिएको पाठ इमान्दारीका साथ पढ्ने र साथीभाइसँग मित्रवत् व्यवहार गर्ने गर्थे । १०-१२ वर्षको उमेरमा गाउँमा जिमबुवाल मुखिया र ठूलाबडा भनाउँदाबाट सर्वसाधारणमा हुने शोषण, दमनविरुद्ध कविता, गीत र मुक्तक लेखेर चोक-चोकमा र मेलापात गएर सबैलाई सुनाउने गर्थे । उनलाई पाठशालामा गुरु, घरमा आमा र मावली परिवारले असाध्यै माया गर्थे । प्राथमिक तहको अध्ययनमा उनी सधैँ उत्कृष्ट हुने गर्दथे । यसबाट उनी सानैदेखि लगनशील र मेहनती रहेको स्पष्ट हुन्छ ।

### २.४.२ माध्यमिक शिक्षा

शान्तिनारायण श्रेष्ठले माध्यमिक तहको अध्ययन तनहुँका वरिष्ठ राजनीतिक श्रीभद्र शर्माका भाइ उमाभद्र खनालसँग गरेका थिए (हेर्नू : परिशिष्ट १) । त्यतिखेर अध्ययन गर्ने स्थान पर्वत गुप्तेश्वर गुफानेरको गुठीमा बनेको दुई तले पक्की धर्मशाला थियो । बिहान-बेलुकी घरको काम गरेर दिउँसो धर्मशालामा गई पढ्ने गर्थे । अध्ययनकै क्रममा मौलिक रचनाहरू लेखेर उमाभद्र गुरु र साथीभाइसमक्ष पाठ गर्थे । शिक्षा दिने गुरु उमाभद्रले उनलाई 'तिमी ठूलो साहित्यकार हुनुपर्छ' भनेर उपदेश दिन्थे (हेर्नू : परिशिष्ट १) । यसरी गुप्तेश्वर गुफानेरको गुठीमा बनेको धर्मशालामा शिक्षण कार्य गरिरहेकै बखत कारणवश उमाभद्रलाई २०१० सालमा कुश्मा छोड्नुपर्ने स्थिति आयो । त्यतिबेला शान्तिनारायण श्रेष्ठ कक्षा तीनमा पढ्दै थिए । उमाभद्रले कुश्मा छोड्ने बेलामा उनलाई 'तिमी आर्थिक रूपमा कमजोर छौ तर अध्ययनमा लगनशील छौ, त्यसैले मसँगै हिँड, म तिमीलाई उच्च शिक्षा दिलाई ठूलो विद्वान् बनाएर पठाउँछु' भनेका थिए तर आमा र मावली परिवारको एक मात्र पुत्र सन्तान भएकाले उमाभद्र

गुरुसँग जान उनलाई स्वीकृति दिइएन । त्यसपछि केही समय उनको अध्ययन कार्य रोकिएको थियो (हेर्नू : परिशिष्ट १) । सानै उमेरदेखि पढ्नमा रुचि राख्ने शान्तिनारायण श्रेष्ठले घरमै बसेर स्वअध्ययन गरिरहेकै बखत वि.सं. २०१४ साल आश्विन १६ गतेदेखि हुलाकमा जागिर पाए । त्यतिबेला उनको उमेर १८ वर्ष लागेको थियो भने अध्ययन पाँच कक्षाको थियो (हेर्नू : परिशिष्ट १) । जागिरका साथसाथै अध्ययन कार्यलाई निरन्तरता दिए । यसै क्रममा उनले २०१९ सालमा पृथ्वी प्रजापतिसँग फेरि प्राइभेट रूपमा स्वाध्ययन गरेका थिए । जीवनका सङ्घर्षका बाबजुद उनले २०३० साल माघ महिनामा आफ्नै स्वअध्ययनले नारायण मा.वि. कुश्माबाट तेस्रो श्रेणीमा एस्.एल्.सी. पास गरे (हेर्नू : परिशिष्ट १)

### २.४.३ उच्च शिक्षा

२०३० सालमा नारायण मा.वि. कुश्मा, पर्वतबाट एस्.एल्.सी. पास गरेका शान्तिनारायण श्रेष्ठले पारिवारिक र जागिरको कारणले उच्च शिक्षा हासिल गर्न नसकेको देखिन्छ । उमाभद्र गुरुसँग जान नपाएका कारणले उच्च शिक्षा प्राप्त गर्न नसकेको तीतो अनुभूतिले सधैंभरि सताइरहेको उनी बताउँछन् (हेर्नू : परिशिष्ट १)

## २.५. शान्तिनारायण श्रेष्ठको 'दीपक' नामकरण तथा यसको औचित्य

शान्तिनारायण श्रेष्ठले २०१३/१४ सालतिर साथीहरूले उपनाम लेख्ने गरेको देखेर रहरले आफ्नो नामको पछाडि 'दीपक' उपनाम राखी साहित्यिक सिर्जनाहरू प्रकाशित गरेको पनि पाइन्छ (हेर्नू : परिशिष्ट १) ।

शान्तिनारायण श्रेष्ठ 'दीपक' ले शान्त दिलले लगनशील भएर साहित्य र समाजसेवा गर्ने दृढता लिएको हुँदा उनी दीप बलेझैँ निरन्तर रूपमा साहित्य र समाजसेवामा लागिरहेका छन् । त्यसैले उनको शान्तिनारायण र दीपक उपनाम सार्थक र औचित्यपूर्ण रहेको छ ।

## २.६. पारिवारिक पृष्ठभूमि

शान्तिनारायण श्रेष्ठ पर्वत जिल्लाको शिवालय गा.वि.स. ६ कुश्माबजारको एक मध्यमवर्गीय नेवार परिवारमा जन्मेका हुन् (हेर्नू : परिशिष्ट १) । उनका बाबु रूपनारायण श्रेष्ठले कृषिका साथमा कुटिल उद्योग गरेर आफ्नो परिवारको जीविकोपार्जन गर्थे, उनको परिवार कृषि र

व्यापार पेसामा निर्भर थियो (हेर्नू : परिशिष्ट १) । शान्तिनारायण श्रेष्ठले जन्मदेखि पाँच वर्षको उमेरसम्म पर्वतको कुश्माबजारमा बाबुआमाको न्यानो मायामा आफ्नो बाल्यकाल बिताए । उनका आमा बाबुको स्वभाव दयालु, मिठो बोली र उच्च विचार लिने खालको थियो (हेर्नू : परिशिष्ट १) ।

उनकी बहिनी बेलकुमारी कान नसुन्ने र नबोल्ने भएकाले पढ्न नसकेको देखिन्छ । तर शान्तिनारायण श्रेष्ठ भने हुने बिरुवाको चिल्लो पात भनेझैँ सानै उमेरदेखि साहित्य र गीतको क्षेत्रमा रुचि राखेका थिए । उनले एस्.एल्.सी.सम्मको शिक्षा हासिल गरी जागिर, साहित्यक्षेत्र र समाजसेवालाई एकैसाथ अगाडि बढाएको पाइन्छ (हेर्नू : परिशिष्ट १) मावली प्रेरणा र मूलतः आफ्नी आमाको स्नेहसिक्त प्रोत्साहनबाट उनले पढाइ, गीत र साहित्यिक सिर्जनाको क्षेत्रमा आफ्नै चाहना र स्वविवेकले सफलता प्राप्त गरेको देखिन्छ (हेर्नू : परिशिष्ट १) ।

## २.७. विवाह र दाम्पत्य जीवन

शान्तिनारायण श्रेष्ठको पहिलो विवाह वि.सं. २००८ सालमा पर्वत जिल्लाको कुश्माबजार निवासी भवानीप्रसाद श्रेष्ठकी छोरी जौमाया श्रेष्ठसँग वैदिक विधिविधानअनुसार भएको हो । विवाह हुँदा शान्तिनारायण श्रेष्ठको उमेर १३ वर्ष र जौमाया श्रेष्ठको उमेर ९ वर्ष थियो (हेर्नू : परिशिष्ट १) ।

श्रीमती जौमाया श्रेष्ठबाट शान्तिनारायण श्रेष्ठका तीन छोरा र एक छोरीको जन्म भयो । पहिलो छोरा विष्णुप्रसाद श्रेष्ठ वि.सं. २०२० साल वैशाख १६ गते जन्मेका थिए । विष्णुप्रसाद श्रेष्ठको विवाह पाल्पा निवासी बन्दनासँग भएको छ । विष्णुप्रसादका एक छोरा छन् । दोस्रो सन्तानको रूपमा २०२२ साल श्रावण ४ गते नारायणप्रसाद श्रेष्ठको जन्म भयो । नारायणप्रसाद श्रेष्ठले बी.ए.सम्मको अध्ययन गरेका छन् । उनको विवाह उषाभारी श्रेष्ठसँग भएको छ । नारायणका एक छोरा छन् । तेस्रो सन्तानको रूपमा कान्छो छोराको २०२४ साल फागुनमा जन्म भयो । तर श्रीमती जौमाया श्रेष्ठलाई क्षयरोग लागेको कारणले कान्छो छोराको मृत्यु २०२६ सालमा दुई वर्षको उमेरमै भयो । त्यसपछि चौथो सन्तानको रूपमा छोरी शकुन्तला श्रेष्ठको २०३० सालमा जन्म भयो । शकुन्तला श्रेष्ठले एस्.एल्.सी. सम्मको शिक्षा

हासिल गरी गुल्मी निवासी महेन्द्र श्रेष्ठसँग विवाह गरेकी छन् । शकुन्तलाका दुई छोरा र एक छोरी छन् (हेर्नू : परिशिष्ट १) ।

शान्तिनारायण श्रेष्ठकी श्रीमती जौमाया श्रेष्ठ २०२४ सालदेखि अस्वस्थ भइन् । उनलाई क्षयरोग लाग्यो । जागिरको सिलसिलामा विभिन्न स्थानमा जानुपर्ने, श्रीमती अस्वस्थ र आमा वृद्ध भएकाले घरव्यवहारको काम गर्ने मान्छे कोही पनि भएन । त्यसैले उनलाई आपत आइपऱ्यो । त्यसपछि आमा र आफ्नी पत्नी जौमायासँग सल्लाह गरेर उनले दोस्रो विवाह गरे । उनको दोस्रो विवाह २०२९ साल माघ २ गते स्याङ्जा निवासी प्रमानसिंह गुरुङको छोरी सुकमयाँ गुरुङसँग अन्तरजातीय र प्रेमविवाह भयो (हेर्नू : परिशिष्ट १) । शान्तिनारायण श्रेष्ठ र उनकी श्रीमती सुकमयाँ श्रेष्ठबाट एक छोरी र एक छोरा गरी जम्मा दुई सन्तान जन्मे । पहिलो सन्तानको रूपमा छोरी सङ्गीता श्रेष्ठको २०३२ साल आश्विन २ गते जन्म भयो । उनको विवाह २०६३ सालमा म्याग्दी जिल्लाको बेनीबजारमा भएको छ । हाल उनी श्रीमानसहित जापानमा छिन् । दोस्रो सन्तानको रूपमा रविन्द्रनारायण श्रेष्ठको २०३४ साल वैशाख ७ गते जन्म भयो । उनी आई.ए. पास गरी जापान गएका छन् । उनी अझै अविवाहित छन् (हेर्नू : परिशष्टि १) ।

शान्तिनारायण श्रेष्ठकी आमा मनकुमारी श्रेष्ठको २०३३ साल असोज १३ गते दमको रोगका कारण मृत्यु भयो (हेर्नू : परिशिष्ट १) । त्यसै सालमा नै उनी जेठी श्रीमती जौमाया श्रेष्ठसँग अलग भएर कान्छी श्रीमतीको साथमा बसे । कान्छी पत्नी सुकमयाँ श्रेष्ठसँगको दाम्पत्य जीवन अत्यन्तै सुखमय रह्यो (हेर्नू : परिशिष्ट १) । शान्त स्वभावका शान्तिनारायण श्रेष्ठलाई घरायसी र साहित्यिक कार्य गर्दा सुकमयाँबाट सहयोग एवम् उपयुक्त सल्लाह प्राप्त हुने गर्थ्यो । मीठो बोली, दयालु स्वभाव र उच्चविचार भएकी सुकमयाँले उनलाई जागिरे कार्यका साथसाथै साहित्यिक सामाजिक तथा व्यापारिक कार्यमा लाग्न सकारात्मक सहयोग र अनुकूल वातावरण सिर्जना गरिदिएकी थिइन् । नारीसुलभ गुण भएकी सुकमयाँ आफ्ना पतिको ठूलो सेवा गर्थिन् । दुबै पतिपत्नीका बीच पारस्परिक सहयोगको भावना भएको पाइन्छ (हेर्नू: परिशिष्ट १) । उनीहरू बीचको दाम्पत्य जीवन सुखमयका साथ बितिरहेका अवस्थामा २०५४ सालदेखि सुकमयाँ बिरामी भइन् । पोखरा, दाङ, चितवन, काठमाडौँ, तातोपानी, घान्द्रुक एवम् भारतका मद्रास, भेलोर ह्वाइटफिल्ड, बेङ्गलोर, लखनउँ आदि विभिन्न स्थान विशेषका उच्चस्तरीय

अस्पतालहरूमा उपचार गराउँदा पनि निको नभई सुकमयाँ श्रेष्ठको २०५७ साल श्रावण २५ गते मृत्यु भयो (हेर्नू : परिशिष्ट १) । तत्पश्चात शान्तिनारायण श्रेष्ठलाई जीवनमा सबैभन्दा ठूलो शोक पर्न गयो र उनकै स्मृतिमा श्रेष्ठले **स्मृतिका लहरहरू** (२०६०) भन्ने शोककाव्य समेत सिर्जना गरेको देखिन्छ ।

### २.८. आर्थिक अवस्था

ग्रामीण मध्यमवर्गीय परिवारमा जन्मेका शान्तिनारायण श्रेष्ठले युवावस्थामा विभिन्न आर्थिक तथा पारिवारिक समस्या भोग्नुपऱ्यो । उनी 'सुखमा नमात्तिनु दुःखमा नआत्तिनू' भन्ने आफ्नी आमाको भनाइबाट प्रभावित भएको पाइन्छ (हेर्नू : परिशिष्ट १) । उनले आर्थिक तथा पारिवारिक समस्याका कारण घरव्यवहार चलाउनका निमित्त आफ्नो पढाइलाई एस्.एल्.सी.मै सीमित राखी जागिरका अतिरिक्त व्यापार व्यवसायलाई पनि अगाडि बढाए । उनले २०१४ सालदेखि विभिन्न मन्त्रालय विभागसँग सम्बन्धित कार्यालयहरूमा राष्ट्रसेवक कर्मचारीको रूपमा जागिरे जीवन बिताए (हेर्नू:परिशिष्ट १) । जीवनयापनको लागि व्यवसाय गर्नैपर्ने ठानी उनले जागिरका साथसाथै खेतीपाती र व्यापार गरेर आफ्नो कार्यक्षेत्र अँगाले (हेर्नू : परिशिष्ट १) । अहिले उनको प्रौढ जीवन साहित्यसाधना एवम् सामाजिकसेवामा संलग्न भई बितिरहेको छ । अहिले उनको घरमा उनी र एउटी कान नसुन्ने र नबोल्ने बहिनी मात्र छन् । उनको अहिलेको आर्थिक अवस्था दुई छाक खान र लाउन पुग्ने देखिन्छ (हेर्नू : परिशिष्ट १) ।

### २.९. रुचि तथा स्वभाव

शान्तिनारायण श्रेष्ठलाई मन पर्ने नेपालको जनजाति नेवार हो । सानैदेखि मिलनसार, सहयोगी र मित्रवत् व्यवहार गर्ने उनको स्वभाव छ । तर कहिलेकाही आफूले सोचेअनुसारको भएन भने खरो रूपमा प्रस्तुत हुने र आफ्नो हठ पूरा गरी छोड्ने उनको स्वभाव देखिन्छ (हेर्नू : परिशिष्ट ३) । 'ब्राह्मणहरूलाई दान दिएको देख्दा मेरो मन खिन्न हुन्छ' भन्ने शान्तिनारायण श्रेष्ठ गरिबगुरुवाहरूलाई दान गर्नुपऱ्यो भने चाहिँ अघि सर्छन् । राम्रो कार्य गरे स्वर्ग यही हुन्छ भन्ने स्वभावका उनी पितृको श्रद्धा र तपर्ण गर्ने कुरामा विरोध गर्नुहुँदैन, पितृको सेवा गर्नुपर्छ भन्ने मान्यता राख्छन् (हेर्नू : परिशिष्ट ३) । 'म हिन्दू धर्मावलम्बी हुँ तर मानवीय सेवा कार्यलाई नै सर्वोत्तम धर्म हो भन्ने मान्यता राख्छु' भन्ने भनाइ उनमा भेटिन्छ (हेर्नू : परिशिष्ट १) ।

शान्तिनारायण श्रेष्ठ साहित्यिक कार्यक्रम आयोजना गर्ने, पुस्तक प्रकाशन गर्ने, समाज र साहित्यमा राम्रो गर्नेलाई सम्मान गर्ने, विशिष्ट साहित्यकारहरूलाई बोलाएर साहित्यिक गोष्ठी आयोजना गर्ने, साहित्य अध्ययन र लेखन गर्ने सहयोगी खालका छन् । उनी स्वाभिमानी स्वभावका हुनुका साथै समाजका विकृति, विसङ्गति, अन्याय र अत्याचारको घोर विरोध गर्ने उनको स्वभाव छ (हेर्नू : परिशिष्ट २) ।

शान्तिनारायण श्रेष्ठको रुचि भाषा, साहित्य, दर्शन, गायन र संगीतमा देखिन्छ । साहित्यलेखन, समाजसेवा, पत्रपत्रिका अध्ययनमा रुचि राख्ने उनले साहित्यमा कवितासङ्ग्रह, गीत, मुक्तक, गजल, हाइकु, ताङ्का र चोका लेख्न मन पराउँछन् (हेर्नू : परिशिष्ट १) । उनले राष्ट्रिय, अर्न्तराष्ट्रिय तहका महत्त्वपूर्ण पुस्तकहरू सङ्कलन गरी राखेका छन् । गीत गाउने र लेख्ने उनको विशेष रुचि छ (हेर्नू : परिशिष्ट १) ।

सादा जीवन उच्च विचार भन्ने धारणा राख्ने शान्तिनारायण मौसमअनुसार दाल, भात, तरकारी, अचार, मासुको झोलसँग ढिँडो र धनियाँको चटनी खान मन पराउँछन् (हेर्नू : परिशिष्ट १) । साहित्यलेखन, समाजसेवा र पत्रपत्रिका अध्ययनमा रूचि राख्ने उनले कलेजी रङ्गको सर्ट, पाइन्ट र सामान्य खालका जुत्ता, विवाह आदिमा जाँदा टाई, कोट, पाइन्ट र नेपाली टोपीसमेत लगाउने गर्छन् (हेर्नू:परिशिष्ट १) ।

शान्तिनारायण श्रेष्ठ आदर्शदर्शन, सिद्धान्त र विचारलाई व्यक्तिगत जीवनमा प्रयोग गर्ने र व्यवहारिकतामा लागु गर्ने सफल व्यक्ति हुन् । उनी धर्म र संस्कृतिलाई औपचारिक र अनौपचारिक दुबै रूपमा हेर्छन् (हेर्नू : परिशिष्ट १) । उनी इष्टदेव र देवीका रूपमा गणेश, शिव, विष्णु, सरस्वती, भगवती र लक्ष्मीजस्ता परमशक्तिको अर्चना पूजा वा प्राथना गर्न मन पराउँछन (हेर्नू : परिशिष्ट १) । उनी छलकपट, चाकडी चाप्लुसी, स्वार्थ एवम् घमन्डरहित सभ्य, सुसंस्कार, दयालु, मायालु, परोपकारी र गुणकारीजस्ता अरुका व्यवहार र स्वभाव रुचाउँछन् (हेर्नू : परिशिष्ट १) । सकारात्मक सोच, उच्च विचार र मानवीय सेवामा समर्पित सार्थक जीवन हुनुपर्छ भन्ने उनको जीवनदर्शन, विश्वास, मान्यता र आदर्श रहेको छ (हेर्नू : परिशिष्ट १) ।

शान्तिनारायण श्रेष्ठलाई गण्डकी अञ्चल, कास्की जिल्ला, पोखरा उपमहानगरपालिका, धौलागिरि, माछापुच्छ्रे, दार्जिलिङ आदि स्थान मन पर्छ (हेर्नू : परिशिष्ट १) । त्यसैगरी गायनतर्फ गायक नारायणगोपाल, गीतकार गोपाल योञ्जन र कालीप्रसाद रिजालको गीत 'यो सम्झिने मन छ म बिर्सूं कसरी', बाद्ययन्त्रमा हार्मोनियम, मादल, बाँसुरी र सहनाई मन पराउँछन् (हेर्नू : परिशिष्ट १) ।

समाजवादी र लोकतान्त्रिक पद्धतिजस्ता राजनीतिक मान्यता मन पराउने शान्तिनारायणलाई राजनीतिक नेतामा विश्वेश्वरप्रसाद कोइराला मन पर्छ भने कवि वा साहित्यकारतर्फ लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, भूपि शेरचन, गुरूप्रसाद मैनाली मन पर्छन् । त्यसै गरी उनी साहित्यिक कृतिहरूमा **नासो**, **मुनामदन**, **घुम्ने मेचमाथि अन्धो मान्छे**, **गौरी**जस्ता काव्यकृति बढी मन पराउँछन् (हेर्नू : परिशिष्ट १) ।

## २.१० सामाजिक कार्य तथा सामाजिक सेवा

सामाजिक कार्यमा लाग्नु तथा पवित्र भावनाले सामाजिक सेवा गर्नु शान्तिनारायण श्रेष्ठको मुख्य उद्देश्य हो । २०१४ साल आश्विनदेखि हुलाक पञ्चायत विकास केन्द्र, सहकारी, भूमिसुधार, जि.वि.स. आदि कार्यालयहरूको विभिन्न पदमा रही समाजको र राष्ट्रको सेवा गरेर २०४९ साल कार्तिकमा उमेरको हदको कारणले उनले ना.सु. पदबाट निवृत्तिभरणमा अनिवार्य अवकाश प्राप्त गरेका थिए । उनले सहकारी, लेखा, सामान्य प्रशासन आदि क्षेत्रसँग सम्बन्धित भएर प्रशिक्षण समेत लिएको देखिन्छ (हेर्नू : परिशिष्ट १) । उनले निम्नलिखित संस्थासँग सम्बन्धित पदहरूमा रहेर सामाजिक सेवा गरेको देखिन्छ :

- आजीवन सदस्य : नेपाल रेडक्रस सोसाइटी
- आजीवन सदस्य : गुप्तेश्वर धार्मिक, ऐतिहासिक पर्यटकीय संस्था कुश्मा, पर्वत
- आजीवन सदस्य : रत्न श्रेष्ठ पुरस्कार गुठी, बागलुङ
- संस्थापक अध्यक्ष : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा, पर्वत
- संरक्षक : **जनमत** साहित्यिक मासिक, काभ्रे

- केन्द्रीय सदस्य : नेवा : देय दबू :
- पूर्व अध्यक्ष : हेल्पिङ् हेन्डस् नेपाल, पर्वत शाखा
- सल्लाहकार : नेपाल कमर्शियल आर्टिस्ट सङ्घ, धौलागिरि
- सल्लाहकार : पर्वत उद्योग वाणिज्य सङ्घ, कुश्मा, पर्वत
- सदस्य : जिल्ला बाल कल्याण समिति, पर्वत
- सदस्य : नेवा सी गुठी कुश्मा, पर्वत

'पाउनमा भन्दा दिनमा मजा हुन्छ, सन्तुष्टि पनि हुन्छ' भन्ने शान्तिनारायण श्रेष्ठले समाजसेवा गर्दा टिम स्प्रिट भयो भने काम गर्न सजिलो हुने तर्क गर्छन् (खरेल, २०६०:९) ।

साहित्यिक क्षेत्रमा **आँकुरो** हस्तलिखित पत्रिकाको प्रधान सम्पादक (२०१८) हुनुभन्दा अघिदेखि लागेका सामाजिक तथा साहित्यिक व्यक्तित्व शान्तिनारायण श्रेष्ठले विभिन्न सामाजिक एवम् साहित्यिक क्रियाकलापहरूमा उदार भावनाले आफूलाई समर्पित गर्दै महत्त्वपूर्ण योगदान पुऱ्याएको पाइन्छ ।

## २.११ लेखनका लागि प्रेरणा र प्रभाव

शान्तिनारायण श्रेष्ठ साहित्यिक सिर्जनाका क्रममा गद्य पद्य कविता, गीत, काव्य, मुक्तक, गजल, नियात्रा, हाइकु, ताङ्का, चोकाजस्ता विभिन्न विधामा प्रवृत भएका छन् भने अर्कातिर लोकदोहोरी गीत गायनतर्फ पनि प्रवृत भएको देखिन्छ । यी विविध कृतिहरूको सिर्जना गर्नमा उनी विभिन्न व्यक्ति, घटना र परिवेशबाट प्रेरित र प्रभावित भएका छन् । सानै उमेरदेखि साहित्यिक सिर्जनातर्फ रूचि राख्ने शान्तिनारायणलाई आफू भन्दा अग्रज साहित्यकार र तिनका कृतिहरूको अध्ययनबाट र आफ्नै चाहना, अठोट र स्वविवेकले नै साहित्य सिर्जना गर्न प्रेरणा प्राप्त भयो (हेर्नू : परिशिष्ट १) । उनले आफ्ना सिर्जनात्मक कृतिहरूको माध्यमबाट साहित्य, सङ्गीत, कला र संस्कृतिलाई समृद्ध तुल्याउने सदीक्षाअनुरूप **गुप्तेश्वर, झंकार, स्पन्दन, विसङ्गति, बैंसका सुसेलीहरू, बाडुल्की** र **अनुभूति** नामक काव्य, कविता, गीत, गजल आदि साहित्यिक कृति र लोकसंस्कृति झल्काउने लोकदोहोरी गीति क्यासेटका गीतहरू सिर्जना गरेको

पाइन्छ । त्यसै गरी उनले भौगोलिक, ऐतिहासिक एवं धार्मिक स्थान गुप्तेश्वर गुफालाई संरक्षण र सम्बर्द्धन गर्ने हेतुले शब्दमयी काव्यात्मक भावनाको साँचोस्वरूप **गुप्तेश्वर** खण्डकाव्य लेखे । त्यसैगरी भ्रमणको क्रममा आफूले देखेका, सुनेका र भोगेका अनुभूतिजन्य स्मृतिहरूलाई लिपिबद्ध गरी **अवलोकन भ्रमणको यात्रासंस्मरण** (२०६२) लेखेका छन् (हेर्नू : परिशिष्ट १) ।

बहुमुखी प्रतिभाका धनी साहित्यकार एवम् गीतकार शान्तिनारायण श्रेष्ठलाई नेपाली साहित्यकारका उदीयमान साहित्यकारहरू लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, भूपि शेरचन, हरिभक्त कटुवाल, माधव घिमिरे, गुरूप्रसाद मैनालीजस्ता साहित्यिकारहरू र गोपाल योञ्जन, कालीप्रसाद रिजालजस्ता गीतकारहरूको प्रभाव परेको देखिन्छ (हेर्नू : परिशिष्ट १) । त्यसै गरी मनु ब्राजाकी, बुँद राना, ज्ञानुवाकर पौडेल, घनश्याम न्यौपाने तथा गोविन्दराज विनोदीजस्ता गजलकारहरूका गजल पढेपछि उनको गजल विधाप्रति अनुराग बढेको पाइन्छ (श्रेष्ठ, २०६०:च) । हाइकु, ताङ्का र चोका सिर्जनाका लागि अग्रज साहित्यकारहरू क्षेत्रप्रताप अधिकारी, डा. रामकुमार पाँडे, पुष्कर लोहनी, विष्णुबहादुर सिंह, मोहनबहादुर कायस्थ उनका लागि प्रेरणास्रोत हुन् (श्रेष्ठ, २०६४:ग) ।

यसरी शान्तिनारायण श्रेष्ठको साहित्यिक सिर्जनामा विभिन्न साहित्यकारहरू, व्यक्ति, घटना, परिवेश र जीवनभोगाइका अनुभवहरू प्रेरक प्रसङ्गका रूपमा रहेका छन् । उनले साहित्यलाई समाजको ऐना र संवेदनात्मक अनुभूतिको कलात्मक अभिव्यक्तिका रूपमा परिभाषित गरेको देखिन्छ (हेर्नू : परिशिष्ट १) ।

## २.१२. साहित्यिक क्षेत्रमा प्रवेश र सिर्जनात्मक सक्रियता

शान्तिनारायण श्रेष्ठले प्रारम्भिक शिक्षा अध्ययन गर्ने क्रमदेखि नै नेपाली साहित्य फाँटमा प्रवेश गरेको पाइन्छ । २००९/२0१0 अर्थात १४ वर्षको उमेरमा नै कविता, गीत, मुक्तक आदि रचना गरेर साहित्यिक यात्रा सुरु गरेका शान्तिनारायण गीत लेखनबाट साहित्यिक यात्रामा प्रवेश गरेका हुन् (हेर्नू : परिशिष्ट १) । उनले कविता, गीत, मुक्तक रचना गरेर गुरु साथीभाइ र मेलापातमा गएर सुनाउने गर्थे । उनका रचनाहरू ठूलाबडा भनाउँदाहरूबाट सर्वसाधारणमा हुने शोषण-दमनविरुद्ध लेखिएको पाइन्छ । सानै उमेरदेखि साहित्यलेखन र गीति क्षेत्रतर्फ रुचि राख्ने शान्तिनारायणले समय र परिस्थितिसँग जुधेर पनि आफ्ना संवेदनालाई कलात्मक ढङ्गले

गीत तथा कवितामा उतारेका छन् । उनले पाठशालामा पढ्ने समयदेखि रचनाहरू लेखी शुक्रबारीय कार्यक्रममा सुनाउँथे (हेर्नू : परिशिष्ट १) । उनले सुरुसुरुमा लेखेका लेखरचनाहरू भौगोलिक विकटताका कारण पत्रपत्रिकामा प्रकाशित हुन सकेनन् । उनको प्रथम प्रकाशित लेखन भने 'शुभेच्छा' शीर्षकको कविता हो । यो कविता **आँकुरो** हस्तलिखित पत्रिकामा २०१८ सालमा प्रकाशन भएको थियो (हेर्नू : परिशिष्ट १) ।

शान्तिनारायण श्रेष्ठले आफ्ना फुटकर रचनामा शान्तिनारायण श्रेष्ठ 'दीपक' जस्ता छद्मनाम दिएर पनि कविताहरू प्रकाशित गरेका छन् । (हेर्नू : परिशिष्ट २) । उनले २०१९ सालमै **गुप्तेश्वर** ऐतिहासिक खण्डकाव्य लेखे तर आर्थिक कठिनाइले गर्दा प्रकाशन गर्न सकेनन् । त्यसपछि २०२७ सालमा मात्र प्रकाशन गरे । २०१८ सालदेखि विभिन्न पत्रपत्रिकामा लेखरचनाहरू प्रकाशित गरे तापनि उनको प्रथम प्रकाशित पुस्तकाकार कृति **गुप्तेश्वर** (२०२७) खण्डकाव्य हो (हेर्नू : परिशिष्ट १) ।

शान्तिनारायण श्रेष्ठले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनले आफ्नो साहित्य यात्राको साथमा जागिर, व्यापार र समाजसेवालाई समेत निरन्तरता दिएका छन् । उनको साहित्यिक यात्रालाई अध्ययन गर्दा प्राप्त भएका विवरणहरूका आधारमा उनले साहित्यका गीत, कविता, गजल, कथा, काव्य, लेख, यात्रासंस्मरण, हाइकु, ताङ्का, चोका आदि क्षेत्रमा कलम चलाएको पाइन्छ (हेर्नू : परिशिष्ट १) । हालसम्म उनले पुस्तकाकारका रूपमा **गुप्तेश्वर** वर्णनात्मक खण्डकाव्य (२०२७), **झङ्कार** गीतसङ्ग्रह (२०५६), **स्पन्दन** गीतसङ्ग्रह (२०५६), **विसंगति मुक्तक** कवितासङ्ग्रह (२०५६), **अनुभूति** गजलसङ्ग्रह (२०६०), **स्मृतिका लहरहरू** शोककाव्य (२०६०), **अवतरण** हाइकुसङ्ग्रह (२०६१), **अनावरण** ताङ्कासङ्ग्रह (२०६२), **संस्मरण अवलोकन भ्रमणको** नियात्रा (२०६२), **अजम्मरी माया** गजलसङ्ग्रह (२०६२), **अन्तर्ध्वनि** चोकासङ्ग्रह (२०६४) जस्ता कृतिहरू प्रकाशन गरेका छन् भने उनका 'कोशेली' कवितासङ्ग्रह (२०२२), 'अल्झिएको स्मृति' कवितासङ्ग्रह (२०२३), 'बादलिएको दिन' कथासङ्ग्रह (२०२३), 'प्रणयको अवशेष' उपन्यास (२०२४), 'खाटा बस्न नसकेका घाउहरू' कवितासङ्ग्रह आदि कृतिहरू प्रकाशोन्मुख अवस्थामा छन् । गीततर्फ **आजै छ लगन**, **हिलेपानी गाउँ**जस्ता लोकदोहोरी गीतका एल्बम बजारमा प्रकाशनको रूपमा आइसकेका छन् । यसका

अतिरिक्त विभिन्न फुटकर लेखरचनाहरू स्वदेशी तथा विदेशी पत्रपत्रिका र पुस्तकसङ्ग्रहमा पनि प्रकाशित भएका छन् (हेर्नू : परिशिष्ट १) ।

यसरी २०१८ सालमा हस्तलिखित पत्रिका **आँकुरो**मा 'शुभेच्छा' शीर्षकको कविता प्रकाशन गरेर साहित्यिक क्षेत्रमा लागिपरेका शान्तिनारायण श्रेष्ठले आफूलाई साहित्यसिर्जनामा सक्रिय तुल्याई हालसम्म पनि आफ्नो सिर्जनकार्यलाई निरन्तरता दिँदै आएका छन् ।

## २.१३. सम्मान तथा पुरस्कार

साहित्य र गीतिक्षेत्रमा रुचि भएका शान्तिनारायण श्रेष्ठले ओझेलमा परेका मोफसलका नवप्रतिभाहरूको साहित्यिक रचनाहरूलाई प्रकाशित गरी त्यसलाई निरन्तरता दिँदै आएका छन् । उनी नेपाली साहित्यसम्बन्धी राष्ट्रिय स्तरका प्रतियोगितात्मक कार्यक्रममा समेत सहभागी भएको पाइन्छ । तसर्थ उनले धेरै सम्मान र पुरस्कारहरू पाएका छन् । श्रेष्ठले हालसम्म प्राप्त गरेका पुरस्कार र सम्मान निम्नलिखित छन् :

- जानपद सेवा पदक २०२३ : (सरकारी सेवामा कार्यरत रहँदा)
- स्वर्णपदक : (दोस्रो राष्ट्रिय दोहोरी गीत प्रतियोगितामा प्रथम (२०४० पोखरा)
- रत्न श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार २०६१ (**स्मृतिका लहरहरू** शोककाव्यका लागि)
- AMBASSADOR FOR PEACE : UNIVERSAL PEACE FEDERATION - 2006
- सम्मान, महायज्ञ संचालक मूल आयोजक समिति, गुप्तेश्वर धाम कुश्मा - २०६३
- सम्मान, पश्चिमाञ्चल क्षेत्रीय निर्माण व्यवसायी सङ्घ पोखरा - २०६४
- सम्मान, घुम्ते प्रकाशन प्रा.लि. **ढोरपाटन** दैनिक, बागलुङ २०६४ (हेर्नू : पशिरिष्ट १)

## २.१४. भ्रमण

शान्तिनारायण श्रेष्ठ भ्रमणमा रुचि राख्ने व्यक्ति हुन् । उनले नेपालका पाँचै विकास क्षेत्र, चौध अञ्चल र ४८ जिल्लाहरूको भ्रमण गरेका छन् । उनले छिमेकी देश भारतका मद्रास, भेलोर, ह्वाइटफिल्ड, बेंगलोर, कलकत्ता, लखनउ, राजस्थान आदि स्थानमा भ्रमण गर्नुका साथसाथै थाइल्यान्डको बैंकक, जापानका प्रमुख सहरहरूको पनि भ्रमण गरेका छन् (हेर्नू : परिशिष्ट १) । नयाँ-नयाँ ठाउँको भ्रमण गर्दा साहित्यसिर्जनाका लागि उपयुक्त वातावरण बन्ने, नयाँ-नयाँ विषयवस्तु प्राप्त हुने कुरामा उनले विश्वास राख्दछन् । आफूलाई फुर्सद मिले नयाँ ठाउँ घुम्नका लागि उनी सधैँ तत्पर रहने गर्दछन् । यसरी उनले साहित्यसिर्जनाको मूल स्रोत भ्रमणका क्रममा देखिने ऐतिहासिक, धार्मिक, सांस्कृतिक एवं प्रसिद्ध स्थलहरू पनि हुन् भन्ने कुरा स्वीकार गरेको पाइन्छ ।

## २.१५. जागिरे जीवन

मध्यमवर्गीय परिवारमा जन्मेका शान्तिनारायण श्रेष्ठले वि.सं. २०१४ सालदेखि हुलाकबाट जागिरे जीवन सुरु गरेका हुन् । उनले पाँच कक्षाको अध्ययनपश्चात् १८ वर्षको उमेरदेखि सरकारी सेवामा प्रवेश गरेका थिए (हेर्नू : परिशिष्ट १) । जागिरको सिलसिलामा उनले २०१४ साल असोजदेखि २०२९ साल पौषसम्मको अवधिमा नुवाकोट, चितवन, पाल्पा आदि जिल्लाहरूमा जागिरे जीवन बिताए । त्यसपछि २०२९ साल माघ ३ गतेदेखि यता डोटी, स्याङ्जा, रोल्पा, बागलुङ, मुस्ताङ, पर्वतजस्ता जिल्लाका ठाउँहरूमा जागिरे जीवन बिताएका थिए । उनले पञ्चायत विकास केन्द्र, सहकारी, भूमिसुधार, जि.वि.स. आदि कार्यालयहरूको विभिन्न पदमा बसेर सेवा गरेको पाइन्छ । उनलाई जागिरको सिलसिलामा कहिले पहाड, कहिले तराई तथा कहिले हिमाली जिल्लामा सरुवा भइरहनुपर्‍यो । जागिरको सिलसिलामा कहिल्यै पनि हाकिमहरूको चाकडी र चाप्लुसी गर्ने स्वभाव नभएको कारणले उनको पदोन्नतिमा बाधक हुन गयो । जसको फलस्वरूप उनी डोटी, रोल्पा, मुस्ताङ आदि जस्ता विकट जिल्लाहरूमा सरुवा भएर जानुपर्‍यो (हेर्नू : परिशिष्ट १) ।

शान्तिनारायण श्रेष्ठ कहिल्यै पनि आफ्नो कर्तव्य र उत्तरदायित्वबाट विचलित भएनन् । उनी आफ्नो पेसामा मन, वचन र कर्मले निरन्तर प्रतिबद्ध रहेको देखिन्छ । यसरी जीवनमा एउटा

लामो कालखण्ड सरकारी जागिरेको रूपमा बिताइसकेका उनमा जीवन भोगाइको विविध अनुभूति सँगालिएको छ (पौड्याल, २०५६) । शान्तिनारायण श्रेष्ठले २०१४ सालदेखि जागिरे जीवन सुरु गरे र २०४९ सालमा उमेरको हद नाघेकाले ना.सु. पदबाट अनिवार्य अवकाश प्राप्त गरेका थिए । यसरी उनले जम्माजम्मी ३६ वर्षसम्म सरकारी सेवामा जागिरे जीवन व्यतित गरेको पाइन्छ ।

## २.१६. जीवनदर्शन

संसारमा हरेक मानिसका आ-आफ्ना जीवनदृष्टि रहेका हुन्छन् । आफूले जिउने जीवनमा जे-जस्ता अनुभव संगालिएका हुन्छन् र जीवनलाई यस्तै बनाउने भन्ने परिकल्पना गरिएको हुन्छ सोहीअनुसारको मार्गदर्शनलाई नै जीवनदर्शन भनिन्छ ।

शान्तिनारायण श्रेष्ठले जीवनलाई एक अलौकिक उपहारका रूपमा लिएका छन् अर्थात् जीवन सदुपयोग गर्न जाने श्रीखण्ड नजाने खुर्पाको बिँड भनी जीवनको परिभाषा गरेका छन् (हेर्नू : परिशिष्ट १) । शान्तिनारायण श्रेष्ठ सुखमा नमात्तिने र दुःखमा नआत्तिने खालका व्यक्ति हुन् । उनले सुख प्राप्त गरियो भन्दैमा बढी उत्तेजित भई नराम्रो व्यवहार कसैलाई गर्नुहुँदैन र दुःख पाइयो भन्दैमा निराश भएर जीवनलाई गलाउनु पनि हुँदैन भन्ने मान्यता राख्छन् । उनी आदर्श दर्शन सिद्धान्त र विचारलाई व्यक्तिगत जीवनमा प्रयोग गर्ने र व्यवहारिकतामा लागु गर्ने सफल व्यक्ति हुन् । मानिस आफ्ना लागि मात्र बाँचेर हुँदैन र अरूका लागि पनि केही भलो हुने काम गर्न सक्नुपर्छ भन्ने विचार उनको रहेको छ । सकारात्मक सोच, उच्च विचार र मानवीय सेवामा समर्पित सार्थक जीवन हुनुपर्दछ भन्ने उनको जीवनदर्शनमा विश्वास र मान्यता रहेको छ भने आत्मज्ञान प्राप्त गर्न सक्नु र सबैको आत्मालाई चिन्न सक्नु नै जीवनको सर्वोत्कृष्ट उपलब्धि हो भन्ने उनको आदर्श रहेको छ (हेर्नू : परिशिष्ट १) । यसरी जीवन-जगत्सम्बन्धी उनका उपर्युक्त धारणा र दृष्टिकोणलाई हेर्दा उनी मूलतः एक आदर्शवादी व्यक्तित्वका रूपमा देखा पर्दछन् ।

## परिच्छेद – तीन

# शान्तिनारायण श्रेष्ठको व्यक्तित्व

### ३.१. व्यक्तित्वनिर्माण

व्यक्तित्व भनेको व्यक्तिविशेषका समग्र प्रवृत्तिहरूको समुच्चय हो । प्रत्येक व्यक्तिको व्यक्तित्व निर्माणमा वंशानुगत गुण, स्थानीय वातावरण, शिक्षा आदि कुराले प्रभाव पार्दछ । शान्तिनारायणको व्यक्तित्व निर्माणमा पनि मूलतः यिनै कुराहरूकै प्रभाव परेको पाइन्छ । उनको व्यक्तित्व र स्वभावमा पनि केही वंशानुगत गुण, केही स्थानीय वातावरण र केही शिक्षाले प्रभाव पारेको पाइन्छ । यिनै विविध कुराहरूलाई ध्यानमा राखी यहाँ साहित्यकार शान्तिनारायण श्रेष्ठको व्यक्तित्वलाई आन्तरिक व्यक्तित्व र बाह्य व्यक्तित्वमा विभाजन गरी अध्ययन गरिएको छ ।

### ३.२. बाह्य व्यक्तित्व

शान्तिनारायण श्रेष्ठ गहुँगोरो वर्ण, फराकिलो र चौडा निधार काला आँखा, थोरै थेप्चिएको नाक, फुलेको सेतो कपाल, हृष्टपुष्ट शरीर, मिलेका सेता दाँत, मिलेको आँखीभौँ, पाँचफुट छ इन्च उचाइ र करिब ६८ के.जी. तौलको शरीर रहेको श्रेष्ठको जिउडाल हट्टाकट्टा देखिन्छ । कलेजी कलरको सर्ट, खैरो पाइन्ट र साधारण किसिमका जुत्ता लगाउने शान्तिनारायण सधैँ आकर्षक देखिन्छन् । उनी प्रायः चस्मा लगाउने गर्छन् । उनी प्रायजसो हाते ब्याग र छाता हातमा लिएर हिँडडुल गर्छन् । उनले विवाह, उत्सव, चाडपर्वमा जाँदा कोट पाइन्टका साथमा टाई र नेपाली ढाका टोपी लगाउँछन् । उनको फेसन सामान्य भएर पनि चिटिक्क र आकर्षक देखिने खालको हुन्छ । उनी सरल जीवन र उच्च विचार भएका व्यक्ति हुन् । बाहिर हिँडदा मात्र नभएर घरमा बस्दा पनि उनी सफासुग्घरका साथ चिटिक्क परेर बस्ने गर्छन् । जोस र जाँगर लिएर सधैँ अगाडि बढ्न खोज्ने शान्तिनारायण श्रेष्ठको बाह्य व्यक्तित्व निकै आकर्षक किसिमको रहेको छ ।

## ३.३. आन्तरिक व्यक्तित्व

साहित्यकार शान्तिनारायण श्रेष्ठ सामाजिक सेवा, साहित्यलेखन र गायनजस्ता विभिन्न क्षेत्रमा अनवरत रूपमा संलग्न र सेवारत छन् । उनी पर्वत जिल्ला कुश्माबजारको नेवार जाति परिवारमा हिन्दू संस्कार मूल्य र मान्यतामा हुर्कंदै आएका एक असल व्यक्तित्व हुन् । सामाजिक र जातीगत भेदभावको विरोध गर्ने, साहित्य सेवामा विशेष अग्रसरता देखाउने, परम्परागत ब्राह्मणवादको विरोध गर्ने, फुकफाक कार्यलाई आंशिक रूपमा विश्वास गर्ने, योग्यता र क्षमताको आधारमा मानवीय पूजा गर्नुपर्छ, मान्छेको जात उसले गरेको कर्मअनुसार हुन्छ भन्ने धारणामा उनको आस्था रहेको छ ।

सिर्जनात्मक क्षेत्रमा सधैं क्रियाशील रहने शान्तिनारायणको आन्तरिक व्यक्तित्वलाई हेर्दा सङ्घर्षशील एवं जाँगरिलो प्रकृतिको देखिन्छ । जीवनमा जस्तोसुकै दुःख आइपरे तापनि धैर्यका साथ सामना गर्ने प्रवृत्ति उनमा रहेको छ । छलकपट, धुर्त्याइँ, धोखाजस्ता कुराहरूलाई उनी मन पराउँदैनन् । आन्तरिक रूपमा मीठो र मधुर बोल्ने, सबैलाई सहयोग गर्ने भावना राख्ने, नारीलाई अंश होइन, शिक्षा दिनुपर्छ र हरेकले आ-आफ्नो दायित्वबोध गर्नुपर्छ भन्ने उनको आन्तरिक स्वभाव रहेको छ । उनी गरिब, दुःखी र माग्नेलाई सहयोग गर्ने व्यक्ति हुन् । हरेक समाजमा अध्ययनका लागि पुस्तकालय स्थापना हुनुपर्दछ भन्ने उनको विचार छ । उनले सधैं गम्भीर, शान्त शिष्ट र मृदुभाषी भएर सबैमा समान व्यवहार गर्छन् । देखेको र चित्त नबुझेको कुरा बोलिहाल्ने खरो स्वभाव पनि उनमा भेटिन्छ ।

शान्तिनारायण श्रेष्ठ आदर्शदर्शन, सिद्धान्त र विचारलाई व्यक्तिगत जीवनमा प्रयोग गर्ने र व्यावहारिकतामा लागु गर्ने सफल व्यक्ति हुन् । आफ्ना गजल, गीत कार्यक्रममा प्रस्तुत गर्ने होस् वा बसेर एकआपसमा छलफल गर्ने नै किन नहोस्, आफ्ना रचनात्मक अभिव्यक्ति प्रस्तुत गर्ने सरल स्वभाव उनमा विद्यमान रहेको छ (पौड्याल, २०६०:ङ) ।

## ३.४. व्यक्तित्वका विभिन्न पाटाहरू

शान्तिनारायण श्रेष्ठको व्यक्तित्वलाई साहित्यिक, राजनीतिक, संस्थापक आदि विभिन्न बुँदामा बाँडेर अध्ययन गर्न सकिन्छ ।

### ३.४.१ साहित्यकार व्यक्तित्व

सिर्जनशील व्यक्तित्व नै शान्तिनारायण श्रेष्ठको महिमाशाली एवम् प्रमुख व्यक्तित्व पनि हो । आफ्ना विद्यार्थी जीवनदेखि नै उनले सिर्जनामा रुचि लिएका थिए । उनको साहित्यसिर्जना २००९/२०१० सालतिरबाट प्रारम्भ भएको पाइन्छ । साहित्यसिर्जना जस्तो रचनात्मक क्षेत्रमा क्रियाशील शान्तिनारायणले १०/१२ वर्षको उमेरमा नै गाउँमा जिमबुवाल मुखिया र ठूलाबडा भनाउँदाबाट सर्वसाधारणमा हुने शोषण, दमनविरुद्ध कविता, गीत र मुक्तक लेख्दै चोक-चोकमा र मेलापातमा गएर सबैलाई सुनाउने गर्थे । शान्तिनारायण श्रेष्ठको बाल्यकालदेखि नै साहित्यतर्फ रूचि थियो । उनले प्रारम्भिक शिक्षा अध्ययन गर्ने क्रममा नै कविताहरू लेखेर गुरु र साथीहरूसँग सुनाउने गर्थे । त्यसका साथै नाटकहरू मञ्चन गरेर देखाउने, सांस्कृतिक एवम् साहित्यिक कार्यक्रमहरूमा सहभागी भई गीतहरू लेखेर सुनाउने, गीत गाउने उनको बानी थियो । उनका गीतहरू मार्मिक छन् । सर्वसाधारणले बुझ्न सक्ने सरल, मिठो र झर्रो नेपाली शब्दको प्रयोग उनका हरेक रचनाहरूमा प्रयोग भएको पाइन्छ । साहित्यका विभिन्न विधामा कलम चलाउने शान्तिनारायण एक उच्च तर भौगोलिक कारणले ओझेलमा परेका साहित्यकार व्यक्तित्व हुन् (हेर्नू : परिशिष्ट ३) ।

गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा, पर्वतले **गुप्तेश्वर** खण्डकाव्यको 'प्रकाशकीय'मा शान्तिनारायण श्रेष्ठको साहित्यिक व्यक्तित्वको कदर गर्दै निम्नलिखित कुरा भनिएको छ- जुन व्यक्तिले आफू जन्मेको माटोको महत्त्व बुझी माटोसँगको अपनत्व अङ्गिकार गरी, माटोप्रति श्रद्धा र सम्मान गर्दै अन्तरआत्मादेखि माटोको गुण र गीत गाउँदै, माटोको मर्म र महत्त्व दर्शाउन मन, वचन र कर्मले सदा प्रयत्नशील रहन्छन्, तिनीहरू राष्ट्रिय स्रष्टाको रूपमा चिनिन्छन् । यसरी चिनिने स्रष्टाहरू राष्ट्रमा थोरै मात्र छन् र तिनै चिनिने मध्यका एक स्रष्टा साहित्यकार शान्तिनारायण श्रेष्ठ पनि हुन् ।

शान्तिनारायण श्रेष्ठले सुरु-सुरुमा कोरेका लेख रचनाहरू भौगोलिक विकटताका कारण पत्रपत्रिकामा प्रकाशित भएको देखिँदैन । उनको सानै उमेरदेखि साहित्यिक यात्राको प्रारम्भ भएतापनि विशेषगरी २०१८ सालमा उनी आफैँ प्रधान सम्पादक भएर प्रकाशित गरिएको **आँकुरो** हस्तलिखित मासिक पत्रिकामा 'शुभेच्छा' शीर्षकको कविता छापिएपछि उनको साहित्यक्षेत्रमा औपचारिक आगमन भएको हो । उनको साहित्यिक सिर्जनाको स्रोत जीवन

भोगाइका दुःख, गरिबको वेदना, पीडा, अभाव, समाजमा शोषित समुदायले बेहोर्नुपरेका समस्याहरू आदि नै हुन् । उनका साहित्य रचनाका प्रेरणास्रोत आफूभन्दा अग्रजका कृतिहरू र आफ्नो स्वाध्ययन, अनुभूति र अठोट नै हुन् । उनले दीपक उपनाम दिएर पनि आफ्ना कविताहरू प्रकाशित गरेको पाइन्छ । शान्तिनारायण लामो जीवनयात्रा, अनेकौ घात-प्रतिघात र आँधीबेहरी खपेर पनि वुलन्द उत्साह र अटल धैर्यताका साथ साहित्यसिर्जनामा साधनारत व्यक्तित्व हुन् (ज्ञवाली, २०६३:२०) ।

शान्तिनारायण श्रेष्ठ नेपाली साहित्यका गद्य, पद्य कविता, कथा, मुक्तक, गीत, गजल, नियात्रा, हाइकु, ताङ्का, चोका विधामा कलम चलाउने व्यक्ति हुन् । उनका फुटकर कविता, मुक्तक, हाइकु गीत तथा गजलहरू विविध पत्रपत्रिकामा प्रकाशित छन् । उनका प्रकाशित साहित्यिक कृति २०२७ सालदेखि पुस्तकाकारका रूपमा प्रकाशित भएका छन् । उनका प्रकाशित पुस्तकाकार कृतिहरू **गुप्तेश्वर** खण्डकाव्य (२०२७), **झङ्कार** गीतसङ्ग्रह (२०५६), **स्पन्दन** गीतसङ्ग्रह (२०५६), **विसङ्गति** मुक्तकसङ्ग्रह (२०५६), **बैंसका सुसेलीहरू** गीतसङ्ग्रह (२०५७), **बाडुल्की** गीतसङ्ग्रह (२०५६), **अनुभूति** गजलसङ्ग्रह (२०६०), **स्मृतिका लहरहरू** शोककाव्य (२०६०), **अवतरण** हाइकुसङ्ग्रह (२०६१), **अनावरण** ताङकासङ्ग्रह (२०६२), **संस्मरण** नियात्रा (२०६२), **अजम्मरी माया** गजलसङ्ग्रह (२०६३), **अर्न्तध्वनि** चोकासङ्ग्रह (२०६४) हुन् ।

शान्तिनारायण श्रेष्ठ एक पुरानो साहित्यकार व्यक्तित्व हुन् । जागिरले गर्दा उनको साहित्यिक यात्रामा अवरोध आएको देखिन्छ तर पनि राष्ट्रियस्तरका साहित्यकारहरूले शान्तिनारायण श्रेष्ठ यस्तो व्यक्ति हो, यसको साहित्यिक क्षेत्रमा लामो समयदेखिको विशिष्ट योगदान छ भनेर राष्ट्रियस्तरमा चिनाइदिने र चिनिने अवसरबाट उनी वञ्चित हुनुपऱ्यो । भौगोलिक कारणले पनि प्रभाव पार्दोरहेछ तर पनि उनी साहित्यका विभिन्न विधामा कलम चलाउने साहित्यकार व्यक्तित्व हुन् (हेर्नू : परिशिष्ट ४) ।

### ३.४.१.१ **कवि व्यक्तित्व**

शान्तिनारायण श्रेष्ठले १०/१२ वर्षको उमेरबाट कविता, मुक्तक र गीत लेख्न सुरु गरेका हुन् । २०१८ सालमा **आँकुरो** हस्तलिखित पत्रिकामा 'शुभेच्छा' शीर्षकको कविता प्रकाशन गरेपछि उनी साहित्यिक फाँटमा सार्वजनिक रूपमा देखापरेका हुन् । उनका फुटकर कविताहरू विविध

पत्रपत्रिकामा प्रकाशित हुन थालेपछि कविता लेखनको गतिलाई उनले तीव्र पार्दै लगे । उनले आफ्ना फुटकर रचनामा शान्तिनारायण श्रेष्ठ 'दीपक' जस्ता छदमनाम दिएर कविताहरू प्रकाशित गरेका छन् । २०१८ सालमा हस्तलिखित पत्रिका **आँकुरो** निकालेर साहित्यिक क्षेत्रमा हामफालेका यिनी **सगुन** साहित्यिक पत्रिका २०५४ सम्म आइपुग्दा र त्यसपछि पनि उत्साहले आफ्नो सिर्जना क्रम बढाउँदै लगेर २०६४ सालसम्ममा एक दर्जनभन्दा बढी कृति प्रकाशित गरेका छन् र 'राम्रा कवि'का रूपमा आफ्नो पहिचान पनि बनाइसकेका छन् (पौडेल, २०६३:५) ।

विशेष गरी गीतिक्षेत्रमा रुचि देखाउने शान्तिनारायणले कविता विधामा समेत कलम चलाएका छन् । उनी जति गीत र गजलमा लागेका छन्, तुलनात्मक रूपमा कवितामा धेरै समय दिन सकेका छैनन् तर पनि कविता लेखनलाई समेत उनले अघि सारेका छन् । शान्तिनारायण श्रेष्ठले व्यङ्ग्यात्मक किसिमका कविताहरू लेख्न त खोज्छन् तर व्यङ्ग्यात्मक भाव तिनमा पाइँदैन ।

शान्तिनारायण श्रेष्ठले विभिन्न पत्रपत्रिकाका माध्यमबाट क्रमशः आफ्ना कविता रचनाहरू प्रस्तुत गर्दै गएको पाइन्छ । 'नच्याओ' भन्ने कविता **सरोज** (अंक १, वर्ष १) वार्षिक पत्रिकामा प्रकाशित भएको छ । त्यस्तै, विभिन्न स्वदेशी तथा विदेशी साहित्यिक पत्रपत्रिकामा उनका धेरै कविताहरू फुटकररूपमा रहेका छन् । हस्तलिखित मासिक साहित्यिसङ्ग्रह, पर्वत मासिक बुलेटिन, पालुवा छ महिने, आमा नेपाली मासिक पत्रिका, धवलागिरि साप्ताहिक, काव्य त्रिवेणी, धवलागिरीका कवि र कविता, सगुन, पर्वतमाला, कालीको सुसेली, मोदीकाली साप्ताहिक, निष्पक्ष अभिमत साप्ताहिक आदि विभिन्न पत्रपत्रिकाहरूमा उनका कविता छापिएका छन् । उनको **विसङ्गति** मुक्तक कवितासङ्ग्रह २०५६ सालमा प्रकाशन भएको छ । संरचनाका दृष्टिले ६० पृष्ठमा विभक्त **विसङ्गति** मुक्तक कवितासङ्ग्रह भित्र समसामयिक समाजमा रहेको विकृति, विसङ्गति अन्याय, अत्याचार र दुराचार आदिको व्यङ्ग्य गरिएको छ । त्यसै गरी उनको अर्को कवितासङ्ग्रह 'खाटा बस्न नसकेका घाउहरू' प्रकाशोन्मुख अवस्थामा छ । समग्रमा हेर्दा शान्तिनारायणको कवि व्यक्तित्व निकै सबल रहेको देखिन्छ ।

#### ३.४.१.२ **कथाकार व्यक्तित्व**

शान्तिनारायण श्रेष्ठले आफ्नो सिर्जना यात्राका क्रममा कथा विधामा पनि कलम चलाएका छन् । उनका कथामा वर्तमान विसङ्गतपूर्ण सामाजिक परिवेशको यथार्थ चित्रण गरिएको पाइन्छ । उनीद्वारा लेखिएको 'वादलिएको दिन' भन्ने कथासङ्ग्रह प्रकाशोन्मुख अवस्थामा छ । त्यसकारण शान्तिनारायण श्रेष्ठ कथाकार व्यक्तित्वको रूपमा परिचित भइसकेका छैनन् ।

#### ३.४.१.३ **उपन्यासकार व्यक्तित्व**

शान्तिनारायण श्रेष्ठ एक उपन्यासकार व्यक्तित्व पनि हुन् । उनले २०२४ सालतिर 'प्रणयको अवशेष' नामक उपन्यास लेखेका थिए तर जागिरको सिलसिलामा पाल्पामा डेरा गरी बस्दा मैनबत्तीको आगोबाट उक्त उपन्यास जल्यो तर पनि 'त्यसको कथासार र पात्र मलाई थाहा छ' भनेर उनी भन्ने गर्दछन् ।

#### ३.४.१.४ **खण्डकाव्यकार व्यक्तित्व**

साहित्यका विभिन्न विधामा कलम चलाउने बहुमुखी प्रतिभाका धनी व्यक्तित्व शान्तिनारायण श्रेष्ठ एक सफल खण्डकाव्यकार व्यक्तित्व हुन् । २०२७ सालमा **गुप्तेश्वर** नामक वर्णनात्मक खण्डकाव्य लेखेर नेपाली साहित्यमा प्रवेश गर्दै चर्चामा समेत आएका उनका रचनामा सुकोमल सरल भावनाहरू पोखिएको पाइन्छ । जति-जति अनुभूतिले उनी खारिँदै जान्छन्, उति-उति उनका रचना परिष्कृत हुँदै गइरहेको सहजै बुझ्न सकिन्छ (विनोदी, २०६३:२५) ।

शान्तिनारायण श्रेष्ठका एउटा **गुप्तेश्वर** खण्डकाव्य (२०२७) र **स्मृतिका लहरहरू** शोककाव्य (२०६०) गरी दुई खण्डकाव्य प्रकाशित छन् । **गुप्तेश्वर** खण्डकाव्य उनको प्रथम प्रकाशित पुस्तकाकार कृति हो, जुन झ्याउरे छन्दमा लेखेका छन् । यो खण्डकाव्य ८९ श्लोक र १८ पृष्ठमा रचिएको छ । यस खण्डकाव्यमा पर्वत जिल्ला स्थित कुश्माबजारको नजिकै रहेको गुप्तेश्वर गुफाको प्राकृतिकताको यथार्थपरक र ऐतिहासिक रूपमा वर्णन गरेका छन् ।

शान्तिनारायणको प्रकाशित शोककाव्य **स्मृतिका लहरहरू** (२०६०) हो । संरचनाका दृष्टिले १०० पृष्ठमा संरचित यस शोककाव्य ४०६ श्लोकमा पूर्ण भएको छ । यस शोककाव्यमा २०२९ सालदेखि २०५७ साल श्रावणसम्म शान्तिनारायण र उनकी श्रीमती सुकमयाँको जीवनमा

घटेका विविध घटनाहरूको वर्णन गरेका छन् । यसरी शान्तिनारायण श्रेष्ठले नेपाली खण्डकाव्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान दिएकाले उनको खण्डकाव्यकार व्यक्तित्व प्रभावपूर्ण बनेको छ ।

### ३.४.१.५ गीतकार व्यक्तित्व

शान्तिनारायण श्रेष्ठका गीतहरू मायाप्रेममा आधारित छन् । उनी धेरै पहिलादेखि निरन्तर गीतक्षेत्रमा लागेका हुन् (हेर्नू : परिशिष्ट ५) । लोकगीतमा दोहोरी गीतमा, झ्याउरेमा उनको विशेष रुचि र झुकाव छ, त्यसलाई उनले सौखको विषय बनाएको पाइन्छ (हेर्नू: परिशिष्ट ४) । शान्तिनारायण गीतको क्षेत्रमा धेरै पहिलेदेखि लागेका हुन् तर जागिरको कारणले निरन्तरता दिन सकेनन् । निरन्तर गीतक्षेत्रमा लागेको भए अहिलेसम्म लोकगीतको क्षेत्रमा उनी राष्ट्रियस्तरको स्थापित गीतकार व्यक्तित्व हुने थिए तर उनी ओझेलमा परे । उनी फेरि जागिरको अवकाशपछि जुरमुराएर उठेको देखिन्छ । उनका गीतहरूको भाव, सामाजिक परिवेश प्रेमपरक भावको बान्कीमा केन्द्रित भएको पाइन्छ । उनी पुराना तर ओझेलमा परेका गीतकार व्यक्तित्व हुन् (हेर्नू : परिशिष्ट ४) ।

शान्तिनारायण श्रेष्ठको पहिलो गीतसङ्ग्रह **झंकार** (२०५६) हो । यस सङ्ग्रह भित्रका ५० ओटा आफ्ना रागहरूमध्ये कवितात्मकताका झिल्का झल्किने खालका एकाध कविता समाविष्ट गरिएका छन्, तैपनि यसलाई गीतिसङ्ग्रहकै रूपमा लिन सकिन्छ । **झंकार** गीतसङ्ग्रह भित्र उकाली, ओराली, डाँडाकाँडा, भीर, पाखा, लेक, वेसी, तराई, पहाड, हिमाल, विगत, वर्तमान र भविष्यका स्वरहरूलाई समावेश गरेको देखिन्छ । उनको २०५६ सालमा प्रकाशित दोस्रो गीतसङ्ग्रह **स्पन्दन** गीतसङ्ग्रह हो । यस सङ्ग्रह भित्रका ५० ओटा रागहरूमध्ये कवितात्मकताका झिल्का झल्किने खालका एकाध कविता पनि समाविष्ट गरिएका छन् । यसमा राष्ट्रियता, कर्तव्यबोध र युगवोधका अतिरिक्त प्रकृति र जीवनको तादात्म्यताको झंकार झङ्कृत भएका छन् भने अर्कातिर विशेष रूपमा प्रेमी र प्रेमिकाको बीचको प्रणय, रतिराग मानसिक व्यग्रतामा केन्द्रित हुन पुगेका छन् । उनको तेस्रो गीतसङ्ग्रह **बैंसका सुसेलीहरू** (२०५७) हो । यसमा ६४ ओटा लोकगितात्मक अभिव्यक्तिहरू सँगालिएका छन् । बैंसालु तिर्सनाहरू र पिरतीका सपनाहरू उनका गीतमा छन् । उनीद्वारा रचित **बैंसका सुसेलीहरू**मा ग्रामीण संवेगात्मकताजस्ता गुणहरू प्रशस्त पाइन्छन् । शान्तिनारायण श्रेष्ठद्वारा लिखित चौथो

गीतसङ्ग्रह **बाडुल्की** (२०५७) हो । यो गीतसङ्ग्रह ६२ पेजमा संरचित छ र ६२ ओटै गीतहरू यसभित्र सङ्कलित छन् । उनका गीतहरूमा लोकभाका, लोकतुक्का तथा लोकमा प्रचलित शब्दहरूको बाहुल्य देखिन्छ (बराल, २०५७ : भूमिका) ।

त्यस्तै शान्तिनारायण श्रेष्ठको रचना तथा सङ्कलनमा चर्चित गायिका बिमाकुमारी दुरा र शर्मिला बर्देवा तथा गायक हरि कार्कीको स्वर रहेको ऐतिहासिक विशेषता बोकेको असारे भाकाको दोहोरी गीत र मेलापात जात्रा पर्वमा गाइने लोकदोहोरी गीतको **आजै छ लगन**, **हिलेपानी गाउँ** क्यासेट बजारमा आइसकेका छन् । **वार्ता कि अन्तवार्ता** भन्ने गाइजात्राको एल्बममा उनको विसङ्गतिको रचना समावेश गरिएको छ **। हिलेपानी गाउँ** लोकदोहोरी गीतको एल्बममा शान्तिनारायणका सङ्कलित शब्दहरू राखेर बजारमा आइसकेको छ । आफ्नो लामो संगीतमय साधनाको कारण थोरै गीतकारका रूपमा चिनिन सक्नु शान्तिनारायणको आफ्नै मौलिक विशेषता हो । संगीतबद्ध रूपमा गाउन सक्ने लयात्मक कला उनमा भेटिन्छ (हेर्नू : परिशिष्ट ४) । यसबाट शान्तिनारायणको गीतकार व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको देखिन्छ ।

### ३.४.१.६ **गजलकार व्यक्तित्व**

शान्तिनारायण श्रेष्ठको साहित्यिक व्यक्तित्वमध्ये गजलकार व्यक्तित्व पनि एउटा हो । श्रेष्ठ ६८ वर्षको उमेरमा पनि शृङ्गारिक गजल लेख्ने रसिक स्रष्टा हुन् (श्रेष्ठ, २०६३:१४) । उनको **अनुभूति** गजलसङ्ग्रह २०६० सालमा प्रकाशित भएको छ । यस गजलसङ्ग्रहमा समावेश गरिएका गजलहरू निष्पक्ष अभिमत साप्ताहिक पर्वतका बिभिन्न अंकहरूमा प्रकाशित भएको पाइन्छ । श्रेष्ठ एक सिद्धान्तनिष्ठ गजलकार व्यक्तित्वको रूपमा परिचित भएका छन् (हेर्नू : परिशिष्ट २) ।

गजलकार शान्तिनारायण श्रेष्ठद्वारा लिखित **अनुभूति** गजलसङ्ग्रह जम्मा ३८ पेजमा संरचित छ र ३८ ओटा गजलहरू यसमा सङ्कलित छन् । यस सङ्ग्रहभित्र "आफ्ना कुरा" मा श्रेष्ठले 'गजल विधाको सैद्धान्तिक पक्षको राम्रो ज्ञान नहुँदा-नहुँदै पनि गेयात्मक ओजपूर्ण भाव संयोजन र तुकबन्दी मिलाउन सके गजल बन्छ होला भनेर गजल लेख्न थालेको हुँ' भनेर आत्मस्वीकृति जनाएका छन् । शान्तिनारायण गीतकार भएकाले पनि अनुप्रासयुक्त र गेययुक्त गजल लेखेको पाइन्छ । उनको सोच सागरझैँ फराकिलो र सगरझैँ गहिरो छ । एउटा गजलकार हुनका

निमित्त जे-जति न्यूनतम विशेषताहरू चाहिन्छ, ती सबै विशेषताहरू उनका गजलमा पाइन्छन् (गिरी, २०६३:२९) ।

शान्तिनारायण श्रेष्ठले मुरद्दफ र गैरमुरद्दफ दुबै खाले गजलहरू लेखेका छन् । उनको **अनुभूति** गजलसङ्ग्रहमा समाजको विद्यमान समस्याका पृष्ठभूमिमा धर्म, कला, संस्कृति र परम्परामा आज आएको ह्रासलाई उजागर गर्न खोजिएको छ । उनका गजल हेर्दा उनी मायाप्रीति, संयोग, वियोग, राष्ट्रिय स्वर र वर्तमान विकृतितर्फ लक्षित छन् । शान्तिनारायण श्रेष्ठ एउटा सचेत र होसियार गजलकारका रूपमा देखिएका छन् ।

उनको दोस्रो गजलसङ्ग्रह **अजम्मरी माया** (२०६३) हो । संरचनाका दृष्टिले १३६ पृष्ठ र १०० ओटा गजल यसमा सङ्ग्रहीत छन् । प्रस्तुत गजलसङ्ग्रहमा उनले वियोगका पीडाहरूसँगै प्रेमजन्य रतिरागका विषय र समसामयिक सामाजिक एवम् राजनीतिक विषयवस्तुलाई पनि उठाएका छन् । उनका गजललाई हेर्दा एउटा गजलकारको रूपमा उनी जीवनलाई सुन्दर बनाउने कलाको खोजीमा भौतारिइरहेको पाइन्छ । यसरी शान्तिनारायण श्रेष्ठ सिद्धान्तनिष्ठ गजलकारको रूपमा परिचित भएका छन् । उनको गजलकार व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ ।

### ३.५. सम्पादक व्यक्तित्व

कुनै पुस्तक, पत्रपत्रिका आदिका लेखरचना राम्ररी मिलाई प्रकाशनयोग्य बनाउने व्यक्तिलाई सम्पादक भनिन्छ (पोखरेल र अरू, २०६०:१२३९) । शान्तिनारायण श्रेष्ठले सर्वप्रथम २०१८ सालमा पर्वतमा 'आँकुरो' हस्तलिखित पत्रिकाको प्रधान सम्पादक भई काम गरेका थिए । त्यस्तै उनले २०२२ सालमा पर्वतमाला षडमासिक पत्रिकाको सम्पादक मण्डलमा बसेर काम गरेको पाइन्छ । त्यसैगरी २०५४ सालदेखि उनी आफै सम्पादक भई 'सगुन' साहित्यिक पत्रिकाको सम्पादन गर्दै आएका छन् । उनीद्वारा सम्पादित पत्रिकाहरूमा धेरै साहित्यतर्फ रुचि भएका व्यक्तिहरूका रचनाहरू छापिएका छन् । उनले तत्कालीन समयमा पर्वतका युवाहरूलाई गोलबद्ध गरेर साहित्यक्षेत्रमा अगाडि ल्याउने कार्य गरेको हुनाले पर्वतका साहित्यक्षेत्रमा उनको उच्च योगदान छ र अहिले पनि नियमित प्रकाशन हुने उक्त **सगुन** साहित्यिक पत्रिकाले नवसाहित्यिक युवाहरूलाई आकर्षित गरिरहेको छ (हेर्नू : परिशिष्ट ४) । यिनै विविध पत्रपत्रिका,

लेखरचना आदिको सम्पादक भएर काम गर्ने शान्तिनारायण श्रेष्ठको सम्पादक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको पाइन्छ ।

### ३.६. संस्थापक व्यक्तित्व

कुनै धर्म समाज, राजनीति आदिको प्रचारप्रसार वा लोकहितका उद्देश्यले गठन गरिने सङ्गठन वा सङ्घलाई संस्था भनिन्छ भने कुनै पनि संस्था देवालय, विद्यालय, औषधालय, पुस्तकालय एवं सार्वजनिक महत्त्वका विषय र नयाँ काम, मत सम्प्रदाय आदिको उठान गर्ने वा प्रवर्तन गर्ने व्यक्तिलाई संस्थापक सदस्य भनिन्छ (पोखरेल र अरू, २०६०:१२०९) ।

शान्तिनारायण श्रेष्ठले नेपाली साहित्यलाई मलजल गर्ने क्रममा आँकुरो हस्तलिखित पत्रिकाको २०१८ सालमा संस्थापक प्रधान सम्पादक भए । त्यस्तै सगुन पत्रिकाको संस्थापक सम्पादक भएर काम गरेका छन् । त्यसैगरी गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा पर्वतको संस्थापक अध्यक्ष र सुकमयाँ बाल प्रतिभा पुरस्कार गुठी, कुश्मा पर्वतको पनि संस्थापक अध्यक्ष भई २०५६ सालदेखि काम गर्दै आइरहेका छन् । त्यसैगरी उनी हेल्पिङ हेन्डस्, पर्वत शाखाको संस्थापक उपाध्यक्षसमेत भएर काम गर्दै आएका छन् (हेर्नू : परिशिष्ट १) । यसरी शान्तिनारायण विविध सङ्घसंस्थाहरूमा संलग्न भई संस्थापकका रूपमा काम गरेका हुनाले उनको संस्थापक व्यक्तित्व पनि महत्त्वपूर्ण रहेको छ ।

### ३.७. हास्यव्यङ्ग्यकार व्यक्तित्व

शान्तिनारायण श्रेष्ठ हास्यव्यङ्ग्यकार व्यक्तित्व पनि हुन् । उनले २०२४ सालमा 'धन्यवाद' हास्यव्यङ्ग्यसङ्ग्रह लेखेका थिए । यसको पाण्डुलिपिमा १३ ओटा हास्यव्यङ्ग्य थिए तर पाल्पा बस्ने क्रममा डेरामा आगो लागी उक्त 'धन्यवाद' हास्यव्यङ्ग्यसङ्ग्रह जलेको थियो ।

### ३.८. राजनीतिक व्यक्तित्व

साढे तीन दशकदेखि राष्ट्र सेवामा सक्रिय रूपमा लागेका शान्तिनारायण श्रेष्ठ कुनै पनि राजनीतिक दलमा लागेको पाइँदैन । वर्तमान राजनीतिक होडबाजीप्रति उनको घोर विरोध छ । उनले समाजको विकास गर्न निष्ठाको राजनीति गर्नुपर्छ भन्ने गर्छन् । उनी कुनै पार्टीको सक्रिय व्यक्ति नभएपनि प्रजातन्त्रवादी राजनीतिक व्यक्ति भने हुन् । उनले अन्याय अत्याचारको

घोर विरोध गर्छन् । साहित्यिक कार्यक्रम उच्च पदस्थ राजनीतिक पार्टीका व्यक्तिद्वारा उद्घाटन गर्न रुचाउँदैनन् । साहित्यमा राजनीति हुन्छ तर त्यो शुद्धता र निष्ठाको हुन्छ भन्ने भनाइ उनमा भेटिन्छ । उनले समाजवादी र लोकतान्त्रिक पद्धति जस्तो राजनीतिक मान्यता मन पराउँछन् (हेर्नू : परिशिष्ट १) ।

### ३.९. समाजसेवी व्यक्तित्व

शान्तिनारायण श्रेष्ठ विभिन्न सामाजिक क्षेत्रसँग सम्बन्धित संस्थामा आबद्ध भएर पर्वत जिल्ला र कुश्माको सामाजिक परिवेशलाई माथि उठाउन महत्त्वपूर्ण भूमिका खेलेका छन् । समाजसेवा गर्न तन, मन, धन र वचनले अहोरात्र रूपमा शान्तिनारायण लागिरहन्छन् । उनले जहिले पनि समाजमा हुने विभिन्न किसिमका विकृति, विसङ्गति, कुरीति, भेदभाव, अन्धविश्वास, सामाजिक थिचोमिचोका विरुद्ध खुलेर बोल्ने गर्छन् अनि गरिबदुःखी र माग्नेलाई सहयोग गर्छन् (खरेल, २०६०:१९) ।

सामाजिक कार्यमा लाग्नु तथा पवित्र भावनाले सामाजिक सेवा गर्नु शान्तिनारायणको मुख्य ध्येय हो । २०१४ साल आश्विनदेखि हुलाक, पञ्चायत विकास केन्द्र, सहकारी, भूमिसुधार र जि.वि.स. आदि कार्यालयहरूको विभिन्न पदमा रही समाजको र राष्ट्रको उनले सेवा गरेको देखिन्छ । उनी व्यक्तिगत र संस्थागत रूपमा सामाजिक कार्यमा जुट्दै आएका छन् (हेर्नू : परिशिष्ट ४) । उनी नेपाल रेडक्रस सोसाइटी, गुप्तेश्वर धार्मिक ऐतिहासिक पर्यटकीय संस्था कुश्मा, रत्न श्रेष्ठ पुरस्कार गुठी बागलुङको आजीवन सदस्य, गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्माको संस्थापक अध्यक्ष, **जनमत** साहित्यिक मासिक काभ्रेको संरक्षक, नेवाः देयःदवूः को केन्द्रीय सदस्य, हेल्पिङ हेन्डस् नेपाल पर्वत शाखाको पूर्व अध्यक्ष, नेपाल कमर्सियल आर्टिस्ट सङ्घ, धौलागिरि, धौलागिरि वाङ्मय समाज, पर्वत उद्योग वाणिज्य सङ्घ आदिका सल्लाहकार, जिल्ला बाल कल्याण समिति पर्वत, नेवासी गुठी, कुश्मा, पर्वतमा सदस्य भई काम गर्दै आएका छन् । यिनै विविध सामाजिक सङ्घसंस्थामा संलग्न भएर शान्तिनारायणले आफ्नो समाजसेवी व्यक्तित्वको विकास गर्दै गएका छन् ।

शान्तिनारायण श्रेष्ठले आफ्नो साहित्यिक रचनाका माध्यमबाट समाजमा व्याप्त अन्धविश्वास, असमानता, भेदभाव, स्वार्थ, हिंसाजस्ता विकृति-विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् ।

पाउनमा भन्दा दिनमा मजा हुन्छ, सन्तुष्टि पनि हुन्छ भन्ने उनको तर्क समेत छ । यसर्थ उनी लामो जीवनयात्रा अनेकौँ घात प्रतिघात र आँधीबेहरी खपेर पनि बुलन्द उत्साह र अटल धैर्यका साथ समाज सेवामा समर्पित व्यक्तित्व हुन् । ग्रामीण परिवेशमा रहेर पनि साहित्यसाधनाका लागि जुन कर्मठता उनमा देखिएको छ, त्यो प्रशंसनीय छ (हेर्नू : परिशिष्ट ४) ।

यसरी शान्तिनारायण श्रेष्ठ पर्वत जिल्लाका बहुमुखी व्यक्तित्वका रूपमा सुपरिचित र प्रतिष्ठित छन् ।

## परिच्छेद - चार

# शान्तिनारायण श्रेष्ठका प्रकाशित रचनाको विवरण र उनको यात्रा

### ४.१. पृष्ठभूमि

साहित्यकार शान्तिनारायण श्रेष्ठ प्रारम्भिक शिक्षा अध्ययन गर्ने क्रमदेखि नेपाली साहित्य फाँटमा प्रवेश गरेको पाइन्छ । उनले पाठशालामा पढ्ने समयमै रचनाहरू लेख्ने र शुक्रबारीय कार्यक्रममा सुनाउने गर्थे । उनी २०१८ सालमा 'शुभेच्छा' शीर्षकको कविता लेखनबाट औपचारिक रूपमा साहित्यसिर्जनातर्फ उन्मुख भएको देखिन्छ ।

साहित्यकार श्रेष्ठले विशेष गरी साहित्यको कविताविधाभित्र पर्ने गीतिविधालाई मुख्य क्षेत्र बनाएका छन् । त्यसका अतिरिक्त अन्य विधामा समेत उनको कलम चलेको छ । उनको साढे पाँच दशक लामो साहित्ययात्राका क्रममा एउटा खण्डकाव्य, एउटा शोककाव्य, चारओटा गीतसङ्ग्रह, एउटा मुक्तक कवितासङ्ग्रह, दुईओटा गजलसङ्ग्रह, एउटा हाइकुसङ्ग्रह, एउटा ताङ्कासङ्ग्रह, एउटा संस्मरण नियात्रा र एउटा चोकासङ्ग्रह प्रकाशित भएका छन् भने थुप्रै फुटकर लेख, रचनाहरू विभिन्न स्वदेशी तथा विदेशी पत्रपत्रिका र पुस्तकसङ्ग्रहमा प्रकाशित भएका छन् । शान्तिनारायणका केही कृतिहरू प्रकाशोन्मुख पनि रहेका छन् ।

### ४.२ प्रकाशित कृतिहरूको विवरण

- **गुप्तेश्वर** (खण्डकाव्य - २०२७)
- **झङ्कार** (गीतसङ्ग्रह - २०५६)
- **स्पन्दन** (गीतसङ्ग्रह - २०५६)
- **विसङ्गति** (मुक्तकसङ्ग्रह - २०५६)
- **बैंसका सुसेलीहरू** (गीतसङ्ग्रह - २०५७)
- **बाडुल्की** (गीतसङ्ग्रह - २०५७)

- **अनुभूति** (गजलसङ्ग्रह - २०६०)
- **स्मृतिका लहरहरू** (शोककाव्य - २०६०)
- **अवतरण** (हाइकुसङ्ग्रह - २०६१)
- **अनावरण** (ताङ्कासङ्ग्रह - २०६२)
- **संस्मरण** (नियात्रा - २०६२)
- **अजम्मरी माया** (गजलसङ्ग्रह - २०६३)
- **अर्न्तध्वनि** (चोकासङ्ग्रह - २०६४)

## ४.३. अप्रकाशित कृतिहरूको विवरण

- 'कोशेली' (कवितासङ्ग्रह लेखन - २०२२)
- 'अल्भिएको स्मृति' (कवितासङ्ग्रह - २०२३)
- 'वादलिएको दिन' (कथासङ्ग्रह - २०२३)
- 'प्रणयको अवशेष' (उपन्यास - २०२४)
- 'खाटा बस्न नसकेका घाउहरू' (कवितासङ्ग्रह)
- 'धन्यवाद' (हास्यव्यङ्ग्य)
- 'एक मनन एक चिन्तन (कवितासङ्ग्रह)
- 'स्मरण' (कवितासङ्ग्रह)
- 'पुनर्मिलन' (उपन्यास)

लोकदोहोरी गीतका क्यासेटहरू

- आजै छ लगन - गायक - हरि कार्की

  गायिका - बिमा कुमारी दुरा र शर्मिला बर्देवा
- हिलेपानी गाउँमा खोलापारि पुग्यो माभ्की दाइ

  गायक - हरि कार्की

  गायिका - शर्मिला गुरुङ । आदि गीतहरू बजारमा आइसकेका छन् ।

## ४.४. प्रकाशित फुटकर लेखरचनाहरूको विवरण

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| १ | 'शुभेच्छा' | कविता | २०१८ | **आँकुरो** हस्तलिखित मासिक साहित्यसङ्ग्रह पृष्ठ १ | १:१ |
| २ | 'पर्वत देवी' | कविता | २०२० | आमा | ३:४ |
| ३ | 'ऊ ... को' | कविता | २०२१ | आमा | ३:८ |
| ४ | 'पसिनाको मूल्य' | कविता | २०२१ | कञ्चनगङ्गा | ४:२३ |
| ५ | 'राष्ट्रिय गीत' | गीत | २०२१ | पर्वत बुलेटिन | १:१२ |
| ६ | 'सुन्दरशान्त विशाल' | कविता | २०२१ | जिल्ला पञ्चायत कार्यालयको वार्षिक प्रतिवेदन | |
| ७ | 'आव्हान' | कविता | २०२२ | पर्वत बुलेटिन | २:३ |
| ८ | 'इन्दु | कविता | २०२२ | पर्वतमाला | १:१ |
| ९ | 'अल्झिएको स्मृति' | कविता | २०२२ | साहित्यधारा | १:१ |
| १० | 'नच्याओ' | कविता | २०२२ | सरोज | १:१ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| ११ | 'हाम्रो आदर्श | कविता | २०२२ | पर्वत | २:५ |
| १२ | 'गरे के नहोला' | कविता | २०२२ | पर्वत मासिक बुलेटिन पृष्ठ ८ | १:३ |
| १३ | 'बिदाइमा' | कविता | २०२३ | पालुवा ६ महिने पत्रिका पृष्ठ १८ | १:१ |
| १४ | 'अघि बढौं' | कविता | २०२३ | बालक मासिक पेज १२ | २:५ |
| १५ | 'संस्कृति' | आलेख | २०२३ | गोरखापत्र | माघ : ३ |
| १६ | 'दुईटुक्रा' | कविता | २०२३ | पर्वतमाला | १:२ |
| १७ | 'जूनभन्दा पनि' | गीत | २०२४ | गोरखापत्र | भाद्र : १७ |
| १८ | 'व्यर्थै किन ?' | मुक्तक | २०२४ | नयाँसंसार | ५:२ |
| १९ | 'सायद' | कविता | २०२४ | युवक | ४:९ |
| २० | 'ठूलो बन्नलाई' | कविता | २०२४ | बालक | ३:८ |
| २१ | 'एक गीत' | गीत | २०२४ | गण्डकी | ४:१२ |
| २२ | 'अघि बढ' | गीत | २०२४ | बालक मासिक पेज १२ | |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| २३ | 'यस्तो पनि के जीवन' | कविता | २०२५ | धौलागिरी | ४:८ |
| २४ | 'कठै बरी' | कविता | | धौलागिरी | ४:९ |
| २५ | 'भूमिसुधार | गीत | २०२६ | गण्डकी | |
| २६ | 'श्रद्धाञ्जली' | कविता | २०२६ | धौलागिरी | ४:२४ |
| २७ | 'गाउँ फर्क' | कविता | २०२६ | धौलागिरी | ४:२! |
| २८ | 'चार मुक्तक | मुक्तक | २०२६ | धौलागिरी | ४:२३ |
| २९ | 'विदाइ' | कविता | २०५० | काव्य त्रिवेणी | १:१ |
| ३० | 'मेरो नेपाल' | कविता | २०५२ | कविता ३ महिने | भदौ : ५३ |
| ३१ | 'हाम्रो लक्ष्य' | कविता | २०५२ | धौलाश्री | २५:१७ |
| ३२ | 'दुई मुक्तक' | मुक्तक | २०५२ | धौलाश्री | २५:१८ |
| ३३ | 'इच्छा' | कविता | २०५२ | धौलाश्री | २५:१९ |
| ३४ | 'मुटु मेरो | कविता | २०५२ | धौलाश्री | २५:२४ |
| ३५ | 'मूल फुटछ' | कविता | २०५३ | धौलाश्री | २५:३७ |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| ३६ | ‘मेरो पर्वत’ | कविता | २०५३ | धौलाश्री | २५:३९ |
| ३७ | ‘गीत’ | गीत | २०५३ | धौलाश्री | २५:४२ |
| ३८ | ‘लोकगीत’ | गीत | २०५३ | धौलाश्री | २६:३ |
| ३९ | ‘गीति कविता’ | गीत | २०५४ | कविता ३ महिने | पुष : ६२ |
| ४० | ‘तीन कविता’ | कविता | २०५४ | सगुन | १:१ |
| ४१ | ‘आजको खवर’ | कविता | २०५४ | कालिको सुसेली | १:१ |
| ४२ | ‘राजनीति’ | मुक्तक | २०५४ | युवामञ्च | ९:११ |
| ४३ | ‘स्कुल’ | मुक्तक | २०५४ | युवामञ्च | १०:१ |
| ४४ | ‘नेवारीमा’ | कविता | २०५५ | लुध्वाँखा | ६:४ |
| ४५ | ‘नेवारीमा’ | कविता | २०५५ | लुध्वाँखा | ६:५ |
| ४६ | ‘नेवा भाषामा’ | कविता | २०५५ | कविता ३ महिने | मंसिर : ६६ |
| ४७ | ‘आऊ बाँच्न र हाँस्न सिकौँ’ | कविता | २०५५ | धौलागिरीका कवि र कविता | भाद्र |
| ४८ | ‘दुई टुक्रा’ | कविता | २०५५ | धौलागिरीका कवि र कविता | भाद्र |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| ४९ | 'दुई कविता' | कविता | २०५५ | लुध्वाँखा मासिक | ६:७३ |
| ५० | 'तीन मुक्तक' | मुक्तक | २०५५ | सगुन | १:१ |
| ५१ | 'केहि मुक्तक | मुक्तक | २०५५ | सगुन | १:२ |
| ५२ | 'होशियार' | लघुकथा | २०५५ | सगुन | १:३ |
| ५३ | 'ट्याक्सी' | कविता | २०५५ | सगुन | १:४ |
| ५४ | 'तावेदारी' | कथा | २०५५ | सगुन | १:४ |
| ५५ | 'चाहिंदो रहेछ' | कविता नेवारी | २०५५ | धौलाश्री | २८:१७ |
| ५६ | 'रमाइलो' | गीत | २०५६ | पर्वत स्मारिका | |
| ५७ | 'धनको साथै' | कविता | २०५६ | पर्वतमाला | ३:३ |
| ५८ | 'विश्वासको बाँध' | गीत | २०५६ | धवला | १:१ |
| ५९ | 'नेवा मे' | गीत | २०५६ | लुध्वाँखा | ६:६९ |
| ६० | 'एक गीत' | गीत | २०५६ | धवला वार्षिक | |
| ६१ | 'एक गजल' | गजल | २०५६ | साप्ताहिक विमर्श | २८:४६ |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| ६२ | 'नेवारीमा' | कविता | २०५६ | लुध्वाँखा | ६:१० |
| ६३ | 'मनोवृत्ति' | कथा | २०५६ | सगुन | २:५ |
| ६४ | 'सेती' | कथा | २०५६ | सगुन | २:६ |
| ६५ | 'पर्वत जिल्ला' | कविता | २०५६ | पर्वत स्मारिका | १:१ |
| ६६ | 'विश्वासको बाँध' | गीत | २०५६ | धवला वार्षिक मुखपत्र | १:१ |
| ६७ | 'मेरी मायालाई आँशुले तर्पण' | कविता | २०५७ | पर्वत सन्देश | १:१ |
| ६८ | 'श्रद्धा सुमन' | कविता | २०५७ | पर्वत सन्देश | १:२ |
| ६९ | 'राष्ट्र सेवक' | मुक्तक | २०५७ | युवामञ्च | १३:१० |
| ७० | 'तिम्रो लागि' | कविता | २०५७ | कविता ३ महिने | माघ : ७३ |
| ७१ | 'कस्को लागि' | गीत | २०५७ | काँडा बीचको फूल | १:१ |
| ७२ | 'गजल' | गजल | २०५७ | गोरेटो मासिक | १:१ |
| ७३ | 'एक मुक्तक' | मुक्तक | २०५७ | पहाडी गोरेटो | १:१ |
| ७४ | 'जीवन' | गीत | २०५७ | सगुन | ६:७ |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| ७५ | 'वल्ल पो तिम्रो महत्व थाहा भयो' | कविता | २०५७ | पर्वत सन्देश साप्ताहिक | १:३ |
| ७६ | 'सम्झन्छु झल्झली' | कविता | २०५७ | पर्वत सन्देश साप्ताहिक | १:४ |
| ७७ | 'किन पराई भयौ ?' | कविताकाव्य | २०५७/६/९ | पर्वत सन्देश साप्ताहिक | १:६ |
| ७८ | 'गइन् माया चटक्कै छाडेर | कविताकाव्य | २०५७/६/१६ | पर्वत सन्देश साप्ताहिक | १:७ |
| ७९ | 'झझल्को अझै लाग्दैछ' | कविताकाव्य | २०५७/६/३० | पर्वत सन्देश साप्ताहिक | १:८ |
| ८० | 'फेरि भेट अब...' | कविताकाव्य | २०५७/७/७ | पर्वत सन्देश साप्ताहिक | १:९ |
| ८१ | 'बिर्सूं म कसरी' | कविताकाव्य | २०५७/७/२१ | पर्वत सन्देश साप्ताहिक | १:१० |
| ८२ | 'असामाजिक कस्को' | कविताकाव्य | २०५७/७/२& | पर्वत सन्देश साप्ताहिक | १:५ |
| ८३ | 'बिरानु भयौनी' | कविताकाव्य | २०५७/७/२८ | पर्वत सन्देश साप्ताहिक | १:११ |
| ८४ | 'स्नेह दीप जलाई' | कविताकाव्य | २०५७/८/५ | पर्वत सन्देश साप्ताहिक | १:१२ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| ८५ | ‘चाहान्थ्यो मन’ | कविताकाव्य | २०५७/८/१२ | पर्वत सन्देश साप्ताहिक | १:१३ |
| ८६ | ‘चलचित्र सी’ | कविताकाव्य | २०५७/८/१९ | पर्वत सन्देश साप्ताहिक | १:१४ |
| ८७ | ‘वियोगको पीडा’ | कविताकाव्य | २०५७/८/२६ | पर्वत सन्देश साप्ताहिक | १:१५ |
| ८८ | ‘सम्झना कहिल्यै नमर्ने रहेछ’ | कविताकाव्य | २०५७/९/३ | पर्वत सन्देश साप्ताहिक | १:१६ |
| ८९ | ‘तिर्सना’ | कविताकाव्य | २०५७/९/१० | पर्वत सन्देश साप्ताहिक | १:१७ |
| ९० | ‘उपचारको क्रम संभिँदा’ | कविताकाव्य | २०५७/९/१७ | पर्वत सन्देश साप्ताहिक | १:१८ |
| ९१ | ‘उपचारको क्रम संभिँदा’ | कविताकाव्य | २०५९/९/२४ | पर्वत सन्देश साप्ताहिक | १:१९ |
| ९२ | ‘उपचारको क्रम संभिँदा’ | कविताकाव्य | २०५७/१०/२ | पर्वत सन्देश साप्ताहिक | १:२० |
| ९३ | ‘उपचारको क्रम संभिँदा’ | कविताकाव्य | २०५७/१०/९ | पर्वत सन्देश साप्ताहिक | १:२१ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| ९४ | 'कम्ती मन रोएन' | कविताकाव्य | २०५७/१०/२३ | पर्वत सन्देश साप्ताहिक | १:२३ |
| ९५ | 'हामीलाई छोडी गयौ नि तिमी' | कविताकाव्य | २०५७/११/१ | पर्वत सन्देश साप्ताहिक | १:२४ |
| ९६ | 'संस्मरण' | कविताकाव्य | २०५७/११/८ | पर्वत सन्देश साप्ताहिक | १:२५ |
| ९७ | 'संस्मरण' | कविताकाव्य | २०५७/११/१५ | पर्वत सन्देश साप्ताहिक | १:२६ |
| ९८ | 'संस्मरण' | कविताकाव्य | २०५७/११/२२ | पर्वत सन्देश साप्ताहिक | १:२७ |
| ९९ | 'संस्मरण' | कविताकाव्य | २०५७/१२/६ | पर्वत सन्देश साप्ताहिक | १:२९ |
| १०० | 'संस्मरण' | कविताकाव्य | २०५७/१२/१३ | पर्वत सन्देश साप्ताहिक | १:३० |
| १०१ | 'संस्मरण' | कविताकाव्य | २०५७/१२/२० | पर्वत सन्देश साप्ताहिक | १:३१ |
| १०२ | 'संस्मरण' | कविताकाव्य | २०५७/१२/२६ | पर्वत सन्देश साप्ताहिक | १:३२ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| १०३ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/१/३ | पर्वत सन्देश साप्ताहिक | १:३३ |
| १०४ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/१/१० | पर्वत सन्देश साप्ताहिक | १:३४ |
| १०५ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/१/१७ | पर्वत सन्देश साप्ताहिक | १:३५ |
| १०६ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/१/२४ | पर्वत सन्देश साप्ताहिक | १:३६ |
| १०७ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/२/१ | पर्वत सन्देश साप्ताहिक | १:३७ |
| १०८ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/२/८ | पर्वत सन्देश साप्ताहिक | १:३८ |
| १०९ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/२/१५ | पर्वत सन्देश साप्ताहिक | १:३९ |
| ११० | ‘संस्मरण’ | कविताकाव्य | २०५८/२/२२ | पर्वत सन्देश साप्ताहिक | १:४० |
| १११ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/२/२९ | पर्वत सन्देश साप्ताहिक | १:४१ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| ११२ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/३/४ | पर्वत सन्देश साप्ताहिक | १:४२ |
| ११३ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/३/११ | पर्वत सन्देश साप्ताहिक | १:४३ |
| ११४ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/३/१८ | पर्वत सन्देश साप्ताहिक | १:४४ |
| ११५ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/३/२५ | पर्वत सन्देश साप्ताहिक | १:४५ |
| ११६ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/४/१ | पर्वत सन्देश साप्ताहिक | १:४६ |
| ११७ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/४/८ | पर्वत सन्देश साप्ताहिक | १:४७ |
| ११८ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/४/१५ | पर्वत सन्देश साप्ताहिक | १:४८ |
| ११९ | ‘संस्मरण’ | कविताकाव्य | २०५८/४/२२ | पर्वत सन्देश साप्ताहिक | १:४९ |
| १२० | ‘संस्मरण’ | कविताकाव्य | २०५८/४/२९ | पर्वत सन्देश साप्ताहिक | १:५० |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| १२१ | 'संस्मरण' | कविताकाव्य | २०५८/५/४ | पर्वत सन्देश साप्ताहिक | २:१ |
| १२२ | 'संस्मरण' | कविताकाव्य | २०५८/५/११ | पर्वत सन्देश साप्ताहिक | २:२ |
| १२३ | 'संस्मरण' | कविताकाव्य | २०५८/५/१८ | पर्वत सन्देश साप्ताहिक | २:३ |
| १२४ | 'संस्मरण' | कविताकाव्य | २०५८/५/२५ | पर्वत सन्देश साप्ताहिक | २:४ |
| १२५ | 'संस्मरण' | कविताकाव्य | २०५८/६/१ | पर्वत सन्देश साप्ताहिक | २:५ |
| १२६ | 'संस्मरण' | कविताकाव्य | २०५८/६/८ | पर्वत सन्देश साप्ताहिक | २:६ |
| १२७ | 'संस्मरण' | कविताकाव्य | २०५८/६/१५ | पर्वत सन्देश साप्ताहिक | २:७ |
| १२८ | 'संस्मरण' | कविताकाव्य | २०५८/६/२२ | पर्वत सन्देश साप्ताहिक | २:८ |
| १२९ | 'संस्मरण' | कविताकाव्य | २०५८/६/२९ | पर्वत सन्देश साप्ताहिक | २:९ |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| १३० | 'संस्मरण' | कविताकाव्य | २०५८/७/६ | पर्वत सन्देश साप्ताहिक | २:१० |
| १३१ | 'संस्मरण' | कविताकाव्य | २०५८/७/२० | पर्वत सन्देश साप्ताहिक | २:११ |
| १३२ | 'संस्मरण' | कविताकाव्य | २०५८/७/२७ | पर्वत सन्देश साप्ताहिक | २:१२ |
| १३३ | 'संस्मरण' | कविताकाव्य | २०५८/८/११ | पर्वत सन्देश साप्ताहिक | २:१३ |
| १३४ | 'संस्मरण' | कविताकाव्य | २०५८/८/१८ | पर्वत सन्देश साप्ताहिक | २:१४ |
| १३५ | 'संस्मरण' | कविताकाव्य | २०५८/८/२५ | पर्वत सन्देश साप्ताहिक | २:१५ |
| १३६ | 'संस्मरण' | कविताकाव्य | २०५८/९/२ | पर्वत सन्देश साप्ताहिक | २:१६ |
| १३७ | 'संस्मरण' | कविताकाव्य | २०५८/९/९ | पर्वत सन्देश साप्ताहिक | २:१७ |
| १३८ | 'संस्मरण' | कविताकाव्य | २०५८/९/२३ | पर्वत सन्देश साप्ताहिक | २:१८ |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| १३९ | 'संस्मरण' | कविताकाव्य | २०५८/१०/१ | पर्वत सन्देश साप्ताहिक | २:१९ |
| १४० | 'संस्मरण' | कविताकाव्य | २०५८/१०/८ | पर्वत सन्देश साप्ताहिक | २:२० |
| १४१ | 'संस्मरण' | कविताकाव्य | २०५८/१०/१५ | पर्वत सन्देश साप्ताहिक | २:२१ |
| १४२ | 'शुभकामना' | कविता | २०५८/४/११ | निष्पक्ष अभिमत साप्ताहिक | १:१ |
| १४३ | 'गजल' | गजल | २०५८/४/१ | निष्पक्ष अभिमत साप्ताहिक | १:२ |
| १४४ | 'गजल' | गजल | २०५८/४/३२ | निष्पक्ष अभिमत साप्ताहिक | १:३ |
| १४५ | 'गजल' | गजल | २०५८/५/७ | निष्पक्ष अभिमत साप्ताहिक | १:४ |
| १४६ | 'गजल' | गजल | २०५८/५/१४ | निष्पक्ष अभिमत साप्ताहिक | १:५ |
| १४७ | 'गजल' | गजल | २०५८/५/२१ | निष्पक्ष अभिमत साप्ताहिक | १:६ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| १४८ | 'गजल' | गजल | २०५८/५/२८ | निष्पक्ष अभिमत साप्ताहिक | १:७ |
| १४९ | 'गजल' | गजल | २०५८/६/४ | निष्पक्ष अभिमत साप्ताहिक | १:८ |
| १५० | 'गजल' | गजल | २०५८/६/११ | निष्पक्ष अभिमत साप्ताहिक | १:९ |
| १५१ | 'गजल' | गजल | २०५८/६/१८ | निष्पक्ष अभिमत साप्ताहिक | १:१० |
| १५२ | 'गजल' | गजल | २०५८/६/२५ | निष्पक्ष अभिमत साप्ताहिक | १:११ |
| १५३ | 'गजल' | गजल | २०५८/७/२ | निष्पक्ष अभिमत साप्ताहिक | १:१२ |
| १५४ | 'गजल' | गजल | २०५८/७/२३ | निष्पक्ष अभिमत साप्ताहिक | १:१३ |
| १५५ | 'गजल' | गजल | २०५८/८/७ | निष्पक्ष अभिमत साप्ताहिक | १:१४ |
| १५६ | 'गजल' | गजल | २०५८/८/१४ | निष्पक्ष अभिमत साप्ताहिक | १:१५ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| १५७ | 'गजल' | गजल | २०५८/८/२१ | निष्पक्ष अभिमत साप्ताहिक | १:१६ |
| १५८ | 'गजल' | गजल | २०५८/८/२४ | निष्पक्ष अभिमत साप्ताहिक | १:१७ |
| १५९ | 'गजल' | गजल | २०५८/८/२८ | निष्पक्ष अभिमत साप्ताहिक | १:१८ |
| १६० | 'गजल' | गजल | २०५८/९/५ | निष्पक्ष अभिमत साप्ताहिक | १:१९ |
| १६१ | 'गजल' | गजल | २०५८/९/१२ | निष्पक्ष अभिमत साप्ताहिक | १:२० |
| १६२ | 'गजल' | गजल | २०५८/९/१९ | निष्पक्ष अभिमत साप्ताहिक | १:२१ |
| १६३ | 'गजल' | गजल | २०५८/९/२६ | निष्पक्ष अभिमत साप्ताहिक | १:२२ |
| १६४ | 'गजल' | गजल | २०५८/१०/४ | निष्पक्ष अभिमत साप्ताहिक | १:२३ |
| १६५ | 'गजल' | गजल | २०५८/१०/११ | निष्पक्ष अभिमत साप्ताहिक | १:२४ |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| १६६ | 'गजल' | गजल | २०५८/१०/१८ | निष्पक्ष अभिमत साप्ताहिक | १:२५ |
| १६७ | 'गजल' | गजल | २०५८/१०/२५ | निष्पक्ष अभिमत साप्ताहिक | १:२६ |
| १६८ | 'गजल' | गजल | २०५८/११/२ | निष्पक्ष अभिमत साप्ताहिक | १:२७ |
| १६९ | 'गजल' | गजल | २०५८/११/९ | निष्पक्ष अभिमत साप्ताहिक | १:२८ |
| १७० | 'गजल' | गजल | २०५८/११/१६ | निष्पक्ष अभिमत साप्ताहिक | १:२९ |
| १७१ | 'गजल' | गजल | २०५८/१२/१ | निष्पक्ष अभिमत साप्ताहिक | १:३१ |
| १७२ | 'अस्ति सानै देख्थे' | कविता | २०५८/१२/८ | निष्पक्ष अभिमत साप्ताहिक | १:३२ |
| १७३ | 'मेरो गल्ती के थियो' | कविता | २०५८/१२/१५ | निष्पक्ष अभिमत साप्ताहिक | १:३३ |
| १७४ | 'लेकमा हुँदा जाडो थियो' | कविता | २०५८/११/२९ | निष्पक्ष अभिमत साप्ताहिक | १:३५ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| १७५ | 'तिमीलाई सम्झी सम्झी' | कविता | २०५८/१/१७ | नेवाःपत्र | १:१२ |
| १७६ | 'भ्याटको ठेक्का' | कविता | २०५८ | पर्वत गुञ्जन | १:१ |
| १७७ | 'सन्त्रास' | कविता | २०५८ | सगुन | ४:८ |
| १७८ | 'पुस्तकालय' | कविता | २०५८ | सगुन | ४:९ |
| १७९ | 'तिम्रो याद' | कविता | २०५८ | साहित्य क्षितिज | १:३ |
| १८० | 'जस्तो खुल्छ' | कविता | २०५८ | म्याग्दी संसार | १:२२ |
| १८१ | 'भ्रष्ट मालिक' | कथा | २०५८ | पहाडी गोरेटो | २:१४ |
| १८२ | 'भावना' | कविता | २०५८ | गोरेटो मासिक | १:६/७ |
| १८३ | 'एक गीत' | गीत | २०५८ | कालीको सुसेली | ४:८ |
| १८४ | 'सन्त्रासको जिन्दगी' | कविता | २०५८ | कालीको सुसेली | ४:८ |
| १८५ | 'सिंहावलोकन' | लेख | २०५८ | पर्वतमाला | |
| १८६ | 'दुई मुक्तक' | मुक्तक | २०५८ | मञ्जुसा | ३:३ |
| १८७ | 'गजल' | गजल | २०५८ | साहित्य क्षितिज | १:३ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| १८८ | 'गजल' | गजल | २०५८ | पर्वत गुञ्जन | २:२ |
| १८९ | 'शुभेच्छा' | कविता | २०५८ | पर्वतमाला | |
| १९० | 'मुक्तक' | मुक्तक | २०५८ | भावना कलम | १:१ |
| १९१ | 'सोचाई' | कविता | २०५८ | सगर | ७:२३ |
| १९२ | दिर्घायू कामना | कविता | २०५८ | हेल्पिङ हेण्डस | |
| १९३ | 'दुई गजल' | गजल | २०५८ | धौलागिरी स्पन्दन | १:१ |
| १९४ | 'कति सम्झिराखूँ' | गीत | २०५९ | साहस | १:१ |
| १९५ | 'केही मुक्तकहरू' | मुक्तक | २०५९ | साहित्य क्षितिज | २:७ |
| १९६ | 'बालक लोकगीत' | गीत | २०५९/१/१५ | मोदीकाली साप्ताहिक | २:२५ |
| १९७ | 'संस्मरण' | कविता | २०५९/३/६ | निष्पक्ष अभिमत साप्ताहिक | १:४१ |
| १९८ | 'गजल' | गजल | २०५९/३/१३ | निष्पक्ष अभिमत साप्ताहिक | १:४२ |
| १९९ | 'संस्मरण' | संस्मरण | २०५९/३/१६ | मोदीकाली साप्ताहिक | २:३४ |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| २०० | 'गजल' | गजल | २०५९/४/९ | निष्पक्ष अभिमत साप्ताहिक | २:४६ |
| २०१ | 'पर्वतदेखि राजस्थानसम्म' | संस्मरण | २०५९/६/१ | मोदीकाली साप्ताहिक | २:४४ |
| २०२ | 'पर्वतदेखि राजस्थानसम्म' | संस्मरण | २०५९/६/८ | मोदीकाली साप्ताहिक | २:४५ |
| २०३ | 'पर्वतदेखि राजस्थानसम्म' | संस्मरण | २०५९/७/५ | मोदीकाली साप्ताहिक | २:४७ |
| २०४ | 'पर्वतदेखि राजस्थानसम्म' | संस्मरण | २०५९/७/१२ | मोदीकाली साप्ताहिक | ३ |
| २०५ | 'गजल' | गजल | २०५९ | निष्पक्ष अभिमत साप्ताहिक | १:२२ |
| २०६ | 'पर्वतदेखि राजस्थानसम्म' | भ्रमण संस्मरण | २०५९ | अभिमत साप्ताहिक | १:२२ |
| २०७ | 'मेरो गल्ती के थियो र' | गजल | २०५९ | पर्वत गुञ्जन | २ |
| २०८ | 'पर्वतदेखि राजस्थानसम्म' | संस्मरण | २०५९./९/२३ | मोदीकाली साप्ताहिक | ३:८ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| २०९ | 'विगतका आमोद प्रमोद' | कविता | २०५९ | निष्पक्ष अभिमत साप्ताहिक | १:३६ |
| २१० | 'चेत पनि खुल्दो रहेछ' | गजल | २०६०/२/६ | निष्पक्ष अभिमत साप्ताहिक | २:३६ |
| २११ | 'संस्मरण' | कविता | २०६०/२/१३ | मोदीकाली साप्ताहिक | ३:२३ |
| २१२ | 'संस्मरण' | कविता | २०६०/२/२० | मोदीकाली साप्ताहिक | ३:२४ |
| २१३ | 'अन्तरवार्ता' | अन्तर्वार्ता | २०६० | धवलाप्रभात मासिक | २:५ |
| २१४ | 'संस्मरण' | कविता | २०६०/३/३ | मोदीकाली साप्ताहिक | ३:२६ |
| २१५ | 'संस्मरण' | कविता | २०६०/३/१० | मोदीकाली साप्ताहिक | ३:२७ |
| २१६ | 'नानी तिम्रो' | गीत | २०६० | हिमालय टायम्स | ८:१९७ |
| २१७ | 'पुस्तकालय' | कविता | २०६० | मोती | १:१ |
| २१८ | 'केही मुक्तकहरू' | मुक्तक | २०६० | नव प्रतिभा | ४:४ |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| २१९ | ‘लघुकथा’ | कथा | २०६० | सुनाखरी | १:१ |
| २२० | ‘शुभकामना’ | लेख | २०६० | सुनाखरी | १:१ |
| २२१ | ‘शुभकामना’ | लेख | २०६० | धौलागिरी समर्पण | १:१ |
| २२२ | ‘व्यथा’ | कविता | २०६० | सगुन | ६:१० |
| २२३ | ‘शुभकामना’ | कविता | २०६१ | मधुपर्क | ३६:१२ |
| २२४ | ‘गजल’ | गजल | २०६१ | समिश्रण | १:४ |
| २२५ | ‘अन्तर्वार्ता’ | लेख | २०६१ | नव सृजना | १:२ |
| २२६ | ‘लघुकथा’ | कथा | २०६१ | मानसी | २:२ |
| २२७ | ‘शुभकामना’ | कविता | २०६१ | ऋतुरङ्ग | १:१ |
| २२८ | ‘गजल’ | गजल | २०६१ | ऋतुरङ्ग | १:३ |
| २२९ | ‘काँडाबीच’ | गजल | २०६१ | काँडा बीचको फूल | १:३ |
| २३० | ‘शुभेच्छा’ | कविता | २०६१ | नव सौगात (रजत अङ्क) | |
| २३१ | ‘गीत’ | गीत | २०६२ | मधुपर्क | ३८:८ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| २३२ | 'केही ताङ्का' | ताङ्का | २०६२ | सगुन | ८:११ |
| २३३ | 'मनमन्दिरभित्र' | गीत | २०६२ | रजस्थल | ९:२४ |
| २३४ | 'गजल' | गजल | २०६२ | दीब्य मुहार | १:२ |
| २३५ | 'चार ताङ्का' | ताङ्का | २०६२ | मञ्जुल | १:१ |
| २३६ | 'सात ताङ्का' | ताङ्का | २०६२ | संगम | ५:२ |
| २३७ | 'केही ताङ्का' | ताङ्का | २०६२ | दीपिन | १:१ |
| २३८ | 'गजल' | गजल | २०६२ | ऋतुरङ्ग | १:६ |
| २३९ | 'गजल' | गजल | २०६२ | गजलमञ्च | १:१ |
| २४० | 'चार ताङ्का' | ताङ्का | २०६२ | समर्पण | २:४ |
| २४१ | 'केही ताङ्का' | ताङ्का | २०६२ | समर्पण | २:५ |
| २४२ | 'केही ताङ्का' | ताङ्का | २०६२ | ऋतुरङ्ग | २:८ |
| २४३ | 'केही ताङ्का' | ताङ्का | २०६२ | गोधुली | १:१ |
| २४४ | 'राष्ट्रिय गीत' | गीत | २०६२ | गंगा | १:१ |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| २४५ | 'गजल' | गजल | २०६२ | जनमत | २२:४ |
| २४६ | 'हामी डुल्ने' | गजल | २०६२ | नव समिक्षा | १:८ |
| २४७ | 'शान्तिसँग' | गीत | २०६२ | पर्वतमाला | ४:४ |
| २४८ | 'केही हाइकु' | हाइकु | २०६२ | हाम्रो मझेरी | ६:४ |
| २४९ | 'गजल' | गजल | २०६२ | धौलागिरी समर्पण | २:१ |
| २५० | 'गजल' | गजल | २०६२ | प्याँस | १:४ |
| २५१ | 'गजल' | गजल | २०६२ | नवरस | १:१ |
| २५२ | 'गीत' | गीत | २०६२ | नव समिक्षा (दसैं विशेष) | |
| २५३ | 'केही हाइकु' | हाइकु | २०६२ | बागलुङ दर्पण | १:१ |
| २५४ | 'गजल' | गजल | २०६२ | नव माधुरी | १:१ |
| २५५ | 'केही ताङ्का' | ताङ्का | २०६२ | नव समिक्ष | १:८ |
| २५६ | 'गजल' | गजल | २०६२ | हाम्रो मझेरी | ७:३ |
| २५७ | 'छ लाइने कविता' | कविता | २०६२ | कौशीकी कविता पात्रो | ६:६ |

| क्र.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| २५८ | 'मानसम्मान' | गजल | २०६३ | युवामञ्च | १९:५ |
| २५९ | 'आफ्नै गाउँ' | गजल | २०६३ | मधुपर्क | ३९:१० |
| २६० | 'गजल' | गजल | २०६३ | प्रभात सृजना | २:३ |
| २६१ | 'गजल' | गजल | २०६३ | गण्डकीका छालहरू | ३:७/८ |
| २६२ | 'केही हाइकु' | हाइकु | २०६३ | अक्षमाला | २:६ |
| २६३ | 'गजल' | गजल | २०६३ | आदर्श समाज | ११:२३५ |
| २६४ | 'गजल' | गजल | २०६३ | पोखरा एक्सप्रेस | ९:१६ |
| २६५ | 'गजल' | गजल | २०६३ | पोखरा एक्सप्रेस | ९:१७ |
| २६६ | 'गजल' | गजल | २०६३ | पोखरा एक्सप्रेस | ९:१८ |
| २६७ | 'हाइकुबारे आलेख' | आलेख | २०६३ | पोखरा एक्सप्रेस | ९:१९ |
| २६८ | 'गजल' | गजल | २०६३ | समाधान | ५:२७ |
| २६९ | 'चार मुक्तक' | मुक्तक | २०६३ | पर्वतमाला | ६:६ |
| २७० | 'गजल' | गजल | २०६३ | हाम्रो मझेरी | ७:५ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| २७१ | 'गजल' | गजल | २०६३ | पुष्पाञ्जली | ४:१५ |
| २७२ | 'गजल' | गजल | २०६३ | प्याँस | २:२ |
| २७३ | 'गजल' | गजल | २०६३ | हाम्रो मझेरी | ७:४० |
| २७४ | 'गजल' | गजल | २०६३ | पदचिन्ह | १:१ |
| २७५ | 'चार मुक्तक' | मुक्तक | २०६३ | मालिका | १०:१० |
| २७६ | 'राष्ट्रिय गीत' | गीत | २०६४ | साहस | १:४ |
| २७७ | 'हाइकु ' | हाइकु | २०६४ | शुभकामना | १:१ |
| २७८ | 'दुई कविता' | कविता | २०६४ | जनमत (कविता खण्ड) | १ |
| २७९ | 'गजल' | गजल | २०६४ | गजलयात्रा | ३:३ |
| २८० | 'गजल' | गजल | २०६४ | पोखरा एक्सप्रेस | १०:१ |
| २८१ | 'गजल' | गजल | २०६४ | पोखरा एक्सप्रेस | १०:२ |
| २८२ | 'गजल' | गजल | २०६४ | पोखरा एक्सप्रेस | १०:३ |
| २८३ | 'गजल' | गजल | २०६४ | पोखरा एक्सप्रेस | १०:४ |

| क.सं. | शीर्षक | विधा | प्रकाशित साल | प्रकाशन स्रोत | वर्ष : अङ्क |
|---|---|---|---|---|---|
| २८४ | 'गजल' | गजल | २०६४ | नव आलोक | ४:२ |
| २८५ | 'मनको घाउ' | गजल | २०६४ | पूर्वाअञ्चल दर्पण | ४:३ |

## ४.५. शान्तिनारायण श्रेष्ठको साहित्ययात्रा र चरणविभाजन

२०१८ सालमा **आँकुरो** हस्तलिखित पत्रिकामार्फत 'शुभेच्छा' शीर्षकको कविता लिएर नेपाली साहित्यको उर्वर फाँटमा प्रवेश गरेका शान्तिनारायण श्रेष्ठले साढे पाँच दशक लामो साहित्ययात्रा पार गरिसकेका छन् । उनी साहित्यसाधनामा निरन्तर रूपमा क्रियाशील रहेका छन् । उनले साहित्यक्षेत्रमा जे-जति समय दिए, जुन-जुन समयमा उनले साहित्यसिर्जना गरे, उनका हरेक साहित्यिक कृतिहरू लेखरचनाहरूमा समयअनुसार नयाँनयाँ प्रवृत्तिगत मोडहरू उनको साहित्ययात्रामा सिर्जना भएको पाइन्छ ।

शान्तिनारायण श्रेष्ठको साहित्यिकयात्रालाई हेर्दा उनका २०१८ सालदेखि रचनाहरू प्रकाशन भएको देखिन्छ । उनको पहिलो रचना 'शुभेच्छा' कविता हो । उक्त कवितादेखि लिएर आजसम्मका प्रकाशित लेखरचनाहरूलाई हेर्दा उनले गीत, कविता, गजल, खण्डकाव्य, शोककाव्य, लेख, यात्रा संस्मरण, मुक्तक, हाइकु, ताङ्का, चोका आदि क्षेत्रमा कलम चलाएका छन् । यसका अतिरिक्त स्वदेशी तथा विदेशी पत्रपत्रिकाहरूमा लेखरचनाहरू प्रकाशित हुनुका साथै लोकदोहोरी गीति क्यासेटहरू समेत बजारमा प्रकाशनको रूपमा आइसकेका छन् । उनका साहित्यिक सृजनाका क्रममा देखापरेका कृति, शैली र प्रवृत्तिका आधारमा साहित्यिक यात्राको चरणविभाजन गरी अध्ययन गर्न सकिन्छ । साहित्यिक क्षेत्रमा प्रवेश, साहित्यिक गतिविधिमा संलग्नता, सिर्जित रचनाहरूका प्रवृत्ति, गुणस्तर एवं शैलीशिल्पका क्रममा देखापरेका प्रवृत्तिगत भिन्नताका आधारमा उनको साहित्ययात्रालाई निम्नलिखित दुई चरणमा विभाजन गर्न सकिन्छ :

प्रथम चरण (२०१८ - २०४८)

दोस्रो चरण (२०४९ - हालसम्म)

### ४.५.१ **प्रथम चरण** (२०१८ – २०४८)

२०१८ सालदेखि २०४८ सालसम्मको समयावधि शान्तिनारायण श्रेष्ठको साहित्यिकयात्राको प्रथम चरण हो । २०१८ सालमा आँकुरो हस्तलिखित पत्रिकामा 'शुभेच्छा' शीर्षकको कविताबाट उनी औपचारिक रूपमा साहित्यसाधनातर्फ अगाडि बढेको पाइन्छ । उनको यस पहिलो चरणमा स्वदेश तथा विदेशबाट प्रकाशित पत्रपत्रिका, कविता, लेख, गीत, मुक्तकहरू प्रकाशित भएको पाइन्छ । यस चरणमा उनको प्रकाशित पहिलो कविता 'शुभेच्छा' मा राष्ट्रियताको भाव गुन्जिएको छ । यस कवितामा नेपाल सुन्दर छ, हरिया वनहरूले शु-शोभित छ, यहाँका उच्च हिमालहरू नदीनालाहरूको वर्णन गर्दै प्यारो नेपाललाई फुलाऊँ फलाऊँ भन्ने भाव बुलन्द गरिएको पाइन्छ । २०१८ देखि २०२७ सालसम्म उनका धेरैजसो कविताहरू प्रकाशित भएका छन् । उनका यस अवधिका फुटकर कविताहरू **आँकुरो** साहित्यिक पत्रिका, कञ्चनजङ्घा, आमा, पर्वत मासिक बुलेटिन, सरोज, साहित्य धारा, युवक, नयाँ संसार, धवलागिरि आदि पत्रपत्रिकामा प्रकाशित भएका छन् भने गीत, लेख, मुक्तकहरू गोरखापत्र दैनिक, गण्डकी, बालक, धवलागिरिजस्ता पत्रपत्रिकामा प्रकाशित भएका छन् । उनका यस चरणका कविता र गीतहरूमा तत्कालीन सामाजिक शोषण, अन्याय अत्याचारको विरोध गरिएको छ । स्वच्छन्द रूपमा प्रकृतिको वर्णन, गाउँले भाकाका स्वरहरू अति मार्मिक ढङ्गबाट पाठक सामु पस्किएको पाइन्छ । शान्तिनारायणको साहित्ययात्राको पहिलो चरण कृति प्रकाशनका दृष्टिकोणले कमजोर रहेको  छ । तर लेखनका दृष्टिकोणले भने यसलाई उर्वर नै मान्न सकिन्छ । यस चरणमा श्रेष्ठको एउटा मात्र कृति **गुप्तेश्वर** खण्डकाव्य (२०२७) प्रकाशित भएको छ । यो नै उनको प्रकाशित पहिलो पुस्तकाकार कृति पनि हो । यस खण्डकाव्यमा **गुप्तेश्वर** गुफाको अति कलात्मक लयात्मक र भावनात्मक रूपमा झ्याउरे छन्दमा गेयात्मक रूपमा प्रस्तुत गरिएको पाइन्छ । साहित्यिक यात्राको पहिलो चरणमा नै उनी प्रकाशक एवं सम्पादकसमेत भएको पाइन्छ ।

शान्तिनारायण श्रेष्ठले यसै चरणमा २०२४ सालमा श्री ५ महेन्द्र जन्मोत्सव तथा २०२६ सालमा राष्ट्रिय प्रजातन्त्र दिवसको उपलक्ष्यमा आयोजित साहित्यिक प्रतियोगितामा प्रथम भई पुरस्कारसमेत पाएका छन् । भौगोलिक विकटताका कारणले मोफसलमा साहित्यमा हिँडेका उनको खण्डकाव्य जस्तो महान कृति प्रकाशन हुनु, तत्कालिन परिवेशमा कन्चनजङ्गा जस्ता विदेशबाट प्रकाशित हुने थुप्रै पत्रिकामा लेखरचना प्रकाशित गर्नु उनको साहित्यिक यात्राको पहिलो चरण सफलता हो । पहिलो चरणबाट नै उनको कलम परिष्कृत हुँदै र खारिँदै गएको पाइन्छ । उनले २०१८ देखि २०२७ सम्मको अवधिभित्रै 'झंकार', 'स्पन्दन' जस्ता गीतसङ्ग्रह 'एकमनन एकचिन्तन', 'संस्मरण', 'कोशेली' जस्ता कवितासङ्ग्रह र 'प्रणयको अवशेष' उपन्यासजस्ता पुगनपुग एक दर्जन जति कृतिहरूका पाण्डुलिपिहरू तयार गर्नुले उनको साहित्ययात्राको पहिलो चरण २०१८ देखि २०२७ ले उनी भविष्यमा सफल साहित्यकार, कवि, गीतकार हुन सक्ने कुरा देखाएको छ ।

शान्तिनारायण श्रेष्ठ पहिलो चरणको अन्त्यतिर अर्थात २०२८ देखि २०४८ सम्म रचना प्रकाशनको दृष्टिकोणले उनी सुषुप्त भएको देखिन्छ । उनले यस अवधिमा साहित्यलेखन गर्दै गरेनन् त भन्न मिल्दैन तर यस समयावधिमा खासै साहित्यिक लेख रचनाहरू प्रकाशनमा आएको पाइदैन । आमाको मृत्यु र जागिरको सिलसिलामा धेरै ठाउँ सरुवा भइरहनुपर्दा सुरुको आधारमा जति साहित्यिक क्षेत्रमा योगदान दिनसक्नु पर्थ्यो, त्यो दिन भने नसकेको देखिन्छ । यस समयावधिमा उनको लागि सबैभन्दा ठूलो उपलब्धि भनेको राष्ट्रिय खेलकुद परिषद्बाट पोखरामा आयोजना गरिएको दोस्रो राष्ट्रिय दोहोरी गीत प्रतियोगितामा प्रथम भई 'स्वर्ण पदक' पाउनु हो ।

शान्तिनारायण श्रेष्ठले यस पहिलो चरणको अन्त्यतिर साहित्यलेखन गरेता पनि कुनै पनि कृतिहरू प्रकाशनमा ल्याएनन् । तसर्थ उनको साहित्यिक यात्राको २०२८ देखि २०४८ सम्मको समयावधि साहित्यसिर्जनाका दृष्टिले त्यति उर्वर रहन सकेन ।

### ४.५.२ **दोस्रो चरण** (**२०४९ देखि हालसम्म**)

शान्तिनारायण श्रेष्ठको साहित्ययात्राको द्वितीय चरण २०४९ सालदेखि सुरु भएको छ । उनी यस चरणमा विभिन्न किसिमका साहित्यिक गतिविधिमा संलग्न भएका छन् । साहित्यसृजनामा

तीव्रता, विधागत सचेतता आदि कुराहरू शान्तिनारायणका यस चरणका साहित्यिक कृतिहरूमा देखिन्छन् ।

नेपाली साहित्यका कविता, गीत, खण्डकाव्य, शोककाव्य, मुक्तक, गजल, हाइकु, ताङ्का, चोका तथा नियात्राक्षेत्रमा कलम चलाएका शान्तिनारायण यस चरणमा **झंकार** (गीतसङ्ग्रह, २०५६), **स्पन्दन** (गीतसङ्ग्रह, २०५६), **विसङ्गति** (मुक्तकसङ्ग्रह, २०५६), **बैंसका सुसेलीहरू** (गीतसङ्ग्रह, २०५७), **अनुभूति** (गजलसङ्ग्रह, २०६०), **अवतरण** (हाइकुसङ्ग्रह, २०६१), **स्मृतिका लहरहरू** (शोककाव्य, २०६०), **अनावरण** (ताङ्कासङ्ग्रह, २०६२), **संस्मरण** (नियात्रा, २०६२), **अजम्मरी माया** (गजलसङ्ग्रह, २०६३), **अर्न्तध्वनि** (चोकासङ्ग्रह, २०६४) प्रकाशित भएका छन् । यस चरणमा उनका फुटकर लेख रचनाहरू काव्य त्रिवेणी धौलाश्री, सगुन, कालीको सुसेली, युवामञ्च, लुध्वाँखा, धौलागिरिका कवि र कविता, पर्वतमाला, पर्वतगुञ्जन, नेवा पौ, साहित्य क्षितिज, पहाडी गोरेटो, मञ्जुषा, हेल्पिङ हेन्ड्स धवलाप्रभात, साहस, मधुपर्क, सगुन, ऋतुरङ, धौलागिरि, समर्पण आदि पत्रपत्रिकामा प्रकाशित हुँदै आएका छन् ।

लेखनका दृष्टिले पहिलो चरणमा लेखिएको भए तापनि पुस्तकाकार कृतिका रूपमा दोस्रो चरणमा प्रकाशित **झंकार** (२०५६) गीतसङ्ग्रह भित्र ५० ओटा गीतहरू समावेश गरिएको छ । झङ्कारका गीतहरूमा लोकका विभिन्न विषयलाई गीतमार्फत अभिव्यक्ति दिइएको पाइन्छ । आजका नेपालीहरूले स्वदेशमा रहेर पनि जातीय गौरवलाई आत्मसात गर्न नसकेका जस्ता विषयलाई यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ (पौडेल, २०५६) । शान्तिनारायणको **'स्पन्दन'** (२०५६) गीतसङ्ग्रह यस चरणमा प्रकाशित भएको छ । यस सङ्ग्रहभित्र राष्ट्रियता, कर्तव्यबोध र युगबोधका अतिरिक्त प्रकृति र जीवनको तादात्म्यताको झंकार झंकृत भएका छन् भने अर्कोतिर प्रेमी र प्रेमिकाका बीचको प्रणय, रतिराग मानसिक व्यग्रतामा केन्द्रित भएका छन् (छोटा, २०५६:ख) ।

त्यस्तै वर्तमान विकृति र विसङ्गतिबाट क्रुद भएर समाजमा रहेका विकृति, विसङ्गति, अन्याय, अत्याचारका विरुद्ध ढाड सेक्ने उद्देश्यले लेखिएको **विसङ्गति** मुक्तक कवितासङ्ग्रह (२०५६) मा प्रकाशित भएको छ भने २०५७ सालमा **बैंसका सुसेलीहरू** र **बाडुल्की**जस्ता दुईओटा गीतसङ्ग्रह प्रकाशित भएका छन् । शान्तिनारायणको **अनुभूति** (२०६०) गजलसङ्ग्रह प्रकाशित भएको छ । यस सङ्ग्रहका गजलहरू समाज, राष्ट्र र मानवीय संवेदनाभित्रका भिन्दाभिन्दै चित्रहरूसँग

सामाजिक विकृति, विसङ्गति, प्रेम वियोगका यथार्थ भावना बोकेर आएका छन् । यसै चरणमा श्रेष्ठको **'स्मृतिका लहरहरू'** शोककाव्य प्रकाशित भएको छ । आफ्नी प्रेयसी सुकमयाँको वियोगात्मक पीडालाई यस काव्यमा विषयवस्तु बनाएका छन् । त्यसपछि उनको **अवतरण** (२०६१) हाइकुसङ्ग्रह, **अनावरण** (२०६२) ताङ्कासङ्ग्रह, **संस्मरण** (२०६२) नियात्रा, **अजम्मरी माया** (२०६३) गजलसङ्ग्रह र **अन्तर्ध्वनि** (२०६४) चोकासङ्ग्रह प्रकाशित भएका छन् ।

शान्तिनारायण श्रेष्ठले यस चरणमा साहित्यिक रूपमा धेरै उपलब्धि गरेका छन् । यस चरणमा प्रकाशित कृतिहरूले विभिन्न पत्रिकामा प्रकाशित लेखरचनाहरूले समसामयिक परिस्थितिहरूमा रही देश, राष्ट्र र समाजका पक्षमा स्वरहरू बुलन्द गरेको देखिन्छ । यसरी उनी साहित्ययात्राको दोस्रो चरण २०४९ देखि अत्यन्तै क्रियाशील भएको देखिन्छ । २०४९ सालमा जागिरे जीवनबाट अवकाश लिइसकेपछि उनी साहित्यतर्फ अहोरात्र खटिरहेका छन् । यस चरणमा उनले सगुन पत्रिका प्रकाशन गर्दै आइरहेका छन् भने नेपाली साहित्य, कला र संस्कृतिलाई अझ थप मलजल दिने उद्देश्यले गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय उनी आफैं संस्थापक अध्यक्ष भएर स्थापना गरेका छन् । त्यसैगरी उनको 'आजै छ लगन', 'हिलेपानी गाउँ' गीति एल्बम र 'वार्ता कि अन्तर्वार्ता' गाइजात्रे एल्वम बजारमा आइसकेका छन् । त्यसकारण उनको यो चरण अत्यन्तै उर्वर हुँदै कलम अझै दिनप्रतिदिन खारिँदै गएको छ । विविध पत्रपत्रिका तथा सङ्घसंस्थासित सम्बद्ध भएर साहित्यिक सिर्जनाका क्षेत्रमा महत्त्वपूर्ण भूमिका शान्तिनारायणले यस चरणमा खेलेका छन् ।

शान्तिनारायण श्रेष्ठको समग्र साहित्ययात्रालाई हेर्दा उनको यो दोस्रो चरण बढी उर्वर र उपलब्धिमूलक रहेको छ । प्रथम चरणमा कविता विधामा देखापरेको उनको प्रतिभा द्वितीय चरणमा आइपुग्दा गीत, मुक्तक, गजल, शोककाव्य, हाइकु, ताङ्का, चोका लेखनका क्षेत्रमा बढी मौलाएको पाइन्छ । प्रथम चरणका तुलनामा शान्तिनारायण श्रेष्ठले द्वितीय चरणमा बढी साहित्यसिर्जना गर्नुका साथै विविध साहित्यिक सङ्घसंस्थामा क्रियाशील भई आफ्नो साहित्यिक व्यक्तित्वको विकास गरेको पाइछ ।

## परिच्छेद - पाँच

# शान्तिनारायण श्रेष्ठको कृतित्वको विश्लेषण

### ५.१ *गुप्तेश्वर* खण्डकाव्यको विश्लेषण

#### ५.१.१ लेखन र प्रकाशन

शान्तिनारायण श्रेष्ठले आफ्नो घर नजिक रहेको गुप्तेश्वर गुफालाई अवलोकन गरी प्रस्तुत **गुप्तेश्वर** खण्डकाव्य रचना गरेका छन् । उनको वर्णनात्मक खण्डकाव्य **गुप्तेश्वर**को वि.सं. २०१९ साल माघ २६ गते नै लेखनकार्य सम्पन्न भए तापनि वि.सं. २०२७ सालमा मात्र प्रकाशन भएको देखिन्छ (श्रेष्ठ, २०६०:५) । यस कृतिको रचना दस दिनमा सम्पन्न भएको हो । त्यसैले यस कृतिलाई दस दिनको द्रुत प्रवाहको उपज मान्न सकिन्छ । यस काव्यको लेखनकार्य २०१९ सालमा नै सम्पन्न भए तापनि आर्थिक कठिनाइको कारण कविले प्रकाशन गर्न असमर्थ भएका थिए । उनका साथीहरूको प्रेरणा र प्रभावबाट प्रस्तुत काव्यको प्रकाशनतर्फ लागेको कविले बताएका छन् (श्रेष्ठ, २०६०:६) । यस खण्डकाव्यको प्रथम प्रकाशन 'जनता पुस्तकालय' कुश्माले गरेको हो भने द्वितीय प्रकाशन 'गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालयले' गरेको हो । यही खण्डकाव्य नै कवि शान्तिनारायण श्रेष्ठको प्रथम प्रकाशित पुस्तकाकार कृति पनि हो ।

#### ५.१.२ शीर्षकविधान

**गुप्तेश्वर** खण्डकाव्यको शीर्षक यसमा वर्णित विषयका आधारमा राखिएको छ । यस खण्डकाव्यमा कविले विश्व अनि नेपाललाई चिनाउँदै नेपालको गण्डकी अञ्चलअन्तर्गत (हालको धवलागिरि अञ्चलअन्तर्गत) पर्ने पर्वत जिल्ला रहेको कुराको वर्णन गर्दै यही पर्वत जिल्लाको सदरमुकाम कुश्माबजारको निकटमा रहेको गुप्तेश्वर गुफालाई चिनाउने प्रयास गरेका छन् । यसरी कविले आफ्नो काव्यको वर्ण्य विषय गुप्तेश्वर गुफालाई बनाएकाले यस काव्यको शीर्षक उपयुक्त देखिन्छ । कविले पर्वत जिल्लामा रहेको पर्यटकीय गुफा गुप्तेश्वरलाई आफ्नो काव्यमा यथारूप वर्णन गर्ने प्रयास गरेकाले पनि यस काव्यको शीर्षक सार्थक छ ।

त्यसैले प्रस्तुत काव्यको वर्णित विषयले शीर्षकसँग सोझो सम्बन्ध स्थापित गर्न समर्थ भएकाले पनि यस खण्डकाव्यको शीर्षकविधान उचित ठहरिन्छ ।

### ५.१.३. सर्ग एवम् संरचना

**गुप्तेश्वर** खण्डकाव्यको बाह्य संरचना ६.५ इन्च लम्बाइ र ४.५ इन्च चौडाइ आकारको रहेको छ । गुप्तेश्वर गुफा चित्रको बाहिरी आवरणसहित प्रकाशित यस खण्डकाव्यमा भूमिकालेखन, लेखकको भनाइ आदिलाई समेट्दा जम्मा २२ पृष्ठमा संरचित छ । यस खण्डकाव्यलाई कुनै सर्ग, अध्याय वा खण्डमा विभाजन गरिएको छैन । लोकलयमा वा झ्याउरे लयमा आधारित ८९ श्लोकहरूमा यो काव्य संरचित भई पूर्ण भएको छ ।

**गुप्तेश्वर** खण्डकाव्यको बाह्य संरचना जस्तो भए पनि खण्डकाव्यको आन्तरिक संरचनाबाट कवि शान्तिनारायण श्रेष्ठले भौगोलिक, ऐतिहासिक एवम् धार्मिकस्थान र प्राकृतिक सम्पदाहरूले धनी भएर पनि बन्द वाकसको हिराजस्तै छाँयामा परिरहेको पर्वतजिल्लाको कुश्मास्थित गुप्तेश्वर गुफालाई प्रचार, प्रसार र संरक्षण गर्ने हेतुले **गुप्तेश्वर** खण्डकाव्य रचना गरेका छन् ।

प्रस्तुत खण्डकाव्य लोकलय वा झ्याउरे लयमा रचना गरिएको छ । कविप्रौढोक्ति उक्तिढाँचाको प्रयोग गरी लेखिएको यस खण्डकाव्य वार्णिक छन्दमा रचना गरिएको छ । सरल भाषा र कोमल पदावलीको प्रयोग गरिएको यस काव्यमा लयलाई बढी प्राथमिकता दिएर व्याकरणमा चासो नदेखाउनुले काव्यका कतिपय पद्यहरूमा व्याकरणगत विचलन आएको देखिन्छ । यस काव्यमा शम स्थायीभावयुक्त शान्त रस अङ्गीभावका रूपमा र भक्ति, उत्साहभाव अङ्गभावका रूपमा प्रयुक्त भएको छ । झ्याउरे लयलाई गेयात्मकता प्रदान गर्नका लागि अधिकांश पद्यहरूमा आध, मध्य र अन्त्यानुप्रासको प्रयोग गरिएको छ । त्यसैगरी उपमा, रूपकजस्ता अर्थालङ्कारको प्रयोग गरी लेखिएको यस काव्यको आन्तरिक संरचना उपयुक्त नै छ । श्लोक संरचनाका दृष्टिले यो काव्य पातलो रहे पनि यसमा वर्णन गरिएको विषयले खण्डकाव्यात्मक ढाँचा देखाएको छ ।

### ५.१.४. विषयवस्तु

**गुप्तेश्वर** खण्डकाव्य आख्यानात्मक ढाँचामा रचना नगरी वर्णनात्मक ढाँचामा रचना गरिएको काव्य हो । यस काव्यमा कुनै स्पष्ट आख्यानको प्रयोग पाइँदैन । कविले गुप्तेश्वर गुफाको

वर्णन गर्ने क्रममा प्रथमतः डौडारे खोलाको बीचमा सुन्दर गुफा रहेको गुफाको ढोका पश्चिमतिर फर्किएको, त्यसमा ईश्वर लुकेर बसेका, त्यसैको अगाडि पानीको दह रहेको गुफाभित्र भगवान्को मुकुट रहेको, त्यहाँ शिव र पार्वतीको अवस्थिति रहेकोजस्ता कुराको वर्णन गरेका छन् । वर्णनकै क्रममा त्यस गुफामा सदा बहने पानी रहेको, गुफाभित्र राम, सीता, लक्ष्मण, शत्रुध्न, हनुमान आदि रहेका, पञ्चपाण्डवका शिला लहरै बसेका, शेषनागले गुफालाई सजाएकाजस्ता गुप्तेश्वर गुफामा अवस्थित दर्शनीय कुराको वर्णन यस काव्यमा गरेका छन् ।

प्रस्तुत खण्डकाव्यमा जीवन र जगतको एउटा पाटोको अत्यन्तै मार्मिक ढङ्गले वर्णन गरिएको छ । यस खण्डकाव्यभित्र पर्वतको संक्षिप्त रूपमा वर्णन गरिएको छ । कालीगण्डकी, मोदी र अन्य प्राकृतिक सुन्दरताको वर्णनका साथै गुफाभित्र भएको प्राकृतिकताको अति मार्मिक र यथार्थपरक रूपमा वर्णन गरिएको छ । गुफाभित्र पानीको दह छ, भगवानको चित्रहरू प्रकृतिले आफैँ बनाइदिएको छ भनी अत्यन्तै कलात्मक रूपमा वर्णन गरिएको छ । त्यस्तै, यस गुप्तेश्वर गुफाभित्र साक्षात् भगवान् शिव, पार्वतीको मूर्तिसमेत भएको गुफाभित्र हिराझैँ चमकदार वस्तु भएको, पञ्चपाण्डवहरूका शीलाहरू भएको र रानी द्रौपदीलाई युधिष्ठीरजीले काखमा लिएको जस्ता कुराको वर्णन खण्डकाव्यकार श्रेष्ठले यसरी गरेका छन् :

> देखिन्छ पञ्च पाण्डवका शिला, लहरै बसेका
> रानी द्रौपदी युधिष्ठीरजीले, काखमा लिएका
> युधिष्ठीर भन्दा भिमसेन स्याना, अर्जुन स्याना झन्
> नहकुल अनि सहदेव भने, जुम्ल्याहा जस्तै छन् । ॥४०॥

त्यसैगरी गुप्तेश्वर गुफामा रहेका विभिन्न देवतालाई विभिन्न आकारमा तुलना गर्दै कविले आफ्नो काव्यमा यसरी व्यक्त गरेका छन् :

> लव र कुश काखमा लिई, सीताजी बसेकी
> देखेर हामीहरूलाई हो कि, मुसुक्क हाँसेकी
> क्यै फरक छैन लव र कुश सीताको स्वरूप
> चित्रमा हेर्नूस त्यहाँको दाँज्नोस् मिल्नेछ दुरुस्त ॥५९॥

काव्यान्तमा कविले उक्त गुफा पत्ता लगाउनका लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्ने रत्नबहादुर कार्की र गुफा पत्ता लगाउँदाको परिस्थितिबारे वर्णन गर्दै त्यस गुफामा कसरी पुग्न सकिन्छ भन्ने कुराको मार्गदर्शनसमेत गरेका छन् । यसरी कविले गुप्तेश्वर गुफालाई विषय बनाई त्यसमा अवस्थित विभिन्न अवतारको वर्णन गरेर त्यस्तो महत्त्वपूर्ण गुफा पत्ता लगाई उल्लेखनीय कार्य गर्ने व्यक्तिको समेत वर्णन गरेका छन् । त्यसैले यो काव्य वर्णनमा आधारित देखिन्छ ।

### ५.१.५ पात्र

**गुप्तेश्वर** खण्डकाव्यमा कुनै पात्रविधान गरिएको छैन । गुफाको वर्णन गर्ने क्रममा त्यस गुफाभित्र रहेका देवीदेवताका अवतारका अनेक नामहरू यस काव्यमा प्रयोग भएका छन् । कविले शिव, पार्वती, अर्जुन, युधिष्ठिर, द्रौपदी, राम, सीता, लक्ष्मण, शत्रुघन आदि नामको उल्लेख गरेका भए तापनि तिनीहरूले कुनै पात्रको भूमिका निर्वाह गर्न भने सकेका छैनन् ।

यस काव्यमा मानवीय व्यक्तिका रूपमा रत्नबहादुरलाई उभ्याइएको छ । उसले आफ्नो साहसको प्रयोग गरेर गुप्तेश्वर गुफा पत्ता लगाउने कार्य गरेको छ तापनि उसको भूमिकाले काव्यमा व्याप्ति पाउन नसकेको र एक सन्दर्भित स्थानमा मात्र आएको हुनाले रत्नबहादुरलाई पनि सबल पात्रका रूपमा लिन सकिँदैन ।

### ५.१.६ परिवेश

स्थान, काल र वातावरणको बोध परिवेशभित्र हुन्छ । यस खण्डकाव्यले समेटेको परिवेश पर्वत जिल्लाको हो । पर्वत जिल्लाअन्तर्गत पर्ने गुप्तेश्वर गुफाको वर्णन गर्ने क्रममा यस खण्डकाव्यले त्यस गुफाको वरिपरि पर्ने भू-भागलाई आफ्नो परिवेश बनाएको छ । कविले पर्वत जिल्लाको सदरमुकाम कुश्माबजार र त्यसको सेरोफेरोलाई परिवेशका रूपमा यस काव्यमा प्रस्तुत गरेका छन् । उनले मुख्यतः गुप्तेश्वर गुफाभित्र रहेका विभिन्न दर्शनीय कुरालाई परिवेशका रूपमा प्रस्तुत गरेका छन् । त्यसैले यस काव्यको परिवेश गुप्तेश्वर गुफाको सेरोफेरो रहेको छ ।

### ५.१.७ भाव एवम् केन्द्रीय कथ्य

काव्यकार शान्तिनारायण श्रेष्ठको **गुप्तेश्वर** खण्डकाव्य गुप्तेश्वर गुफाको वर्णनमा नै केन्द्रित रहेकाले यसमा शमभाव पाउन सकिन्छ । कविले यस काव्यमा गुप्तेश्वर गुफाभित्र रहेका विभिन्न देवीदेवताको स्तुतिपरक वर्णन गरेकाले भक्तिभाव पनि झल्केको छ । त्यस्तै गुप्तेश्वर गुफा पत्ता लगाउने क्रममा रत्नबहादुर कार्कीले प्रदर्शन गरेको शुरतामा उत्साहभाव पनि झल्कन पुगेको छ । त्यसैले यस काव्यमा शम स्थायीभावयुक्त शान्त रस अङ्गीभावका रूपमा र भक्तिभाव र उत्साहभाव अङ्गभावका रूपमा प्रयुक्त भएको छ ।

वर्णनात्मक ढाँचामा रचना गरिएको यस काव्यको केन्द्रीय कथ्य गुप्तेश्वर गुफाको वर्णन गर्नु रहेको छ । यस काव्यमा विविध कोणबाट गुप्तेश्वर गुफालाई चिनाउने प्रयास गरिएको छ । त्यसैले यस काव्यमा गुप्तेश्वर गुफाको वर्णनलाई नै केन्द्रीय कथ्यका रूपमा प्रस्तुत गरिएको छ ।

### ५.१.८ छन्द एवम् लयविधान

**गुप्तेश्वर** खण्डकाव्य वार्णिक छन्दमा रचना गरिएको छ । कविले गुप्तेश्वर गुफाको वर्णन लोकलयमा आधारित भएर गरेका छन् । यस काव्यमा झ्याउरे लय अर्थात लोकलयलाई गेयात्मक प्रदान गर्नका लागि अधिकांश पद्यहरूमा अनुप्रासको प्रयोग गरिएको पाइन्छ । कविले आद्य, मध्य र अन्त्यानुप्रासको उचित विन्यासद्वारा सङ्गीतिक श्रुतिरम्यतायुक्त लोकलयको प्रयोग गरेका छन् । यस काव्यमा लोकलय विधान गर्ने क्रममा कतिपय श्लोकहरूमा व्याकरणिक नियमको उल्लङ्घन गरिएको छ, जस्तै :

त्यसको वर्ण कालो छ बीच, भीरमा अडेको
माटोनै होस्न तर छ त्यसमा, सितारा जडेको
मानिसले त्यस्लाई झिकेरै होला, क्यै कोप्चो परेको
चिनिन्छ प्रस्टै गएर हेरे, कामना गरेको ॥४३॥

त्यसैगरी कविले लयात्मकतालाई विशेष जोड दिँदै अजन्त प्रयोगलाई पनि हलन्त बनाएका दछन् । दक्षीण् (दक्षिण) युधिष्ठीर (युधिष्ठिर), लुकि (लुकी) जस्ता हलन्त र व्याकरणात्मक विचलनयुक्त पदको प्रयोग गरेर लयलाई प्राथमिकता दिइएको देखिन्छ ।

### ५.१.९ कथनपद्धति

**गुप्तेश्वर** खण्डकाव्य वर्णनात्मक ढाँचामा रचना गरिएको हुनाले यसमा कविप्रौढोक्ति उक्तिढाँचाको प्रयोग भएको छ । कविले कुनै पात्रमार्फत आफ्नो अभिव्यक्ति नदिई स्वयम् अभिव्यक्ति दिएकाले यसमा सोभ्कै कविकथनको प्रयोग गरिएको पाइन्छ । तसर्थ यस काव्यमा कविप्रौढोक्ति कथनपद्धतिको प्रयोग गरिएको छ ।

### ५.१.१० भाषाशैली

**गुप्तेश्वर** खण्डकाव्य रचनामा कवि शान्तिनारायण श्रेष्ठले सरल भाषा र कोमल पदावलीको प्रयोग गरेका छन् । सहजबोध्य भाषाशैलीको प्रयोग गरिएको यस काव्यमा तत्समभन्दा तद्भव शब्दहरूको प्रयोगाधिक्य रहेको छ । यस काव्यमा आगन्तुक शब्दहरूभन्दा पर्वती उप-भाषिकामा प्रचलित रहेका शब्दहरूको कथ्य रूप प्रस्तुत गरिएको छ । अैले, स्याना, डिल्मा, डर्लेजस्ता कथ्य भाषामा प्रचलित शब्दहरूको प्रयोग यस काव्यमा पाउन सकिन्छ । अन्त्यानुप्रासको सहज आयोजनाले गर्दा यस काव्यका कतिपय पद्यहरू लयात्मक बनेका छन् । लयलाई बढी प्राथमिकता दिएर व्याकरणमा चासो नदेखाउनुले काव्यका कतिपय पद्यहरूमा वर्णविन्यासगत विचलन आएको छ । सरल, सहज र सुबोध्य वाक्यहरूको अधिकताले गर्दा यो काव्य प्रसादमय बन्न पुगेको छ । यस काव्यमा भाषिक परिष्कारतर्फ भने कविले ध्यान पुऱ्याउन सकेका छैनन् ।

### ५.१.११ बिम्ब, प्रतीक र अलङ्कारविधान

यस काव्यमा कविले गुप्तेश्वर गुफाको वर्णन गरेका हुनाले त्यसलाई स्पष्ट चिनाउन सहयोग गर्ने खालका अनेक बिम्बको प्रयोग गरेका छन् । यस्ता स्थानीय बिम्बहरूले कुनै प्रतीकात्मक अर्थलाई वहन गर्न सकेका छैनन् ।

अलङ्कारको दृष्टिले हेर्दा यस काव्यमा शब्दालङ्कार र अर्थालङ्कार दुबैको प्रयोग गरिएको छ । यस काव्यमा प्रयुक्त शब्दालङ्कारहरूमा आद्य, मध्य र अन्त्यानुप्रासको सहज प्रयोग गरिएको छ

भने अर्थालङ्कारमा उपमा, रूपक आदिको प्रयोग गरिएको छ । त्यसैले यस काव्यको सिर्जना सामान्य खालका बिम्बालङ्कारमा आधारित भएर गरिएकाले यो मूल रूपमा अभिधात्मक भए पनि केही व्यञ्जनात्मक भने छ ।

### ५.१.१२ **निष्कर्ष**

कवि शान्तिनारायण श्रेष्ठको वि.सं. २०२७ सालमा प्रकाशित **गुप्तेश्वर** खण्डकाव्य प्रथम प्रकाशित वर्णनात्मक ढाँचामा रचना गरिएको काव्य कृति हो । कुनै पात्र खडा नगरेर पर्वत जिल्लालाई नै पार्श्वभूमि बनाएर यस काव्यको रचना गरिएको छ । यस खण्डकाव्यमा गुप्तेश्वर गुफाको ऐतिहासिक रूपमा यथार्थपरक शैलीमा वर्णन गरिएको छ । शमभावलाई प्रस्तुत गर्ने क्रममा कविले यस काव्यमा कविप्रौढोक्ति उक्तिढाँचाको प्रयोग गरेका छन् । गुप्तेश्वर गुफालाई चिनाउने मूल ध्येय राखेर रचना गरिएको यस काव्यमा तद्भव शब्दहरूको प्रयोग भएको छ । यसमा पर्वती उपभाषिकामा प्रचलित रहेका शब्दहरूको पनि प्रशस्त प्रयोग गरिएको छ । यस काव्यमा कविले परिष्कार भने देखाउन सकेका छैनन् ।

## ५.२. ***स्मृतिका लहरहरू* शोककाव्यको विश्लेषण**

### ५.२.१ **लेखन र प्रकाशन**

शान्तिनारायण श्रेष्ठको **स्मृतिका लहरहरू** शोककाव्य उनको साहित्यिक यात्राको दोस्रो चरणमा प्रकाशित आठौँ कृति हो । उनका काव्यहरूमध्ये दोस्रो काव्य **स्मृतिका लहरहरू** २०६० सालमा संगीता श्रेष्ठले कुश्मा, पर्वतबाट प्रकाशित गरेकी हुन् । यस शोककाव्यको भूमिका खण्डमा माधव घिमिरेको हार्दिक समवेदना, तुलसी भट्टराईको 'स्मृतिका लहरहरू प्रति' शीर्षकमा शान्तिनारायण श्रेष्ठका रचनाहरूबारे समीक्षा गर्दै भूमिका लेखिएका छन् । **स्मृतिका लहरहरू** शोककाव्यको प्रेरणास्रोत कविकी धर्मपत्नी सुकमयाँको जिन्दगीमाथि २०५७ साल श्रावण २५ गते अप्रत्यासितरूपमा परेको दैवी दुर्विधान नै हो । २०५७ सालमा उनकी पत्नी सुकमयाँको मृत्यु भयो । कवि श्रेष्ठको जीवनमा यो साह्रै दुःखद घटना थियो । प्रस्तुत काव्यको भूमिकामा कवि स्वयम् लेख्दछन्- "२०५७ साल श्रावणमा मेरी श्रीमती सुकमयाँको अप्रत्यासितरूपमा दुःखद् निधन भयो । ती घोर निराशाका दिनमा मैले स्नेहपूर्वक उनीसँग बिताएका सुखदुःखका क्षणहरू जो मेरो स्मृतिपटलमा सलबलाइरहेका र अर्न्तमनमा रुमलिइरहेका थिए, तिनलाई

सिर्जनाको रूप दिने कार्य गरेँ । यसका केही अंशहरू 'पर्वत सन्देश' साप्ताहिक पत्रिकामा अङ्क १ देखि ७१ सम्म प्रकाशित भइसकेका छन् । पछि 'पर्वत सन्देश' बन्द भएपछि 'मोदीकाली' साप्ताहिकको ९ ओटा अङ्कमा यसका केही अंश प्रकाशित भएपछि यिनै पत्रपत्रिकामा प्रकाशित अंशहरू र उनीसँग बिताएका अविस्मरणीय क्षण तथा जीवनमा आफूले भोगेका सुखद् दुःखद् क्षणहरूलाई अभिव्यक्त गर्ने प्रयास गरेँ यही प्रयासस्वरूप यस काव्यको सिर्जना हुन गयो (श्रेष्ठ, २०६०:८) ।" **स्मृतिका लहरहरू** काव्य पत्नी वियोगको स्मृतिमा भावविह्वल भावधारामा आँसुका शब्दहरू बटुलेर काव्यको स्वरूपमा प्रस्तुत गरिएको छ ।

### ५.२.२ **शीर्षकविधान**

प्रस्तुत काव्यको शीर्षक **स्मृतिका लहरहरू** रहेको छ । कवि आफ्नी पत्नी सुकमयाँसँग बिताएका सुख दुःखका क्षणहरू, पत्नी सुकमयाँको स्वास्थ्य उपचारका सन्दर्भमा पुगेका ठाउँहरू र त्यहाँ आफूले भोग्नुपरेका तीतामीठा अनुभवहरू त्यस्तै जागिरको सिलसिलामा देशका विभिन्न जिल्लामा पुग्दा भोगेका क्षणहरू तथा पत्नीको निधनजस्ता घटनाहरूलाई स्मृतिका रूपमा यस काव्यमा प्रस्तुत गरिएको छ । सुकमयाँसँग प्रणयसूत्रमा बाँधिएदेखि जीवनका अनेक उकाली-ओराली, सुखदुःख र पत्नीको निधनले पुऱ्याएको चोटजस्ता घटनाक्रमले कविले अतीतको स्मृतिलाई प्रस्तुत गरेको देखिन्छ । पत्नीको स्मृतिका रूपमा लेखिएको र शीर्षक पनि **स्मृतिका लहरहरू** नै राखिनुले यस काव्यको शीर्षक सार्थक छ ।

### ५.२.३ **संरचना**

**स्मृतिका लहरहरू** शोककाव्य पद्यमा रचना भएको पुस्तकाकार कृति हो । यो काव्य ८.८ इन्च लम्बाइ र ५.५ इन्च चौडाइ आकारको रहेको छ । आकर्षक चित्रको बाहिरी आवरणसहित प्रकाशित यस काव्य लोकलयमा रचना गरिएको छ । यस काव्यको भूमिकालाई हेर्दा सुरुमा सम्पादकीयको भूमिका, त्यसपछि माधव घिमिरेको 'हार्दिक समवेदना', तुलसी भट्टराईको "शान्तिनारायणको स्मृतिका लहरहरू प्रति" र लेखकको 'आफ्ना कुरा' गरी १२ पृष्ठसम्म समेटिएको छ । यस काव्यको आरम्भ श्री गणेशाय नमः बाट भएको छ । यस काव्यका श्लोकहरू प्रारम्भदेखि बिस्तारित भएर बीचमा कुनै विश्रामबिना लगातार ४०६ श्लोकमा गएर

टुङ्गिएका छन् । ११४ पृष्ठ र ४०६ श्लोकहरूबाट यस काव्यको बाह्य संरचना निर्मित भएको छ ।

**स्मृतिका लहरहरू** खण्डकाव्यको आन्तरिक संरचनालाई हेर्दा यस खण्डकाव्यमा कविले आफ्नी अर्धाङ्गिनी सहचरी सुकमयाँको स्मृतिमा भावविह्‍वल भावधारामा आँसु शब्दहरू बटुलेर काव्यको रूपमा दिएका छन् (भट्टराई, २०६०:६) । प्रस्तुत खण्डकाव्य झ्याउरे लय र शैलीमा रचना गरिएको छ । लोकलयको प्रयोग भए तापनि कतैकतै गति र यति भङ्ग भई लय खण्डित हुन पुगेको छ । काव्यका कतिपय पद्यहरूमा लोकलयमा विचलन आएको छ । कविले काव्यमा लयात्मकता ल्याउनका लागि आद्य, मध्य र अन्त्यानुप्रासको सफल संयोजन गरेका छन् । यस काव्यमा उपमा, रूपक, उत्प्रेक्षाजस्ता अर्थालङ्कारको प्रयोग गरिएको छ ।

### ५.२.४ **विषयवस्तु**

**स्मृतिका लहरहरू** आख्यानात्मक ढाँचामा रचना गरिएको शोककाव्य हो । यस काव्यमा कविले एउटा मुख्य आख्यानको प्रयोग गरेका छन् भने त्यही मुख्य आख्यानसँग सम्बन्धित भएर अनेक उपाख्यानहरू आएको देख्न सकिन्छ । २०२९ साल माघ ३ गतेदेखि अर्थात कवि र उनकी पत्नी सुकमयाँ प्रणयसूत्रमा बाँधिएको दिनदेखि २०५७ श्रावणसम्म उनीहरूका जीवनमा घटेका विविध घटनाहरूको संक्षेपीकरण नै स्मृतिका लहरहरू शोककाव्य हो । यसमा कविले २०१४ साल असोजदेखि काठमाडौँ, नुवाकोट, चितवन, पाल्पा आदि जिल्लामा जागिरे भई भ्रमण गर्दाको र आफ्नै पारिवारिक एवम् घरायसी गतिविधिमा आइपरेका र आफूले अनुभव गरेका अन्य तीता-मीठा अनुभवलाई विषयवस्तु बनाई विगत र वर्तमान आत्मवृतान्तमा समावेश गर्ने सोचाइ राखेको पाइन्छ (श्रेष्ठ, २०६०:१०) यस शोककाव्यमा कवि आफ्नी पत्नीसँग घरगृहस्थीका कुरा गरेका, व्यवहार चलाएका, खेती किसानका कुरा गरेका र देशका विभिन्न ठाउँमा घुमेका प्रसङ्गहरू स्मृतिका रूपमा पोखिएका छन् । विरामी पत्नीलाई भारतको बेंगलोर साइशरणमा पुऱ्याएर नौ दिन बस्ता पनि आशीर्वाद पाउन नसकेको दुःखद प्रसङ्ग छ । वीर अस्पतालले बिरामीको हेलचक्रयाइ गरेको, बिरामी निको पार्न तातो पानीमा राखिएको, धामी, झाँक्री, तान्त्रिक, ज्योतिषी, मठमन्दिर सबैतिर पुकारा गरिए पनि जाति नभएको करुण वर्णन छ (भट्टराई, २०६०:६) । यही प्रसङ्ग नै काव्यको विषयवस्तुका रूपमा आएको छ ।

यस काव्यमा पत्नी सुकमयाँको स्वास्थ्योपचारको लागि पुगेका पोखरा, दाङ, चितवन, काठमाडौं, तातोपानी, घान्द्रुक एवम् भारतका मद्रास, भेलोर, बेंगलोर, लखनउ आदि विभिन्न स्थानविशेषका उच्च हस्पिटलहरूमा जाँदाका अनुभवहरू र जागिरका सिलसिलामा डोटी, स्याङ्जा, रोल्पा, बागलुङ, मुस्ताङ आदि जिल्लाका गाउँ ठाउँमा भ्रमण गर्दा भोगेका सुखद् र दुःखद् क्षणहरूको सूक्ष्म रूपमा वर्णन पाइनुका साथै छोराछोरीहरूले आफ्नी आमाप्रति राखेका इच्छाहरू पूरा गर्न नपाउँदै मृत्यु भएको कारुणिक वर्णन कवि पात्रका मुखबाट प्रकट भएको देखाइएको छ ।

यस काव्यमा आएको कथावस्तु आदि, मध्य र अन्त्यको शृङ्खलामा विकसित भएको छ । कविले काव्यको आरम्भमा नै मानिसको जीवनमा मृत्यु नियमित प्रक्रिया भएको उल्लेख गर्दै :

हरपल तिम्रै सम्झना हुन्छ बिर्सनु कसरी
छोडेर जान कसरी सक्यौ चटक्क यसरी
के छ र बाँकी मसँग अब गर्नलाई अर्पण
हरपल बग्ने आँसुले दिन्छु तिमीलाई तर्पण

सुकमयाँलाई तर्पण दिएका छन् । कविको सुकमयाँसँग प्रेमसम्बन्ध स्थापित हुनु, उनीहरू बीचमा अर्न्तजातीय विवाह हुनुजस्ता घटनाहरूले यस काव्यको आदि भागको निर्माण गरेका छन् । जागिरको सिलसिलामा कवि विभिन्न स्थानमा पुग्नु, त्यहाँ उनले विभिन्न किसिमका समस्याहरू भोग्नु, कविकी प्राणप्यारी पत्नी विरामी हुनु, उनको उपचारार्थ कवि देशका विभिन्न स्थानमा पुग्नु, वैज्ञानिक र आध्यात्मिक दुबै किसिमको उपचारबाट पनि सुकमयाँको रोगको निदान हुन नसक्नुजस्ता घटनाक्रमले यस काव्यको आख्यानको मध्य भागको निर्माण गरेका छन् । एक रात आकस्मिक रूपमा सुकमयाँको मृत्यु हुनु, उनकी छोरी र कविबाट भएको विलापबाट अन्य गाउँलेहरू आउनु, अनेक किसिमका कुराहरूको स्मरण गर्दै कविले विलाप गर्नुजस्ता घटनाक्रमले यस काव्यको अन्त्य भागको निर्माण गरेका छन् ।

नेपालमा कर्मचारीमा हुने व्यवहार, उपचारका क्रममा विभिन्न डाक्टरहरूले गरेको व्यवहार, नेपालको समसामयिक र राजनीतिक विषयलाई यस काव्यमा उपाख्यानको रूपमा प्रयोग गरिएको छ । यसप्रकार यस काव्यमा गरिएको मुख्य आख्यान र त्यससँग सम्बन्धित भएर

अनेक उपाख्यानको प्रयोग गर्नुले अपकर्षतर्फ लगेको देखिन्छ । यस काव्यमा आख्यानको बुनोट रैखिक ढाँचामा नगरेर वर्तुलित ढाँचामा गरिएको छ । आख्यानको प्रयोग गर्दा क्रमोच्छेदित रूप प्रस्तुत गर्नु र उपाख्यानको आधिक्य देखाउनुले कवि आख्यान प्रयोगमा त्यति सफल हुन सकेका छैनन् ।

### ५.२.५ पात्र

कथावस्तुलाई गतिशिल बनाउने कार्य पात्रद्वारा गरिन्छ र कथावस्तुका सम्पूर्ण घटनाकार्य पात्रमा निहित हुन्छ । चरित्र त्यो माध्यम हो जसका आधारमा कुनै घटनाको कल्पना यथार्थ प्रस्तुतिकरणको प्रयास गरिन्छ (उपाध्याय, २०४४:१४०) । यस शोककाव्यमा प्रयुक्त पात्रहरू यथार्थ जीवनबाटै टिपिएका छन् । यस काव्यमा पारिवारिक सेरोफेरोलाई पात्रीकरण गर्ने प्रयास कविले गरेका छन् । यस काव्यकी नायिका कविकी पत्नी सुकमयाँ हुन् । उनकै निधनको कारूणिक व्यथालाई यस काव्यमा प्रस्तुत गरिएको छ । यस काव्यका सम्पूर्ण घटनाक्रमहरू सुकमयाँकै केन्द्रियतामा प्रस्तुत गरिएकाले यस काव्यकी प्रमुख पात्र सुकमयाँ हुन् । यिनको चारित्रिक विशेषता आदर्श हिन्दु गृहिणी हुनुमा प्रस्टिएको छ । आफ्ना पतिप्रति श्रद्धा, भक्ति, आदर र प्रेम गर्दै व्यवहारको सामान्य कामकाज चलाउनमा व्यस्त रहने एउटी असल, कुशल पत्नीको रूपमा सुकमयाँलाई चिन्न सकिन्छ । **स्मृतिका लहरहरू** काव्यमा सुकमयाँ सहनशीला सुशीला, रूपवती, गुणवती र स्वाभिमानी नेपाली नारीको प्रतीक बनेकी छन् । सुकमयाँ धर्मप्रति आस्था राख्ने पतिपरायणा पत्नी हुन् । आफ्नो उत्तरदायित्वको बलियो चेत उनमा छ । अर्कातिर सुकमयाँ रोगी छन् । उनी देशका विभिन्न हस्पिटलहरूमा लैजाँदा पनि निको नभएर मृत्युवरण गर्न पुगेकी नारीका रूपमा पनि देखा परेकी छन् । उनी सत् पात्र र खण्डकाव्यकी मुख्य नायिका भई आफ्नो भूमिका निर्वाह गरेकी हुनाले बद्ध पात्र हुन् ।

यस शोककाव्यमा अन्य पात्रहरूमा छोराछोरी, डाक्टर, वैद्य, होटलमालिक, सरकारी कर्मचारीहरू सुकमयाँका साथीहरू, कविका साथीहरू आएका देखिन्छन् । यी पात्रहरूले काव्यमा खासै उल्लेखनीय भूमिका निर्वाह गर्न सकेको देखिँदैन । यस काव्यमा भैरव, देवीनारायणजस्ता दैवी पात्रको प्रयोग पनि गरिएको छ । धामी, झाँक्री, ज्योतिषजस्ता पात्रको प्रयोगले एकातिर नेपाली समाजको अन्धविश्वासी परम्परालाई प्रस्तुत गरेको छ भने अर्कातिर देउकीजस्ता पात्रको प्रयोगले पश्चिम नेपालको सांस्कृतिक पक्षलाई उद्घाटित गरेको देखिन्छ ।

यसरी हेर्दा **स्मृतिका लहरहरू** शोककाव्यको सुरूदेखि अन्त्यसम्म केन्द्रीय रूपमा एउटै पात्रको उपस्थिति छ । उसकै केन्द्रियतामा काव्यका सम्पूर्ण घटनाक्रमहरू प्रस्तुत गरिएका छन् । पात्रविधानका दृष्टिले हेर्दा यो शोककाव्य सशक्त छ ।

### ५.२.६ परिवेश

स्थान, काल र वातावरणको बोध परिवेशभित्र हुन्छ । यो **स्मृतिका लहरहरू** काव्य एक नेपाली गृहस्थको सामान्य धरातलमा उभिएको छ । सुकमयाँका गुणहरू, शीलस्वभावहरू उनीबाट पाएका मायाममताका स्पर्शहरू उनको मृत्युले शोकसन्तप्त वर्वाद हुन गइरहेको घरव्यवहार, आफू र उनका दैनिक कामकाजका कतिपय अंशहरूलाई छुट्टै तथा कतिपय पूर्व घटनाक्रमका मीठा अनुभवहरू पनि खोतल्दै कवि भावनाले यस काव्यमा बिस्तार पाएको छ । नेपालको गण्डकीक्षेत्रको परिवेशलाई यस काव्यमा प्रस्तुत गरिए तापनि सुकमयाँको उपचारका क्रममा पुगेका नेपालका काठमाडौं, पोखरा, चितवन आदि स्थानहरू तथा भारतका दिल्ली, लखनउँ, मद्रास, बम्बई आदि स्थानहरू पार्श्वभूमिका रूपमा आएका छन् । त्यस्तै, कविले आफ्नो जागिरको सिलसिलामा पुगेका नेपालका विभिन्न स्थानहरू डोटी, कैलाली, धनगढी, सिलगढी, स्याङ्जा, पर्वत आदि स्थानहरू पनि परिवेशका रूपमा आएका छन् । नेपाली, पहाडी र उत्तरी भेक नै यस काव्यको देशिक आधार बनेको देखिन्छ । यस काव्यमा नेपालको पर्वतदेखि लिएर अधिकांश स्थानहरू र भारतको भू-भागहरूसमेत परिवेशका रूपमा आए पनि मूलतः यसले कालीगण्डकीको सेरोफेरोलाई नै प्रस्तुत गरेको छ ।

यसरी कथानकीय घटनाको विकासका क्रममा आवश्यक देश, काल, परिस्थितिको चित्रण गरिएकाले परिवेश विधानका दृष्टिले यो सफल काव्य हो भन्न सकिन्छ ।

### ५.२.७ भावविधान

**स्मृतिका लहरहरू** शोककाव्यले अङ्गीकार गरेको मुख्य स्थायीभाव शोक हो । शोक स्थायीभावका अतिरिक्त रतिभाव पनि सहायकभावका रूपमा आएको छ । कवि र सुकमयाँबीचको पूर्वप्रणय वर्णनमा रतिभाव झल्किए तापनि काव्यान्तमा सुकमयाँको मृत्युले कवि शोकाकुल बन्दा शोकभाव परिलक्षित भएको पाइन्छ । यस काव्यमा पत्नी वियोगले भावविह्वल कारुणिक उच्छवासका साथै कहिल्यै नसकिने माया मोह छ, जस्तै- रतिभाव र

वात्सल्यभाव छ । स्थायीभाव तथा उत्साह, विस्मय, भयजस्ता भावहरू पनि यहाँ आएका छन् । यी स्थायीभावहरूको पृष्ठपोषणमा यस काव्यमा विप्रलम्भ शृङ्गार रसको एक मुख्य अङ्गरसका रूपमा परिपाक भएर सो विप्रलम्भ शृङ्गार रसले करुण रसमा पर्यवसान लिएको छ । सुकमयाँ र कवि श्रेष्ठको मिलनमा शृङ्गारभावको प्रस्तुति छ भने यी दुवैको विछोडमा विप्रलम्भ शृङ्गारभावको प्रस्तुति छ । जीवन भोगाइका तीता-मीठा सुख-दुःख, आँसु-हर्ष, संयोग-वियोग, माया-प्रीति, घात-प्रतिघात दया-माया आदि यथार्थभावहरूको समायोजन यस काव्यमा छ । केन्द्रीय रसका रूपमा करुणजन्य शोकभाव रहेको र उत्साह, शङ्का, ग्लानी, चिन्ता आदि सञ्चारीभावहरूले करुण र शोक रसलाई परिपाकमा पुऱ्याएका छन् । 'शोक' काव्यको केन्द्रीय भावतत्व हो (गौतम, २०३४:१८) ।

यसरी हेर्दा विप्रलम्भ शृङ्गार रसलाई अङ्ग बनाएर शोककाव्य **स्मृतिका लहरहरू**मा करुण रसले पराकाष्ठा पाएको छ र रस परिपाकका दृष्टिले यो काव्य उत्कृष्ट एवम् कलात्मक प्राप्तिका साथै प्रौढताको निसानी पनि बनेको छ ।

### ५.२.८ सर्गविधान

**स्मृतिका लहरहरू** शोककाव्यलाई कविले कुनै सर्ग, अध्याय वा खण्डमा विभाजन गरेका छैनन् । लोकलयमा रचना गरिएका ११४ पृष्ठ र ४०६ श्लोकहरूबाट यस काव्यको निर्माण भएको छ ।

### ५.२.९ छन्द एवम् लयविधान

**स्मृतिका लहरहरू** काव्यमा कविले लोकलयको प्रयोग गरेका छन् । जसले गर्दा कवि लोकलय वा झ्याउरे भाकाका माध्यमबाट विशिष्ट मिठास प्रदान गर्न सफल रहेका छन् । कविले झ्याउरे लय र शैलीमा **स्मृतिका लहरहरू** शोककाव्य प्रस्तुत गरेका छन् (भट्टराई, २०६०:७) । यस काव्यको भूमिका अन्तर्गत 'आफ्ना कुराहरू' मा स्वयम् लेखकले भनेका छन्- 'यो पुस्तक महाकवि लक्ष्मीप्रसाद देवकोटाले सृजना गर्नुभएको **मुनामदन** खण्डकाव्यको जस्तै लोक छन्द (झ्याउरे भाका) मा लेख्ने प्रयास गरेको छु । छन्द, बान्की र मात्रा नमिले पनि यसमा भाव व्यक्ताउन सजिलो लागेकाले यसलाई चयन गरेको पनि हुँ ।'

यस काव्यमा दुई पाठको एउटा श्लोक हुने लोकलयको प्रयोग भएतापनि कतैकतै गति र यति भङ्ग भई लय खण्डित हुन पुगेको छ । यसमा लोकलयलाई भाव र विचारले थिचेको छ । यस काव्यमा कतिपय पद्यहरूमा प्रयुक्त लोकलयमा विचलन आएको देखिन्छ । कविले यस काव्यमा लयात्मकता गेयात्मकता ल्याउनका लागि आद्य, मध्य र अन्त्यानुप्रासको सफल संयोजन गरेका छन् । छन्दयोजनाका क्रममा काव्यका कतिपय पद्यहरूमा व्याकरणात्मक विचलन ल्याएको देखिन्छ तर लयप्रयोग भने निकै मिठासयुक्त र श्रुतिरम्य छ ।

### ५.२.१० **कथनपद्धति**

प्रथम पुरुषीय कथनपद्धति नै यस काव्यका कथानकमा अपनाइएको छ । कविले आफ्नै जीवनवृत्तको शोकाकूल क्षणलाई काव्यमार्फत अभिव्यक्त गर्ने क्रममा कविप्रौढोक्ति उक्तिढाँचाको प्रयोग गरेका छन् । यस काव्यका प्रत्येक श्लोकहरूमा कविले आफ्ना कथाव्यथाहरूलाई सोझै व्यक्त गरेका छन् । यसमा कविले पत्नी सुकमयाँसँग प्रणयसूत्रमा बाँधिएदेखि उनको मृत्युपर्यन्तसम्मका सम्पूर्ण घटनालाई सोझै आफूले अभिव्यक्त गरेकाले यस शोककाव्यमा कविप्रौढोक्ति उक्तिढाँचाको प्रयोग भएको छ ।

### ५.२.११ **भाषाशैली**

भाषाशैलीका दृष्टिले हेर्दा यस शोककाव्यमा सर्वसाधारणले सजिलै बुझ्नसक्ने सरल, सहज भाषाशैलीको प्रयोग गरिएको छ । तत्सम, तद्भव, आगन्तुक र झर्रा नेपाली शब्दको प्रयोग गरिनुका साथै काव्यात्मक, सरल, सुवोध, हृदयगम्य, मधुर हृदयस्पर्शी भाषिक प्रयोग छ । यस काव्यमा कविले छन्दप्रति मोह देखाउनुले काव्यमा वर्णविन्यासगत विचलन आएको देखिन्छ । यस काव्यमा अजन्तलाई हलन्त गराउनुका साथै ह्रस्वलाई दीर्घ र दीर्घलाई ह्रस्व पनि बनाइएको छ । भीर् (भीर), पीर् (पीर), मोहन् (मोहन) जस्ता अजन्तलाई हलन्त पारिएका शब्दहरूको प्रयोग यस काव्यमा पाउन सकिन्छ । भाषिक शुद्धतातर्फ भने कविको त्यति ध्यान गएको देखिँदैन ।

### ५.२.१२ **बिम्ब, प्रतीक र अलङ्कारविधान**

**स्मृतिका लहरहरू** शोककाव्यमा विभिन्न किसिमका बिम्बहरूको प्रयोग गरिएको छ । यस्ता बिम्बहरूले व्यापक व्यञ्जनात्मक अर्थ प्रदान नगरेर स्थानीयभावको अभिवृद्धि गरेका छन् । जून, शीत, धरती, वन, रात दीपजस्ता बिम्बको प्रयोग यस काव्यमा पाइन्छ ।

अलङ्कारका दृष्टिले हेर्दा यस काव्यमा शब्दालङ्कार र अर्थालङ्कार दुबैको प्रयोग गरिएको छ । शब्दालङ्कारअन्तर्गत अनुप्रासको प्रयोग गरिएको छ भने अर्थालङ्कारमा उपमा, रूपक, उत्प्रेक्षा आदिको प्रयोग गरिएको छ ।

**स्मृतिका लहरहरू** शोककाव्य स्थानीय खालका बिम्ब र अलङ्कारको समन्वित गरेर रचना गरिएको छ । उपमा, रूपक, उत्प्रेक्षा अर्थालङ्कारहरूमा पनि कुनै विकसित कुनै अर्धविकसित र कुनै इषत् प्रष्फुटित अवस्थामा छन् । यसबाट अलङ्कार योजना कविको उद्देश्य नरहेको र भावप्रवाहको वेगमा स्वभावतः कतिपय अर्थालङ्कारहरूको रसायन पर्न गएको छ । यसका साथै यो काव्य वैदर्भी रीति, माधुर्य गुण र विभिन्न उक्तिहरूको प्रयोगले सिंगारिएको पाइन्छ ।

### ५.२.१३ **निष्कर्ष**

शान्तिनारायण श्रेष्ठद्वारा रचना गरिएको **स्मृतिका लहरहरू** शोककाव्य उनको अत्यन्तै उत्कृष्ट आठौँ प्रकाशित काव्यकृति हो । आफ्नी प्रेयसी सुकमयाँको वियोगात्मक पीडालाई यस काव्यमा विषयवस्तु बनाइएको छ र क्षतिजन्य शोक नै प्रमुख विषयबस्तु भएर आएको छ । लोकलयको प्रयोग गरी लेखिएको यस काव्यका कतिपय पद्यहरूमा यति र गति नमिलेको देखिन्छ । ४०६ श्लोकहरूमा पूर्ण भएको यस काव्यमा कविप्रौढोक्ति उक्तिढाँचाको प्रयोग गरिएको छ । अनुप्रास, उपमा, रूपक उत्प्रेक्षा आदि अलङ्कारहरूको सहज र स्वाभाविक प्रयोगले काव्यशिल्पलाई गहन तुल्याएको छ । सरल, सहज भाषाशैलीमा लेखिएको यो काव्य अभिधाका स्तरमा नै बोधगम्य रहेको छ । शोक स्थायीभावलाई अवलम्बन गरेर रचना गरिएको यस काव्यका बीचमा विभिन्न उपाख्यानहरूको संयोजन पाइन्छ । वैदर्भी रीति र माधुर्य गुणले युक्त यस शोककाव्यमा विभिन्न तत्सम, तद्भव र झर्रा नेपाली शब्दको प्रयोग पाइन्छ ।

यसरी स्मृतिका लहरहरू शोककाव्य कविको प्रौढ परिपक्व उमेरको निसानीका रूपमा रहेको छ र यसको लोकप्रियता पनि उल्लेख्य छ ।

## ५.३ ***विसङ्गति* मुक्तकसङ्ग्रहको अध्ययन**

### ५.३.१ **लेखन र प्रकाशन**

कवि शान्तिनारायण श्रेष्ठको **विसङ्गति** मुक्तकसङ्ग्रह चौथो प्रकाशित पुस्तकाकार कृति हो । विसङ्गति मुक्तकसङ्ग्रह वि.सं. २०५६ सालमा गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पर्वत, कुश्माद्वारा प्रकाशन भएको हो ।

कविता विधाको लघुत्तम रूपअन्तर्गत पर्ने मुक्तकलाई संस्कृत साहित्यशास्त्रमा युग्मक, कुलक, रत्नावली आदि एक पृष्ठसम्मका र एकदसमिक श्लोकसंख्यासम्मका लघुकवितालाई मुक्त कवितारूपअन्तर्गत राख्ने गरिएको भेटिन्छ (त्रिपाठी, २०६०:२९) । **विसङ्गति** मुक्तकसङ्ग्रहमा सङ्ग्रहित मुक्तकहरूमा कविका मनमा उद्वेलित भावहरूको तीब्रतालाई प्रस्तुत गर्नुका साथै कविले वर्तमान विकृति र विसङ्गतिका विरुद्ध ढाड सेक्ने गरी प्रहार गरेका छन् (श्रेष्ठ, २०५६:ख) । यस मुक्तकसङ्ग्रहमा समसामयिक समाजका रहेको विकृति, विसङ्गति, अन्याय, अत्याचार, दुराचार आदिको व्यङ्ग्य गरिएको छ । **विसङ्गति** मुक्तकसङ्ग्रहलाई समग्रमा कविताका निम्नानुसारका तत्त्वका आधारमा अध्ययन गर्नु सान्दर्भिक ठहरिन्छ :

### ५.३.२ शीर्षकविधान

प्रस्तुत मुक्तकसङ्ग्रहको शीर्षक **विसङ्गति** राखिएको छ । नेपालको राजनीतिक, सामाजिक, आीर्थक, प्रशासनिकक्षेत्रमा देखापरेको विकृति र विसङ्गतिलाई यस सङ्ग्रहका मुक्तकहरूमा अभिव्यक्त गरिएको छ । यसका प्रत्येक मुक्तकले उपर्युक्त विभिन्न क्षेत्रमा देखापरेका विसङ्गतिलाई प्रस्ट पार्ने काम गरेका छन् । **विसङ्गति** मुक्तकसङ्ग्रहको नामकरण अत्यन्तै सान्दर्भिक छ । किनकि यस सङ्ग्रहभित्रका मुक्तकहरूले वर्तमान विसङ्गतपूर्ण जीवन र जगतको व्यङ्ग्य हानेको कारणले यस सङ्ग्रहको नामकरण र मुक्तकभित्रका विषयवस्तु बीच तालमेल पाइन्छ । यसरी विसङ्गतिको चिरफार गर्ने खालका मुक्तकहरू यस सङ्ग्रहमा परेकाले यसको शीर्षक **विसङ्गति** सार्थक बनेको छ ।

### ५.३.३ संरचना

कवि शान्तिनारायण श्रेष्ठको **विसङ्गति** मुक्तकसङ्ग्रहको बाह्य संरचनालाई अध्ययन गर्दा यस सङ्ग्रह ७ इन्च लम्बाइ र ४.५ इन्च चौडाइ आकारको रहेको छ । यस सङ्ग्रहको अघिल्लो पृष्ठमा त्रासदीपूर्ण चित्र रहेको छ । जसको माथिल्लो भागमा ठूला राता अक्षरले सङ्ग्रहको नाम विसङ्गति लेखिएको छ भने तल्लो भागमा कविको नाम शान्तिनारायण श्रेष्ठ लेखिएको छ ।

बाहिरी आवरणको पछिलो पृष्ठमा कविको आधा कदको तस्विर छापिएको छ । त्यसको नजिकै कविको परिचय कविले लेखेका प्रकाशित र प्रकाशोन्मुख कृतिहरू लेखिएको छ । त्यसको तल कविको बारेमा संक्षिप्त टिप्पणी रमेश श्रेष्ठले लेखेका छन् । त्यसपछि भित्री पृष्ठमा यस मुक्तकसङ्ग्रहको परिचय तीर्थ श्रेष्ठले 'विसङ्गति र विकृति विरूद्धको प्रयत्न' शीर्षकको भूमिकाबाट गराएका छन् । त्यसपछि समपर्ण, प्रकाशकीय, लेखकको भनाइ आदिलाई समेट्दा क देखि छ सम्म लेखिएका छन् । जम्मा ६० पृष्ठमा यो सङ्ग्रह संरचित छ ।

जम्माजम्मी ११५ ओटा मुक्तकहरू रहेका यस सङ्ग्रहको आन्तरिक संरचनालाई हेर्दा न्यूनतम चारदेखि अधिकतम आठ लहर वा पङ्क्तियोजनासम्म फैलिएका मुक्तक यस सङ्ग्रहमा रहेको देखिन्छ । यस दृष्टिले प्रस्तुत सङ्ग्रहमा आठ पङक्तिका साठीओटा मुक्तकहरू सङ्ग्रहित छन् । यस सङ्ग्रहका अधिकांश मुक्तकहरू चार-चार पङ्क्तिका दुई अनुच्छेदमा विभाजित छन् । यस सङ्ग्रहका कतिपय अनुच्छेदहरू एक अर्कामा अर्न्तसम्बन्धित देखिए तापनि अधिकांश अनुच्छेदहरूले स्वतन्त्र भावलाई अभिव्यक्त गरेका छन् । कविले आफूलाई लागेका कुराहरू एउटै अनुच्छेदमा अभिव्यक्त गरेका छन् । यसरी एक भावपुञ्जलाई एक अनुच्छेदमा अभिव्यक्त गरेका यस सङ्ग्रहका मुक्तकहरूको आन्तरिक संरचना त्यति सवल भने देखिँदैन ।

### ५.३.४ **विषयवस्तु**

**विसङ्गति** मुक्तकसङ्ग्रहका मुक्तकहरूले समसामयिक समाजमा रहेको विकृति, विसङ्गति, अन्याय, अत्याचार आदिलाई देखाएका छन् । यस सङ्ग्रहमा वर्तमान समयमा नातावाद, कृपावाद, चाकडी र चाप्लुसी मौलाउँदै गएको यथार्थलाई कविले देखाउन खोजेका छन् । राजनीतिक नेताहरूको भ्रष्टाचारी, स्वार्थी प्रवृत्तिप्रति कविले व्यङ्ग्य प्रहार गरेका छन् । वर्तमान समयमा मान्छेबाट नैतिकता खस्कँदै गएको, स्वार्थीपना मौलाउँदै गएको, मानिस मात्र नभई ईश्वर पनि स्वार्थी बनेको कुरालाई पनि यस सङ्ग्रहका मुक्तकहरूले प्रस्ट्याएका छन् । यस सङ्ग्रहमा कविले सामन्तवर्गले निम्नवर्गका मानिसहरूप्रति गर्ने शोषण, दमनको विरोध गर्नुका साथै दोषी र भ्रष्टाचारी व्यक्ति राष्ट्रसेवक बन्न पुगेको कटु यथार्थलाई कविले प्रस्ट पारेका छन् । यस सङ्ग्रहमा कविले प्रजातन्त्रले ल्याएको विकृतिलाई चित्रण गरेका छन् । नेताहरूले पार्टीको सिद्धान्तलाई मागी खाने भाँडो बनाएको यथार्थलाई कविले यसरी व्यक्त गरेका छन् -

पार्टीको नाम र सिद्धान्त

माँगी खाने भाँडो भो

बहुदलीय व्यवस्था

हामीलाई हाँडो भो ॥२३॥

कविले जसरी कुकुरहरू हड्डीका लागि लुछाचुँडी गर्छन् त्यसैगरी नेताहरू पनि कुर्सीका लागि लुछाचुडी गर्छन् भन्ने कुरालाई यसरी देखाएका छन्-

जस्तै गर्छन् कुकुरहरू

हाडको निम्ति लुछाचुँडी

त्यस्तै भर्छन् नेताहरू

सत्ताबाट आफ्नो भुँडी ॥२४॥

त्यस्तै कविले यस सङ्ग्रहमा राजनीतिक सत्ता परिवर्तन पछि कर्मचारीहरूले सरुवाका नाममा भोग्नु परेका पीडालाई अभिव्यक्त गरेका छन् । सांसदहरूको किनबेचदेखि लिएर विकास निर्माणका काममा समेत भ्रष्टाचार भएको कुरा यसमा व्यक्त गरिएको छ । कविले यसमा सत्ताको होडबाजीको लडाइँको माझमा सोझा नेपाली जनताहरूलाई परेको यथार्थलाई पनि छलङ्ग पारेका छन् । सरकारी अस्पतालका डाक्टरहरू निजि क्लिनिक खोलेर पैसा कमाउने धुनमा लागेको कुराको प्रस्तुति पनि यस सङ्ग्रहमा पाइन्छ । सरकारी कर्मचारीहरूले जनताको काम नगरी जनतालाई दुःख दिने प्रवृत्तिको भण्डाफोर यस सङ्ग्रहमा गरिएको छ । यस सङ्ग्रहका मुक्तकमा शैक्षिक क्षेत्रमा देखापरेका विसङ्गतिलाई पनि छुने प्रयत्न गरिएको पाइन्छ । वर्तमान समयमा विसङ्गति र विकृति मौलाउँदै गएकाले मान्छेको अस्तित्व सङ्कटमा परेको कुरालाई कविले यस सङ्ग्रहका मुक्तकमा व्यक्त गरेका छन् । साथै मानिसबाट इमान्दारी हराउँदै गएकाले कविले त्यसप्रति चिन्ता प्रकट गरेका छन् । यस सङ्ग्रहका मुक्तकमार्फत् मान्छे कर्तव्यपथबाट विचलित, अस्तित्वहीन, गतिहीन र विश्वासहीन भएको कुरा व्यक्त गरेका छन् ।

### ५.३.५ लयविधान

कवि शान्तिनारायण श्रेष्ठको **विसङ्गति** मुक्तकसङ्ग्रहका सबै मुक्तकहरू मुक्तलयमा रचिएका छन् । कविले आफ्नो भाव, विचारलाई अभिव्यक्त गर्ने क्रममा मुक्तलयलाई आत्मसात् गरेका

छन् । कविले मुक्तकसङ्ग्रहमा लयात्मकता प्रदान गर्नका लागि विषम मध्यानुप्रास र अन्त्यानुप्रासको सहज प्रयोग गरेका छन् ।

**विसङ्गति** मुक्तकसङ्ग्रहभित्रका मुक्तकहरूमा पाठकहरूको मन छुन सक्ने लयवद्ध चोटिलो अभिव्यक्ति पाइन्छ, जसले पाठकको मनलाई प्रभावित र जागरूक बनाएको छ ।

### ५.३.६ कथनपद्धति

**विसङ्गति** मुक्तकसङ्ग्रहका मुक्तकहरू कविले देखेका, भोगेका र अनुभव गरेका कुराहरूलाई अभिव्यक्त गर्ने क्रममा आएका हुनाले यसमा कविप्रौढोक्ति उक्तिढाँचाको प्रयोग गरिएको पाइन्छ । त्यसैले यस सङ्ग्रहका मुक्तकहरू सोझै कविकथनमा आधारित रहेका छन् ।

### ५.३.७ भाषाशैली

प्रस्तुत मुक्तकसङ्ग्रहमा सङ्कलित मुक्तकहरूमा कवि श्रेष्ठले सामान्य नेपाली पाठकले बुझ्नसक्ने सरल भाषाशैलीको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा रहेका मुक्तकमा तत्सम, तद्भव, आगन्तुक अनुकरणात्मक, निपात, उखान र स्थानीय कथ्य भाषाका शब्दहरूको प्रयोग गरी सामान्य पाठकले पनि बुझ्न सक्ने गम्भीर अर्थ र सरल भाषाशैलीको प्रयोग गरिएको छ । उक्त मुक्तकहरूमा ईश्वर, द्रव्य पत्र, विद्यालय, जीवन, प्रजातन्त्रवादी, माया, युग वातावरणजस्ता तत्सम शब्दहरूको प्रयोग गरिएको छ । यसै गरी सर्ट, डाक्टर, विल्डिङ, फिस, ट्युसन, सिनेमा, अफिस, स्पेशल आदिजस्ता अङ्ग्रेजी आगन्तुक र शराव, दिलजस्ता हिन्दी आगन्तुक शब्दहरूको प्रयोग भएको छ । यसै गरी तिम्ले, ओख्तोजस्ता कथ्य भाषामा प्रचलित रहेका शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहमा पाउन सकिन्छ । त, नि, रे जस्ता निपातको प्रयोग यस सङ्ग्रहका मुक्तकहरूमा भएको देखिन्छ । रचनालाई रोचक बनाउन ‘जुन जोगी आयो कानै चिरेको’, ‘ताक परे तिवारी नत्र गोतामे’जस्ता नेपाली समाजमा प्रचलित उखानहरूको प्रयोग पनि कविले गरेका छन्, जसले भावलाई प्रस्ट पार्न सहयोग पुऱ्याएका छन् । ङ्वार्र, चसक्क, झलमल, भुसुक्क आदि जस्ता अनुकरणात्मक शब्दहरूको उचित प्रयोग यस सङ्ग्रहमा भएको छ । इतिहास, शामन्ती हाजीरजस्ता शब्दहरूमा वर्णविन्यासगत अशुद्धि पनि यस सङ्ग्रहमा भेटिन्छन् । यस सङ्ग्रहका मुक्तकहरूमा छवएला, वजीजस्ता नेवारी भाषामा प्रचलित रहेका

शब्दहरूको प्रयोग गरिएको छ । यसरी भाषाशैलीका दृष्टिले प्रस्तुतसङ्ग्रहका मुक्तकहरू सफल बन्न पुगेका छन् ।

### ५.३.८ बिम्ब, प्रतीक र अलङ्कारविधान

**विसङ्गति** सङ्ग्रहका मुक्तकहरूमा कविले लघुबिम्बहरूको प्रयोग गरेका छन् । कुकुर, ढाक्रे, घाँटी, हाड, भुँडी, अभिमन्युजस्ता पौराणिक बिम्बहरूको प्रयोग यस मुक्तकसङ्ग्रहमा गरिएको छ । यस्ता खालका बिम्बहरूले सम्बन्धित भावको उत्कर्ष बढाएको पाइन्छ । यस सङ्ग्रहमा प्रयोग भएका जीर्ण शीर्ण भै टुटेको नदीको पुलजस्तै, हावाले छिन्नभिन्न पारेको बादल, ओइलेर झरेको बगैंचाको फूल जस्तै, बहुलाएर लक्ष्यविहीन भै हिँड्ने कुकुरजस्तै, व्याधाले परिवारविहीन तुल्याएको ढुकुरजस्तै, नदीको भेलले बगरमा फालेको मूढो जस्तै, पीरै पीरले थाकेर पाकेको बूढो जस्तै आदि प्रतीकात्मक वाक्यहरूको प्रयोगले यस सङ्ग्रहका मुक्तकहरू आकर्षक बन्न पुगेको देखिन्छ ।

विसङ्गति मुक्तकसङ्ग्रहमा उपमा, उत्प्रेक्षा आदि अर्थालङ्कारको प्रयोग गरिएको छ भने शब्दालङ्कारमा विषम मध्यानुप्रास र अन्त्यानुप्रासको प्रयोग गरिएको छ ।

यसरी यस मुक्तकसङ्ग्रहमा कविले पौराणिक एवम् परम्परित बिम्ब, प्रतीक र अलङ्कारको प्रयोग गरी तिनलाई प्रभावकारी बनाएका छन् ।

### ५.३.९ निष्कर्ष

**विसङ्गति** कवि शान्तिनारायण श्रेष्ठको चौथो प्रकाशित मुक्तकसङ्ग्रह हो । विभिन्न क्षेत्रमा देखिएका विकृति, विसङ्गतिलाई आधार बनाएर विसङ्गति नामकरण गरिएको यस मुक्तकसङ्ग्रहमा ६० ओटा मुक्तकहरू सङ्ग्रहीत छन् । मुक्तलयमा रचना गरिएका यस सङ्ग्रहका मुक्तकहरूले मुक्तक कवितामा हुनुपर्ने गुणहरू बोकेर समाजमा रहेको विकृति, विसङ्गति, भ्रष्टाचार, दुराचार, महङ्गी, अपवित्र गुटबन्दी र अन्याय अत्याचारका विरुद्ध विद्युतीय झड्का बनेर चोटिलो प्रहार गरेको पाइन्छ । यस मुक्तकसङ्ग्रहमा सरल सहज भाषाशैलीको प्रयोग गरिएको छ । कविप्रौढोक्ति उक्तिढाँचामा रचना गरिएका यस सङ्ग्रहका मुक्तकहरूले विकृति र विसङ्गतिलाई देखाएका छन् । अनेक पौराणिक र स्थानीय लघुबिम्बका

साथै विविध शब्दालङ्कार र अर्थालङ्कारको प्रयोग तथा प्रतीकात्मक वाक्यहरूको प्रयोगले यस सङ्ग्रहका केही मुक्तकहरू व्यञ्जनात्मक बनेतापनि अधिकांश मुक्तकहरू अभिधाका स्तरमा नै वोधगम्य बन्न पुगेका छन् ।

## ५.४ *अनुभूति* गजलसङ्ग्रहको अध्ययन

### ५.४.१ लेखन र प्रकाशन

**अनुभूति** गजलसङ्ग्रह शान्तिनारायण श्रेष्ठको सातौँ प्रकाशित कृति हो । नेपाली कविताका क्षेत्रमा योगदान पुऱ्याउने श्रेष्ठको यस गजलसङ्ग्रहको प्रकाशन गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, कुश्मा पर्वतले २०६० सालमा गरेको हो । यस गजलसङ्ग्रहमा श्रेष्ठका ३८ ओटा गजलहरू समेटिएका छन् । 'निष्पक्ष अभिमत' साप्ताहिकमा छापिएका ३८ ओटा गजललाई यस सङ्ग्रहमा समेटिएको छ । यस गजलसङ्ग्रहको भूमिका खण्डमा 'धौलागिरि साहित्य प्रतिष्ठान' बागलुङका सदस्य षडानन्द पौड्यालको 'मन्तव्य' र लेखकको भनाइ गरी क देखि ज सम्म श्रेष्ठका रचनाबारे समीक्षा गर्दै भूमिका लेखिएका छन् ।

**अनुभूति** गजलसङ्ग्रहका गजलमा समसामयिक परिस्थिति र प्रणयसम्बन्धलाई विषयवस्तु बनाइएको छ । मानवीयताको ह्रास भएपछि नेताले जनतालाई बिर्सेर सधैँ आफ्नो व्यक्तिगत स्वार्थपूर्तिका लागि कसरी लागेका छन् भन्ने कुरा यस सङ्ग्रहमा समेटेका छन् । यस गजलसङ्ग्रहलाई निम्नानुसारका उपशीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

### ५.४.२ संरचना

शान्तिनारायण श्रेष्ठको **अनुभूति** गजलसङ्ग्रह ७ इन्च लम्बाइ र ५ इन्च चौडाइ आकारको रहेको छ । यस सङ्ग्रहको वाहिरी आवरणको अघिल्लो पृष्ठमा आकाशी रङ्को पृष्ठभूमिमाथि आकर्षक चित्र छापिएको छ । त्यसैगरी भित्री पृष्ठमा प्रकाशकीय छापिएको छ । षडानन्द पौड्यालद्वारा लेखिएको मन्तव्य चार पृष्ठमा छ । त्यसपछिको पृष्ठमा कविको भनाइ छापिएको छ । भनाइपछिको एक पृष्ठमा विषयसूची उल्लेख गरिएको छ । ३८ पृष्ठमा लेखिएको यस गजलसङ्ग्रहमा ३८ ओटा गजलहरू समेटिएका छन् । यस सङ्ग्रहमा समाविष्ट ३८ ओटा गजलहरूले यस सङ्ग्रहको बाह्य संरचना निर्माण गरेका छन् । यसमा सङ्ग्रहित अधिकांश गजलहरू पाँचदेखि छ सेरबाट निर्मित ३८ ओटा गजलहरूसम्म यस सङ्ग्रहको बाह्य संरचना बिस्तारित भएको छ ।

जम्मा ३८ ओटा अनुभूति यस सङ्ग्रहमा समावेश गरिएको छ । प्रत्येक अनुभूतिमा ६ ओटा गजल समावेश गरिएको छ । औसत एक अनुभूतिअन्तर्गत एक शीर्षकमा आबद्ध गर्ने काम गरिएको छ (पौड्याल, २०६०:ग) ।

**अनुभूति** गजलसङ्ग्रहको आन्तरिक संरचनालाई हेर्दा यस सङ्ग्रहका गजलहरूमा मतला मिलाइएको पाइन्छ । यहाँ कविले मकतासम्बन्धी नियमलाई पनि पूर्णतः पालना गरेका छन् भने रदिफसम्बन्धी नियमलाई केही मात्रामा पालना गरेका छन् । तसर्थ यस सङ्ग्रहमा रहेका केही गजलहरू गजलविधाको नियमभन्दा बाहिर रहेको देखिन्छ । यस सङ्ग्रहमा आएका 'मैले भने माया गर्ने', 'अस्तिसम्म आँगनीमा', 'उनको मेरो साक्षात्कार', 'संयोग र वियोगको'जस्ता शीर्षक दिइएका गजलहरूमा रदिफ मिलेको छैन र यी गजलहरू गीतजस्ता हुन पुगेका छन् । गजलविधाको बारेमा कविको यस्तो भनाइ रहेको छ- "गजलविधाको सैद्धान्तिक पक्षको राम्रो ज्ञान नहुँदानहुँदै पनि गेयात्मक, ओजपूर्ण भावसंयोजन र तुकबन्दी मिलाउन सके गजल बन्छ होला (श्रेष्ठ, २०६०:च) ।" कवि स्वयम् पनि गजलविधाका बारेमा अस्पष्ट रहेका छन् । यस सङ्ग्रहका केही गजल काफिया मिलेका छन् भने अधिकांश गजल काफिया नमिलेका छन् । तर गजलमा तखल्लुसको प्रयोग भने भएको छैन । त्यसैले यस गजल सङ्ग्रहमा आएका गजलहरू गजलका नियममा बाँधिएका छैनन् ।

### ५.४.३ विषयवस्तु

कविले **अनुभूति** गजलसङ्ग्रहका गजलमा विषयगत विविधता देखाएका छन् । यस सङ्ग्रहका गजलहरू समाज राष्ट्र र मानवीय संवेदनाभित्रका भिन्दाभिन्दै चित्रहरूसँग सामाजिक विकृति, विसङ्गति प्रेम-वियोगको यथार्थ भावना बोकेर आएको पाइन्छ । समसामयिक परिस्थिति र प्रणयसम्बन्धलाई यस सङ्ग्रहका गजलको विषयवस्तु बनाइएको छ । विशेषतः गजलविधाले मायाप्रीति र व्यङ्ग्यविनोदी भावलाई पछ्याउने गर्दछ । यो सङ्ग्रहभित्र समावेश भएका अधिकांश गजलहरू राष्ट्र दुखेको भावमा अभिव्यक्त भएका छन् तापनि आफ्नो धर्मलाई आत्मसात गरी स्वप्निल स्नेहका आभा यसरी उर्लेर आएका छन्–

> सँगै बाँच्ने सँगै मर्ने कसम खाई लगाएको
>
> अजम्मरी मायाँ हाम्रो बचाउनै बाधा भयो ॥१॥ (पौड्याल, २०६०:ग)

यस गजलसङ्ग्रहले समसामयिक परिस्थिति र परिवेशजन्य विषयभावलाई समेट्न पुगेको छ । आज नवनिर्माण गर्नुपर्ने समयमा बिहानै उठेको बालकले पहिलो प्रहार आफ्नी आमालाई गर्दा मातृहृदय जसरी छियाछिया हुन्छ, त्यसरी नै लेखकले मनमुटु छियाछिया भएको भाव व्यक्त गरेका छन् । त्यसै गरी देशको भकारी रित्याएर मोजमस्तीमा झुमेका हाम्रा नेताहरूलाई पनि कविले आफ्ना गजलको क्यानभासमा उतारेका छन् । मानवीयताको ह्रास भएपछि नेताले जनतालाई बिर्सेर सधैँ आफ्नो व्यक्तिगत स्वार्थपूर्तिका लागि लागेका हुन्छन् भन्ने भाव यस सङ्ग्रहमा पोखिएको पाइन्छ । हाम्रो राष्ट्रिय राजनीतिमा प्रजातन्त्रको पुनर्स्थापनापछि देखापरेको आरोह अवरोहले सत्तास्वार्थ र शक्तिप्रदर्शन गर्ने प्रवृत्ति विकास हुँदै जाँदा नेपालको कला संस्कृति बिस्तारै विदेशीका महलमा शोभायमान बन्न गएका छन् भन्ने धारणा यस सङ्ग्रहका रचनामा व्यक्त गरेका छन् (पौड्याल, २०६०:घ) । नदीनालाको आफैँले संरक्षण नगरेर विदेशीलाई हस्तान्तरण गर्ने प्रवृत्तिको पनि यस सङ्ग्रहमा भण्डाफोर गरिएको छ । राष्ट्रिय अस्मिताको संरक्षणमा लाग्नका लागि कविले जनतालाई आव्हान गरेका छन् । कविले भोको पेट र नाङ्गो आङ लिएर हात पसारिरहेको जनताको भोक टार्न त परै जाओस् नेताहरूले झुटा आश्वासन बाँडिरहेको कटुसत्यलाई गजलका माध्यमबाट अभिव्यक्ति दिएका छन् । यसमा हाम्रो समाजमा विद्यमान समस्याका पृष्ठभूमिका धर्म, कला, संस्कृति र परम्परामा आज आएको ह्रासलाई उजागर गर्न खोजिएको छ । माया, प्रेम आफैँमा सद्भावका विषय हुन् । यिनले मानिसको जीवन सौन्दर्यलाई प्रतिपादन गर्नुपर्छ । अन्यथा जीवन सुख र निराशपूर्ण हुन्छ । यिनै भावमा यो सङ्ग्रह केन्द्रित देखिन्छ (पौड्याल, २०६०:ङ) ।

त्यसैले अनुभूति गजलसङ्ग्रहमा राष्ट्रप्रेम र समसामयिक विषयलाई गजलका माध्यमबाट अभिव्यक्ति दिने प्रयास गरिएको छ । प्रेमी र प्रेमिकाको विछोडबाट उत्पन्न हुने नैराश्यलाई यस सङ्ग्रहमा विषयवस्तु बनाइएको छ ।

### ५.४.४ लयविधान

**अनुभूति** गजलसङ्ग्रहका गजलहरू बहरका विविध लयमा संरचित छन् । गजलहरू गेयगुणले युक्त र अर्थगौरवले युक्त, सुन्दर प्रतीकात्मक हुनुका साथै शृङ्गारिक रसलाई बोकेर भावनात्मक, गेयात्मक, लयात्मक र रागात्मकभाव सम्प्रेषण गरेका छन् । यस सङ्ग्रहका गजलहरू आकर्षक र मनमोहक छन् । गजलमा विनोदपूर्ण रसिकता र रोमाञ्चकभावको व्याप्ति

छ । यसरी भावको सङ्गीतपूर्ण अभिव्यक्तिले सजिएका यी गजलहरू त्यत्तिकै लयात्मक पनि छन् ।

### ५.४.५ भाषाशैली

भाषा गजलको महत्त्वपूर्ण तत्त्व हो । गजल भाषाकै माध्यमद्वारा अभिव्यक्त हुन्छ भने लयको प्रकटीकरण पनि भाषाकै निश्चित अक्षरहरूको व्यवस्थित सयोजनबाट प्रकट हुन्छ (बराल, २०६०:३२०) ।

भाषाशैलीका दृष्टिले अनुभूति गजलसङ्ग्रह सुन्दर देखिन्छ । यस सङ्ग्रहमा सरल, सहज भाषाशैलीको प्रयोगका साथै तत्सम, कथ्य र आगन्तुक शब्दहरूको प्रयोग गरिएको पाइन्छ । परीक्षा, भागबण्डा, भेष, जनप्रतिनिधिजस्ता तत्सम शब्द र कोट, पाइन्टजस्ता आगन्तुक शब्दहरूको प्रयोग यस सङ्ग्रहमा पाइन्छ । त्यसैगरी तिम्ले, आउँछन्कि, उन्कै देकोजस्ता कथ्य शब्दहरूको प्रयोग गरिएको छ । खेरी, लाइ, कुन्नीजस्ता वर्णविन्यासगत अनुशासनभन्दा बाहिरका शब्दहरूको प्रयोगले वर्णविन्यासगत विचलन आएको देखिन्छ ।

### ५.४.६ बिम्ब-प्रतीक र अलङ्कारविधान

शान्तिनारायण श्रेष्ठको **अनुभूति** गजलसङ्ग्रहका गजलमा फूल, ढुङ्गा, बादल, मूल समाज, संस्कृति, प्रकृति गुलाब, काँडा, पत्थर, थालजस्ता स्थानीय बिम्बप्रतीकहरूको प्रयोग गरिएको पाइन्छ । यस्ता बिम्बप्रतीकहरूले व्यापक, व्यञ्जनात्मक अर्थ वहन गर्न सकेका छैनन् । त्यसै गरी यस सङ्ग्रहका गजलहरूमा शब्दचातुर्य भावचमत्कृति पैदा गर्न विभिन्न अलङ्कारको पनि प्रयोग गरिएको छ । उपमा, उत्प्रेक्षा, स्वभावोक्तिजस्ता अर्थालङ्कारको प्रयोग यस सङ्ग्रहमा पाउन सकिन्छ । यस सङ्ग्रहका गजलहरू अभिधाका स्तरमा नै बोधगम्य रहेका छन् ।

### ५.४.७ निष्कर्ष

**अनुभूति** गजलसङ्ग्रह कवि शान्तिनारायण श्रेष्ठको सातौं प्रकाशित कृति हो । यो गजलसङ्ग्रह विविध शीर्षकका ३८ ओटा गजलहरूबाट निर्मित भएको छ । राष्ट्रप्रेम, प्रेमिकाप्रतिको मिलन र विछोड साथै समसामयिक विषयलाई अवलम्बन गरेर यस सङ्ग्रहका गजलहरू लेखिएका छन् । यस सङ्ग्रहका गजलहरूले शृङ्गारिक रसलाई बोकेर लयात्मक, गेयात्मकभाव सम्प्रेषण गरेका

छन् । मकता, रदिफजस्ता नियमलाई केही मात्रामा पालना गरेर लेखिएका यस सङ्ग्रहका गजलहरूमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । स्थानीय बिम्बप्रतीकहरूको प्रयोगका साथै उपमा, उत्प्रेक्षा, स्वभावोक्तिजस्ता अर्थालङ्कारको प्रयोग यस सङ्ग्रहमा गरिएको छ । यस सङ्ग्रहका अधिकांश गजलहरू नियममा आधारित छन् भने केही गजलहरू नियम विपरित पनि छन् । तसर्थ **अनुभूति** गजलसङ्ग्रह कविको गजलविधाको आभ्यासिक रचनाका रूपमा देखापरेको छ ।

## ५.५ *अजम्मरी माया* गजलसङ्ग्रहको अध्ययन

### ५.५.१ लेखन र प्रकाशन

**अजम्मरी माया** गजलसङ्ग्रह शान्तिनारायण श्रेष्ठको बाह्रौ प्रकाशित कृति हो । यो गजलसङ्ग्रह रविन्द्रनारायण श्रेष्ठले २०६३ सालमा प्रकाशित गरेका हुन् । यस गजलसङ्ग्रहमा शान्तिनारायण श्रेष्ठका १०० ओटा गजल समेटिएका छन् ।

**अजम्मरी माया** गजलसङ्ग्रहमा शान्तिनारायण श्रेष्ठले वियोगका पीडाहरूसँगै प्रेमजन्य रतिरागका विषय र समसामयिक सामाजिक एवम् राजनीतिक विषयवस्तुलाई पनि उठाएका छन् (ज्ञवाली, २०६३:२२) । यस गजलसङ्ग्रहलाई निम्नानुसारका उपशीर्षकहरूमा अध्ययन गर्न सकिन्छ :

### ५.५.२ संरचना

शान्तिनारायण श्रेष्ठको **अजम्मरी माया** गजलसङ्ग्रह ८.५ इन्च लम्बाइ र ५.५ इन्च चौडाइ आकारको रहेको छ । आकर्षक चित्रको आवरणसहित प्रकाशित यस गजलसङ्ग्रहमा जम्माजम्मी १३६ पृष्ठ रहेका छन् । जसमा १०० ओटा गजलहरू समेटिएका छन् । यस गजलसङ्ग्रहको भूमिका खण्डमा सम्पादकीयको 'भूमिका', ज्ञानुवाकर पौडेलको 'मन्तव्य', डा. घनश्याम न्यौपाने परिश्रमीको 'अजम्मरी मायाका लागि केही शब्द', बुँद रानाको 'सलाम अजम्मरी माया लाउनेलाई', साहित्यवाटिका श्रेष्ठ प्रिया पत्थरको 'युगौंयुग बाँचिरहोस अजम्मरी माया', रुद्र ज्ञवालीको 'अजम्मरी मायाका सौगातहरू', गोविन्दराज विनोदीको 'हार्दिक शुभकामना', धनराज गिरीको 'यानीमायालाई मुटुभरिको माया', खगेन्द्र गिरीको 'जीवनको खोजीमा सङ्घर्षरत गजल यात्रालाई सलाम' गरी ३४ पृष्ठसम्म श्रेष्ठका रचनाहरूको समीक्षा गर्दै भूमिका लेखिएका छन् ।

अजम्मरी माया गजलसङ्ग्रहमा सङ्कलित १०० ओटा गजलहरू मध्ये चार ओटा गजलहरू बाह्र पङ्क्तिमा पूर्ण भएका छन् भने ९६ ओटा गजलहरू दस पङ्क्तिमा पूर्ण भएका छन् । यस सङ्ग्रहमा गजलका आवश्यक तत्त्व रदिफ, काफिया, मतला, मक्ता, तखल्लुस आदिको समुचित प्रयोग भएको छ । यस सङ्ग्रहको नामकरणका लागि गजलकार श्रेष्ठले उक्त सेर (मतला) बाट शब्दहरू लिएका छन्- **अजम्मरी माया** । प्रस्तुत सङ्ग्रह अन्तर्गत अधिकांश गजलहरूमा लयको व्यवस्था राम्रो ढङ्गले गरिएको छ । मूलतः नेपाली गजलमा प्रचलित नेपाली बहर (लय) हरूलाई नै गजलकारले प्रयोग गरेका छन् । यस सङ्ग्रहभित्रका धेरै गजलहरू ४×४ गति र यतिको सूत्रमा रचिएका छन् भने केही गजलहरूमा ४×३, ४+४, ३+४, ४×३+२, ५×२+६, ४×२+५, ५×२, ४×३ सूत्रहरू प्रयोग भएका छन् । यसै सङ्ग्रह भित्रको ७२ औं गजल भने शास्त्रीय बहरको फऊलुन × ४ (iss×4) सूत्रमा रचिएको छ (न्यौपाने, २०६३:९)

नजर् यो मिलेथ्यो जसै त्यो नजर्मा

फुले झैँ भयो फूल खाली बगर्मा ॥७२॥

यिनले मुरद्दफ र गैरमुरद्दफ दुबै खाले गजलहरू लेखेका छन् तर विषयवस्तुका दृष्टिले भने मुसलसल गजलहरूकै व्याप्ति छ (न्यौपाने, २०६३:११) ।

गजलका संरचनात्मक पक्षको बारेमा भन्नुपर्दा बढी भन्दा बढी सचेत भएर लेखिएका यी गजल गजलका लागि आवश्यक पर्ने तत्त्वहरू प्रति सचेत भएर लेखिएका छन् । केही गजलहरू मुरद्दफ छन् भने केही गैरमुरद्दफ पनि छन् । प्रायजसो गजलमा पूर्ण काफियाको प्रयोग भएको छ (श्रेष्ठ, २०६३:१९) ।

### ५.५.३ विषयवस्तु

**अजम्मरी माया** गजलसङ्ग्रहका गजलहरूमा समाज र समयको प्रतिबिम्बन अत्यन्त प्रभावकारी ढङ्गले भएको छ । सामाजिक तथा राजनीतिक क्षेत्रका विकृति, विसङ्गति र विद्रुपताको यथार्थ उद्घाटन यस सङ्ग्रहमा गरिएको छ । कविले आफ्ना मनका भावना र अनुभूतिहरूलाई गजलका सेरहरूमार्फत व्यक्त गरेका छन् । यिनले गजलमा विषयगत विविधता देखाएका छन् । यिनका अधिसङ्ख्यक गजलहरू प्रणयकथ्यमा रचिएका छन् । प्रेमका विविध पक्षहरू गजलका

सेरहरूमा अभिव्यञ्जन भएको देखिन्छ । प्रणयचेतनाका अतिरिक्त देशप्रति चिन्ता, लोकतन्त्रप्रति आस्था, दीन दुःखीहरू प्रति सहानुभूति तथा विसङ्गति विकृतिबोधका भावहरू पनि सवल छन् । यस सङ्ग्रहले श्रेष्ठलाई एउटा सचेत र होसियार गजलकारका रूपमा उभ्याएको छ । (न्यौपाने, २०६३:११) । कविले प्रणयभाव व्यक्त गरी केही गजल लेखेका छन् । प्रणयभाव अभिव्यक्त भएका शृङ्गारिक सेरहरू यस्ता छन् :

तिमी आयौ जीवनमा बहार आए जस्तै

आकाशमा टहटह जून छाए जस्तै ॥११८॥

त्यसै गरी केही गजलहरू प्रणयभावेतर पनि लेखेका छन्, जस्तै :

अहो के हुँदै छ हाम्रो यो देशमा

शत्रु पस्यो कि हँ, मित्रको भेषमा ॥५३॥

यसरी शान्तिनारायण श्रेष्ठका गजल पढ्दा थाहा हुन्छ कि यिनी राष्ट्रिय स्वाभिमान र आत्मगौरवका पक्षमा उभिन चाहने कवि हुन् । यिनका गजलहरूले वर्तमान समयको तीतो र अप्रिय वास्तविकताप्रति व्यङ्ग्य प्रहार गरेका छन् (पौडेल, २०६३:७) । यस सङ्ग्रहमा गजलकारले प्रणयन्मुख शृङ्गारिकभाव, मायाप्रेममा विछोड, बर्तमान स्थितिप्रति शङ्का, बढ्दो सहरीकरणप्रति चिन्ता देशमा बढ्दो हत्याहिंसाप्रति खिन्नता, मान्छेमा निहित षड्यन्त्र, नातावाद, स्वार्थपरकता, नैतिकहीनता, षड्यन्त्र, अवसरवाद, हैकमवादको विरोध, पाखण्डता, लोकतन्त्रको चाहना, स्वदेश र संस्कृतिप्रेम, गरिबीको पीडा, मेलमिलापको चाहनाजस्ता समसामयिक विषयलाई व्यक्त गरेका छन् । गजलकारले विषयमा विविधता दिएर बौद्धिक र विविध विषयवस्तुमा आफूमा पर्याप्त ज्ञान रहेको परिचय दिएका छन् (श्रेष्ठ, २०६३:१६) ।

**अजम्मरी माया** गजलसङ्ग्रहले नैसर्गिक मात्र नभएर समाज र राष्ट्रप्रति देशवासीको मायालाई खोजेको छ, देशमा विद्यमान थुप्रै समस्याको निकास खोजेको छ, मान्छेभित्र मानवता खोजेको छ, नेपाली समाजको मूल्य विघटन हुँदै गइरहेको सन्दर्भमा अवमूल्यन जिन्दगीको मूल्यस्थापना खोजेको छ । मान्छेमा नैतिकता, कर्मठता र इमान्दारिताको खोज गरेको छ (श्रेष्ठ, २०६३:१९) । यस गजलसङ्ग्रहमा कविको गीतिचेतना बढी मुखरित भएको पाइन्छ ।

विषयगत हिसाबले हेर्दा प्रस्तुत गजलसङ्ग्रहले जीवनका विविध पक्षलाई समेट्ने प्रयत्न गरेको देखिन्छ । यसभित्र कतै प्रेमप्रणयको विनम्र आवेदन छ भने कतै निष्ठुरी मायालुप्रति गुनासो पनि रहेको छ । कतै स्खलित मानवीय मूल्य मान्यताप्रतिको जुगुप्सा अभिव्यञ्जित छ भने कतै देशको जटिल अवस्थाप्रति चिन्ता प्रकट भएको छ । एकातिर पाखा पखेरा, खोच बेसीका लहरा पहरामा चहचहाउँदै आफ्नी मायालुसँग उन्मूक्त विचरण गर्ने तीब्र उत्कण्ठा उनमा विद्यमान छ भने अर्कोतर्फ पत्नी वियोगको मर्मान्त पीडामा निथ्रुक्कै भिजेका छन् । यसरी शान्तिनारायण श्रेष्ठका गजलमा वियोगका पीडाहरूसँगै प्रेमजन्य रतिरागका विषय र समसामयिक सामाजिक एवम् राजनीतिक विषयवस्तुलाई उठाइएको देखिन्छ (ज्ञवाली, २०६३:२२) । कविले नेपालीपनप्रति आत्मगौरव राख्दै आफ्नो मातृभूमिप्रति अगाध माया, सम्मान र अटुट आस्था जगाउँदै देश छोडेर प्रवासिएका परदेशीलाई स्वदेश फर्कन आव्हान गर्दै लेख्छन्–

आफ्नै गाउँ फर्क राजै आटो पीठो खाउँला बरु
चोली भोटो फाटे पनि धोइटाली लाउँला बरु ॥६८॥

नेपाली भाषा, साहित्य प्रेम, राष्ट्रको सर्वाङ्हिण विकासको चाह, आध्यात्मिक भावना र प्रेमको अमरताको अभिव्यक्ति पनि यस गजलसङ्ग्रहमा रोचक रूपमा प्रकटित भएको छ ।

विषयवस्तु, रूप र अन्तर्वस्तुका हिसाबले हेर्दा यस गजलसङ्ग्रह नवीनताको संश्लेषणमा भन्दा परम्पराको निरन्तरतामा केन्द्रित रहेको पाइन्छ । यस गजलसङ्ग्रहमा रतिराग, प्रेम-आवेदन, प्रेमी-प्रेमिका बीचको अन्तर्द्वन्द्व, शंका-गुनासो, मिलन-विछोड एवम् प्रेमजन्य त्याग-समर्पणका विषयहरूको प्रधानता रहेको छ । तसर्थ **अजम्मरी माया** गजलसङ्ग्रहमा शान्तिनारायण श्रेष्ठले गजलको रूप, रङ, शृङ्गार पटार र बाह्य आवरणभन्दा उसको प्राणप्रतिष्ठा गर्ने विषयमै ज्यादा ध्यान दिएको देखिन्छ ।

### ५.५.४ लयविधान

**अजम्मरी माया** गजलसङ्ग्रहमा सङ्ग्रहित १०० वटै गजलहरू वहरका विविध लयमा संरचित छन् । अधिकांश गजलहरू प्रणयकथ्यमा रचिएका छन् भने केही गजलहरू प्रणयभावेत्तर पनि छन् । गजलमा लय मिलाउन पूर्ण काफियाको प्रयोग गरिएको छ । यी गजलहरूमा मूलतः नेपाली गजलमा प्रचलित नेपाली बहर (लय) हरूलाई नै गजलकारले प्रयोग गरेका छन् ।

उनका गजलमा लयको विविधता पनि रहेको छ । लयात्मक व्यवस्थापनका कारण गजलहरू गेयगुण सम्पृक्त छन् (न्यौपाने, २०६३:९) । गजलकार गीतकार भएर होला, यस सङ्ग्रहका प्रायजसो गजलहरू लयबद्ध छन् । कुनै लोकछन्द, कुनै स्वतन्त्रछन्द र कुनै गजलहरू सुस्वाद र सुमधुर छन् । उनका गजलमा विनोदपूर्ण रसिकता र रोमाञ्चकभावको व्याप्ति प्रशस्तै पाउन सकिन्छ । यसरी भावको सङ्गीतपूर्ण अभिव्यक्तिले सजिएका यस सङ्ग्रहका गजलहरू नेपाली लययुक्त छन् ।

### ५.५.५ भाषाशैली

भाषाशैलीका दृष्टिले **अजम्मरी माया** गजलसङ्ग्रह सुन्दर देखिन्छ । यस सङ्ग्रहमा श्रेष्ठले सरल र सहज शब्दहरूलाई काफियारूपी धागोमा उन्दै सेरहरूको माला बनाएर पाठकहरूको मनमस्तिष्कमा गजलले माल्यार्पण गर्ने प्रयत्न गरेको हुनाले गजलहरू सुन्दर र आकर्षक बन्न पुगेका छन् । अक्षर, शब्द तथा वाक्यको कुशल संयोजन यस सङ्ग्रहमा पाइन्छ । शिल्पशैलीलाई आकर्षक बनाउन गजलका काफिया, रदिफ आदिका बारेमा सचेत श्रेष्ठले मात्रा र लयको उचित प्रयोग गरेको देखिन्छ । उनका गजल रदिफयुक्त र रदिफमुक्त अर्थात मुरद्दफ र गैरमुरद्दफ दुबै शैलीमा रचिएका छन् । उनका गजलहरूमा प्रयुक्त भाषाशैली उत्साही, मनोरम, साहसिक, श्रुतिमाधुर्यपूर्ण एवम् कर्णप्रिय, गेयात्मक बनेको छ ।

प्रस्तुत गजलसङ्ग्रहका गजलहरूमा तत्सम, आगन्तुक, अनुकरणात्मक, नेपाली झर्रा शब्दहरू र स्थानीय कथ्य भाषाका शब्दहरूको प्रयोग गरिएको छ । गजलहरूमा वसन्त, शरद, आकाश माया, जीवन, ज्योतिजस्ता तत्सम शब्दको प्रयोग भएको छ । यसै गरी सहिद, नजर, शोषक आदिजस्ता आगन्तुक शब्दहरूको प्रयोग पनि यस गजलसङ्ग्रहका गजलहरूमा भएका छन् । रचनालाई रोचक बनाउन कुटुकुटु, कुहुकुहु, टहटह आदिजस्ता अनुकरणात्मक शब्दहरूको उचित प्रयोग भएको छ । सङ्कलित रचनाहरूमा तिम्ले, जस्ले, कैल्यै, विर्स्या हम्क्या आदिजस्ता स्थानीय कथ्य भाषाका शब्दहरूका साथसाथै लोभलालच, दुःखकष्ट, फुर्तीफार्ती आदिजस्ता द्वित्व शब्दहरूको प्रयोग गरी गजलहरूको भाषाशैलीलाई सरल र प्रभावकारी बनाउने काम गजलकारले गरेका छन् ।

### ५.५.६ बिम्ब, प्रतीक र अलङ्कारविधान

शान्तिनारायण श्रेष्ठका गजलहरू प्रणयमूलक र प्रणयभावेत्तर अर्थात् प्रेमजन्य रतिरागका विषय र समसामयिक सामाजिक एवम् राजनीतिक विषयवस्तुमा आधारित छन् । यस सङ्ग्रहका गजलमा फूल, आकाश, घाम, नजर, आँसु, गुराँस, आटोपिठो, प्रकृति, ढुङ्गा, खोला, मादल, देवालय, चखेवा आदिजस्ता बिम्ब प्रतीकहरूको प्रयोग गरिएको छ । लक्ष्यार्थ तथा व्यञ्जनार्थ प्रदान गर्न कविले अर्थालङ्कारको उचित संयोजन पनि गरेका छन् । लेखकले आफ्ना वैचारिक भावना र आस्थाहरूलाई बिम्ब, प्रतीक र उपमाद्वारा शब्दगत सौन्दर्य, मनोहारी शब्दविन्यास र कलात्मक प्रस्तुतिबाट समयसापेक्षरूपमा प्रस्तुत गरेका छन् । प्रकृतिचित्रणको प्रयोग पनि यी गजलमा सहज ढङ्गले भएको छ । गजलमा प्रशस्तै बिम्ब, प्रतीक र उपमाहरूको प्रयोग भएकोले गजलको कलापक्ष निकै प्रखर भएर उभिएको छ ।

### ५.५.७ निष्कर्ष

शान्तिनारायण श्रेष्ठको बाह्रौ प्रकाशित कृतिका रूपमा देखापरेको अजम्म**री माया** गजलसङ्ग्रह विभिन्न विषयका १०० ओटा गजलहरूबाट निर्मित भएको छ । यस सङ्ग्रहका गजलमा रदिफ, काफिया, मतला, मक्ता, तखल्लुस आदिको समुचित प्रयोग भएको छ । यस सङ्ग्रहमा गजलकारले प्रणयन्मुख शृङ्गारिक भाव, मायाप्रेममा विछोड, वर्तमान स्थितिप्रति शङ्का, बढ्दो शहरीकरण, अवसरवाद, हैकमवाद, गरिवीको पीडा, मेलमिलापको चाहनाजस्ता समसामयिक विषयलाई अवलम्बन गरेर गजल लेखेका छन् । प्रणयकथ्य र प्रणयभाववेत्तर दुबैको रचना गरेर लेखिएका यस सङ्ग्रहका गजलमा नेपाली वहरहरूलाई नै गजलकारले प्रयोग गरेका छन् । लोकछन्द, स्वतन्त्रछन्द र कुनै वहरमा पनि आबद्ध भएका यस सङ्ग्रहका गजलहरूमा रोमाञ्चकभावको व्याप्ति पाउन सकिन्छ । सरल सहज भाषाशैलीमा रचना गरिएको यस काव्यमा तत्सम, आगन्तुक, अनुकरणात्मक र स्थानीय कथ्य भाषाका शब्दहरूको पनि प्रशस्त प्रयोग भएको पाइन्छ । **अजम्मरी माया** गजलसङ्ग्रह गजलमा हुनुपर्ने तत्त्व र विशेषताले भरिपूर्ण रोचक गजलका रूपमा रहेको छ । यस सङ्ग्रहलाई हेर्दा कविमा गजलगत सचेतता व्याप्त रहेको देखिन्छ ।

### ५.६ ***झंकार* गीतसङ्ग्रहको अध्ययन**

### ५.६.१ **लेखन र प्रकाशन**

**झंकार** गीतसङ्ग्रह शान्तिनारायण श्रेष्ठद्वारा रचित दोस्रो प्रकाशित पुस्तकाकार कृति हो । त्यसै गरी उनका गीतहरू मध्येको पहिलो गीतसङ्ग्रह **झंकार**को २०२० देखि २०२३ सालसम्म लेखनकार्य सम्पन्न भए तापनि यसको प्रकाशन २०५६ सालमा संगीता श्रेष्ठले कुश्मा पर्वतबाट प्रकाशित गरेकी हुन् । ५० पृष्ठमा संरचित यस सङ्ग्रहमा 'कोरेर तिम्रो', 'तिर्खा रह्यो', 'फूलै टिपी', 'सुसेली हाली', 'ढाका टोपी'जस्ता शीर्षकका ५० ओटा गीतहरू सङ्गृहीत छन् ।

### ५.६.२ **स्थायी, अन्तरा र थेगो**

गीत निश्चित संरचनामा आबद्ध हुन्छ । गीतका सन्दर्भमा संरचना भनेको यसको बनावट वा सङ्गठन हो । लोकगीतमा निश्चित पङ्क्ति तथा गीतका अंशहरू रहने गर्दछन् । गीतको संरचना स्थायी र अन्तरा भागमा विभक्त भई आफैँमा पूर्ण हुन्छ (बराल, २०६०:१५) । **झंकार** गीतसङ्ग्रहका गीतहरूमा पनि स्थायी र अन्तराको प्रयोग गरिएको पाइन्छ । 'तिर्खा रह्यो', 'तिमीले पनि सजाइ मनमा', 'ओइलाउने फूल'जस्ता गीतहरूमा स्थायीको पुनरावृत्ति गरिएको छ । स्थायीको पुनरावृत्तिले यी गीतमा लयात्मकता सिर्जना गरेका छन् । स्थायीले गीतको शीर्षकलाई जोड दिएको हुन्छ । **झंकार** गीतसङ्ग्रहका गीतमा स्थायीका रूपमा कुनै थेगोको पनि प्रयोग गरिएको पाइन्छ । यस सङ्ग्रहका गीतमा गीतकारले आफ्ना अनुभूतिलाई अभिव्यक्त गर्ने माध्यम अन्तरालाई बनाएका छन् । अन्तरामार्फत नै भावलाई अगाडि बढाएको पाइन्छ । यस सङ्ग्रहका गीतमा अन्तराको पहिलो पङ्क्तिमा विभिन्न उदाहरण प्रस्तुत गरिएको छ भने दोस्रो पङ्क्तिमा मूल कथ्यलाई प्रस्तुत गरिएको छ । पहिलो पङ्क्तिमा असम्बद्ध विषयलाई प्रस्तुत गरेर दोस्रो पङ्क्तिमार्फत मूल कथ्यलाई उठाउने प्रवृत्तिको प्रयोग यस सङ्ग्रहका गीतहरूमा गरिएको छ ।

### ५.६.३ **भाव एवम् विषयवस्तु**

**झंकार**का गीतहरूमा लोकका विभिन्न विषयलाई गीतमार्फत अभिव्यक्ति दिइएको पाइन्छ । नेपाली वन पाखा, डाँडा, चउर, हिमाल र यहाँको सदावहार वनस्पतिले गीतकारको मनमा

पारेको प्रभाव नै यस सङ्ग्रहभित्रका गीतहरूको सामूहिक भावना हो । 'मुनामदन' गीतिकाव्यको झलक्क सम्झना गराउने केही गीतहरू यसभित्र समावेश गरिएको छ । नेपाली लोकभाकामा डाँडापाखामा युवायुवतीका मुखबाट वनै रनक्क रन्कने गरी निस्कने गीतलाई सम्झना गराउने गीतहरू पनि यहाँ समावेश गरिएको छ, जस्तै -

"रातोमाटो सिन्दुरको साटो

झल्को लाग्छ नहिड यो बाटो"

"ढाकाटोपी घामैमा सुकाउँछु

कैले रुन्छु कैले मन बुझाउँछु"

**झंकार** गीतसङ्ग्रहका गीतहरूमा मानव मनका विभिन्न अनुभूतिजन्य विषयलाई कथ्यको रूपमा प्रस्तुत गरिएको छ । समसामयिक विषयलाई अङ्गीकार गरेर यस सङ्ग्रहका गीतहरू जाति, भाषा, धर्म, संस्कृति एवम् हाम्रो परम्परासँग अँगालो मार्न पुगेका छन् । आजका नेपालीहरूले स्वदेशमा रहेर पनि जातीय गौरवलाई आत्मसात गर्न नसकेकाजस्ता विषयलाई यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ (पौड्याल, २०५६) । गतिकारले यस सङ्ग्रहमा प्रेमिकाको सम्झना, सामाजिक जीवनमा रहने सहयोगी भावना, प्रेम विछोड, नेपालको गरिमाजस्ता विषयलाई कथ्य बनाएका छन् । गीतकारले आफूले व्यक्तिगत रूपमा अनुभव गरेका घटनालाई पनि सार्वभौमरूपमा यस सङ्ग्रहमा प्रस्तुत गरेका छन् । **झंकार** गीतसङ्ग्रहमा सङ्ग्रहीत गीतहरूले नेपाली माटो, नेपाली लेकबेंसी, वनपाखा, खोलानालाका भावनालाई समेटेका छन् । यस सङ्ग्रहका गीतहरूले राष्ट्रियताको भाव बोकेका छन् र जनजिब्रोका शब्दहरू ओकलेका छन् । हर्ष विस्मात्, उकाली, ओरालीका लोकभाकाहरूलाई पछ्याउँदै दुःखी र गरिबका वेदनाहरूलाई जस्ताको तस्तै सुसेल्दै समाज परिवर्तनको सन्देश प्रवाह गरेको पाइन्छ ।

त्यसै गरी **झंकार** गीतसङ्ग्रहभित्र प्रेमी-प्रेमिकाका विरहहरूका आवाजहरू घन्किएका छन्, स्वदेशी मनोरम र सुन्दर प्राकृतिकताको स्वरहरू रन्किएका छन्, जस्तै -

फूलबारीमा एउटा फूलको बुट्टा सँगै रोपौं

अमर राख्न हाम्रो चित्र पहरामा खोपौं

कामनाले सकेसम्म प्याउली फुलाई दिऊँ
सम्भनाले पछिसम्म न्याउली भुलाई दिऊँ ॥९॥

काली, मोदी मिश्री नदी बगिरहेकी सलसली
भरना, ताल, खोला आदि देखिरहन्छु भलभली ॥१०॥

यस्तै-यस्तै राष्ट्रवादी, प्रकृतवादी, देशभक्त स्वरहरूका भरनाबाट निर्मित एउटा विशाल नदी हो- **भंकार** गीतसङ्ग्रह । जसमा मान्छेका मानसिक विरहलाई मुख्य विषय बनाएर प्रकृतिका विभिन्न पक्षसँग तुलना गरेर प्रस्तुत गरिएको छ । गीतकारले यस सङ्ग्रहका गीतमा मानवीय जीवनका आशा-निराशालाई प्रस्तुत गर्ने प्रयास गरेका छन् ।

### ५.६.४ लय

**भंकार** गीतसङ्ग्रहका गीतहरू लोकलयमा रचना गरिएका छन् । लयमा रहने गति र यतिको नियमलाई काव्यभरि पूर्णतः निर्वाह नगरेर गीतकारले यस सङ्ग्रहका गीतमा लयलाई विशेष जोड दिएका छन् । यस गीतसङ्ग्रहमा सङ्ग्रहीत गीतहरूले सरल र सरस भाकामा आफ्ना स्वरहरू बुलन्द गरेको आभास पाइन्छ । जस्तै :

गुराँसै फुलोस, भमरै भुलोस म सधै उदासी
जन्मेकै देशमा म छु तैपनि, भै लाग्छ प्रवासी ॥८॥

यस्तै गीतिलय र अनुप्रासको मिलन गराई लेखिएको **भंकार** गीतसङ्ग्रहका सबैजसो गीतहरू रागात्मक, लयात्मक र गेयात्मक किसिमका छन् । गीतकारले गीतमा साङ्गीतिकता प्रदान गर्नका लागि अधिकांश गीतमा आद्य, मध्य र अन्त्यानुप्रासको प्रयोग गरेका छन् । गीत रचना गर्ने क्रममा गीतकारले लयलाई जोड दिएको देखिन्छ । छरिता खालका पदहरूको प्रयोग गरिनाले पनि यस सङ्ग्रहका गीतहरू लयात्मक बनेका छन् ।

### ५.६.५ भाषाशैली

यस सङ्ग्रहभित्रका गीतको भाषाशैली सर्वसाधारणले सजिलै बुझ्न सक्ने सरल सहज किसिमको अनुप्रासले युक्त गीतिलयमा आधारित छ । यस सङ्ग्रहका गीतहरूमा तत्सम, तदभव र पर्वती उपभाषिकामा प्रचलित रहेका शब्दहरूको प्रयोग पाइन्छ । गीतकारले गेयात्मकता प्रदान गर्नका लागि समान उच्चारण लाग्ने खालका कोमल वर्णहरूबाट सरल किसिमका पदावलीको निर्माण गरेर यस सङ्ग्रहका गीतहरूको रचना गरेका छन् । यस सङ्ग्रहका गीतमा सर्वसाधारणका जनजिब्रोमा प्रचलित रहेका शब्दहरूको प्रयोग गरिएको छ । यस सङ्ग्रहमा नयन, शिर, मेघजस्ता सामान्य किसिमका तत्सम शब्दहरूको प्रयोग गरिएको छ । सुमधूर, पूनर्मिलन गर्नु, आँशुगुञ्जीरहेछजस्ता पदहरूको प्रयोग देखिनुले यस सङ्ग्रहका गीतमा वर्णविन्यासगत विचलन आएको देखिन्छ । यस सङ्ग्रहमा बिर्सेउनी, भेटीनजस्ता पर्वती उपभाषिकामा प्रचलित शब्दहरूको पनि प्रयोग गरिएको छ ।

### ५.६.६ निष्कर्ष

**झंकार** शान्तिनारायण श्रेष्ठको दोस्रो प्रकाशित गीतसङ्ग्रह हो । यस गीतिसङ्ग्रह भित्र उकाली ओराली, डाँडा-काँडा, भीरपाखा, लेकबेंसी, तराई, पहाड, हिमाल, विगत, वर्तमान र भविष्यका स्वरहरूलाई समावेश गरिएको छ । प्रेमसंस्मरण र समसामयिक विषयवस्तुलाई अवलम्बन गरेर लेखिएको यस सङ्ग्रहमा पहाडिया जनजीवनमा प्रचलित रहेका गीतहरूलाई समेटिएको छ । यस सङ्ग्रह भित्रका गीतहरूमा शीर्षकअनुसारको भाव गुञ्जनुका साथै रागात्मक किसिमको ध्वनि यस भित्र छ । सरल सहज भाषाशैलीमा रचना गरिएका यस सङ्ग्रहका गीतहरू सर्वसाधारणका लागि पनि बोधगम्य रहेका छन् । आलङ्कारितालाई भन्दा सहजतालाई वरण गरेर लेखिएका यस सङ्ग्रहका गीतहरू अभिधाका स्तरमा नै बोधगम्य रहेका छन् । लय मिलाउनका लागि यति र गतिको उचित निर्वाह गर्ने प्रयास यस सङ्ग्रहमा गरिएको देखिन्छ । गीतलेखनका दृष्टिले पहिलो प्रकाशित कृति भएकाले यसका गीतहरू त्यति परिष्कृत हुन सकेका छैनन् । यस गीतसङ्ग्रहमा वर्णविन्यासगत विचलन पनि आएको देखिन्छ ।

## ५.७ *स्पन्दन* गीतसङ्ग्रहको अध्ययन

### ५.७.१. लेखन र प्रकाशन

**स्पन्दन** गीतसङ्ग्रह शान्तिनारायण श्रेष्ठद्वारा लिखित तेस्रो प्रकाशित कृति हो । उनका गीतसङ्ग्रह मध्येको दोस्रो सङ्ग्रह **स्पन्दन** सुश्री संगीता श्रेष्ठले २०५६ सालमा प्रकाशित गरेकी हुन् । ५० पृष्ठमा संरचित यस गीतसङ्ग्रहमा 'बिर्सेर हो कि ?', 'सय चोटी', 'पहरामा एउटा तारा', जस्ता शीर्षकका ५० ओटा गीतहरू समेटिएका छन् ।

### ५.७.२. स्थायी अन्तरा र थेगो

गीतको संरचना स्थायी र अन्तरा भागमा विभक्त भएझैँ यस स्पन्दन गीतसङ्ग्रहमा पनि स्थायी र अन्तराको प्रयोग गरिएको छ । 'बिर्सेर हो कि ?', 'पहरामा', 'एउटा तारा', 'पर्खूं अझै कति म ?', 'कस्ले हाँक दिन सक्छ' ?, 'अहो ! कस्तो ?', 'मलाई जस्तै', 'प्रकाशसँगै', 'विछोड हुन्छौ', जस्ता गीतहरूमा स्थायीको आवृत्ति गरिएको छ । त्यसैगरी गीतकारले मूल कथ्यलाई अन्तरामार्फत अभिव्यक्ति गरेका छन् भने स्थायीको आवृत्ति गरेर गीतमा साङ्गीतिकता प्रदान गरेका छन् । यस सङ्ग्रहमा गीतकार श्रेष्ठले थेगोको पनि प्रयोग गरेका छन् । उनका गतिहरू सहज स्वस्फूर्त अभिव्यक्तिका रूपमा आएका छन् । 'अल्झिन सक्छ अबुझ बने तिल पनि घाँटीमा'जस्ता लोकसाहित्यमा प्रचलित कथ्यलाई गीतकार शान्तिनारायण श्रेष्ठले आफ्ना गीतमार्फत प्रस्तुत गरेका छन् ।

### ५.७.३. भाव

**स्पन्दन** गीतसङ्ग्रहमा प्रेम, वेदना, हर्ष, विस्मात आदि जस्ता भावहरू समेटिएका छन् । स्पन्दन गीतसङ्ग्रह भित्रका ५० ओटा रागहरू मध्ये कवितात्मकताका झिल्का झल्किने खालका एकाध कविता पनि समाविष्ट गरिएका छन् । तैपनि यसलाई गीतिसङ्ग्रहकै रूपमा लिन सकिन्छ । **स्पन्दन** गीतसङ्ग्रह भित्रका कतिपय अनुभूतिहरू समसामयिक विषयमा परिलक्षित हुन् पुगेका छन् भने एकाध गीतहरूमा युगवोध र राष्ट्रियताको झलक समेत झल्किएको छ । एकातिर राष्ट्रियता, कर्तव्य बोध र युगबोधका अतिरिक्त प्रकृति र जीवनको तादात्म्यताको झंकार

झंकृत भएका छन् भने अर्कातिर विशेष रूपमा प्रेमीप्रेमिकाको बीचको प्रणय, रतिराग, मानसिक व्यग्रतामा केन्द्रित हुन पुगेका छन् (छोटा, २०५६:ख), जुन यसप्रकार छन्–

मेरो नीलो आकाशको, तिमी जून हौ कि ?

मेरो मीठो संगीतको, तिमी धून हौ कि ? ॥२॥

त्यस्तै :

एउटा तारा क्षितिजको बादलुले ढाकिदियो

मानौं हाम्रो प्रणयमा

एउटा सीमा राखि दियो ॥४॥

**स्पन्दन** गीतसङ्ग्रहका गीतहरूमा मानव जीवनका विभिन्न भोगाइहरू सुख-दुःख, हर्ष-विस्मात, संयोग-वियोग, प्रेम-घृणा, हँसाइ-रुवाई, घात-प्रतिघात, दया-माया, कठोरता-निष्ठुरता आदि जस्ता यथार्थभावलाई कलात्मक रूपमा गीतको सुन्दर र रमणीय वगैँचाको रूपमा प्रस्तुत गरेको देखिन्छ ।

सुन्दर लयले युक्त **स्पन्दन** गीतसङ्ग्रहभित्र राष्ट्रियता र प्राकृतिकताको मधुरभाव व्यक्त गरिएको छ । यसभित्र राष्ट्रियता, वीरता, शुरता, धीरताका भावहरू छन् । मिलन र विछोडका अनुभूतिहरू छन् । त्यसैगरी गीतकारले आफूले व्यक्तिगत रूपमा भोगेका घटनालाई पनि सार्वभौमरूपमा यस सङ्ग्रहमा प्रस्तुत गरेको पाइन्छ । प्रेम र समसामयिक विषयवस्तुलाई अँगालेर लेखिएका यस सङ्ग्रहका गीतहरूमा युगबोध, राष्ट्रियता र कर्तव्यबोधका साथै प्रकृति र जीवनको तादात्म्यता पाइन्छ । यस सङ्ग्रहका गीतहरूमा कवितात्मकता झल्किने खालका एकाध कविता पनि समाविष्ट गरिएका छन् ।

### ५.७.४. लय

**स्पन्दन** गीतसङ्ग्रहका गीतहरू लोकलय अथवा भ्याउरेलयमा रचना गरिएका छन् । लोकलयको प्रयोग गरी लेखिएका यस सङ्ग्रहका गीतहरूमा गति र यतिको उचित प्रयोग गर्न खोजेतापनि कतै-कतै गति र यतिमा विचलन आएको पनि देखिन्छ । यस गीतसङ्ग्रहमा सङ्ग्रहीत गीतहरूमा ग्रामीण भाकाका लयहरूलाई अवलम्वन गरेर लयात्मक, भावनात्मक र गेयात्मक

रूपमा साङ्गीतिक स्वर बुलन्द गरेको पाइन्छ । गीतकारले गीतमा साङ्गीतिकता प्रदान गर्नका लागि कतिपय गीतहरूमा आद्य, मध्य र अन्त्यानुप्रासको प्रयोग गरेका छन् । मीठो र सुन्दर कर्णप्रिय गला र संगीतले युक्त मुरलीको जस्तै सुरिलो राष्ट्रिय स्वर गीतकारले घन्काएको देखिन्छ, जस्तै–

चन्द्रमाझैँ तिम्रो मुहार तारा वरिपरि
चखेवाझैँ हेर्न मन लाग्छ घरिघरि
सीताराझैं टल्कि दिउँकि तिम्रो कालो केशमा
ईशारामै ढल्कि दिउँकि तिमी बस्ने देशमा ॥१४॥

यस्तै सुन्दर लोकलयले युक्त **स्पन्दन** गीतसङ्ग्रहका गीतहरू कलात्मक र लयात्मक किसिमका छन् । सरल र लाकधर्मी लयलाई यस सङ्ग्रहमा अङ्गीकार गरिएको छ ।

### ५.७.५. भाषाशैली

यस गीतसङ्ग्रहमा सरल, सहज किसिमको भाषाशैलीको प्रयोग गरिएको छ । साङ्गीतिकता उत्पन्न गर्न सक्ने खालका कोमल पदावलीको प्रयोग यस सङ्ग्रहमा गरिएको छ । भाषा र शैली सरस छ । कारण झट्ट हेर्दा कवि नीरविक्रम प्यासीको प्रभाव गीतकार श्रेष्ठका रचनामा यदाकदा पाइन्छ भन्न सकिन्छ (छोटा, २०५६:ख) । आफ्ना गीतरूपी आवाजलाई गीतकारले शब्दहरूका सहज अभिव्यक्तिको माध्यमबाट पोखेका छन् । यस सङ्ग्रहमा तत्सम, तद्भव र स्थानीय कथ्य भाषाको प्रयोग गरिएको पाइन्छ । शीतल, केश, पञ्चम, कर्म, द्वय, गगन, जड, शीरजस्ता तत्सम शब्दहरूको प्रयोग गरिएको छ । तिम्ले, कस्ले भैगो, दिल्मा, उन्ले, साल्मेजस्ता स्थानीय कथ्य भाषाको प्रयोग पनि यस सङ्ग्रहमा गरिएको पाइन्छ । त्यसै गरी गाइरहून, आईरहून, जानूँ, हाँसूँ, बादल, ढाकि दियोजस्ता शब्दहरूको प्रयोग गरिनुले वर्णविन्यासगत विचलन पनि आएको पाइन्छ । यस गीतसङ्ग्रहमा सरल सरस वाक्यको अधिकता रहनुले प्रसादगुणयुक्त भाषाशैलीको प्रयोग पाउन सकिन्छ ।

### ५.७.६ निष्कर्ष

**स्पन्दन** शान्तिनारायण श्रेष्ठको तेस्रो प्रकाशित गीतसङ्ग्रह हो । यस गीतसङ्ग्रह भित्र ५० ओटा गीतहरू समेटिएको छ । यस गीतसङ्ग्रहभित्र प्रेम, वेदना, हर्ष, विस्मात्, प्रेमीप्रेमिका बीचको प्रणय, रतिराग समेटिएको छ भने अर्कातिर युगवोध र राष्ट्रियताको विषयवस्तुलाई अङ्गालेर लेखिएको यस सङ्ग्रहमा राष्ट्रियता र प्राकृतिकताको मधुरभाव व्यक्त गरिएको छ । सरल सहज लोकधर्मी भाषाशैलीमा लेखिएका यस सङ्ग्रहका गीतहरू भ्याउरे लयमा लेखिएका छन् । गीतकारले गीतमा साङ्गीतिकता प्रदान गर्नका लागि आद्य, मध्य र अन्त्यानुप्रासको सहज प्रयोग गरेका छन् । तत्सम, तद्भव र स्थानीय कथ्य भाषाको प्रयोग यस सङ्ग्रहमा गरिएको पाइन्छ । स्थायी, अन्तरा र थेगोको प्रयोग यस सङ्ग्रहका गीतहरूमा गरिएको छ । साङ्गीतिकता उत्पन्न गर्न सक्ने खालको कोमल पदावलीको प्रयोग यस सङ्ग्रहमा गरिएको छ ।

## ५.८ ***बैंसका सुसेलीहरू* गीतसङ्ग्रहको अध्ययन**

### ५.८.१ लेखन र प्रकाशन

**बैंसका सुसेलीहरू** गीतसङ्ग्रह शान्तिनारायण श्रेष्ठको पाँचौं प्रकाशित कृति हो । उनका गीतहरू मध्येको तेस्रो सङ्ग्रह **बैंसका सुसेलीहरू**को प्रकाशन सङ्गीता श्रेष्ठले २०५७ सालमा पर्वतबाट गरेकी हुन् । ६४ पृष्ठमा संरचित यस गीतसङ्ग्रहमा 'लाली यौवन', 'वतासै चल्दा', 'कति राम्री', 'माछा लुक्यो', 'सपनीमा'जस्ता शीर्षकका ६४ वटै गीतहरू समेटिएका छन् ।

### ५.८.२ स्थायी, अन्तरा र थेगो

६४ पृष्ठमा संरचित यस सङ्ग्रहका गीतहरूमा गीतकार शान्तिनारायण श्रेष्ठले स्थायी र अन्तरा दुबैको प्रयोग गरेका छन् । यस सङ्ग्रहका 'कति राम्री', 'माछा लुक्यो', 'सपनीमा', 'लोभलाग्दो', 'सिरिसिरि'जस्ता गीतहरूमा स्थायीको आवृत्ति भएको छ । यस सङ्ग्रहका गीतहरूमा गीतकारले थेगोको पनि प्रयोग गरेका छन् । जुन थेगोलाई स्थायीका रूपमा प्रयोग गरेको पाइन्छ । त्यसैगरी अन्तरापछि गरिने स्थायीको आवृत्तिले लयात्मकतामा वृद्धि गरेको छ । गीतकारले मूल कथ्यलाई अन्तरामार्फत अभिव्यक्त गरेका छन् त्यसै गरी स्थायीको आवृत्ति गरेर साङ्गीतिकता प्रदान गरेका छन् । अन्तरामा प्राकृतिक र सामाजिक पृष्ठभूमिमा प्रेमलाई प्रस्ट्याउने प्रयास

गरिएको छ । स्थायी र अन्तराको प्रयोग गरी यस सङ्ग्रहका गीतहरू रचना गरिएका छन् । कुनै-कुनै गीतमा 'बाबियो डोरी जति बाटे पनि आखीर गाँठो एउटै हुन्छ', 'संझिएदेखि सबै आफ्नु नै हो, नसंझिएमा सबै हो पराइ'जस्ता लोकसाहित्यमा प्रचलित कथ्यलाई गीतकार शान्तिनारायण श्रेष्ठले आफ्ना गीतमार्फत प्रस्तुत गरेका छन् ।

### ५.८.३ भाव

गीतकार शान्तिनारायण श्रेष्ठले यस सङ्ग्रहका गीतमा विभिन्न भावहरू प्रस्तुत गरेका छन् । केही सामाजिक भावहरू प्रस्तुत गरेका छन् भने केही प्रणयमूलक भावहरू प्रस्तुत गरेका छन् । यस सङ्ग्रहभित्र लोकभाका डाँडाकाँडा, लेकबेंसीका मायाप्रीतिका सुसेलीहरू रहेका छन् । प्रेमीप्रेमिकाको मिलन, विछोडजस्ता विषयलाई यस सङ्ग्रहका गीतमा मुख्य रूपमा अभिव्यक्ति दिइएको पाइन्छ । यस सङ्ग्रहका गीतमा गीतकारले ग्रामीण जीवनमा अनुभूत गरेका विषयलाई प्रक्षेपण गरेका छन् । श्रेष्ठको यस सङ्ग्रहमा बैंसालु प्रेम, स्मृति र व्यथाहरू मात्र छैनन अदम्य धीरताका भावहरू र समसामयिक ग्रामीण जनजीवनका शहरी विसङ्गतिमाथि व्यङ्ग्य प्रहार पनि गरिएको पाइन्छ (सरुभक्त, २०५७) । गीतका माध्यमबाट बैंसमा उत्पन्न हुने भावलाई र समसामयिक विषयवस्तुलाई प्रस्तुत गर्ने प्रयास पनि यस सङ्ग्रहमा गरिएको छ ।

शान्तिनारायण श्रेष्ठद्वारा रचित लोकविनिर्माण लोकगीतसङ्ग्रह **बैंसका सुसेलीहरू** मा सरलता, निख्खरता, लयात्मकता, ग्रामीण संवेगात्मकताजस्ता गुणहरू प्रशस्त पाइन्छन् । सामान्यतः लोकगीतहरूमा पाइने बैंसालु तिर्सनाहरू र प्रेम पिरतीका सपनाहरू उनका यी गीतहरूमा छन् । लोकगीतहरूमा मनका व्यथाहरू पनि यसरी पोखिन्छन्-

नौनीजस्तै कमलो हुन्छ भन्थे मन
ढुङ्गा जस्तो कठोर भयो त्यो त झन् ।

प्रेमी-प्रेमिका बीचको भावनात्मक प्रेम र पिरतीका भावहरू यस गीतसङ्ग्रहभित्र झरनाको प्रवाह जस्तै प्रवाहित भएको पाइन्छ, जस्तै :

कति राम्री यी कान्छी
मुसुमुसु हाँसेकी
जीवन साथी रोज्नलाई
माया-प्रीति गाँसेकी ॥२३॥

यस्तै-यस्तै मायाप्रीतिका सुन्दर लयले युक्त डाँडा, काँडा, भञ्ज्याङ, चौतारी, उकाली, ओरालीका भावहरू प्रष्फुटन भएका छन् **बैंसका सुसेलीहरू** गीतसङ्ग्रहमा । त्यसैले **बैंसका सुसेलीहरू** गीतसङ्ग्रहका गीतहरू प्रेम र समसामयिक विषयवस्तुलाई अँगालेर लेखिएका छन् ।

### ५.८.४ लय

**बैंसका सुसेलीहरू** गीतसङ्ग्रहका गीतहरू लोकलयमा आधारित रहेर लेखिएका छन् । समान पङ्क्तियोजना गरेर लयात्मकता ल्याउने प्रयास यस सङ्ग्रहका गीतमा गरिएको पाइन्छ । गीतिलयले युक्त सबैजसो गीतहरू लयात्मक, कलात्मक र भावपूर्ण छन् । गीतहरूमा लययोजना मिलाउनका लागि यति र गतिमा ध्यान दिन खोजे तापनि पूर्ण रूपमा यसको निर्वाह हुन सकेको पाईंदैन । गीतकारले सुन्दर र कोमल वर्णहरूको प्रयोग गरी साङ्गीतिकता प्रदान गर्ने चेष्टा गरेका छन् । यस सङ्ग्रहका गीतहरू अनुप्रासको प्रयोग गरेर लेखिएका छन् । आद्य-मध्य र अन्त्यानुप्रासको प्रयोगले यस सङ्ग्रहका गीतमा साङ्गीतिकता र गेयात्मकता बढाएको देखिन्छ । तुलनात्मक रूपमा हेर्दा अन्त्यानुप्रासकै प्रयोग बढी गरिएको पाइन्छ ।

### ५.८.५ भाषाशैली

यस सङ्ग्रहमा सर्वसाधारणले सजिलै बुझ्न सक्ने खालको भाषाशैलीको प्रयोग गरिएको छ । गीतका लागि छनोट गरिएका र साङ्गीतिकता प्रदान गर्न सक्ने खालका वर्णहरूको प्रयोग यस सङ्ग्रहमा पाइन्छ । शब्द स्रोतका दृष्टिले यस सङ्ग्रहमा तत्सम, तद्भव र पर्वती उपभाषिकामा प्रचलित रहेका शब्दहरूको प्रयोग गरिएको छ । शिर, मुग्ध, बहजस्ता तत्सम शब्दहरूको प्रयोग गरिएको पाइन्छ । पर्वती उपभाषिकामा पाइने विशेषताअनुरूप कृदन्तमा इकारको प्रयोग गरिएका शब्दहरू पनि यस सङ्ग्रहमा पाइन्छन् । सप्ननि, भनेसी, खान्की, बनेसी, जहिलेनी, मन्मा जस्ता कथ्य भाषामा प्रचलित पर्वती-उपभाषिकामा प्रयुक्त हुने शब्दहरूको प्रयोग यस सङ्ग्रहमा गरिएको छ । तापनु, पुरानु, आफनुजस्ता शब्दहरूको प्रयोग गरेर गीतमा लयात्मकता सिर्जना गरिएको छ । 'ए ! सरु' जस्ता सम्बोधनधर्मी पदावलीको प्रयोग पनि यस सङ्ग्रहमा गरिएको छ । मग्मगी, लुकीलुकी, ढुकढुकी, झलझली, धरधरी पिल्पिलजस्ता अनुकरणात्मक शब्दहरूको उचित प्रयोग भएको छ । आखीर, शीर, जीन्को, मानूँलाजस्ता पदहरूको प्रयोग गरिनुले गीतकार मानक वर्णविन्यासतर्फ त्यति सचेत भएको देखिँदैन । यसरी यस सङ्ग्रहमा

सर्वसाधारणले सजिलै बुझ्न सक्ने सरल र लोकजीवनलाई समात्न सक्ने खालको भाषाशैलीको प्रयोग गरिएको छ ।

### ५.८.६ निष्कर्ष

**बैंसका सुसेलीहरू** गीतसङ्ग्रह शान्तिनारायण श्रेष्ठको पाँचौ प्रकाशित कृति हो । यस गीतसङ्ग्रहमा गीतकारले प्रेम र समसामयिक विषयकभावलाई प्रस्तुत गरेका छन् । गीतकारले यस सङ्ग्रहमा ग्रामीण जीवनमा आफूले भोगेका अनुभवलाई गीतको रूप दिएका छन् । गीति लयले युक्त यस सङ्ग्रहमा सरल भाषाशैलीको प्रयोग गरिएको छ । स्थायीको आवृत्ति गरिएका र नगरिएका दुबै ढाँचाका गीतहरू र थेगोको प्रयोग यस सङ्ग्रहमा पाउन सकिन्छ । आद्य, मध्य र अन्त्यानुप्रासको प्रयोग गरेर गेयात्मकतालाई बढाएको देखिन्छ । तत्सम, तद्भव, अनुकरणात्मक र पर्वती उपभाषिकामा प्रचलित रहेका शब्दहरूको प्रयोग यस सङ्ग्रहमा गरिएको छ । आलङ्कारिकता भन्दा सहजतालाई अवलम्बन गरेर रचना गरिएका यस सङ्ग्रहका गीतहरू अभिधाका स्तरमा नै बोधगम्य रहेका छन् ।

## ५.९ *बाडुल्की* गीतसङ्गहको अध्ययन

### ५.९.१ लेखन र प्रकाशन

कवि शान्तिनारायण श्रेष्ठको **बाडुल्की** गीतसङ्ग्रह छैंटौं प्रकाशित कृति हो । उनका गीतहरू मध्येको चौथो गीतसङ्ग्रह **बाडुल्की** २०५७ सालमा रविन्द्रनारायण श्रेष्ठद्वारा पर्वतबाट प्रकाशित भएको हो । 'झंकार', 'स्पन्दन', र 'बैंसका सुसेलीहरू' मा समेटिन नसकेका करिव ३५ वर्ष पुराना ५ ओटा, करिव १५ वर्ष पुराना ९ ओटा र बाँकी ४८ ओटा यो एक वर्ष यता रचेका गीतहरूलाई समायोजन गरी **बाडुल्की**को रचना गरेको भनि स्वयम् गीतकारले आफ्नै कुरामा बताएका छन् । ६२ पृष्ठमा रचित यस गीतसङ्ग्रहमा 'रानी बनमा', 'अैलेको धानकोदो', 'सूर्यमुखि', 'कस्को लागि',जस्ता शीर्षकका ६२ ओटा गीतहरू समेटिएका छन् ।

### ५.९.२ स्थायी, अन्तरा र थेगो

६२ पृष्ठ रहेका यस सङ्ग्रहका गीतहरूमा गीतकार शान्तिनारायण श्रेष्ठले स्थायी र अन्तराको प्रयोग गरेका छन् । यस सङ्ग्रहका 'रानी वनमा', 'छमछम', 'पर्वत जिल्ला रमाइलो लाग्छ

हजुर', 'छोरी राम्री', 'जीवन हाम्रो' जस्ता गीतहरूमा स्थायीको आवृत्ति गरिएको छ । उनका गीतमा लोकभाका, लोकतुक्का तथा लोकमा प्रचलित शब्दहरूको बाहुल्य देखिन्छ (बराल, २०५७) । यस सङ्ग्रहमा आएका स्थायी र अन्तराले लोकभाकालाई आत्मसात् गरेका छन् । त्यही केन्द्रिय कथ्यलाई अन्तरामार्फत अभिव्यक्त गरेका छन् । त्यही केन्द्रिय भावलाई सहयोग पुऱ्याउने किसिमबाट स्थायीको आवृत्ति गरिएको पाइन्छ । शान्तिनारायण श्रेष्ठका गीतमा आलङ्कारिक प्रयोग गरिएको पाइँदैन । यस सङ्ग्रहका गीतहरू सहज स्वस्फूत अभिव्यक्तिका रूपमा आएका छन् । गीतहरूमा थेगोको पनि प्रयोग गरिएको पाइन्छ । 'मैले माया लाएको रोएर जाने छैन पानीले धोएर' जस्ता लोकसाहित्यमा प्रचलित कथ्यलाई शान्तिनारायण श्रेष्ठले आफ्ना गीतमार्फत प्रस्तुत गरेका छन् ।

### ५.९.२ भाव

शान्तिनारायण श्रेष्ठको **बाडुल्की** गीतसङ्ग्रहमा जम्माजम्मी ६२ ओटा गीतहरू सङ्कलन गरिएका छन् । यी गीतहरूमा भाव विविधता पाउन सकिन्छ । यी गीतहरूमा प्रेमका संयोग अनि वियोग, देशभक्ति भावना, निस्सारता तथा देशमा व्याप्त असमानताको चित्र सल्बलाइरहेको पाइन्छ । यी भावहरू मध्ये पनि प्रेमका विविध मर्म बोकेका गीतहरू नै यस सङ्ग्रहभित्र धेरै छन् र यस्ताखाले विषयवस्तुको अभिव्यक्तिका सन्दर्भमा शान्तिनारायण श्रेष्ठ अत्यन्तै सुन्दर ढङ्गले आफ्ना गीतहरू भित्र पोखिएका छन् । यसको उदाहरणका लागि निम्नलिखित पङ्क्तिहरूलाई अघि सार्न सकिन्छ-

मान्छे राम्रो केलाई हुन्थ्यो
दिल बसेको राम्रो
सानो मन बुझाई देऊ
कहिलेकाँही हाम्रो ॥६॥
पहाडको सेरोफेरो वादलुको घेरो
वादलसँगै दौडेको छ आज मन मेरो ॥७॥ (बराल, २०५७)

यस सङ्ग्रहका 'छम-छम', 'अहिलेको धान कोदो' खोजेकै छुजस्ता शीर्षकका गीतहरूमा प्रेमाभिव्यक्ति गरिएको पाइन्छ । यस सङ्ग्रहका कतिपय गीतहरूमा नेपाललाई सुन्दर, शान्त अनि विशाल भन्दै बुद्ध, सीता भृकुटी आदि जन्मिएको राष्ट्रका रूपमा पनि चिनाइएको छ भने

रगतको भेटी यसै देशमा चढाउने सङ्कल्प पनि यहाँका गतिहरूमा गरिएको छ । आफ्नो देश आफैले बनाउनुपर्ने विचार गर्दै राष्ट्रका लागि पसिनाको मूल फुटाउने भाव पनि यिनका गीतमा व्यक्त गरिएको पाइन्छ (बराल, २०५७), जुन भाव यसरी व्यक्त भएको छ-

सुन्दर, शान्त, विशाल देश हाम्रो नेपाल
आकाशलाई छोएर गर्व गर्छ हिमाल
बुद्ध, सीता, भृकुटी आदि यहि जन्मिए
छाति खोलि विश्वमा यहीँकै वीर लम्किए ॥२१॥
यही देशको लागि फुटाउँ पसिनाको मूल
यही देशमा हामी फुलाऊँ सिर्जनाको फूल ॥४५॥

'सुन्दर शान्त', 'जहाँ-जहाँ', 'पूर्वमा लाली', 'यही देशका लागि' जस्ता गीतमा देशभक्तिभावको रन्को सुन्न सकिन्छ । यस सङ्ग्रहका गीतमा असमानताको स्थितिलाई पनि प्रस्तुत गरिएको छ । गरिब दुःखी जति रोए पनि कराए पनि पटक्कै नसुन्ने दैवप्रति प्रहार गर्दै यस्तो चलन अब धेरै चल्ने विचार शान्तिनारायणले व्यक्त गरेका छन् । कविले 'दैबै बहिरो' जस्ता शीर्षकका गीतमा असमानताको कारक दैव रहेको कुरा व्यक्त गरेका छन् । आफ्ना चेलीवेटीलाई दलालको फन्दामा नपर्न पनि श्रेष्ठले सल्लाह दिएका छन् । यस अर्थमा श्रेष्ठका गीतहरू उद्देश्यमूलक पनि रहेका छन् (बराल, २०५७) । यस सङ्ग्रहको 'सुनको थाल' गीतमा चेलीबेटी बेचविखनको कुरा उल्लेख गरिएको छ । जीवनको निस्सारतालाई पनि गीतकार श्रेष्ठले आफ्ना केही गीतमा व्यक्त गरेका छन् । जिन्दगीलाई पानीको फोकासँग तुलना गर्दै यसलाई फिर्ता नहुने वस्तुका रूपमा उनले हेरेका छन्-

जीवन हाम्रो के पो हो र मानौं पानी फोका न हो
जो उठेर फुट्न सक्छ त्यस्तै हाम्रो धोका न हो ।
चन्द्रमाको चाँदनीझैं हाँस्न पनि सकि दिने
साउनको मूल जस्तै, आँसु पनि बगि दिने
फिर्ता पनि लगि दिने, नासो जस्तो पोका न हो ॥२०॥ (बराल, २०५७)

त्यसै गरी यिनका गीतमा उपदेशको र आख्यानको प्रयोग पनि कुनै-कुनै गीतमा पाइन्छ । उनका 'अहिलेको धानकोदो', 'झल्को लाग्छ', 'पर्वत जिल्ला रमाइलो लाग्छ हजुर', 'कति सुन्दर सपना थियो', 'कतै देख्नु' 'सुनको थाल', 'हास्छु खेल्छु', 'जन्म दियौ' जस्ता गीतहरूमा आख्यानको प्रयोग गरिएको छ । 'पर्वत जिल्ला रमाइलो लाग्छ' गीतमा स्थानीयता प्रदर्शन गर्ने खालको प्रवृत्ति पाइन्छ ।

**बाडुल्की** गीतसङ्ग्रहका गीतहरूमा प्रेमका मिलन, विछोड, राष्ट्रप्रति सोच, समाजमा रहेका अन्याय, अत्याचार, विकृति, विसङ्गति, शोषण, दमनका स्वरहरू बजेको भान हुन्छ । यस भित्रका धेरैजसो गीतहरू गीतकारकी पत्नी सुकमयाँ श्रेष्ठको असामयिक निधनपछि वियोगात्मक रूपमा लेखिएको पाइन्छ । 'बाडुल्की बनेर नआऊ तिमी' भनेर आफ्नी पत्नीप्रति लक्षित गरेको पाइन्छ । साँच्चै प्रेमीसँग प्रेमिका बाडुल्की बनेर सपनी र विपनीमा आएको देखिन्छ ।

यसरी श्रेष्ठका प्रस्तुत सङ्ग्रहका गीतले भावगत विविधतालाई वहन गरेका छन् । कवि श्रेष्ठले यस सङ्ग्रहका गीतका बारेमा यस्तो किसिमको अभिव्यक्ति दिएका छन् - "प्रायः यी गीतहरूमा मैले आफ्नै भोगाइ, दुखाइ, सोचाइ र केही नितान्त व्यक्तिगत अनुभूत गरेका विषयलाई पनि निसङ्कोच प्रस्तुत गरेको छु" (श्रेष्ठ, २०५७) । यसरी हेर्दा यस सङ्ग्रहका गीतहरू गीतकारले अनुभव गरेका दुखाइ र सोचाइमा आधारित रहेका छन् ।

### ५.९.४ लय

**बाडुल्की** गीतसङ्ग्रहका गीतमा गीतकार शान्तिनारायण श्रेष्ठले लोकलयको प्रयोग गरेका छन् । त्यसैगरी लोकलयमा साङ्गीतिकता प्रदान गर्नका लागि श्रेष्ठको यति र गतिजस्ता कुरामा पनि सचेत रहेका छन् । लयलाई श्रुतिरम्यता प्रदान गर्नका लागि लिइने विश्राम र गतिको उचित निर्वाह गर्दै सरल लोकलयलाई यस सङ्ग्रहमा आत्मसात गरिएको छ ।

### ५.९.५ भाषाशैली

यस सङ्ग्रहमा सरल, सहज किसिमको भाषाशैलीको प्रयोग गरिएको छ । यस सङ्ग्रहका गीतहरूमा लोकभाका, लोकतुक्का तथा लोकमा प्रचलित शब्दहरूको बाहुल्य देखिन्छ, यी

गीतहरूमा अलङ्कारको प्रयोग पनि कृत्रिम रूपमा नभई सरल र लोकधर्मी नै देखिन्छ (बराल, २०५७) । साङ्गीतिक झङ्कार उत्पन्न गर्न सक्ने खालका कोमल वर्णहरूबाट निर्मित लयात्मक कोमल पदावलीको प्रयोग यस सङ्ग्रहका गीतहरूमा गरिएको छ । यस सङ्ग्रहमा तत्सम, तद्भव र पर्वती उपभाषिकामा प्रचलित रहेका शब्दहरूको प्रयोगाधिक्य रहेको छ । प्रभात, शीतल, अन्तस्करणजस्ता तत्सम शब्दहरूको प्रयोग यस सङ्ग्रहमा गरिएको छ । केलाई, स्वाको जस्ता पर्वती उप-भाषिकामा प्रचलित कथ्यस्तरका शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहमा गरिएको छ । मंसीर, पुष, आखीर, बीकि, फूट्ला, बसूँ, सून हाँसू जस्ता शब्दहरूमा वर्णविन्यासगत विचलन आएको छ । त्यसैगरी कोमल वर्णहरूबाट निर्मित कोमल पदावली र सरल वाक्यको प्रयोगले गर्दा यो सङ्ग्रह सुन्दर र बोधगम्य बन्न पुगेको छ । यस सङ्ग्रहमा सरल वाक्यको अधिकता रहनुले प्रसादगुणयुक्त भाषाशैलीको प्रयोग पाउन सकिन्छ ।

### ५.९.६ निष्कर्ष

**बाडुल्की** शान्तिनारायण श्रेष्ठको आठौँ प्रकाशित गीतसङ्ग्रह हो । यससङ्ग्रहमा ६२ ओटा गीतहरू समेटिएका छन् । जुन गीतहरूमा गीतकारले विभिन्न किसिमका भावलाई प्रस्तुत गर्ने प्रयास गरेका छन् । आख्यानलाई पनि समाहित गर्ने किसिमले लेखिएका गीतहरूलाई यस सङ्ग्रहमा समावेश गरिएको छ । प्रेमका विविध मर्म बोकेका गीतहरूका साथै समसामयिक विषयवस्तु र दैवप्रति आक्रोश व्यक्त गरेका गीतहरू यस सङ्ग्रहमा रहेका छन् । सरल भाषाशैलीलाई अङ्गीकार गर्दै लोकलयात्मक ढाँचामा गीतकारले आफ्ना मनोभावहरू प्रकट गरेका छन् । स्थायी, अन्तरा र थेगोको प्रयोग यस सङ्ग्रहमा गरिएको छ । तत्सम, तद्भव र पर्वती उप-भाषिकामा प्रचलित रहेका शब्दहरूको प्रयोग गरिएको छ । यति र गतिको उचित प्रयोग गरिनुले यस सङ्ग्रहका गीतहरू साङ्गीतिकताले भरिएका छन् । सरल वाक्यको अधिकता रहेका यस सङ्ग्रहका गीतहरू अभिधा अर्थमा नै बोधगम्य रहेका छन् ।

## ५.१० *अवतरण* हाइकुसङ्ग्रहको अध्ययन

### ५.१०.१ परिचय

हाइकु कविताको प्रथम प्रयोग जापानमा भएको पाइन्छ । यो गद्यकविताको लघुत्तम रूप हो । जापानी कविताको हाइकुशैलीमा रचित कवितामा जम्मा तीन हरफ र १७ अक्षरहरू रहेका

हुन्छन्, जसमा पहिलो पङ्क्तिमा पाँच अक्षर दोस्रो पङ्क्तिमा सात अक्षर र तेस्रो पङ्क्तिमा पुनः पाँच अक्षर रहन्छन् । हाइकुकविता कविताको सङ्क्षिप्त रूप भएकाले यसमा कुनै एउटा सिङ्गो विचार भाव वा कल्पनाको प्रस्तुति पाइन्छ । हाइकुको जन्म १६ औं शताब्दीमा भए पनि यो विधा त्यति लोकप्रिय बनेर देखापर्न सकेको देखिदैन । हाइकुलाई पहिले होकु भन्ने गरेको पाइन्छ । १९ औं शताब्दीमा आएर मात्र हाइकुलाई हाइकु भन्न थालियो । हाइकुलाई अगाडि बढाउने कविहरूमा बोकासो र कोबायासी इस्सा प्रमुख जापानी कविहरू हुन् ।

नेपाली साहित्यमा पनि पछिल्लो चरणमा आएर हाइकु कविताका स्रष्टा र पाठकहरू लागेको पाइन्छ । हुनत नेपालमा हाइकु कविताको प्रारम्भ शङ्कर लामिछानेले नै २०१९ सालतिर गरेको पाइन्छ तर त्यसबेला हाइकु लेखन पाठकले त्यति रूचिका साथ नपढ्नाले यसको विकास तीव्र गतिमा हुन सकेन । यस विधालाई क्षेत्रप्रताप अधिकारी, रामकुमार पाँडे, अभि सुवेदी, पुष्कर लोहनी, रत्नशमशेर थापाजस्ता अग्रजहरूले यहाँसम्म ल्याईपुऱ्याएका हुन् । निश्चित हरफको वर्णक्रमिक अनुशासनमा लेखिने सूक्ष्म अभिव्यक्तिको यस माध्यमलाई अँगालेर हाइकु लेखनमा सक्रिय पछिल्ला चरणका केही कविहरू मध्ये शान्तिनारायण श्रेष्ठ पनि एक हुन् । कवि शान्तिनारायण श्रेष्ठले 'अवतरण' शीर्षकको हाइकुसङ्ग्रह प्रकाशित गरी यस विधामा पाइलो टेकेका हुन् ।

'अवतरण' हाइकुसङ्ग्रह शान्तिनारायण श्रेष्ठको नवौं प्रकाशित पुस्तकाकार कृति हो । यसको प्रकाशन गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा पर्वतद्वारा वि.सं. २०६१ सालमा प्रकाशन भएको हो । कविले यस हाइकुसङ्ग्रहको बारेमा 'आफ्ना केही कुरा' मा आफू हाइकुविज्ञ नभएको र सम्पूर्ण नियमहरू पनि यथेष्ठ मात्रामा जानकारी नभई यसमा प्रवेश गरेकाले पूर्ण नियमभित्र यो नरहनसक्ने स्वीकृति गरेका छन् । त्यसै गरी यस 'अवतरण' हाइकुसङ्ग्रह भित्र लोकलयको समावेश गरी केही नौलोपन दिएको कुरा पनि आफ्नो भनाइमा कविले उद्घृत गरेका छन् ।

### ५.१०.२ **संरचना**

संरचनाले मुख्य रूपमा त्यसको आयामलाई प्रस्ट पार्दछ । संरचनाका दृष्टिले हेर्दा शान्तिनारायण श्रेष्ठको **अवतरण** हाइकुसङ्ग्रह ७ इन्च लम्वाई ५ इन्च चौडाइ भएको लघु

आकारमा प्रकाशित कृति हो । आवरण पृष्ठमा खैरो रङको प्रयोग गरी प्रकाशित यस पुस्तकको अग्र भागमा एउटा सूर्य र केही अमूर्त लाग्ने एउटा प्रवेशद्वारलाई छापिएको छ । गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा, पर्वतद्वारा २०६१ सालमा प्रथम पटक प्रकाशित यस पुस्तकको गहन भूमिका प्रकट पङ्गेनी 'शिव' ले लेखेका छन् । ६२ पृष्ठमा संरचित यस **अवतरण** हाइकुसङ्ग्रहमा जम्मा ३१० ओटा हाइकुहरू समाविष्ट गरिएका छन् । यस सङ्ग्रहमा तीन खण्डहरू रहेका छन् । तीन खण्ड मध्ये खण्ड 'क' मा ४० ओटा हाइकु, खण्ड 'ख' मा १२० ओटा हाइकु र खण्ड 'ग' मा १५० ओटा हाइकुहरू रहेका छन् । एक पृष्ठमा पाँचओटा हाइकुलाई समाविष्ट गरिएको यस सङ्ग्रहमा हाइकुका भाव झल्कने किसिमका चित्रकलाको प्रयोग समेत गरिएको छ । जुन चित्रहरू गणेशकुमार जि.सी.ले बनाएको कुरा पुस्तकको अग्रभागमा छापिएका कुराबाट प्रस्ट हुन्छ ।

**अवतरण** हाइकुसङ्ग्रहको आन्तरिक संरचनालाई हेर्दा समान पङ्क्तियोजना भएका हाइकुहरू यसमा रहेका छन् । जुन हाइकुहरू ५-७-५ गरी १७ अक्षरका तीन पङ्क्तिको संरचनामा लेखिएका छन् । संरचनागत हिसावले ५-७-५ को सुत्रमा रचिएका भएतापनि हाइकु विधाको सम्पूर्ण नियम यी हाइकुहरूले अँगाल्न सकेका छैनन् । यस सङ्ग्रहमा आएका देश विकासको भावना यसरी प्रस्तुत गरिएको छ :

देश विकास
गर्नुपर्छ सबैले
मेलमिलाप ॥४॥

बोल नेपाली
दुःख पीर मनका
खोल नेपाली ॥११॥

यस्ता अधिकांश कविताहरूमा प्रकृतिपरक बिम्बहरूको प्रयोग भएको छैन । जसले गर्दा यी कविताहरू हाइकु नभएर सेनेरियोजस्ता हुन पुगेका छन् ।

तीन खण्डमा विभाजित **अवतरण** हाइकुसङ्ग्रहको खण्ड 'क' मा सङ्कलित हाइकुहरूमा कविले आफ्नो धर्म, परम्परा र संस्कृतिको जर्गेना गर्नुपर्ने भाव व्यक्त गरेका छन् । त्यसैगरी खण्ड 'ख' मा युद्ध एवम् द्वन्द्वलाई आफ्ना हाइकुहरूको विषयवस्तु बनाएका छन् भने खण्ड 'ग' मा सङ्कलित हाइकुहरूमा कविले मायाप्रीति र जीवनका विविध अनुभूतिहरूलाई व्यक्त गर्नुका साथै प्रेमपरकभावको अभिव्यक्ति दिने प्रयास गरेका छन् ।

### ५.१०.३ भाव

**अवतरण** हाइकुसङ्ग्रह कवि शान्तिनारायण श्रेष्ठको हाइकु लेखनको पहिलो प्रयास भएपनि यसले पाठकहरूमा प्रशस्त प्रभाव छोड्न सकेको छ । कृति पढ्दा पट्यार नलाग्नु, जति पढ्यो त्यति मिठास पाइनु आदि यस हाइकुसङ्ग्रहका विशेषता हुन् । नेपालीहरूको महान चाड दसैं तिहारलाई सम्बोधन गर्दै उनी भन्छन् :

स्नेह भावना
दसैं र तिहारको
शुभकामना ॥१॥

भन्दै लेखन कार्य सुरु गरेका कविले प्रथम खण्डमा शान्ति, मेलमिलाप, देशविकास तथा भाइचाराको सम्बन्धलाई प्रगाढ बनाउनुपर्ने कुरामा जोड दिएका छन् । राष्ट्रियतालाई सधैं माथि राख्नुपर्ने धारणा व्यक्त गर्दै कविले लेखेका छन् -

भेष नरहे
हामी पनि रहन्नौ
देश नरहे ॥२॥

एकातिर हाम्रो देशको राजनीतिक अन्योललाई व्यङ्ग्यात्मक शैलीमा प्रस्तुत गर्दै नेताहरूले आफ्नो स्वार्थ त्याग गर्नुपर्ने र देश विकासमा तन, मन, वचनले लाग्नुपर्ने धारणा व्यक्त गरेका छन् भने अर्कातिर सोझासाझा जनतालाई भेडा बनाएर मोजमस्तीमा झुमेका छट्टु नेताहरूलाई पनि कविले आफ्ना हाइकुको क्यानभासमा उतारेका छन् । आफ्नो इतिहास नभुली, आफ्ना पूर्खाले देखाएको बाटो अँगालेर सत्मार्गमा अगाडि बढ्नुपर्ने भाव यस सङ्ग्रहमा व्यक्त गरिएको छ । त्यसै गरी उपदेशात्मकरूपमा लेखिएका हाइकुहरू पनि यस सङ्ग्रहभित्र भेटिन्छन्, जस्तै :

भलो हुँदैन

बाटो छोडी कुबाटो

जानुहुँदैन ॥१०॥

नेपालमा दस वर्षसम्म चलेको माओवादी जनयुद्धलाई पनि कविले सूचनात्मक रूपमा यहाँ उल्लेख गरेका छन् । कवि भगवान शङ्करले बास गर्ने हिमालको देश र गौतम बुद्ध जन्मिएको देशमा फैलिँदै गएको आफ्नै दाजु भाइबीचको वैमनस्यलाई यसरी प्रस्तुत गर्दछन् :

मऱ्यो दाइ रे

मार्ने को हो भन्दा त

आफ्नै भाइ रे ॥९॥

सङ्क्षिप्त रूपमा चोटिलो किसिमले प्रस्तुत गरिएका अवतरण भित्रका हाइकुले देशमा भएको हत्याहिंसा तथा रिसरागलाई मानवीय वर्वरताका रूपमा लिँदै यस प्रकारका कार्यहरू बन्द गर्न सबैले प्रयास गर्नुपर्ने सन्देश दिएका छन् । शान्तिप्रिय नेपाली शान्ति चाहान्छन् भन्दै वार्ताका लागि हाइकुका पङ्क्ति यसरी प्रस्तुत छन् :

शान्ति चाहियो

युद्धबिराम नगरी

कहाँ पाइयो ॥१९॥

देशमा अशान्ति फैलिएपछि नेपाली जनता काम र मामको खोजीमा विदेशीनु परेको र विदेशमानै ज्यान गुमाउनु परेको कुरालाई इराकमा मारिएका १६ जना नेपालीको दृष्टान्त दिँदै कवि भन्छन् :

बिना बिराम्मा

बाह्र जना नेपाली

मारे इराक्मा ॥२३॥

त्यसैगरी सोझासाझा जनतालाई भेडा बनाएर मोजमस्तीमा झुमेका छट्टु नेताहरूलाई पनि कविले आफ्ना हाइकुको क्यानभासमा उतारेका छन् । व्यक्तिगत स्वार्थपूर्ति गर्ने त्यस्ता छेपारे प्रवृत्तिका नेताहरूप्रति व्यङ्ग्यप्रहार गर्दै कविले तिनीहरूलाई आफ्नो चरित्र सुधार्न समेत आग्रह गरेको पाइन्छ । विशेष गरी देशमा विद्यमान देखिएको समस्यालाई नै कविले **अवतरण** हाइकुसङ्ग्रहमा प्रस्तुत गरेका छन् । आफ्नो इतिहास बिर्सने लाजपचेका नेतालाई अझै जनताले नचिनेको गुनासो कविको छ । जनता भेडाबाट कहिल्यै जनता बन्न सकेनन् । अकुत धनसम्पत्ति थुपारेर साधु विरालो बन्ने परम्परा हाम्रोमा आज पनि जस्ताको त्यस्तै रहेको कुरालाई उनले स्पष्ट रूपमा उल्लेख गरेका छन् । उनी भन्छन् :

भ्रष्ट नेताको

अनुचित प्रवृत्ति

पूनरावृत्ति ॥९५॥

वर्तमान समयमा धनी गरिब बीचको खाडल बढ्दै गएको र गरिब जनता सधैँ रोएको कुरालाई पनि कविले यसरी मार्मिक रूपमा प्रस्तुत गरेका छन् :

झुप्रोमा आँसु

महलभरि मासु

म कसरी बाँचू ॥३८॥

प्रजातन्त्र प्राप्तिपछि पनि देश उन्नतिको सट्टा अधोगतितिर लागेको देख्दा कवि शब्दमा पोखिएका छन् । केही आशा, केही निराशा व्यक्त गर्दै उनले कविताहरूमा हालको समय नै विसङ्गतिपूर्ण रहेको कुरा गहकिलो रूपमा प्रस्तुत गरेको पाइन्छ ।

मूलरूपमा राजनीतिक असन्तुष्टि नै यस हाइकुसङ्ग्रहको प्रतिपाद्य विषयवस्तु भएपनि यसभित्र जीवनजगत्का सूक्ष्म कुरालाई पनि केही मात्रामा टिप्ने प्रयास गरिएको छ । **अवतरण** भित्रका कतिपय हाइकुहरूले प्राकृतिक छटाको समेत सुन्दर वर्णन गरेको पाइन्छ । गाउँमा जन्मिएर हरियालीसँगै रमाएका कवि श्रेष्ठ प्रकृतिमा मुग्ध बन्दै भन्छन् -

बेली चमेली
फूलहरू फुलेका
भृङ्ग झुलेका ॥१९॥

प्रकृतिका विविध ऋतुहरूको वर्णन पनि यसभित्र पाउन सकिन्छ । कवि श्रेष्ठ आफ्नो लेखनकालको उत्तरार्धतिर प्रवेश गरिसक्दा पनि बैसको हुरीमा लट्ठिदै आफ्नो अतीतलाई सम्झन्छन र घाँस दाउरा मेलापातमा गाएका गीत सम्झदै भन्छन्-

गीत गाएर
मेलापात रोदीमा
प्रित लाएर ॥२२॥

त्यसै गरी कवि श्रेष्ठले यस सङ्ग्रहको अन्तिम खण्डमा आएर प्रेमी र प्रेमिकाको बिछोडबाट उत्पन्न हुने नैराश्यलाई विषयवस्तु बनाएका छन् । जिन्दगीलाई पानीको फोकासँग तुलना गर्दै पानीको फोका जस्तो माया लगाउनु हुँदैन भन्ने विचार कविले प्रकट गरेका छन् । मानवीय प्रेम सद्भावले नै मानिसलाई यस संसारमा खुसी र दुःखी बनाउँछ भन्दै प्रेमपरकभावको अभिव्यक्ति कविले दिएका छन् ।

निष्कर्षमा भन्नुपर्दा शान्तिनारायण श्रेष्ठद्वारा लिखित **अवतरण** हाइकुसङ्ग्रहमा वीरता देशप्रेम, भाइचारा, व्यवहारिक चिन्तन, युद्ध, भय, त्रास, करुणा, प्रकृतिको चित्रण, मुक्तिको आवाज, मानवीयता, प्रेमप्रणय, उखानटुक्काजस्ता कुराहरूको समिश्रण पाइन्छ । कविले हाइकुहरूको क्रमलाई भने छर्छार् गरेर प्रस्तुत गरेका छन् । सरसर्ती पढ्दा आनन्द आउने यस सङ्ग्रह भित्रका हाइकुहरू वास्तवमै हृदयस्पर्शी देखिन्छन् । गहनभावलाई समेटेर पनि सरल किसिमले हाइकुहरू प्रस्तुत हुनु यस सङ्ग्रहको मूल विशेषता हो ।

### ५.१०.४ लय

लय वा छन्द भन्नाले कविताको आन्तरिक र बाह्य ध्वनिलाई बुझाउँछ । अक्षर र शब्दहरूको क्रमिक पुनरावृत्तिले कवितालाई कर्णप्रिय बनाउने हुँदा प्रायसः कविताहरूमा आन्तरिक र बाह्य लयहरूको समावेश गरिएको हुन्छ ।

शान्तिनारायण श्रेष्ठद्वारा लिखित यस **अवतरण** हाइकुसङ्ग्रह भित्रका हाइकुहरू आन्तरिक र बाह्य दुबै रूपमा लयात्मक नै देखिन्छन् । कविले भनेझैँ कविताहरू लोकलयमा गाउन सकिने लयात्मक, गेयात्मक किसिमका देखिन्छन् । अनुप्रास मिलाएर लेखिएका यी हाइकुहरूमा माथिल्लो हरफको अन्तिम वर्णसँग तल्लो हरफको अन्तिम वर्ण मिल्न गएकाले एउटै वर्णको आवृत्तिले हाइकुलाई गेयात्मक बनाएको पाइन्छ । कवितालाई श्रुतिमधुर बनाउनका लागि कविले हाइकुको नियमलाई मात्र ध्यान नदिइ वर्णको समावेशलाई समेत सचेत किसिमले गरिएकाले हाइकुहरूमा कुशल कालिगडद्वारा कुँदिएको मुर्तिझैँ गरी शब्दहरू मिलाएर राखेको पाइन्छ, जस्तै :

भुल्नु हुँदैन
देश छोडी विदेश
खुल्नु हुँदैन ॥८॥

यस सङ्ग्रहका हाइकुमा स्वतस्फूर्त तरिकाले अनुप्रासको संयोजन भएको पाइन्छ । अन्त्यानुप्रासको सहज उपस्थितिले हाइकुहरू गेयात्मक र श्रुतिमधुर बनेका छन् ।

### ५.१०.५ भाषाशैली

भाषाशैली भन्नाले कुनै पनि लेखन भित्रनिहित लेखनको विशिष्ट प्रक्रिया र त्यसमा चयन गरिएका शब्दहरूको संयोजनलाई जनाउँछ । **अवतरण** हाइकुसङ्ग्रह भाषाशैलीका दृष्टिले उच्चकोटीको देखिन्छ । सरल शब्दहरूको चयन गरी रचिएका यस सङ्ग्रहभित्रका हाइकुहरूले गीतिलयलाई सजिलै समात्न सकेका छन् । यस सङ्ग्रहभित्र प्रयोग गरिएका शब्द र तिनका अर्थले भावगत लयात्मकताको सिर्जना गरेका छन् । लोकलयात्मक ढाँचा, कुशल शब्दचयन र स्पष्ट भावाभिव्यक्तिले पाठकको सम्वेदनालाई प्रभावित पार्न सक्ने र तिनलाई लयात्मक रूपमा गाउन सक्ने बनाएका छन्, जस्तै :

वर्षा आएछ
खोलानाला बढेर
खेत खाएछ ॥९३॥

भन्न नहुने

भाँडो रैछ चुहुने

दूध दुहुने ॥१२८॥

माथिका हाइकुहरू हेर्दा सामान्य गाउँघरका घाँस दाउरा गर्ने मानिसले बुझ्ने किसिमका शब्दलाई कविले मन छुने गरी लयात्मक रूपमा प्रस्तुत गरेका छन् । सरल शब्दको प्रयोग गर्दागर्दै पनि कविले कतिपय ठाउँमा संस्कृतका तत्सम शब्दहरूको प्रयोग समेत गरेको पाइन्छ । जस्तै भृङ्ग, भरण, शीर, परनिन्दक, परिपालक, मूढ, बालक आदि । त्यसै गरी कलेज, नलेज, गँवार, टेलिभिजन आदि जस्ता आगन्तुक शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहमा भएको छ । 'जो थियो चोर उसैको ठूलो स्वर', 'ताक परे तिवारी नत्र गोतामे', 'अति गरे नि अतिसार नगर्नु' आदि जस्ता समाजमा प्रचलित उखानटुक्काको प्रयोगले हाइकुहरू बढी आकर्षक पनि बन्न पुगेका छन् । छोटा-छोटा सम्वादात्मक एवम् वर्णनात्मक, विवरणात्मक एवम् व्यङ्ग्यात्मक शैलीले हाइकुहरू विनोदप्रिय बनेका छन् । यसरी यस हाइकुसङ्ग्रहमा विभिन्न श्रोतबाट शब्दहरू चयन गरिएका भएतापनि बोधगम्यता र लयात्मकतामा कुनै पनि अप्ठ्यारो नपरेकाले यसलाई कविशिल्प मान्न सकिन्छ ।

### ५.१०.६ बिम्ब, प्रतीक, अलङ्कार

साहित्यमा बिम्ब, प्रतिक तथा अलङ्कारको साहित्यिक आभूषणको काम गरेको हुन्छ । अर्थगत विविधता, गुढभाव निर्माणमा समेत बिम्ब, प्रतीक, अलङ्कारले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । यसमा पनि विभिन्न बिम्ब, प्रतीक, अलङ्कारको प्रयोग गरिएको छ, जस्तै :

मूर्दाहरूमा

खोजे आफ्नो अस्तित्व

मलामीहरू ॥५९॥

बाँदरको नाच

दर्शकको भिडभाड

कस्को मजाक ?

माथिका हाइकुले प्रतीकात्मक रूपमा नेपाली राजनीतिमा हावी भएका नेताहरूको चरित्रलाई प्रस्तुत गरेको छ ।

प्रस्तुत सङ्ग्रहभित्रका कवितामा पाइने वर्णहरूको क्रमिक विन्यासले साहित्यिक अलङ्कारको सिर्जना गरेको पाइन्छ । मूल रूपमा अनुप्रास अलङ्कारको प्रयोग बढी मात्रामा भएको छ । आद्यानुप्रास र अन्त्यानुप्रास अलङ्कारका कारणले कविताहरू लयात्मक, सङ्गीतात्मक तथा गेयात्मक बन्न पुगेका छन् । यस हाइकुसङ्ग्रहमा सामाजिक, सांस्कृतिक, राजनीतिक स्रोतका बिम्ब र प्रतीकको प्रयोगले हाइकुहरू बढी कलात्मक बन्न पुगेका छन् । सामाजिक, राजनीतिक, ग्रामीण एवम् नगर परिवेशमाथि व्यङ्ग्य गर्नेक्रममा उनले विविध परम्परित र आधुनिक बिम्ब, प्रतीकको प्रयोग गरेका छन् । यस सङ्ग्रहमा प्रजातन्त्र, नेता, युद्ध, भय, स्वतन्त्रता, नदीनाला, हिमाल, फल, फूल, बोट, विरुवा, रात, दिन, साँझ, भमरा, जून, स्याल, घाँस, बाघ, न्याउली आदि जस्ता बिम्ब र प्रतीकको प्रयोग गरी कविले यस सङ्ग्रहका हाइकुलाई बढी व्यञ्जनात्मक एवम् भावसघन बनाएका छन् । यस सङ्ग्रहमा बिम्ब, प्रतीकका स्रोतहरू ज्ञान, विज्ञान तथा प्रकृति र समाजका पक्षहरू रहेका छन् । प्रत्येक हाइकुका साथमा चित्रहरूको प्रयोग गरिएकाले ती बढी सहज भावसंवेद्य बन्न पुगेका छन् । ऋतुगत तथा वस्तुगत बिम्ब, जीवनदर्शन र नेपालीपनको प्रयोगका साथै कविले आफ्नो जीवनमा देखेभोगेका विषयवस्तुलाई नै सरल किसिमले प्रयोग गरी प्रस्तुत गरिएकाले यस सङ्ग्रहका हाइकुहरूले भावगाम्भीर्यलाई सहजरूपमा ग्रहण गरेको पाइन्छ ।

### ५.१०.७ निष्कर्ष

**अवतरण** हाइकुसङ्ग्रह कवि शान्तिनारायण श्रेष्ठको नवौं कृतिका रूपमा प्रकाशित छ । यसभित्र तीन खण्डमा हाइकुहरूलाई प्रस्तुत गरिएको छ । क, ख र ग खण्डमा विभाजित यस हाइकुसङ्ग्रहमा खण्ड ‘क’ मा ४०, खण्ड ‘ख’ मा १२० र खण्ड ‘ग’ मा १५० गरी जम्मा ३१० ओटा हाइकुहरूको समावेश रहेको छ । यस सङ्ग्रहमा देशभक्ति भावना, निस्सारता तथा देशमा व्याप्त असमानता, समसामयिक समाजमा रहेका अन्याय, अत्याचार, विकृति, विसङ्गति, शोषण, दमन, छाडा संस्कृति, विदेश पलायन, प्राकृतिक मोह र मायाप्रेमलाई स्पष्ट रूपमा प्रयोग गरिएको छ । नेपालमा चलिरहेको द्वन्द्वलाई समेत नजिकबाट चियाउने प्रयास गरिएको यस हाइकुसङ्ग्रह भित्र नेपाली संस्कृति, नेपाली उखानटुक्कालाई समेत उपदेशात्मक रूपमा

प्रस्तुत गरिएको छ । आजसम्म नेपालीले विश्वमा शीर ठाडो पारेर बाँचेको र अब पनि शीर भुकाउनु नपरोस् भन्ने भावनालाई कविले यस सङ्ग्रहमार्फत व्यक्त गरेका छन् । देशले विकासको गति नलिनुको एकमात्र कारण राजनीतिक विसङ्गति रहेको ठहर कविले गरेका छन् । नेपाली संस्कृति, नेपालीपन नेपालीको छुट्टै मौलिक पहिचान हो र यसलाई सधैँभरी जोगाउनुपर्ने धारणा कवि व्यक्त गर्दछन् ।

पाँच, सात र पाँच गरी १७ अक्षरको संयोजन गरी सङ्क्षिप्त रूपमा गहनभावलाई व्यक्त गर्न सफल यस हाइकुसङ्ग्रहका हाइकुहरू शब्दचयनका दृष्टिले उच्च कोटिका देखिन्छन् । सरल, सहज भाषाशैलीको प्रयोग गरी लेखिएको यस हाइकुसङ्ग्रह भित्रका हाइकुहरू अनुप्रास अलङ्कारले युक्त भएकाले लोकलयलाई टपक्क टिपेर गेयात्मक बन्न पुगेका छन् । तत्सम, आगन्तुक, स्थानीय कथ्य भाषा र समाजमा प्रचलित उखानटुक्काको प्रयोग यस सङ्ग्रहमा गरिएको छ । आन्तरिक र वाह्य अनुप्रासका साथै ऋतुबोधक प्रकृतिपरक तथा समयसापेक्ष परम्परित र आधुनिक बिम्ब प्रतीकहरूले **अवतरण** हाइकुसङ्ग्रहलाई अभिधा, लक्षणा र व्यञ्जना तीनै स्तरमा बोधगम्य बनाएका छन् ।

## ५.११. ***अनावरण*** **ताङ्कासङ्ग्रहको अध्ययन**

### ५.११.१ परिचय

ताङ्का कविताकै एउटा प्रकार हो । क्रमशः पाँच-सात, पाँच-सात र सात गरी ३१ अक्षर समूहका पाँच पङ्क्तिको वार्णिक छन्दशैलीमा संरचित छोटो, मीठो, लयात्मक अभिव्यक्तिलाई ताङ्का भनिन्छ । यसलाई वाका र गीतिकविता पनि भन्ने गरेको पाइन्छ । ताङ्कामा प्रकृतिको अलौकिक संरचना, प्रेमजन्य शाश्वत चेतना र नश्वर जिन्दगीका अनेक आरोह, अवरोहलाई अति सूक्ष्म पारामा सम्प्रेषण गरिएको हुन्छ । यसमा सबै किसिमका भाव, रस र गुण अटाउन सकिन्छ । नेपाली, सेलो, ख्याली, चुडका वा रोइलाजस्ता लोकलयको पृष्ठभूमिमा ताङ्कालाई तन्काउन र गाउन पनि सकिन्छ । कविताको परम्परागत जापानीशैलीका कवितामा सबैभन्दा सूक्ष्म रूप हाइकु र मझौला रूप ताङ्कालाई मान्ने गरिन्छ (जिताली, २०६४:४८) ।

नेपाली ताङ्का लेखनको परम्परा खोतल्दै जाँदा नेपाली भाषामा जापानी ताङ्का लेखनको आरम्भ क्षेत्रप्रताप अधिकारीद्वारा अनुदित ‘हिम जून फूल’ नामक ताङ्कासङ्ग्रह (२०५१) बाट

भएको भेटिन्छ । यस विधालाई अगाडि बढाउने अन्य नेपाली साहित्यकारहरूमा रामकुमार पाँडे र पुष्कर लोहनी, ताङ्का सिर्जना र सैद्धान्तिक लेखनमा अगाडि देखिएका छन् भने लेखन र प्रकाशनका दृष्टिले शशि भण्डारी, शान्तिनारायण श्रेष्ठ, विष्णुबहादुर सिंह, मोहनबहादुर कायस्थ, चन्द्रकला शाह, आदि सक्रिय सावित भएका छन् । त्यस्तै वियोगी बुढाथोकी, चेतनाथ धमला, धीरज गिरी 'कल्पित', कृसु क्षेत्री, देवेन्द्र सुगौला, लालबहादुर भुजेल, सगुल सुसारा, बमबहादुर जिताली आदि स्रष्टाले नेपाली ताङ्का लेखनको विकासमा योगदान दिँदै आएका छन् ।

नेपालीमा ताङ्काविधालाई अगाडि बढाउने सक्रिय स्रष्टा शान्तिनारायण श्रेष्ठले **अनावरण** ताङ्कासङ्ग्रह लेखी ताङ्का विधामा कलम चलाएका छन् । शान्तिनारायण श्रेष्ठको **अनावरण** ताङ्कासङ्ग्रह वि.सं. २०६२ सालमा 'गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा, पर्वतद्वारा' प्रकाशन भएको हो । यस ताङ्कासङ्ग्रहमा शान्तिनारायण श्रेष्ठका १८० ओटा ताङ्काहरू समेटिएका छन् । यस सङ्ग्रहमा डा. रामकुमार पाँडे र चेतनाथ धमलाले भूमिका लेखेका छन् । यस सङ्ग्रहमा सङ्ग्रहीत ताङ्काहरूमा चित्रहरूको प्रयोग पनि गरिएको छ । यसरी कवि र चित्रकार दुई व्यक्तिको सृजनात्मकता यस सङ्ग्रहमा प्रस्तुत भएको छ । ताङ्काकारले आफ्ना ताङ्काहरूलाई जीवन्त रूपमा प्रस्तुत गर्न कलाकार गणेशकुमार जी.सी.को चित्रकारितालाई समावेश गरेका छन् । यसले गर्दा उनका ताङ्काहरूमा सजीवता थपिएको पाइन्छ ।

ताङ्काकार शान्तिनारायण श्रेष्ठको **अनावरण** ताङ्कासङ्ग्रहमा रचनाप्रभाव प्रायः लोकजीवन पद्धतिमा झङ्कृत भएको पाइन्छ । यस सङ्ग्रहमा सङ्ग्रहीत ताङ्काहरूमा कवि श्रेष्ठका आफ्ना अनुभव, अनुभूति र विचारहरूलाई प्रस्तुत गरिएको छ (धमला, २०६२:झ) ।

### ५.११.२ संरचना

शान्तिनारायण श्रेष्ठको **अनावरण** ताङ्कासङ्ग्रह ७ इन्च लम्बाइ र ५ इन्च चौडाइ आकारको रहेको छ । आकर्षक चित्रको बाहिरी आवरणसहित प्रकाशित यस ताङ्कासङ्ग्रहमा जम्माजम्मी ६० पृष्ठ रहेका छन् । यसको भूमिका खण्डमा डा. रामकुमार पाँडेको 'पर्दा तानेर सिर्जनामा सोज्जिँदै', हाइकु अध्ययन नेपालका अध्यक्ष चेतनाथ धमलाको 'अनावरणमा सुन्दर सङ्कल्प' र लेखकको भनाइ गरी क देखि ज सम्म श्रेष्ठका रचनाहरूको समीक्षा गर्दै भूमिका लेखिएका छन् ।

जम्माजम्मी १८० ओटा ताङ्काहरू रहेको यस सङ्ग्रहको आन्तरिक संरचनालाई हेर्दा समान पङ्क्तियोजना भएका ताङ्काहरू यसमा रहेका छन् । श्रेष्ठले **अनावरण** ताङ्कासङ्ग्रहमा ताङ्का अनुसारका चित्रहरू प्रयोग गरेका छन् । विविध किसिमका विषयवस्तुलाई व्यङ्ग्यात्मक रूपमा सङ्केत गर्ने चित्रहरू समावेश गरिएको यस ताङ्कासङ्ग्रहको संरचनालाई हेर्दा ताङ्का लेखनकै सुत्रात्मक सिद्धान्तपक्षलाई अपनाएर लेखिएको पाइन्छ । क्रमशः पाँच-सात, पाँच-सात र सात गरी ३१ अक्षर समूहका पाँच पङ्क्तिको वार्णिक छन्दशैलीमा संरचित छोटो मीठो, लयात्मक अभिव्यक्तिलाई ताङ्का भनिन्छ । यसमा एउटा ऋृतुबोधक वा प्रकृतिजन्य बिम्बको प्रयोग गरिएको हुन्छ (जिताली, २०६४:४८) ।

त्यसै गरी शान्तिनारायण श्रेष्ठको **अनावरण** ताङ्कासङ्ग्रह पनि पाँच-सात, पाँच-सात र सात गरी ३१ अक्षरमा पाँच पङ्क्तिमा संरचित छ । ३१ अक्षरमध्ये पहिलो पङ्क्तिमा पाँचओटा (२+३ वा ३+२) अक्षरसमूह, दोस्रो हरफमा सातओटा (२+२+३ वा ४+३) अक्षरसमूह, चौथो हरफमा सातओटा (२+२+३ वा ४+३)) अक्षरसमूह र पाँचौ पङ्क्तिमा पनि सातओटा (२+२+३ वा ४+३) अक्षरसमूहको सूत्रात्मक ढाँचामा लेखिएको छ । यसप्रकारको अक्षरगत संरचनाले गर्दा ताङ्काहरूमा लयगत मिठास र अनुप्रासमय नेपालीपन पनि थपिएको छ । यस ताङ्कासङ्ग्रहको पहिलो हरफमा पाँच अक्षरले विषयप्रवेश, दोस्रो हरफमा सात अक्षरले भावोत्पादन, तेस्रो हरफ पाँच अक्षरलाई अन्तिम दुई हरफ सात अक्षरले सामीप्यता प्रदान गर्दै कौतुहल सिर्जना गरेका छन् । यस सङ्ग्रहमा हलन्त र अर्धअक्षरको गणना गरिएको छैन । ऋृतुबोधक र प्रकृतिजन्य बिम्बको प्रयोग गरिएको छ । त्यसैले **अनावरण** ताङ्कासङ्ग्रहमा आएका ताङ्काहरू ताङ्कालेखनको सुत्रात्मक ढाँचा वा संरचनामा आबद्ध भई लेखिएका छन् ।

### ५.११.३ भाव

**अनावरण** ताङ्कासङ्ग्रहका ताङ्काहरूले सामाजिक, राजनीतिक, प्रणयमूलक विषयवस्तुलाई समेटेका छन् । कविले मानवीय मनका इच्छा, आकाङ्क्षा, आर्थिक, ग्रामीण एवम् नगर परिवेशको चित्रण गर्दै नेपालको समकालीन राजनीतिमा देखापरेका विकृति र विसङ्गतिलाई यस सङ्ग्रहका ताङ्काका माध्यमबाट सशक्त रूपमा प्रस्तुत गरेका छन् । समाजमा विद्यमान अन्याय, अत्याचार, गरिबी आदिलाई यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ ।

ताङ्काकार शान्तिनारायण श्रेष्ठले ताङ्कामा प्रकृति र प्रणयका गीत गाएका छन् अनि वेदना र विकृतिका आकृति पस्केका छन् । मन छुने, मन धुने र मन रुने मात्र होइन मन रमाउने, मन समाउने र मन जमाउने सिर्जना उनका ताङ्कामा भेटिन्छ । कतै कथा जस्तो, कतै व्यथा जस्तो मान्छेको मनलाई उतारेका छन् । उनका ताङ्कामा नवरसकै स्वाद पाइन्छ । त्यसै गरी मानव सभ्यता एवम् मानवताको मर्मदेखि विद्या, बुद्धि र विवेकको धर्म विशुद्ध साहित्यकार भएर कवि श्रेष्ठले यस सङ्ग्रहमा भावधारालाई अमृतधारा बनाएका छन् (पाँडे, २०६२:ग) । कतै नैतिकताका पाठ र सद्भावका सन्देश, कतै उपदेश, कतै आफ्नै देशका वर्णन उनका ताङ्कामा देखापर्छन् । कविले नेपालीपनप्रति आत्मगौरव राख्दै आफ्नो मातृभूमिप्रति अगाध माया, सम्मान र आस्था जगाउँदै जन्मभूमि र मानवीय सेवामा समर्पित भएर सम्पूर्ण नेपालीहरू अगाडि बढ्नुपर्ने भाव व्यक्त गरेका छन् । ताङ्काकार श्रेष्ठका ताङ्काले जीवनको गतिलाई प्राकृतिक वर्णनशैलीमा व्यक्त गरेको देखिन्छ । प्रकृतिको अगाध प्रेमलाई जीवनोपयोगी धारमा उभ्याएको छ । प्राकृतिक जीवजगत्लाई परेका कथा र व्यथाको विश्लेषणले मानवीय गुणलाई तानेको देखिन्छ (धमला, २०६२:झ) । **अनावरण** ताङ्कासङ्ग्रहमा मान्छेको खुट्टा तान्ने प्रवृत्तिप्रति व्यङ्ग्य प्रहार गर्दै कविले नैतिकतामा कलङ्क लाग्यो भने धोएर जाँदैन भन्ने भाव यसरी व्यक्त गरेका छन् :

नैतिकतामा

लाग्यो भने कलङ्क

जान्न धोएर

गुम्यो भने अवसर

फर्कंदैन रोएर ॥४७॥

वर्तमान समयमा मान्छेबाट नैतिकता खस्कँदै गएको, स्वार्थीपन मौलाउँदै गएको, ईश्वर पनि निर्दयी बनेको, गाउँबाट मानिस विस्थापित भएर सहर पसेकोजस्ता विकृति विसङ्गतिबोधका भावहरूलाई यस सङ्ग्रहका ताङ्काहरूले प्रष्ट्याएका छन् भने अर्कातिर मायाप्रेममा विछोड, बढ्दो सहरीकरणप्रति चिन्ता, देशमा बढ्दो हत्याहिंसाप्रति खिन्नता, मान्छेमा निहित स्वार्थीपन, स्वदेश र संस्कृतिप्रेम, गरिबीको पीडा, मेलमिलाप, शान्तिको चाहनाजस्ता समसामयिक विषयलाई समेटेका छन् । सामाजिक जीवन दु:ख र सुखको संयोगमा चलिरहेको छ, आफ्नो

जिन्दगीलाई मान्छे निरर्थक सम्झेर बाँचिरहेको छ, मानिस आफ्नो अस्तित्वको खोजीमा देशमा रोजगार नपाएर काम र मामको खोजीमा शरणार्थीको भेषमा विदेशिनु परेको प्रसङ्गलाई कविले यसरी व्यक्त गरेका छन्-

पोख्यौ दुखेसो
रोजगार नपाई
आफ्नै देशमा
विदेसिनु पऱ्याको
शरणार्थी भेषमा ॥४८॥

त्यसै गरी शान्तिनारायण श्रेष्ठले राजनीतिक र प्रणयमूलक विषयवस्तुलाई पनि आफ्ना ताङ्काको भावभूमि बनाएका छन् । कविले आफ्ना कतिपय ताङ्कामा प्रजातन्त्रप्रति सहानुभूति देखाएका छन् भने कतिपय ताङ्कामा कविले नेताहरूलाई व्यङ्ग्य प्रहार गर्दै वर्तमान नेपालको राजनीतिमा देखिएको विकृति र विसङ्गतिलाई औंल्याएका छन् । त्यसै गरी प्रेमी र प्रेमिकाको बिछोडबाट उत्पन्न हुने नैराश्यलाई यस सङ्ग्रहमा विषयवस्तु बनाइएको छ । ताङ्कामा मायाप्रेममा मिलन, बिछोड, विश्वासघातजस्ता कुराहरूलाई दर्साउँदै कल्पनामा डुबेर आफ्नी प्रेमिकाले विश्वासघात गरेको कुरालाई यसरी व्यक्त गरेका छन् :

नसम्झे प्रिय
सम्झे लाग्छ बाडुल्की
मुटु चस्किन्छ
खाटा बस्नै लागेको
घाउ फेरि बल्झिन्छ ॥७८॥

कविले यस ताङ्कासङ्ग्रहमा प्राकृतिक सन्दर्भसँग जीवनलाई जोड्दै जीवनमा आएका विभिन्न किसिमका उतार-चढावहरूलाई ऋतु परिवर्तन एवम् प्रकृतिका विविध अवस्थासँग दाँज्न खोजेका छन् । उनका ताङ्काले जीवनको गतिलाई प्राकृतिक वर्णनशैलीमा व्यक्त गर्दै प्रकृतिको अगाध प्रेमलाई जीवनोपयोगी धारमा उभ्याएको छ ।

यसरी **अनावरण** ताङ्कासङ्ग्रहमा सामाजिक, राजनीतिक एवम् प्रणयमूलकजस्ता विविध विषयवस्तुको प्रयोग गरी कविले आफ्ना भावना र अनुभूतिहरूलाई ताङ्कामा व्यक्त गरेका छन् । लोकजीवनपद्धतिमा आधारित भई शास्त्रीयशैलीमा अडेर सरलमय भाव सङ्गीतको ग्रामीण परिवेशको सजीव चित्रण यस सङ्ग्रहमा गरिएको छ ।

### ५.११.४ **लय**

**अनावरण** ताङ्कासङ्ग्रहका ताङ्कामा ताङ्काकार शान्तिनारायण श्रेष्ठले लोकलयका साथसाथै गीतिलयको प्रयोग गरेका छन् । लोकगीतिलयमा आबद्ध भई लेखिएको यस ताङ्कासङ्ग्रहमा सरल लोकधर्मी लयलाई आत्मसात् गरिएको छ । लोकलयमा साङ्गितिकता प्रदान गर्नका लागि स्वतन्त्र अस्तित्व भएका अनेक अर्थ लाग्ने छोटा-छरिता लयात्मक अनुभूतिजन्य कविता यस सङ्ग्रहमा समेटिएको छ । लयलाई श्रुतिरम्यता प्रदान गर्नका लागि गति र यतिको उचित निर्वाह पनि गरिएको पाइन्छ । यस सङ्ग्रहका ताङ्कामा स्वतस्फूर्त तरिकाले अनुप्रासको संयोजन भएको वा अन्त्यानुप्रासको सहज उपस्थितिले ताङ्काहरू लयात्मक पनि बनेका छन् । ताङ्कामा पाइने अनुप्रास र लोकलयात्मक ढाँचाले ताङ्कालाई लयात्मकता र साङ्गीतिकता प्रदान गरेका छन् । यस सङ्ग्रहका ताङ्कामा प्रयुक्त शब्द र अर्थले भावगत लयात्मकताको सिर्जना गरेको देखिन्छ । ताङ्कामा पाइने लोकलयात्मक ढाँचा, कुशल शब्दचयन र स्पष्ट भावाभिव्यक्तिले पाठकको सम्वेदनालाई प्रभावित पार्न सक्ने र तिनलाई गीतिलयमा गाउन सक्ने बनाएका छन् । लोकगीतमा पाइने लयात्मक मिठास यस सङ्ग्रहका ताङ्कामा पाइन्छ, जस्तै :

आफू जलेर<br>
अरूलाई उज्यालो<br>
दियो जसले<br>
त्यसबाट प्रेरणा<br>
लियो यहाँ कसले ? ॥२५॥

त्यसै गरी बाहुन, क्षत्री, गुरूङ, मगर, तामाङ आदि जनजातिको लोकगीतमा पाइने सेलो, चुड्का रोइला वा ख्यालीको लयात्मक मिठास यस सङ्ग्रहका ताङ्काहरूमा पाइन्छ ।

### ५.११.५ भाषाशैली

**अनावरण** ताङ्कासङ्ग्रहमा सङ्कलित रचनाहरूमा ताङ्काकार शान्तिनारायण श्रेष्ठले सामान्य नेपाली जनताले बुझ्नसक्ने सरल भाषाशैलीको प्रयोग गरेका छन् । यहाँ प्रस्तुत रचनाहरूमा सामान्य गाउँघरका सामान्य मानिसले बोल्ने लोकबोलीका शब्दहरूलाई टिपेर पनि प्रयोग गरिएको छ । भाषाशैली सरल र अभिधात्मक रहेको छ । कविको तार्किक क्षमता र परिस्कृत शैलीले यस सङ्ग्रहलाई विश्वव्यापी तुल्याएको छ । कतै उखानझैँ लाग्ने वाक्य एवम् वाक्यांश कण्ठस्थ गर्नका लागि सजिलो र पढेपछि स्पष्ट दृष्टि बन्ने उद्गार उनका ताङ्कामा छरप्रस्ट छन् (पाँडे, २०६२:ग) ।

दिनहुँ घाँस र दाउरा गर्दा वनमा पोखिएको विरह र व्यथाको लोककम्पनलाई शैली प्रयोगको रूपमा ताङ्काकार श्रेष्ठले सर्लक्कै उतारेका छन् । यसमा लोकगीति शैलीको प्रयोग भएको छ, जस्तै :

न्याउली रोयो
एकलासे वनमा
पोखी विरह
त्यसै किन रुन्थ्यो र
होला पीर मनमा ! ॥२६॥

यस सङ्ग्रहमा अन्त्यानुप्रासको पनि प्रयोग गरिएको छ । ताङ्कामा प्रयुक्त अन्त्यानुप्रासले मिठास र कर्णप्रिय पनि तुल्याएको छ । ताङ्काले जीवनको गतिलाई प्राकृतिक वर्णनशैलीमा व्यक्त गरेको देखिन्छ (धमला, २०६२:झ) ।

प्रस्तुत ताङ्कासङ्ग्रहका रचनाहरूमा संस्कृत तत्सम, आगन्तुक, स्थानीय कथ्य भाषा र नेपाली उखानहरूको प्रयोग गरिएको छ । रचनाहरूमा जन, इश, मुक, वसन्त, आकाश, वृक्ष, पुन्य, क्रान्ति, नूर, कर्म, संस्कृति, शिर, धर्म, पूजा, नैतिक, शीतल, प्रभात आदि जस्ता संस्कृत तत्सम शब्दहरूको अधिक प्रयोग भएको छ । यसै गरी नजर, बजार, इज्जत, सल्लाह आदिजस्ता आगन्तुक शब्दहरूको प्रयोग पनि यस ताङ्कासङ्ग्रहका ताङ्कामा भएका छन् । रचनालाई

रोचक बनाउन लोकलाल्या, तहसनहस, खलखल, टहटह, उस्तैउस्तै, पछिपछि, पर्लापर्लाजस्ता द्वित्व शब्दहरूको उचित प्रयोग भएको छ । सङ्कलित रचनाहरूमा कैल्यै, कस्ले, तिम्ले, गाऔ, नभाको, नपाको, गिदी, चेते, खान्की, रोटो आदिजस्ता सामान्य जनताले बोल्ने र बुझ्ने स्थानीय कथ्य भाषाका शब्दहरू पनि रहेका छन् । यसै गरी 'कौवा कराउँदैमा वेलपाकी खस्दैन', 'ताकपरे तिवारी नत्र गोतामे', 'जुन जोगी आए नि कानै चिरेको' आदिजस्ता नेपाली समाजमा प्रचलित उखानहरूको प्रयोग गरी ताङ्काकारले आफ्नो ताङ्काको कथ्य विषयलाई प्रभावकारी बनाउने प्रयास गरेका छन् । जसले भावलाई प्रस्ट पार्न सहयोग पुऱ्याएको पाइन्छ । हे भगवान ! जस्तो सम्बोधनधर्मी पदावलीको प्रयोग पनि यस सङ्ग्रहमा गरिएको छ । रुख् (रुख) सुप्रभात् (सुप्रभात) मदन् (मदन) जस्ता अजन्तलाई हलन्त पारिएका शब्दहरूको प्रयोग यस ताङ्कासङ्ग्रहमा पाउन सकिन्छ । यसरी हेर्दा भाषिक शुद्धतातर्फ भने कविको त्यति ध्यान गएको देखिँदैन । प्रस्तुत सङ्ग्रहमा अभिधा, लक्षणा र व्यञ्जनाको प्रयोग भएतापनि यो सङ्ग्रह विशेष गरी अभिधाका स्तरमा नै बोधगम्य रहेको पाइन्छ ।

### ५.११.६ **बिम्ब, प्रतीक, अलङ्कार**

**अनावरण** ताङ्कासङ्ग्रहका ताङ्कामा ऋतुबोधक प्रकृतिजन्य, अर्मूत र भावात्मक बिम्बहरूको प्रयोग गरिएको छ । ऋतुबोधक बिम्बले समयलाई चित्रण गर्नसक्ने सामर्थ्यको सार्थकभाव उत्पन्न गराएका छन् ताङ्कालाई सशक्त र भावप्रवल बनाउन ताङ्काकारले विभिन्न बिम्ब, प्रतीक र अलङ्कारको समुचित प्रयोग गरेका छन् । जसले कवि हृदयको अमूत भावलाई स्थुल तथा मूर्तरूप दिएको छ । अर्न्तहृदयका भावनालाई प्रकट गर्ने साधनका रूपमा बिम्ब, प्रतीक र अलङ्कारलाई लिएको देखिन्छ । नेपालीपनका ताङ्काले अनुप्रासमा एकातिर प्रकृति र प्रणयका गीत गाएका छन् भने अर्कातिर वेदना र विकृतिका आकृति पस्केका छन्, जस्तै :

गर्मी मौसम

तातो हावा चलेछ

अत्तालिएर

बस्न जाँदा शीतल

वरको रुखै ढलेछ ॥३३॥

ताङ्कामा प्रयुक्त अन्त्यानुप्रासले मिठास र कर्णप्रिय तुल्याएको छ । ताङ्कामा समान ध्वनिजन्य शब्दको पुनरावृत्ति गरेर अनुप्रासको सिर्जना गरिएको छ । अन्त्यानुप्रासको मिठासले ताङ्काहरू पठनीय र स्मरणीय बनेका छन् ।

**अनावरण** ताङ्कासङ्ग्रहमा परम्परागत र आधुनिक बिम्बविधानको प्रचुर प्रयोग भएको पाइन्छ । ताङ्कामा वर्षा, वादल, घाम, पानी, आकाश, जुन, फूल, फल, स्याउ, हावा, शीत, हुस्सु, रात, खडेरी, प्रजातन्त्र, सागर, नदी, खोला, हिमाल, कोइली, न्याउली, स्याल, भ्याउँकिरी, मृग, कौवा, लाटोकोसेरोजस्ता ज्ञानविज्ञान, प्रकृति र समाजका विविधक्षेत्रबाट बिम्ब प्रतीकहरू टिपेर प्रयोग गरिएको छ । सरल, सहज र स्वाभाविक बिम्ब-प्रतीकको प्रयोगले यस सङ्ग्रहका ताङ्काहरू जीवन्त बनेका छन् । आफूले देखे-भोगेको जीवन-जगत्का नवीन, पुरातन बिम्ब प्रतीकलाई नयाँ शैलीमा प्रयोग गरेर ताङ्काकारले आफ्ना ताङ्कालाई बढी रोचक, स्तरीय, प्रभावकारी र भावगम्भीर तुल्याएका छन्, बिम्ब, प्रतीक र लयात्मक अनुप्रासका मिठासले ताङ्काहरू सरल, सहज, कर्णप्रिय, रमणीय र चिरस्मरणीय बनेका छन् ।

### ५.११.७ निष्कर्ष

**अनावरण** कवि शान्तिनारायण श्रेष्ठको दसौँ प्रकाशित ताङ्कासङ्ग्रह हो । यो ताङ्कासङ्ग्रहमा १८० ओटा ताङ्काहरू समेटिएका छन् । समाजमा विद्यमान अन्याय, अत्याचार, गरिवी, समकालीन राजनीतिमा देखापरेका विकृति, विसङ्गति आदिलाई यस सङ्ग्रहमा प्रस्तुत गरिएको छ । पाँच-सात, पाँच-सात र सात गरी ३१ अक्षरका पाँच पङ्क्तिको सूत्रात्मक ढाँचालाई अवलम्वन गरेर लेखिएको यस ताङ्कासङ्ग्रहमा लोकलयका साथै गीतिलयको प्रयोग गरिएको छ । सरल र सहज भाषाशैलीको प्रयोग गरी लेखिएको यस ताङ्कासङ्ग्रहमा संस्कृत तत्सम, आगन्तुक, स्थानीय कथ्य भाषा र उखानहरूको प्रयोग पाइन्छ । आन्तरिक अनुप्रासका साथै ऋतुबोधक वा प्रकृतिजन्य बिम्ब, प्रतीकहरूको प्रयोग यस सङ्ग्रहमा पाउन सकिन्छ ।

## ५.१२. *अन्तर्ध्वनि* चोकासङ्ग्रहको अध्ययन

### ५.१२.१ परिचय

चोका जापानीशैलीको कविताकै एउटा प्रकार हो । क्रमशः पाँच-सात, पाँच-सात, पाँच-सात, पाँच-सात, पाँच-सात र सात अक्षरसमूहका दरले कम्तीमा नौ पङ्क्तिदेखि साधारणतया एकसय

एकाउन्न हरफसम्मको संरचनात्मक ढाँचामा रचिएको शृङ्खलाबद्ध जापानी कवितालाई चोका भनिन्छ । यसलाई जापानी भाषामा नागाउता भन्ने गरेको पाइन्छ । कविताको यस प्रकारका प्रथम स्रष्टा काकिनोमोतो नो हितोमारो हुन् (जिताली, २०६४:५४) ।

परम्परागत जापानीशैलीका कविताहरूमा सबैभन्दा सूक्ष्म कविताको रूप हाइकु हो भने मझौला रूप ताङ्का र लामो रूप चोकालाई मानिन्छ । यसप्रकारका चोकाको निश्चित पङ्क्तिसम्म रचना गर्नुपर्ने कुनै नियम नभएतापनि नौदेखि एकतीस हरफसम्मका चोका चोटिला मानिन्छन् । यस्ता कविताहरू जति लामा भएपनि अन्तिममा सात अक्षरको भने हुनै पर्ने देखिन्छ ।

नेपाली साहित्यमा हाइकु ताङ्का जत्तिको चोकामा कलम नचलेको पाइन्छ । तरपनि केही साहित्यकारहरूले भने चोकामा कलम चलाएकाले यस विधालाई नेपाली साहित्यकारहरूले पनि आत्मसाथ गर्दै लगेको पाइन्छ । यसरी चोकाविधामा कलम चलाउने नेपाली स्रष्टाहरूमा चेतनाथ धमला, चन्द्रकला शाह, सुविसुधा आचार्य, लालबहादुर भुजेल, बमबहादुर जिताली, शशि भण्डारी, रामकुमार पाँडे आदि रहेका छन् । नेपाली साहित्यमा पुष्कर लोहनी, मोहनबहादुर कायस्थ र विष्णुबहादुर सिंहले 'पिपलबोट' नामक चोकासङ्ग्रह प्रकाशित गरी प्रथम पटक यस विधालाई भित्र्याएको पाइन्छ । त्यस्तै चोकाविधालाई अगाडि बढाउने अर्का स्रष्टा शान्तिनारायण श्रेष्ठ पनि हुन् । उनको **अन्तर्ध्वनि** चोकासङ्ग्रह २०६४ सालमा गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्मा, पर्वतद्वारा प्रकाशित भएको हो । यो पुस्तक चोका साहित्यको एउटा नमुनाको रूपमा आएको छ । यसलाई कविले आफ्नो तेह्रौं प्रकाशित पुस्तकाकार कृतिका रूपमा प्रकाशित गरेका छन् ।

### ५.१२.२ **संरचना**

शान्तिनारायण श्रेष्ठको **अन्तर्ध्वनि** चोकासङ्ग्रह ७ इन्च लम्बाइ र ५ इन्च चौडाइ आकारको रहेको छ । आकर्षक चित्रको बाहिरी आवरणसहित प्रकाशित यस कृतिको मुखपृष्ठमा रातो र खैरो रङ्गको समायोजन गरी मुखपृष्ठको बीचमा नै एउटा अमूर्त चित्रकलाको समेत प्रयोग गरिएको छ । जम्मा ६८ पृष्ठमा संरचित यस **अन्तर्ध्वनि** चोकासङ्ग्रहको भूमिका लेखिएको छैन । यस सङ्ग्रहमा कवि स्वयम्ले 'आफ्ना कुरा' शीर्षकमा पुस्तकका विषयमा भनेका छन्-

आफूले देखेका, भोगेका, सुनेका र अनुभूत गरेका जीवन र जगतका बारेमा सहज ढङ्गले बुझिने सरल शब्दमा लेखिनुका साथै सम्भव भएसम्म दुई-तीन, दुई-दुई-तीन र दुई-तीन अक्षरको शब्द संयोजनमा अनुप्रासयुक्त सिर्जना हुन सक्यो भने वाचन र गायनको लागिसमेत उपयुक्त हुनगै त्यसको महिमा, गरिमा र प्रभावकारितासमेत बढ्न सक्छ भन्ने मेरो मान्यता रहेको छ ।

जम्मा ६८ पृष्ठको यस कृतिमा पाँच-सात, पाँच-सात, पाँच-सात, पाँच-सात, पाँच-सात र सात अक्षरको संयोजन गरी जम्मा एघार हरफमा एउटा चोका (कविता) तयार भएको छ । एउटा पृष्ठमा एउटा मात्र चोका छापिएको यस कृतिभित्रका चोकाहरूको गणना गर्दा जम्माजम्मी ६८ ओटा चोकाहरू समेटिएको पाइन्छ । विविध किसिमका विषयवस्तुलाई लिएर चोकाको भावअनुसारका चित्रहरूको समावेश यस सङ्ग्रहमा गरिएको छ । जसले गर्दा उनका चोकाहरू जीवन्त बनेका छन् । **अन्तर्ध्वनि** चोकासङ्ग्रहमा प्राकृतिक वर्णन, सौन्दर्यचित्रण अनि मृदुल मनोभावनाका अनेक तरङ्गलाई समेटिएको छ । चोका कविताका अन्तिम तीन पङ्क्तिमा नेपाली चुड्का, ख्याली वा रोइलाको लयगत र अक्षरगत सामिप्य पाउन सकिन्छ ।

### ५.१२.३ **भाव**

कुनै पनि कृतिलाई त्यसभित्र रचना भएका विषयवस्तुले जीवन्त राख्दछन् । साहित्यमा भाव नै प्रमुख रहने गर्दछ । पाठकलाई सधैँभरि कृतितिर तान्ने काम त्यसको भावले गरेको हुन्छ । भाव नभए कविता निरस बन्दछ र पाठक त्यसबाट टाढिन खोज्छन् ।

शान्तिनारायण श्रेष्ठको **अन्तर्ध्वनि** चोकासङ्ग्रह भावका दृष्टिले सशक्त देखिन्छ । श्रेष्ठले चोकाहरूमा मायाप्रेम र भ्रातृत्वको विषयलाई बढी नै महत्त्व दिएर लेखेका छन् । **अन्तर्ध्वनि** चोकासङ्ग्रहको पहिलो चोका नै उनको प्रेमपरक देखिएकाले उनको यस सङ्ग्रहमा बढी प्रेमपरक भाव छ भन्ने अनुमान जोकसैले लगाउन सक्दछ । सुरुमा नै उनले लेखेका छन् :

माया बैगुनी

जतिसुकै भने नि

हुँदै नहुनि

गर्नु हुन्न घमन्ड

बैंस टेकेर

मीठा-मीठा सपना

हरू देखेर

फोका जस्तै पानीको

बैंस नानीको

ओइली झर्छ फूलझैँ

सुक्छ पानी मूलझैँ ॥१॥

यस सङ्ग्रहमा उनले प्रेमी र प्रेमिकाबीचको संवादमा एकले अर्कालाई भनेझैँ गरी चोकाहरूलाई प्रस्तुत गरेका छन् । गाउँले परिवेशको सुन्दर वर्णन उनका चोकाहरूमा पाइन्छ । प्रकृतिका हिमाल, पहाड, लेकबेंसी आदिलाई प्रकृतिको अनुपम उपहार ठान्दै कविले प्रकृतिबाटै मानिसले माया, प्रेम, आत्मीयताको पाठ सिक्नुपर्नेमा जोड दिएका छन् । प्रेममा हुने वियोगलाई पनि जीवन्तरूपमा उनले आफ्ना चोकामा उतारेका छन् । लयात्मकरूपमा लोकलयलाई आत्मसाथ गरी लेखिएका यसप्रकारका चोकाले जोकसैलाई पनि आफ्नो यौवनकालतिर फर्कन बाध्य तुल्याउँछ । चोकामा उनी भन्छन् :

बिर्सौं कसरी

छमछम नाचेको

कम्मर भाँचेको ॥१३॥

कविले आफ्ना चोकाहरूमा मानिस कर्मशील बन्नुपर्ने भाव व्यक्त गरेका छन् । प्रकृतिले मानिसलाई सधैँभरि राम्रो मात्र गर्ने नभई कहिलेकाहीँ प्रकृतिको रौद्ररूपले मानिसको विनाश गर्ने कुरालाई पनि मधेसमा परेको पानीले मानिसका घर जग्गा डुबाएको विषयलाई पनि उनले प्राकृतिक समस्याका रूपमा प्रस्तुत गरेका छन् ।

कवि श्रेष्ठका अन्य कृतिहरूमाझैं यस चोकासङ्ग्रहमा पनि राष्ट्रियताको भाव झल्किएको पाइन्छ । कविले सबैको भावना स्वच्छ रहोस् र सबै व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देशका लागि समर्पित हुनुपर्ने भावलाई चोकाहरूमार्फत व्यक्त गरेका छन् । कविले राजनीतिक विसङ्गतिप्रति पनि तीव्र असन्तोष व्यक्त गरेका छन् । नेपाली नेताहरूले खानेपानी, वनजङ्गल, ढल आदिमा गरेको राजनीति देखेर विरक्त हुँदै कवि लेख्छन् :

खानेपानीमा

राजनीति नगरौं

जिन्दगानीमा

राजनीति गर्ने त

अर्कै थलो छ

उचाल्ने र पछार्ने

गर्नु हुँदैन

एक्को रिस अर्कोमा

पोख्नु हुँदैन

रिसले खान्छ आफैँलाई

रसले खान्छ अरूलाई ॥२७॥

त्यसै गरी कवि श्रेष्ठका चोकाहरूमा कर्मवादी सोचले प्रश्रय पाएको छ । ढुङ्गा ढोग्दैमा भाग्यमा मुरी फल्दैन, मुरी फलाउन कर्म गर्नुपर्छ भन्ने भावना उनका चोकाहरूमा छताछुल्ल भएका छन् । गाउँले परिवेश र नेपाली ग्रामीणभेगको सुन्दरताको वर्णन उनका चोकाहरूको अर्को विषय बनेको छ । उनले ग्रामीण परिवेशको सुन्दरता मात्रै हैन तराईमा बाढी, हिमालमा हिमपहिरो, पहाडमा पहिरोजस्ता प्रकृतिका विपत्तिहरूको पनि वर्णन गरेका छन् । अन्य कृतिमा जस्तै राजनीतिप्रतिको व्यङ्ग्यभाव उनका चोकाहरूमा पनि भेटिन्छ । नेपालमा चलेको जातीय, क्षत्रीय राजनीतिलाई इङ्गित गर्दै उनले हामी नेपाली भन्ने नारा नल्याएसम्म हामी अघि बढ्न सक्दैनौं भन्ने भाव व्यक्त गरेका छन् । साथै सत्तामा पुगेपछि आफूले गरेका वाचा बिर्सिने

नेताहरूको चरित्रप्रति पनि व्यङ्ग्य गरेका चोकाहरू यस कृतिमा समेटिएका छन् । देशमा व्याप्त गरिबी, अशिक्षा र वेरोजगारीलाई पनि उनका चोकाले टिपेको पाइन्छ । एकातिर धन र गरिब बीचको खाडललाई अझ ठूलो नबनाई पुर्नुपर्ने धारणा उनले व्यक्त गरेका छन् । भने अर्कोतिर रोग, भोक र अभावमा पिल्सिएका नेपाली जनताले कहिले मुक्ति पाउँछन् भन्ने चिन्ता पनि चोकाहरूमा प्रस्तुत गरेका छन् । कविले मठमन्दिरहरूको चर्चा गर्दै ती पवित्र स्थलहरूको चर्चा गर्दै ती पवित्र स्थलहरूले नेपालीको मनमा सद्भाव, माया, प्रेम फैलाउन् भन्ने कामनासमेत गरेका छन् । पूर्वीय दर्शनमा भनिएको कर्म गर भन्ने भावलाई प्रस्तुत गर्दै सेवा नै मानवीय धर्म हो र सेवाले नै परम् आनन्द मिल्छ भन्ने दार्शनिक पक्षलाई **अन्तर्ध्वनि** चोकासङ्ग्रहले समेटेको छ ।

### ५.१२.४ लय

**अन्तर्ध्वनि** चोकासङ्ग्रहका चोकाहरूमा कवि शान्तिनारायण श्रेष्ठले लोकलयका साथै गीतिलयको प्रयोग गरेका छन् । अन्त्यानुप्रासको सहज उपस्थितिले चोकाहरू लयात्मक बनेका छन् । गीतिलय र अनुप्रासको मिलन गराई लेखिएको **अन्तर्ध्वनि** चोकासङ्ग्रहका सबैजसो चोकाहरू रागात्मक, लयात्मक र गेयात्मक किसिमका छन् । यस सङ्ग्रहका चोकाहरूमा चुड्का र गीतिकवितात्मक लय भेटिन्छ । गेयात्मकताका दृष्टिले **अन्तर्ध्वनि** चोकासङ्ग्रह उत्कृष्ट छ ।

### ५.१२.५ भाषाशैली

**अन्तर्ध्वनि** चोकासङ्ग्रहमा कवि शान्तिनारायण श्रेष्ठले सरल, सहज भाषाशैलीको प्रयोग गरेका छन् । प्रस्तुत चोकासङ्ग्रहका चोकाहरूमा तत्सम, तद्भव, आगन्तुक र नेपाली उखानहरूको प्रयोग गरिएको छ । साधारण पाठकले समेत सजिलै बुझ्न सकिने यस सङ्ग्रहका चोकाहरूमा बहुजन हिताय, बहुजन सुखायजस्ता सरल खालका संस्कृत शब्दहरूको सयोजनले चोकाहरूलाई पठनीय तुल्याएको छ । त्यसै गरी कलेज, नलेज, होटल, इन्टरनेटजस्ता अङ्ग्रेजी आगन्तुक शब्दहरूको प्रयोग पनि यस सङ्ग्रहमा गरिएको छ । 'जुन जोगी आए नि कानै चिरेको', 'जिरे खुर्सानी पिरो हुन्छ' आदि जस्ता नेपाली समाजमा प्रचलित उखानटुक्काको प्रयोग गरिएको छ । असल् (असल), धन् (धन), रिस्ले, रस्ले आदिजस्ता शब्दहरूको प्रयोग गरिनुले भाषिक

शुद्धतातर्फ कविको ध्यान गएको देखिँदैन । यसरी विभिन्न स्रोतहरूबाट चयन गरिएका यस सङ्ग्रहका शब्दहरूले कृतिलाई लयात्मक तथा बोधगम्य बनाएका छन् ।

### ५.१२.६ **बिम्ब, प्रतीक, अलङ्कार**

**अन्तर्ध्वनि** चोकासङ्ग्रहका चोकाहरूमा ऋतुबोधक र प्रकृतिजन्य बिम्बहरूको प्रयोग गरिएको छ । कवि आफैँले देखेका, भोगेका, सुनेका र अनुभूत गरेका जीवन र जगतका नवीन-पुरातन बिम्ब, प्रतीकलाई नयाँशैलीमा प्रयोग गरेर कविले आफ्ना चोकालाई बढी रोचक, प्रभावकारी र भावगम्भीर तुल्याएका छन् । समान ध्वनिजन्य शब्दहरूको पुनरावृत्तिले उनका चोकामा अनुप्रासको सिर्जना भएको छ । त्यसमा पनि अन्त्यानुप्रासको मिठास उनका चोकामा पाउन सकिन्छ । त्यसै गरी उनका कतिपय चोकाहरूमा उपमा अलङ्कारको प्रयोग भएको पाइन्छ ।

प्रस्तुत चोकासङ्ग्रहमा माटो, हावा, पानी, नदी, हिउँ, ताल, धुँवा, गौथली, पहाड, हिमाल, धर्ती, फलफूल, वर्षा, नेता, जनताजस्ता परम्परागत र आधुनकि बिम्बविधानको प्रचुर प्रयोग भएको छ । यस सङ्ग्रहमा प्रस्तुत बिम्ब तथा प्रतीकहरूले अपेक्षित रूपमा अहिलेको समस्यालाई चित्रण गर्न भने सकेका छैनन् । तर पनि चोकामा प्रयुक्त बिम्ब, प्रतीक र अलङ्कारको मिठासले चोकाहरू आकर्षक, सरल, सहज, कर्णप्रिय, रमणीय र चिरस्मरणीय भने बनेका छन् ।

### ५.१२.६ **निष्कर्ष**

**अन्तर्ध्वनि** चोकासङ्ग्रह कवि शान्तिनारायण श्रेष्ठको तेह्रौं कृतिका रूपमा प्रकाशित सङ्ग्रह हो । जम्माजम्मी ६८ पृष्ठमा संरचित यस चोकासङ्ग्रह भित्र श्रेष्ठका ६८ वटै चोकाहरू समावेश गरिएका छन् । विभिन्न विषयवस्तुलाई समेटेर सरलरूपमा प्रस्तुत गरिएको यस चोकासङ्ग्रहमा माया प्रेममा हुने सुन्दरताको वयान, मिलन, विछोड आँसु, हाँसो, प्राकृतिक विपत्ती, राजनीतिक व्यङ्ग्य, गरिबी, अशिक्षाजस्ता कुराहरूलाई चोकाको विषयवस्तु बनाइएको छ । क्रमशः पाँच-सात, पाँच-सात, पाँच-सात, पाँच-सात, पाँच-सात र सात अक्षर समूहको संयोजन गरी ११ हरफमा एउटा चोकाको तयार भएको यस कृतिमा समान पङ्क्तियोजना भएका चोकाहरू रहेका छन् । यसमा लोकलयका साथसाथै गीतिलयको प्रयोग भएको छ । सरल भाषाशैलीको प्रयोग गरी लेखिएको यस चोकासङ्ग्रहमा संस्कृत तत्सम, आगन्तुक र नेपाली समाजमा प्रचलित उखानटुक्काहरूको प्रयोग भएको पाइन्छ । अनुप्रासका साथै परम्परागत र आधुनिक बिम्ब, प्रतिकहरूको प्रयोग गरी लेखिएको **अन्तर्ध्वनि** चोकासङ्ग्रह बोधगम्यताका दृष्टिले सहज

नै देखिन्छ । अन्त्यमा कवि शान्तिनारायण श्रेष्ठद्वारा लिखित **अन्तर्ध्वनि** चोकासङ्ग्रहले चोकासाहित्यको क्षेत्रमा नवीन इँटा थप्ने कार्य गरेको छ ।

### ५.१३. ***संस्मरण*** **(अवलोकन भ्रमणको) यात्रासंस्मरणको अध्ययन**

### ५.१३.१ **परिचय**

भ्रमणमा आफूले देखेका, भोगेका मनोरम दृश्य तथा क्षणहरूलाई कलात्मक किसिमले लिपिबद्ध गर्नु नै यात्रासाहित्य हो । यात्रासाहित्यलाई यात्रासंस्मरण पनि भनिन्छ । यात्रासंस्मरणलाई सैद्धान्तिक हिसाबमा हेर्दा यो निबन्धकै एक उपविधाका रूपमा रहेको देखिन्छ । नेपालीकै पहिलो गद्य भनेर 'जङ्गबहादुरको बेलायतयात्रा'लाई लिने गरिन्छ । जङ्गबहादुरको बेलायतयात्रा' तत्कालीन प्रधानमन्त्री जङ्गबहादुरको बेलायत यात्रालाई समेटिएर लेखिएको यात्रासंस्मरण हो । नेपाली साहित्यमा निकै पुरानो मानिने यात्रासाहित्यको विकास अन्य साहित्यिक विधाहरूको तुलनामा यथेष्ठ मात्रामा भएको पाइन्छ ।

नेपाली साहित्यको यात्रासाहित्यको क्षेत्रमा कलम चलाउने स्रष्टाहरूमा ताना शर्मा र प्रकाश ए राज अग्रस्थानमा देखिन्छन् । पछिल्लो चरणमा यात्रासंस्मरण लेखनले निक्कै गति प्राप्त गरेको पाइन्छ । यसरी नेपाली साहित्यको यात्रासंस्मरणको विधामा कलम चलाउने धेरै स्रष्टाहरू मध्ये कवि शान्तिनारायण श्रेष्ठ पनि एक हुन् । उनले **संस्मरण** (अवलोकन भ्रमणको) लेखेर यस विधामा पाइलो चालेको पाइन्छ । कवि शान्तिनारायण श्रेष्ठ **संस्मरण**का लेखकका रूपमा आउँदा गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय कुश्माले हर्षित भएर २०६२ सालमा यस पुस्तक प्रकाशन गरेको बताएको छ । कवि श्रेष्ठले यस सङ्ग्रहमा वैशाख पन्ध्रदेखि छब्बीससम्म ब्रह्माकुमारी राजयोग कुश्माको आयोजनामा पर्वतको कुश्मादेखि माउन्ट आबु राजस्थानसम्मको करिब दुई हप्ताको अध्ययन एवम् अवलोकन भ्रमणका क्रममा आफूले देखेका, सुनेका र भोगेका अनुभवहरूलाई ज्यादै सरल, सहज र रोचक ढङ्गले प्रस्तुत गरेका छन् । प्रस्तुत पुस्तक अध्ययन गर्दै जाँदा पाठकले पनि आफू लेखकसँगै भ्रमणमै गएको जस्तो लाग्छ । लेखकको लेखकीय क्षमता भारतका पिसपाक, मधुवन, ज्ञानसरोवर, ग्लोवल हस्पिटल, दिलवाडा, जैनमन्दिर आदिको वर्णनमा देख्न सकिन्छ । कृतिमा प्रवेश गरिसकेपछि पढी नसकी छाड्न मन नलाग्ने प्रस्तुत पुस्तक पाठकलाई आनन्द दिने खालको रहेको छ । पुस्तक पढ्दै जाँदा लेखक

पुगेका ठाउँमा जाउँजाउँ लाग्ने कौतुहल जाग्दछ । आफ्ना भ्रमणका अनुभूतिहरूलाई सरल र सहज किसिमले शब्दमा उतारेका श्रेष्ठको भाषाशैली सरल भइकन पनि तरल किसिमको छ ।

### ५.१३.२ **संरचना**

प्रस्तुत **संस्मरण** (अवलोकन भ्रमणको) यात्रासंस्मरण शान्तिनारायण श्रेष्ठको बाह्रौ प्रकाशित पुस्तकाकार कृति हो । लघु आकारमा प्रकाशित यस कृतिको आवरणपृष्ठमा निलो पृष्ठभूमिमा सेतो, अक्षरले 'संस्मरण' लेखिएको छ । त्यसभन्दा मुनि अवलोकन भ्रमणको लेखिएको छ । त्यसभन्दा पनि तल एउटा मन्दिरको प्रवेशद्वार बनाई त्यसको शीरमा 'पवित्र बनो राजयोगी बनो' लेखिएको छ । मुखपृष्ठको तल्लो छेऊमा दुई इन्च जति रातो रङ्गको प्रयोग गरिएको छ र त्यसमाथि लेखक शान्तिनारायण श्रेष्ठ लेखिएको छ । पछाडि पट्टिको भागमा लेखकको अर्धकदको तस्वीर तथा कविको परिचय, प्रकाशित कृतिहरू, सम्मान तथा पुरस्कार साहित्यिक सेवा तथा विभिन्न क्षेत्रको संलग्नतालाई उल्लेख गरिएको छ । पुस्तकलाई जम्मा दुई खण्डमा विभाजन गरिएको छ । पहिलो खण्ड क देखि घ सम्म रहेको छ भने दोस्रो खण्डमा पेज नं. १ देखि ३४ सम्म रहेको छ । पहिलो खण्डको 'क' मा एउटा तस्वीर छापिएको छ, जसलाई शिव बाबाको अमर आत्मा मानिएको छ । त्यस मुनि एउटा चार पङ्क्तिको कविता प्रस्तुत गरिएको छ । दोस्रो पेज अर्थात 'ख' मा प्रकाशकीय रहेको छ भने 'ग' र 'घ' मा लेखकले 'केही आफ्ना कुरा' प्रस्तुत गरेका छन् । जम्माजम्मी ३४ पृष्ठको यस यात्रासंस्मरणको बीचबीचमा लेखकले भ्रमणका क्रममा खिचेका तस्वीरहरूको पनि समावेश गरेका छन् । त्यस्ता विभिन्न ठाउँमा खिचिएका तस्वीरहरू जम्मा १६ ओटा रहेका छन् । ती तस्वीरहरू क्रमशः पिसपार्क, मधुवन, महात्मागान्धी समाधिस्थल, विश्व बौद्ध स्तुप, लुम्विनी, लोटस टेम्पल, दिल्ली युनिभर्सल पीस हल, डायमन्ड हाउस, ज्ञानामृत भवन तथा तपस्या भवन रहेका छन् ।

### ५.१३.३ **भाव**

शान्तिनारायण श्रेष्ठद्वारा लिखित **संस्मरण** (अवलोकन भ्रमणको) यात्रासंस्मरणमा प्रस्तुत गरिएका यात्राका प्रसङ्गहरूले प्रत्येक पाठकलाई मोहित बनाउँछन् । लेखकले घरबाट प्रस्थान गरेदेखि राजस्थानको माउण्ट आबूसम्मको यात्रालाई सरल, सरस किसिमले लिपिबद्ध गरेका छन् । लेखकले नेपाली भूमिमानै यात्रामा भएको रोकावटलाई सरल रूपमा प्रस्तुत गर्दै

तत्कालीन देशको परिस्थितिलाई स्पष्ट रूपमा व्यक्त गरेका छन् । लेखकले आफूले देखेका मनोरम दृश्य तथा मीठा अनुभूतिलाई पाठकहरूसँग बाँड्न सक्ने गरी प्रस्तुत गरिएको यस यात्रा संस्मरणमा यात्रा अवधिभर आइपरेका सुख-दु:ख, हर्ष-विस्मात, हाँसो-रोदन, संयोग-वियोग, आरोह-अवरोहलाई समेत मन छुने किसिमले प्रस्तुत गरेका छन् । लेखकले यात्राअवधिमा भारतीय जनताबाट पाएको दु:ख, रेलयात्रामा भएको छटपटीलाई निकै मिठासपूर्ण किसिमले लेखेका छन् । प्रकृतिलाई आफ्ना कृतिहरूमा समावेश गराउन रुचाउने लेखकले भ्मणका क्रममा विभिन्न ठाउँमा देखेका वनजङ्गल, हरियो चौर तथा रङ्गीबिरङ्गी फूलहरूको वर्णनसमेत पुस्तकमा राखेका छन् । धर्मप्रति आस्थावान देखिएका लेखकले धेरैजसो मठमन्दिरहरूको भ्रमण तथा दर्शन गरेको कुरालाई पनि पुस्तकमा समावेश गरेका छन् । लेखकले क्रिश्चियन समुदायबाट निर्मित दिल्लीको लोटस मन्दिरको वयान उत्साहजनक किसिमले गरेका छन् । उनले लोटस टेम्पलको वर्णन गर्दै भनेका छन् -

> टाढाबाट हेर्दा सेतो, ठूलो कमलको फक्रन लागेको फूलझैँ स्फटिक विशाल लोटस टेम्पल देख्दा आश्चर्य चकित भयौँ । क्रिश्चियन धार्मिक समुदायबाट निर्मित यो टेम्पल भौतिक विकासको उदाहरणीय नमुना झैँ लाग्यो ।

'ब्रह्मकुमारी राजयोग'को आयोजनामा भ्रमणमा गएका लेखकले धेरैजसो ब्रह्मकुमारी राजयोगको कार्यशैली, त्यसका भवन, त्यसले पुऱ्याएको मानव सेवा र ब्रह्मकुमारी राजयोगमा पाइने आत्मसन्तुष्टिलाई मन खोलेर प्रस्तुत गरेका छन् । लेखकले यो पुस्तक कतैकतै धर्म प्रचारका निमित्त पो लेखेका हुन् कि भन्ने पनि देखिन्छ तर विविध क्षेत्रलाई समेट्न सफल यस यात्रासंस्मरणको आयाम सानै देखिए पनि कृतिभित्र रहेको ज्ञानवर्द्धक विषयवस्तुले पाठकलाई अवश्य प्रभावित पारेको छ र यात्रासाहित्यतिर लम्कन आग्रह गरेको छ ।

### ५.१३.४ **भाषाशैली**

शान्तिनारायण श्रेष्ठद्वारा लिखित **संस्मरण** (अवलोकन भ्रमणको) भाषाशैलीय दृष्टिले सरल किसिमको रहेको छ । सामान्य पाठकले सजिलै पढन र बुझ्न सक्ने यस कृति रोचक र सरस छ । लेखकले उक्त कृतिमार्फत क्लिष्ट शब्द संयोजनले मात्र कृतिलाई साहित्यिक बनाउन सकिन्छ भन्ने मान्यतालाई तोडेका छन् । गाउँघरमै बोलिने सरल भाषामा आफ्ना यात्राका

अनुभव, अनुभूतिलाई व्यक्त गरेका लेखकले झर्रा नेपाली शब्दहरूका साथै तत्सम, आगन्तुक र अङ्ग्रेजी शब्दहरूको प्रयोग यस संस्मरण कृतिमा गरेका छन् । यस कृतिमा भ्रमण, सहधर्मिनी, सुधा, अवलोकन दर्शन, सङ्गम आदि जस्ता तत्सम शब्दहरूको प्रयोग गरिएको छ । त्यसै गरी हेल्पिङ ह्याण्डस, पिसपार्क, लोटस टेमपल, टि.टि, स्टेसन, पिच ड्राइभर, कन्डक्टर, सिटजस्ता थुप्रै अङ्ग्रेजी शब्दहरूको उचित प्रयोग पनि यस सङ्ग्रहमा गरिएको छ । यसरी विभिन्न स्रोतबाट चयन गरिएका यस सङ्ग्रहका शब्दहरूले कृतिलाई मिठासपूर्ण, पठनीय र अविस्मरणीय बनाएको पाइन्छ ।

### ५.१३.५ छन्द, लय, अलङ्कार

नेपाली भाषाको मानक रूप प्रयोग गरी लेखिएको प्रस्तुत **संस्मरण** कृतिमा गद्यमा हुनुपर्ने आफ्नै गति र लय रहेको पाइन्छ । शब्दान्तरका बीचमा हुने रोकावटले यसको लयलाई स्पष्टरूपमा समातेको छ । संवादात्मक शैलीमा व्यक्त गरिएका पुस्तक भित्रका कुनै-कुनै स्थानमा क्रमलाई विचलन गरी बढी साहित्यिक पनि बनाउन खोजेको पाइन्छ । गद्यमा लेखिएकाले नियोजित किसिमको अलङ्कारविधान यस कृतिभित्र नभए पनि स्वतस्फूर्त रूपमा भएका वर्णहरूको क्रमिक विन्यास र आवृत्तिले कहीँ कतै अनुप्रासलाई समेत छोएको पाइन्छ ।

### ५.१३.६ निष्कर्ष

शान्तिनारायण श्रेष्ठद्वारा लिखित **संस्मरण** (अवलोकन भ्रमणको) बाह्रौ प्रकाशित पुस्तकाकार कृति हो । सानो आकारमा प्रकाशित गरेर पनि भाव, भाषाशैली र साहित्यिक दृष्टिकोणले उच्चकोटि मान्न सकिने यस पुस्तकको विशेषता भन्नु नै कृतिभित्र बगेको विचार र अनुभवको श्रृङ्खला हो । आफूले देखे, भोगेका र अनुभूत गरेका कुराहरूलाई सिलसिलाबद्ध ढङ्गबाट प्रस्तुत गर्दै लेखकले पाठकको मन नजानिदो किसिमले कृतितिर खिच्ने काम गरेका छन् । जम्माजम्मी ३४ पृष्ठको लघु आयाममा लेखिएको यस कृतिभित्रका मनमोहक तस्वीरले भ्रमण सार्थक रहेको पुष्टि गर्दछ । नेपाली गाउँघरमा बोलिने मीठो सरल भाषाको प्रयोग गरी लेखिएको यो कृति पठनीय रोचक र अविस्मरणीय किसिमको छ ।

## परिच्छेद - छ

# शोधनिष्कर्ष

शान्तिनारायण श्रेष्ठ वि.सं. १९९६ भाद्र १७ गते पर्वत जिल्लाको कुश्माबजारमा जन्मिएका हुन् । पिता रूपनारायण श्रेष्ठ र माता मनकुमारी श्रेष्ठको कोखमा जन्म लिन पुगेका शान्तिनारायण श्रेष्ठको प्रारम्भकालीन शिक्षा कुश्मामा रहेको भाषा पाठशालाबाट सुरु भयो भने माध्यमिक तहको अध्ययन पर्वत गुप्तेश्वर गुफानेरको गुठीमा बनेको दुईतले पक्की धर्मशालाबाट सुरु भई २०३० सालमा नारायण मा.वि. कुश्माबाट पूरा भयो । औपचारिक रूपमा प्रवेशिका परीक्षा मात्र उत्तीर्ण गरेका शान्तिनारायण श्रेष्ठले विविध पारिवारिक तथा घरायसी समस्याका कारण उच्चशिक्षा हासिल गर्न सकेनन् । उनले पहिलो विवाह २००८ सालमा जौमाया श्रेष्ठसँग भयो । त्यसैगरी २०२९ सालमा दोस्रो विवाह सुकमयाँ गुरुङसँग गरे । जौमायातिर उनका तीन छोरा र एक छोरीको जन्म भयो भने सुकमयाँतिर एक छोरा र एक छोरीको जन्म भयो । दुई श्रीमती र छ छोराछोरीका बाबु शान्तिनारायण श्रेष्ठ हाल पर्वत जिल्लाको कुश्माबजारमा बसोवास गर्दै आएका छन् ।

शान्तिनारायण श्रेष्ठले वि.सं. २०१४ सालदेखि हुलाकबाट जागिरे जीवन सुरु गरेका हुन् । पाँच कक्षाको अध्ययन पश्चात् १८ वर्षको उमेरदेखि सरकारी सेवामा प्रवेश गरेका श्रेष्ठले नुवाकोट, चितवन, पाल्पा, डोटी, स्याङ्जा, रोल्पा, मुस्ताङ, बाग्लुङ, पर्वत आदि जिल्लाका ठाउँहरूमा जागिरे जीवन बिताए । उनले पञ्चायत विकास केन्द्र, सहकारी, भूमिसुधार, जि.वि.स. आदि कार्यालयहरूको विभिन्न पदमा बसेर सेवा गरी २०४९ सालमा उमेर हदको कारणले ना.सु. पदबाट निवृत्तिभरणमा अनिवार्य अवकाश प्राप्त गरे । उनी विद्यार्थी जीवनदेखि नै साहित्यिक गतिविधिमा संलग्न हुँदै आएका हुन् । उनले विद्यालयमा कविता, मुक्तक, गीत, गजलजस्ता फुटकर रचनाहरू लेख्ने गर्दथे । भौगोलिक विकटता र आर्थिक अभावका कारण ती रचनाहरू प्रकाशित हुन सकेनन् । सानै उमेरदेखि साहित्यलेखन गरेतापनि विशेष गरी २०१८ सालमा आफ्नै सम्पादनमा प्रकाशित आँकुरो हस्तलिखित पत्रिकामा 'शुभेच्छा' भन्ने राष्ट्रवादी स्वर बोकेको कविता प्रकाशन गरी नेपाली साहित्यको सुन्दर विशाल बगैंचाको फाँटमा औपचारिक

रूपमा देखापरेका हुन् । उनको साहित्यिक सिर्जनाको स्रोत जीवन भोगाइका दुःख, गरिवीका वेदनाहरू, पीडाहरू, अभावहरू, समाजमा शोषित समुदायले व्यहोर्नु परेका समस्याहरू आदि नै हुन् । २०१४ सालदेखि जागिरयात्रा र २०१८ सालदेखि साहित्यिक यात्रामा औपचारिक रूपमा लागेका शान्तिनारायण श्रेष्ठले आफ्नो जीवनको यात्रामा धेरै सङ्घर्षका बावजुत पनि जागिर र साहित्यलाई एकै साथ अगाडि बढाए । स्वाध्ययनबाटै आफ्नो सिर्जना चेतनालाई धारिलो बनाउँदै लगेका श्रेष्ठका हालसम्म **गुप्तेश्वर** (खण्डकाव्य, २०२७), **झङ्कार** (गीतसङ्ग्रह, २०५६), **स्पन्दन** (गीतसङ्ग्रह, २०५६), **विसङ्गति** (मुक्तकसङ्ग्रह, २०५६), **बैंसका सुसेलीहरू** (गीतसङ्ग्रह, २०५६), **बाडुल्की** (गीतसङ्ग्रह, २०५७), **अनुभूति** (गजलसङ्ग्रह, २०६०), **स्मृतिका लहरहरू** (शोककाव्य, २०६०), **अवतरण** (हाइकुसङ्ग्रह, २०६१), **अनावरण** (ताङ्कासङ्ग्रह, २०६०), **संस्मरण** (नियात्रा, २०६२), **अजम्मरी माया** (गजलसङ्ग्रह, २०६३), **अन्तर्ध्वनि** (चोकासङ्ग्रह, २०६४) प्रकाशित भएका छन् । उनका विभिन्न विधासँग सम्बन्धित फुटकर लेखरचनाहरू स्वदेशी तथा विदेशी पत्रपत्रिकाहरूमा प्रकाशित हुँदै आइरहेका छन् ।

शान्तिनारायण श्रेष्ठ 'नेपाल रेडक्रस सोसाइटी'का आजीवन सदस्य, 'गुप्तेश्वर धार्मिक, ऐतिहासिक पर्यटकीय संस्था' कुश्माका आजीवन सदस्य, 'गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय', कुश्मा, पर्वतका संस्थापक अध्यक्ष, 'सुकमयाँ बाल प्रतिभा पुरस्कार गुठी' कुश्मा, पर्वतका संस्थापक अध्यक्ष, 'राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, जिल्ला समिति' पर्वतका अध्यक्ष, 'जनमत साहित्यिक मासिक, काभ्रे' वनेपाका संरक्षक, 'नेवा : देय दबू:' पर्वतका केन्द्रीय प्रतिनिधि, 'धौलागिरी वाङ्मय समाज'का सल्लाहकार, 'पर्वत उद्योग वाणिज्य संघ' कुश्मा पर्वतका सल्लाहकार, 'जिल्ला बाल कल्याण समिति' पर्वतका सदस्यका रूपमा आबद्ध भई साहित्यिक क्रियाकलापमा सक्रिय रहँदै आएका छन् । त्यसै गरी उनी जानपद सेवा पदक-२०२३, स्वर्णपदक-२०४०, रत्नश्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार-२०६१, AMBASSADOR FOR PEACE – UNIVERSAL PEACE FEDERATION-2006 जस्ता पदक तथा पुरस्कारद्वारा पुरस्कृत भएका छन् ।

शान्तिनारायण श्रेष्ठले 'आँकुरो' हस्तलिखित साहित्यिक पत्रिकाको सम्पादन २०१८, 'पर्वतमाला' षड्मासिक पत्रिकाको सम्पादन मण्डलमा २०२२, 'सगुन' साहित्यिक पत्रिकाको सम्पादन २०५४ देखि क्रमशः भएर काम गरी आफ्नो सम्पादक व्यक्तित्वलाइ चिनाएका छन् । त्यसै गरी उनी

जागिरे जीवनको अवकाशपछि अत्यन्त क्रियाशील रूपमा समाजसेवामा प्रवृत्त भई आफ्नो समाजसेवी व्यक्तित्वलाई उच्चता प्रदान गर्न सफल भएका छन् ।

हालसम्म साढे छ दशकको साहित्यिक यात्रा पूरा गरेका शान्तिनारायण श्रेष्ठले आफ्नो बहुमुखी सृर्जनशीलता देखाएका छन् । उनको साहित्यिक यात्रालाई दुई चरणमा विभाजन गरी हेर्न सकिन्छ । सुरुदेखि अर्थात् २०१८ देखि २०४८ सम्म उनको सृर्जनायात्राको प्रथम चरण हो भने २०४९ देखि हालसम्मलाई दोस्रो चरण मान्न सकिन्छ । प्रवृत्तिका आधारमा उनको प्रारम्भिक चरण र पछिल्लो चरणका साहित्यमा खासै भिन्नता नदेखिएतापनि विधागत सचेतता, साहित्य सिर्जनामा तीब्रता, भाषिक परिपक्वता र अभिव्यक्तिगत सवलताजस्ता प्रवृत्तिहरू पछिल्लो चरणका कृतिहरूमा अपेक्षाकृत बढी नै पाइन्छ । उनका कृतिहरूमा खासगरी सामाजिक, आर्थिक, राजनीतिक विकृति विसङ्गति नै प्रमुख विषयवस्तुका रूपमा रहेका छन् । समसामयिक त्रासदपूर्ण विश्वपरिवेश, घट्दो मानवीय मूल्य र मान्यता उनका कृतिहरूबाट उजागर भएका छन् । मानवीय प्रेमभाव, प्रकृतिचित्रण, राष्ट्रप्रेम र प्रणयचेतनाको भाव पनि उनका कृतिहरूमा रहेका छन् । श्रेष्ठको समग्र साहित्ययात्रालाई हेर्दा प्रथम चरणका तुलनामा दोस्रो चरण साहित्यसिर्जनाका दृष्टिले बढी उर्वर र उपलब्धिमूलक रहेको छ । प्रथम चरणमा कविता विधामा देखापरेको उनको प्रतिभा द्वितीय चरणमा आइपुग्दा गीत, मुक्तक, गजल शोककाव्य, हाइकु, ताङ्का, चोका र संस्मरणलेखनका क्षेत्रमा बढी मौलाएको पाइन्छ । उपरोक्त कृतिहरूको अलवा 'आजै छ लगन', 'हिलेपानी गाउँमा खोलापारि पुग्यो माझीदाइ आदि लोकदोहोरी गीतका क्यासेटहरू बजारमा आएका छन् । उनका 'कोशेली', 'अल्झिएको स्मृति', 'खाटा बस्न नसकेका घाउहरू', 'एक मनन एक चिन्तन', 'स्मरण' जस्ता (कवितासङ्ग्रह), 'बादलिएको दिन' (कथासङ्ग्रह), 'प्रणयको अवशेष' (उपन्यास), 'पुनर्मिलन' (उपन्यास), 'धन्यवाद' (हास्यव्यङ्ग्य) प्रकाशोन्मुख कृति हुन् ।

शान्तिनारायण श्रेष्ठले कुनै विधा विशेषमा आफूलाई केन्द्रित नगरी साहित्यका विविध विधामा कलम चलाएका छन् । उनका रचनाका दृष्टिले पुस्तकाकार कृतिहरू आनुपातिक रूपमा अत्यन्तै बढी संख्यामा रहेका छन् । फुटकर रूपमा उनका रचना २०१८ सालदेखि प्रकाशित भए पनि कृतिका रूपमा भने २०२७ सालदेखि मात्र प्रकाशित भएको पाइन्छ । उनका कविता खण्डकाव्य, मुक्तक, गजल, गीत एवम् केही फुटकर रचनाहरू विविध पत्रपत्रिकामा प्रकाशित

भएका र हुँदै आएका छन् । उनलाई यी विविध रचना र प्रकाशनका आधारमा कवि, खण्डकाव्यकार, गजलकार र गीतकारका रूपमा चिन्न सकिन्छ ।

**गुप्तेश्वर खण्डकाव्य** (२०२७) मा कविले विश्व मानचित्रमा नेपाललाई चिनाउँदै पर्वत जिल्ला स्थित कुश्माबजारको नजिकै रहेको गुप्तेश्वर गुफाको प्राकृतिकताको यथार्थपरक र ऐतिहासिक रूपमा वर्णन गरेका छन् । भौगोलिक विषयवस्तु र अध्यात्मलाई एकैसाथ प्रस्तुत गरिएको उक्त खण्डकाव्य ८९ श्लोक र ३२ पृष्ठमा संरचित छ । यस खण्डकाव्य कुनै सर्ग, खण्ड एवम् अध्यायमा विभाजित नभई लोकलय वा भ्याउरेलयमा आधारित भएर लेखिएको छ । यसले परम्परागत खण्डकाव्य रचना मान्यतालाई पूर्णरूपमा अँगालेको पाइँदैन । यस खण्डकाव्यमा विषयवस्तुलाई सरासर प्रस्तुत गरी रोचक ढङ्गले सामान्यतया आलङ्कारिक सुक्तिमय, लोकोक्ति भाषाको प्रयोग गरिएको छ । यसमा गुप्तेश्वर गुफाको वर्णन गर्नुका साथै भगवान शिवपार्वतीको समेत वर्णन गरिएको छ ।

**स्मृतिका लहरहरू** शोककाव्य कवि श्रेष्ठको जीवनमा अति महत्त्व राख्ने कृति बनेको छ । आफ्नी प्रियसी श्रीमती सुकमयाँको देहवसान पश्चात् विह्वल बनेका कविले आत्मशान्तिका लागि प्रस्तुत खण्डकाव्य तयार गरेको देखिन्छ । जीवनयापनका क्रममा आएका अनेकौ उतारचढावमा सहयोगी बनेकी आफ्नी श्रीमतीसँग बिताएका तीतामीठा अनुभव तथा क्षणहरूलाई सूक्ष्मरूपमा कविले कृत्तिभित्र समेटेका छन् । कुनै पनि खण्डमा विभाजन नगरिएको यस शोककाव्य ४०६ श्लोक र ११४ पृष्ठमा संरचित छ । लोकलयलाई प्रयोग गरी लेखिएको यस शोककाव्य भित्रका कतिपय श्लोकहरूमा गति र यति नमिलेको पाइन्छ । सरल, सहज भाषाशैलीको प्रयोग गरी लेखिएको यस शोककाव्यमा अनुप्रास अलङ्कारको उचित संयोजन भएको छ ।

**विसङ्गति** मुक्तकसङ्ग्रह भित्रका मुक्तकहरूमा कविले समसामयिक समाजमा रहेको विकृति विसङ्गति, अन्याय, अत्याचार, भ्रष्ट राजनीति आदिलाई तीब्ररूपमा व्यङ्ग्य गरेका छन् । वर्तमान समयमा मान्छेबाट नैतिकता खस्कँदै गएको, स्वार्थीपना मौलाउँदै गएको, मानिसमात्र नभई ईश्वर पनि स्वार्थी बनेको, नेताहरूले पार्टीको सिद्धान्तलाई मागी खाने भाँडो बनाएको जस्ता यथार्थलाई विषयवस्तुका रूपमा प्रस्ट्याएका छन् । ६० पृष्ठमा संरचित यस मुक्तकसङ्ग्रहमा ११५ ओटा मुक्तकहरू समावेश गरिएको छ । तत्सम, तद्भव, आगन्तुक, अनुकरणात्मक, स्थानीय कथ्य भाषा र उखानहरूको प्रयोग गरी लेखिएको यस सङ्ग्रह भित्रका

मुक्तकहरू सरल किसिमका रहेका छन् । मुक्तलयलाई आत्मसात गरी लेखिएका मुक्तकहरू लयात्मकता प्रदान गर्न सक्षम देखिन्छन् । नियोजितरूपमा अलङ्कारको प्रयोग नगरिएतापनि सहजरूपमा विषम अनुप्रास र अन्त्यानुप्रासको उपस्थिति यस सङ्ग्रहमा रहेको पाइन्छ ।

**अनुभूति** गजलसङ्ग्रहमा कवि शान्तिनारायण श्रेष्ठले समसामयिक परिस्थिति र प्रणयसम्बन्धलाई विषयवस्तु बनाएका छन् । ३८ पृष्ठमा संरचित यस सङ्ग्रहभित्र ३८ वटै गजलहरू समेटिएका छन् । वर्तमान स्थितिमा देखिएको विकृति, विसङ्गति, भ्रष्टाचार आदिलाई स्पष्ट रूपमा प्रस्तुत गरिएको यस गजलसङ्ग्रहमा हाम्रो समाजमा विद्यमान समस्याका पृष्ठभूमिमा धर्म, कला, संस्कृति र परम्परामा आज आएको ह्रासलाई उजागर गर्न खोजिएको छ । राष्ट्रियभावलाई समेटेर राजनेताहरूप्रति व्यङ्ग्य गरिएका यस सङ्ग्रहभित्रका गजलहरूले स्वार्थत्यागको पाठ पढाएका छन् । सरल, सहज भाषाशैलीका साथै तत्सम, तद्भव र आगन्तुक शब्दहरूको प्रयोग यस सङ्ग्रहमा गरिएको छ । स्थानीय बिम्ब, प्रतीकहरूको प्रयोगका साथै उपमा, उत्प्रेक्षा स्वाभावोक्तिजस्ता अलङ्कारहरूको प्रयोगले उक्त गजलसङ्ग्रह रोचक र बोधगम्य बनेको छ ।

**अजम्मरी माया** गजलसङ्ग्रहमा गजलकार शान्तिनारायण श्रेष्ठले विषयगत विविधता देखाएका छन् । एकसय ओटा गजलहरूको सङ्कलन गरिएको यस गजलसङ्ग्रहमा वियोगका पीडाहरू, प्रेमजन्य रतिरागका विषय र समसामयिक सामाजिक एवम् राजनीतिक विषयवस्तुलाई उठाइएको छ । मायाप्रेममा विछोड, वर्तमान स्थितिप्रति शङ्का, बढ्दो शहरीकरणप्रति चिन्ता हत्याहिंसाप्रति खिन्नता, मान्छेमा निहित षड्यन्त्र स्वदेश र संस्कृतिप्रेम गरिवीको पिडालाई नै यस सङ्ग्रहमा विषयवस्तु बनाइएको छ । काफिया रदिफ आदिका बारेमा सचेत श्रेष्ठले मात्रा र लयको उचित प्रयोग गरेका छन् । यस गजलसङ्ग्रहमा गजलकारले तत्सम शब्दको अधिक प्रयोग गरेका छन् भने आगन्तुक, अनुकरणात्मक र स्थानीय भाषिक शब्दको पनि यथास्थान प्रयोग गरिएको देखिन्छ । गजलहरूमा विभिन्न परम्परागत तथा नवीन बिम्बहरूको प्रयोग गरिनुले यस गजलसङ्ग्रहलाई पठनीय बनाउनुका साथै रोचकता समेत प्रदान गरेका छन् ।

**झङ्कार** गीतसङ्ग्रहमा ५० ओटा गीतहरूको सङ्कलन गरेर गीतकार शान्तिनारायण श्रेष्ठले लोकका विभिन्न विषयलाई गीतमार्फत अभिव्यक्ति दिएका छन् । यस सङ्ग्रहभित्र गीतकारले नेपाली ग्रामीण जीवनको यथार्थ उकाली, ओराली, भीरपाखा, लेकबेसी सामाजिक जीवनमा रहने सहयोगी भावना, प्रेमबिछोड नेपालको गरिमाजस्ता विविध विषयलाई मूल कथ्य बनाएका

छन् । सरल, सहज भाषाशैलीमा रचित यस सङ्ग्रहका गीतहरूले राष्ट्रियताको भाव बोकेर ग्रामीण जनजिब्रोका शब्दहरू ओकलेका छन् । गीतिलय र अनुप्रासको मिलन गराइ लेखिएको झङ्कार गीतसङ्ग्रहका सबैजसो गीतहरूमा आद्य, मध्य र अन्त्यानुप्रासको प्रयोग गरिएको छ । लोकलयलाई आत्मसात गरी लेखिएका यस सङ्ग्रहका गीतहरूमा तत्सम, तद्भव र पर्वती उपभाषिकामा प्रचलित रहेका शब्दहरूको प्रयोग पाइन्छ । यस सङ्ग्रहका गीतहरूमा यति र गतिको उचित निर्वाह गर्ने प्रयास भए पनि पूर्णरूपमा पालना भएको पाइँदैन । गीतलेखनका दृष्टिले गीतकार श्रेष्ठको पहिलो प्रयास भएकाले यस सङ्ग्रहभित्रका गीतहरू त्यति परिष्कृत हुन सकेका छैनन् ।

**स्पन्दन** गीतसङ्ग्रहभित्र प्रेम, वेदना, हर्ष, विस्मात प्रणय तथा रतिरागको भावलाई मुख्यरूपमा विषयवस्तु बनाइएको छ । त्यसै गरी यस सङ्ग्रहभित्र एकातिर युगबोध, राष्ट्रियता, मानवीयताका अतिरिक्त प्रकृति र जीवनको तादात्म्यताको झङ्कार झङ्कृत भएका छन् भने अर्कातिर विशेष रूपमा प्रेमीप्रेमिकाको बीचको प्रणय, रतिराग मानसिक व्यग्रतामा केन्द्रित हुन पुगेको पाइन्छ । स्थायी र अन्तराको प्रयोग गरेर गीतकारले गीतहरूमा थेगोको प्रयोगद्वारा साङ्गीतिकता प्रदान गरेका छन् । ५० ओटा गीतहरूको समावेश गरिएको यस सङ्ग्रहका गीतहरू लोकलय तथा भ्याउरेलयमा रचना गरिएका छन् । तत्सम, तद्भव र स्थानीय कथ्य भाषाको प्रयोग गरेर गीतकारले आफ्ना गीतरूपी आवाजलाई शब्दहरूमा सहज अभिव्यक्तिको माध्यमबाट पोखेका छन् । यस गीतसङ्ग्रहमा सरल, सरस वाक्यको अधिकता रहनुले प्रसादगुणयुक्त भाषाशैलीको प्रयोग पाउन सकिन्छ ।

**बैंसका सुसेलीहरू** गीतसङ्ग्रहमा गीतकार शान्तिनारायण श्रेष्ठले प्रेम र समसामयिक विषयवस्तुलाई प्रस्तुत गरेका छन् । ६४ पृष्ठमा संरचित यस गीतसङ्ग्रहमा ६४ वटै गीतहरू सङ्ग्रहित छन् । स्थायी, अन्तरा र थेगोको प्रयोग गरेर गीतकारले आफ्ना गीतहरूमा साङ्गीतिकता प्रदान गरेका छन् । ग्रामीण जनजीवनभित्रका सम्पूर्ण अनुभवहरूलाई गीतको रूपमा प्रस्तुत गर्दै गीतकारले हाम्रो देशका ग्रामीण जनताको वास्तविकतालाई केलाएका छन् । श्रेष्ठको यस सङ्ग्रहमा बैंसालु प्रेम, स्मृति र व्यथाहरू मात्र नभएर अदम्य धीरताका भावहरू र समसामयिक ग्रामीण जनजीवनका शहरी विसङ्गतिमाथि व्यङ्ग्य प्रहार पनि गरिएको छ । गीतहरूमा सरलता, निख्खरता, लयात्मकता र ग्रामीण संवेगात्मकताजस्ता गुणहरू प्रशस्त पाइन्छन् । लोकलयका साथै सुन्दर कोमल वर्णहरूको प्रयोग गरी साङ्गीतिकता प्रदान गर्ने चेष्टा

गरेका छन् । सर्वसाधारणले सजिलै बुझ्न सक्ने भाषाशैलीको प्रयोग गरी लेखिएको यस सङ्ग्रहमा अनुप्रासको पनि सहज प्रयोग भएको पाइन्छ । तत्सम्, तद्भव र पर्वती उपभाषिकामा प्रचलित रहेका शब्दहरूको प्रयोग यस सङ्ग्रहमा गरिएको छ । आलङ्कारिकता भन्दा सहजतालाई अवलम्वन गरेर रचना गरिएका यस सङ्ग्रहका गीतहरू अभिधाका स्तरमा नै बोधगम्य रहेका छन् ।

**बाडुल्की** गीतसङ्ग्रहका गीतहरूमा प्रेमको संयोग र वियोग, देशभक्ति भावना, देशमा व्याप्त असमानता, विकृति, विसङ्गति आदिको मार्मिक चित्रण पाइन्छ । विविध विषयवस्तुलाई समेटेर लेखिएका यस सङ्ग्रहका गीतहरूमा विशेषगरी प्रेमका विविध पक्ष र मर्म बोकेका गीतहरू धेरै पाउन सकिन्छ । ६२ ओटा गीतहरूलाई समेटेर लेखिएको यस सङ्ग्रहमा आएका स्थायी र अन्तराले लोकभाकालाई आत्मसात् गरेका छन् । त्यसै गरी यस सङ्ग्रह भित्रका धेरैजसो गीतहरू गीतकारकी पत्नी सुकमयाँ श्रेष्ठको असामयिक निधनपछि बाडुल्की बनेर नआउ तिमी भनेर आफ्नी पत्नीप्रति लक्षित गरेको पाइन्छ । नेपाली समाजमा व्याप्त 'कसैले सम्झिए बाडुल्की लाग्छ' भन्ने परम्परागत मान्यतालाई समेत यस सङ्ग्रहले प्रस्तुत गरेको छ । लोकलयको प्रयोग गरी लेखिएको यस सङ्ग्रहको भाषा सरल भइकन पनि सहज छ । यस सङ्ग्रहका गीतहरूमा लोकभाका लोकतुक्का तथा लोकमा प्रचलित शब्दहरूको बाहुल्य देखिन्छ । तत्सम, तद्भव र पर्वती उपभाषिकामा प्रचलित रहेका शब्दहरूको प्रयोगाधिक्य रहेको यस सङ्ग्रहमा कोमल पदावली र सरल वाक्यको प्रयोगले गर्दा गीतहरू सुन्दर र बोधगम्य बन्न पुगेका छन् ।

**अवतरण** हाइकुसङ्ग्रहमा कविले वर्तमान समयमा देशमा व्याप्त समस्याहरू, भ्रष्टाचार, दूराचार, अन्याय, गरिवी, शोषण, युद्ध, भय, करुणा, राजनीतिक विसङ्गति, विदेश पलायन छाडा संस्कृति, मायाप्रेम र प्राकृतिक मोहलाई विषयवस्तुका रूपमा प्रस्तुत गरेका छन् । ६२ पृष्ठमा संरचित यस सङ्ग्रहभित्र ३१० ओटा हाइकुहरू समाविष्ट गरिएका छन् । यस हाइकुसङ्ग्रहभित्र नेपाली संस्कृति तथा उखानटुक्कालाई समेत उपदेशात्मक रूपमा प्रस्तुत गरिएको छ । पाँच-सात-पाँच गरी जम्मा १७ अक्षरको संयोजन गरी सङ्क्षिप्त रूपमा गहन भावलाई व्यक्त गर्न सफल यस सङ्ग्रहका हाइकुहरू शब्दचयनका दृष्टिले समेत उच्च कोटिका देखिन्छन् । सरल, सहज भाषाको प्रयोग गरी लेखिएका यस सङ्ग्रहभित्रका हाइकुहरूमा तत्सम, आगन्तुक, स्थानीय कथ्य भाषा र उखानटुक्काको समेत प्रयोग गरिएको छ । आद्यानुप्रास र

अन्त्यानुप्रास अलङ्कारका साथै परम्परागत र आधुनिक बिम्ब तथा प्रतीकहरूको प्रयोगले यस सङ्ग्रहलाई अभिद्या, लक्षणा र व्यञ्जना तीनै स्तरमा बोधगम्य बनाएको छ ।

**अनावरण** ताङ्कासङ्ग्रहमा सङ्ग्रहीत ताङ्काहरूमा कविले आफ्ना अनुभव, अनुभूति र विचारलाई लोकजीवन पद्धतिमा केन्द्रित रही प्रस्तुत गरेका छन् । जम्माजम्मी १८० ओटा ताङ्काहरू रहेको यस सङ्ग्रह पाँच-सात, पाँच-सात र सात गरी ३१ अक्षरमा पाँच पङ्क्तिमा संरचित छ । ऋतुबोधक र प्रकृतिजन्य बिम्बहरूको प्रयोग गरिएको यस सङ्ग्रहका ताङ्काहरूमा सरल लोकधर्मी लयका साथसाथै गीतिलयलाई आत्मसात गरिएको छ । अन्त्यानुप्रासको सहज उपस्थिति भएको यस सङ्ग्रहमा शब्द र अर्थले भावगत लायत्मकताको सिर्जना गरेको पाइन्छ । यस ताङ्कासङ्ग्रहमा सामाजिक, राजनीतिक र प्रणयमूलक विषयवस्तुलाई समेटेका छन् । सरल, सहज, भाषाशैलीको प्रयोग गरिएको यस ताङ्कासङ्ग्रहले आफ्नो जन्मभूमिप्रतिको मायालाई खोजेको छ, मान्छेभित्र मानवता खोजेको छ, अवमूल्यन जिन्दगीको मूल्यस्थापना खोजेको छ, नैतिकता र इमान्दारिताको पाठ खोजेको छ ।

**अन्तर्ध्वनि** चोकासङ्ग्रहमा राष्ट्रिय विसङ्गति, भ्रष्टाचार, घुसखोरी, गरिवी, वेरोजगार, शोषण, प्रकृतिचित्रण तथा माया प्रेमलाई नै मूल विषयवस्तु बनाइएको छ । पाँच-सात, पाँच-सात, पाँच-सात, पाँच-सात, पाँच-सात र अन्तिममा सात अक्षरको एक हरफसहित ११ हरफमा संरचना गरिएको यस सङ्ग्रहमा ६८ ओटा चोकाहरू समेटिएका छन् । यी चोकाहरूमा पाठकलाई आकर्षित गर्ने भाव रहेको पाइन्छ । लोकलयलाई आत्मसात् गरी लेखिएका यस सङ्ग्रहका चोकाहरूमा प्रेममा हुने वियोगका साथसाथै मानिस कर्मशील बन्नुपर्ने धारणासमेत व्यक्त भएको छ । कविले सबैको भावना स्वच्छ रहोस् र सबै व्यक्तिगत स्वार्थभन्दा माथि उठेर देशका लागि समर्पित हुनुपर्ने भावलाई आफ्ना चोकाहरूमा व्यक्त गरेका छन् । अभिधा, लक्षणा र व्यञ्जना तीनै स्तरमा लेखिएका यस सङ्ग्रहभित्रका चोकाहरू सरल, सहज हुनुका साथसाथै बोधगम्यताका दृष्टिले समेत उच्च देखिन्छन् । व्यञ्जनहरूको क्रमिक आवृत्ति र छोटा तथा छरिता शब्दचयनले चोकाहरू श्रुतिमधुर र रूचिकर छन् । प्रतीकहरूको प्रयोगका साथसाथै अनुप्रास, उपमा, दृष्टान्तजस्ता अलङ्कारको प्रयोग यस सङ्ग्रहमा भएको छ ।

**संस्मरण** (अवलोकन भ्रमणको) कृतिमा लेखक शान्तिनारायण श्रेष्ठले आफू भ्रमणमा गएका बेला देखेका, भोगेका र अनुभव गरेका कुराहरूलाई संस्मरणको रूप दिएका छन् । कुश्मा

पर्वतदेखि भारतको माउण्ट आबू राजस्थानसम्मको करिव दुई हप्ताको अध्ययन अवलोकन भ्रमणको विविध घटना तथा प्रसङ्गलाई साहित्यिकरूपमा लेखकले व्यक्त गरेका छन् । लेखकको आफ्नो लेखकीय क्षमता भारतका पीसपार्क, मधुवन, ज्ञानसरोवर, जैनमन्दिर आदिको वर्णनमा देख्न सकिन्छ । लघु आकारमा प्रकाशित यस कृतिको भाषाशैली सलल बगेको सरल, सहज छ । तत्सम, तद्भव तथा झर्रा नेपाली शब्दहरूको प्रयोग गरी लेखिएकाले यस सङ्ग्रह पाठकप्रिय छ । केही अङ्ग्रेजी शब्दहरूको प्रयोग गरिए पनि सर्वसाधारणलाई समेत पच्ने किसिमका शब्दले गर्दा अर्थबोधमा कुनै कठिनाइ देखिँदैन । नेपाली भाषाको मानक रूपलाई प्रयोग गरी लेखिएको प्रस्तुत कृतिमा गद्यमा हुनुपर्ने आफ्नै गति र लय रहेको छ । वर्णहरूको क्रमिक विन्यास र शब्दहरूको उचित समायोजनले पाठकलाई तत्काल प्रभाव पार्ने शक्ति यसमा रहेको छ ।

निष्कर्षमा के भन्न सकिन्छ भने साहित्यकार शान्तिनारायण श्रेष्ठ नेपाली साहित्यका विविध विधामा कलम चलाउने सशक्त स्रष्टा हुन् । उनका समग्र कृतिको अध्ययन र विश्लेषण गर्दा उनी नेपाली साहित्यको आधुनिक कालमा आफ्नो स्थान सुरक्षित राख्न सफल साहित्यकारका रूपमा देखिन्छन् । उनका समग्र पुस्तकाकार कृतिहरूमा समसामयिक यथार्थवाद र स्वच्छन्दतावादको भाव अति मार्मिक रूपमा व्यक्त भएको पाइन्छ । राष्ट्रियता, प्रकृतिचित्रण मानवता, भातृत्व, देशप्रेम, प्रणयचेतना, सामाजिकता, वर्गद्वन्द्व, व्यङ्ग्यचेतना, स्थानीयताको प्रभाव, ग्रामीण परिवेशको चित्रण उनका कृतिहरूमा पाइन्छ । बिम्बात्मक तथा आकर्षक खालका शीर्षक, सरल शैली, रचना सुहाउँदो भाषाको प्रयोगले उनका रचनाहरू कलात्मक र पठनीय बनेका छन् । समसामयिक स्वच्छन्दतावादी, प्रगतिवादी चिन्तनमा जोड, प्रकृतिचित्रण, मातृभूमि र देशभक्ति प्रति भक्तिभाव, झ्याउरे छन्द, गद्यलय, गीतिलयको प्रयोग व्यङ्ग्य र विद्रोहशीलस्वर, सरल भाषाशैली र प्रणयसम्बन्धको विश्लेषण उनका रचनाका विशिष्ट पहिचान हुन् । आफूलाई कुनै विधा विशेषमा केन्द्रित नगरी साहित्यका सबै विधामा विशिष्ट पहिचान बनाउन सफल साहित्यकार शान्तिनारायण श्रेष्ठ साच्चिकै समाजका असल मार्गनिर्देशक, परिवर्तनका वाहक, क्रियाशील र साहसिक व्यक्तित्व हुन् ।

शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वका विषयमा गरिएको यस शोधकार्यबाट उनका बारेमा अझै थप अध्ययन गर्न सकिने आधार बनेको कुरा प्रस्ट नै छ । उनी सम्बन्धी

विविध विषय र दृष्टिकोणबाट शोध गर्नका लागि यो शोधकार्यबाट विद्वत्वर्गलाई केही सहयोग अवश्य मिल्नेछ । शान्तिनारायण श्रेष्ठ र उनको साहित्यसम्बन्धी विशेष अध्ययन तथा अनुसन्धान गर्न सकिने केही शीर्षकहरू यसप्रकार छन् :

- खण्डकाव्यकारका रूपमा शान्तिनारायण श्रेष्ठ
- गीतकारका रूपमा शान्तिनारायण श्रेष्ठ
- शान्तिनारायण श्रेष्ठका जापानी शैलीका कविता

# सन्दर्भसामग्रीको सूची


उपाध्याय, केशवप्रसाद (२०४४) **साहित्यप्रकाश**, काठमाडौँ : साझा प्रकाशन ।

खरेल, जीवलाल (२०६०) 'शान्तिनारायण श्रेष्ठको जीवनी, व्यक्तित्व र कृतित्वको अध्ययन', बाग्लुङ बहुमुखी क्याम्पसमा प्रस्तुत स्नातकस्तरीय शोधपत्र ।

गिरी, खगेन्द्र (२०६३) 'जीवनको खोजिमा सङ्घर्षरत गजलयात्रालाई सलाम', **अजम्मरी माया**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : रविन्द्रनारायण श्रेष्ठ, पृ. ३१-३३ ।

गौतम, कृष्ण (२०३४) 'वाङ्मयको सङ्गमरमरमा कुँदिएको नेपाली ताजमहल गौरी काव्य', **अरुणोदय** : १४/३-४ कार्तिक, चैत्र, पृ. १८ ।

छोटा, प्रेम (२०५६) 'पर्वतमा पनि गीतकार जन्मिएछ', **स्पन्दन**, लेखक शान्तिनारायण श्रेष्ठ, कुश्मा : सुश्री संगीता श्रेष्ठ, पृ. क-ख

________________(२०५३) 'धवलागिरी अञ्चलका साहित्यकार र कृतिहरू', **मधुपर्क,** वर्ष २९, अङ्क ६, पृ. २७ ।

________________(२०५५) **धवलागिरीका कवि र कविता**, पोखरा : अमृत शेरचन ।

जिताली, बमबहादुर (२०६४) जापानी छन्दमा नेपाली कविता, काठमाडौँ : मस्याङ्दी बाङ्मय प्रतिष्ठान ।

त्रिपाठी, वासुदेव र अन्य (२०६०) **नेपाली कविता** भाग-४, ते.सं., ललितपुर : साझा प्रकाशन ।

न्यौपाने, घनश्याम (२०६३) 'अजम्मरी मायाका लागि केही शब्द', **अजम्मरी माया**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : रविन्द्रनारायण श्रेष्ठ, पृ. ८-११ ।

पोखरेल, बालकृष्ण र अरू (सम्पा) (२०६०) **नेपाली बृहत् शब्दकोश,** छैटौँ संस्करण, काठमाडौँ : नेपाल राजकीय प्रज्ञाप्रतिष्ठान ।

पौडेल, ज्ञानुवाकर (२०६३) 'मन्तव्य', **अजम्मरी माया**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : रविन्द्रनारायण श्रेष्ठ, पृ. ४-७ ।

पौड्याल, षडानन्द (२०५६) 'मन्तव्य', **झङ्कार**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत संगीता श्रेष्ठ ।

________________(२०६०) 'मन्तव्य', **अनुभूति**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पृ. ख-ङ ।

पाँडे, डा. रामकुमार (२०६२) 'पर्दा तानेर सिर्जनामा सोज्जिदैं', अनावरण लेखक शान्तिनारायण श्रेष्ठ, पर्वतः गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पृ. क-घ ।

धमला, चेतनाथ (२०६२) 'अनावरणमा सुन्दर सङ्कल्प', अनावरण लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पृ. ङ-झ ।

बराल, कृष्णहरि (२०५७) 'भूमिका', **बाडुल्की**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : रविन्द्रनारायण श्रेष्ठ ।

________________(२०६०) **गीत : सिद्धान्त र इतिहास**, काठमाडौं : विद्यार्थी पुस्तक भण्डार ।

भट्टराई, तुलसी (२०६०) 'शान्तिनारायणको स्मृतिका लहरहरूप्रति', **स्मृतिका लहरहरू**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : संगीता श्रेष्ठ, पृ. ५-७ ।

विनोदी, गोविन्दराज (२०६३) 'हार्दिक शुभकामना', **अजम्मरी माया**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : रविन्द्रनारायण श्रेष्ठ, पृ. २५-२६ ।

सरूभक्त (२०५७) 'बैंसका सुसेलीहरू र लोक विनिर्माणवाद', **बैंसका सुसेलीहरू**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : सुश्री संगीता श्रेष्ठ ।

सागर, विजय (२०५७) 'सम्मति', **गुप्तेश्वर**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय ।

सुवेदी, शुभन्तनाथ (२०५६) 'नेपाली साहित्यमा पर्वत जिल्लाको साहित्यिक योगदान', अप्रकाशित स्नातकोत्तर शोधपत्र, त्रि.वि. नेपाली केन्द्रीय विभाग ।

श्रेष्ठ, तीर्थ (२०५६) 'विसङ्गति र विकृति विरुद्धको प्रयत्न', **विसङ्गति,** लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पृ. ख-घ ।

श्रेष्ठ, प्रिया पत्थर (२०६३) 'युगौँयुग बाँचिरहोस् अजम्मरी माया, **अजम्मरी माया**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : रविन्द्रनारायण श्रेष्ठ, पृ. १४-१९ ।

श्रेष्ठ शान्तिनारायण (२०५७) 'आफ्नै तर्फबाट', **बाडुल्की,** लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : रविन्द्रनारायण श्रेष्ठ ।

____________(२०६०) 'आफ्ना कुरा', **अनुभूति**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पृ. च-छ ।

____________(२०६०) 'मेरो गन्थन', **गुप्तेश्वर,** लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पृ. ५-६ ।

____________(२०६०) 'आफ्नै कुरा', **स्मृतिका लहरहरू,** लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : संगीता श्रेष्ठ, पृ.८-१२ ।

____________(२०६४) 'आफ्ना कुरा', **अर्न्तर्ध्वनि,** लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, पृ. ख-ग ।

____________(२०२२) 'नच्याओ', **सरोज**, वर्ष १, अङ्क १, पृ. १४ ।

ज्ञवाली, रुद्र (२०६३) 'अजम्मरी मायाका सौगातहरू', **अजम्मरी माया**, लेखक शान्तिनारायण श्रेष्ठ, पर्वत : रविन्द्रनारायण श्रेष्ठ, पृ. २०-२६ ।

# परिशिष्ट - १

**(शोधनायक शान्तिनारायण श्रेष्ठसँग लिइएको अन्तर्वार्ताको विवरण)**

१. तपाईंको जन्म कहिले र कुन ठाउँमा भएको हो ?

→ मेरो जन्म १९९६ साल भाद्र १७ गते बिहीबारका दिन पर्वत जिल्ला, शिवालय गा.वि.स. वडा नं. ६ कुश्माबजारमा भएको हो ।

२. तपाईंको न्वारनको नाम, बोलाउने नाम वा उपनाम के हो ?

→ मेरो न्वारनको नाम द्रोणबहादुर श्रेष्ठ र बोलाउने नाम देवकुमार श्रेष्ठ हो । तर २०११ सालमा शान्तपात्र बनेर नाटक खेलेर अभिनय गरेँ । त्यसैबेलादेखि सबैले मलाई शान्ति भनेर बोलाउन थाले । मलाई पनि राम्रो लागि शान्तिनारायण श्रेष्ठ नाम राखेँ । नागरिकता र प्रमाणपत्रमा पनि मेरो नाम शान्तिनारायण श्रेष्ठ नै छ । कतै-कतै शान्तिनारायण श्रेष्ठ 'दीपक' उपनाम राखेर पनि कविता सिर्जना गरेको छु ।

३. तपाईं मातापिताको कतियौं सन्तान छोराको क्रममा ?

→ म मातापिताको एक मात्र छोरा अथवा प्रथम पुत्र हुँ ।

४. तपाईंका दाजुभाइ र दिदीबहिनीहरूको क्रमशः नाम बताइदिनुहोस् र अहिले कोको जीवित छन् र को-को स्वर्गीय भए ?

→ मेरा दाजुभाइ छैनन्, म एक मात्र छोरा हुँ । मेरी एक मात्र बहिनी बेलकुमारी श्रेष्ठ कान नसुन्ने र नबोल्ने छिन् ।

५. तपाईंको थर, गोत्र र पुस्ताहरूको नाम थाहा भएसम्म बताइदिनुहोस् ।

→ हामीहरू श्रेष्ठ थर काश्यप गोत्र हौं । मेरा बाजेको नाम तेहरसिंह श्रेष्ठ, हजुरबाको नाम गुञ्जमान श्रेष्ठ, बाबुको नाम रूपनारायण श्रेष्ठ र आमाको नाम मनकुमारी श्रेष्ठ हो ।

६. तपाईंको पुर्ख्यौली घर कहाँ हो ?

→ भक्तपुर, गोर्खाहुँदै कुश्मा ।

७. तपाईंको पितामाताको पेसा र शिक्षा साथै उनीहरूले पाएको मान सम्मान र पदकहरू केही छन् ?

→ मेरा पितामाताको पेसा भनेको खेती र व्यापार थियो । आमाले पढ्नुभएको थिएन । बाबुले चिठीसम्म पढ्न सक्ने हुनुहुन्थ्यो अरे । हाल उहाँहरू स्वर्गे भइसक्नुभयो ।

८. तपाईंको पितामाताको स्वभाव, व्यवहार र रुचि कस्तो थियो ?

→ म पाँच वर्षको हुँदा पिताको स्वर्गवास भएको हुँदा थाहा भएन माताको स्वभाव र व्यवहार मायालु थियो ।

९. तपाईंको जन्म, जन्मस्थल, पितामाता र परिवारसँग सम्बन्धित उल्लेखनीय घटना केही छन् कि ?

→ छैनन् ।

१०. तपाईं जन्मदाको राष्ट्रिय एवं अन्तर्राष्ट्रिय परिवेश एवं ऐतिहासिक पृष्ठभूमि कस्तो थियो ?

→ थाहा छैन ।

११. तपाईंको पिताको आर्थिक स्थिति र परिवेश कस्तो थियो ?

→ मध्यम, व्यापारिक र कुटिर उद्योगमा संलग्न ।

१२. तपाईं नौ महिनाभन्दा कम समयमा जन्मनु भएको हो कि ?

→ माताबाट जानकारी पाएअनुसार कम समयमा जन्मेको थिइनँ ।

१३. तपाईं गर्भमा रहँदा वा जन्मँदा आमाको अवस्था कस्तो थियो ?

→ थाहा छैन ।

१४. तपाईंकी धाईआमा छिन् ?

→ छैनन् ।

१५. तपाईंको एक वर्षदेखि सात वर्षसम्मको बाल्यकाल कसरी बित्यो ? त्यसपछि आठदेखि पन्ध्र वर्षसम्मको अवस्था कस्तो रह्यो ?

→ चार वर्षदेखि सामान्य पढाइ र खेल्नमा बित्यो । त्यसपछि आठ देखि १५ वर्षसम्म खेल्ने, पढ्ने, लोकगीत, गाउने, नाच्ने र रमाइलो गर्ने गरी बित्यो ।

१६. तपाईंको बाल्यावस्थाका आराम, बिराम, रोग, भोक र शोकसम्बन्धी उल्लेखनीय घटना केही छन् ?

→ बाल्यावस्थादेखि नै दात दुख्ने रोग थियो । पाँचवर्षदेखि नै पिताको ममता उपभोग गर्न पाइन त्यसमा साह्है दु:ख लाग्छ ।

१७. तपाईंको आफन्तबाट पाएका माया, दया, दु:ख र सुखका कुरा केही छन् कि ?

→ मावलीकी बजै, घरका बाजे र आमाबाट स्नेह, सद्भाव पाउँदा सुखको अनुभूति हुन्थ्यो ।

१८. तपाईंको बाल्यावस्थाका विलक्षणता, स्वभाव, कल्पना, चाहना, रुचि उद्देश्य र सपनाहरू केही थिए कि ?

→ बाल्यावस्थादेखि नै गायक, संगीतकार बन्ने प्रबल इच्छा राखेको थिएँ तर पूरा भएन । केही मात्रामा गीत गाउँछु । साहित्यिक सिर्जनातर्फ भने केही सन्तोष भएको छ अझै पनि प्रयत्नशील छु ।

१९. तपाईंको बाल्यकालका सपना र आजको बिपना बीचको तालमेल वा प्राप्ति र मेल कति मात्रामा रह्यो ।

→ संगीत, गायन र कलाकारितातर्फको मेरो चाहनाले साकार रूप लिन सकेन ।

२०. तपाईंका बाल्यकालका साथीहरूको नाम थाहा छ ?

→ पढाइ, लेखाइ र खेलकुद आदिमा ज्यादै मन मिल्ने साथीहरू गोविन्दबहादुर राना र मीनबहादुर राना हुन् ।

२१. बाल्यावस्थामा तपाईंलाई राम्रा लाग्ने कुरा के-के थिए ?

→ पढ्ने, गीत गाउने, नाच्ने, चित्र लेख्ने साथै साथीसंगीसँग खेल्नेजस्ता कुरा राम्रा लाग्थे ।

२२. तपाईंको विवाह आदि संस्कार कहिले, कति वर्षमा कसरी-कसरी भयो ?

→ मेरो पहिलो विवाह २००८ सालमा पर्वत जिल्लाको कुश्माबजारमा बस्ने भवानीप्रसाद श्रेष्ठकी छोरी जौमाया श्रेष्ठसँग जातीय रीतिरिवाजअनुसार भएको हो । बजैको चाहनाले मैले सानै उमेरमा विवाह गरेँ । विवाह गर्दा मेरो उमेर १३ वर्ष र जौमायाको उमेर ९ वर्ष थियो । त्यसपछि २०२४ सालमा जौमायालाई क्षयरोग लाग्यो । श्रीमती बिरामी, आमा वृद्ध, म जागिरमा जानुपर्ने तर घरमा काम गर्ने कोही भएनन् । त्यसपछि मैले श्रीमतीलाई र आमालाई सोधेर अर्को विवाह गरेँ । दोस्रो विवाहचाहिँ २०२९ साल माघ २ गते स्याङ्जाका प्रमानसिंह गुरुङको छोरी सुकमयाँ गुरुङसँग अन्तरजातीय रूपमा प्रेमविवाह गरेँ ।

२३. तपाईंले संस्कृत, नेपाली र अङ्ग्रेजी भाषाको शिक्षा कसको प्रभाव र प्रेरणामा कसरी-कसरी प्राप्त गर्नुभयो ?

→ मेरो संस्कृत र अङ्ग्रेजीमा राम्रो ज्ञान छैन, नेपालीमा गुरुको दीक्षा र स्वाध्ययनबाट ।

२४. आफूलाई पढाउने मुख्य गुरु, सहयोग गर्ने सहकर्मीहरू को-को थिए ? आफूले पढेका स्वदेशी र विदेशी विद्यालय र महाविद्यालयहरू बताउनुहोस् ।

→ मैले प्रारम्भिक शिक्षा पण्डित दुर्गादत्त पौडेलसँग पढेँ । माध्यमिक शिक्षा भद्र शर्माका भाइ उमाभद्र खनालसँग पढेँ । स्थानीय भाषा पाठशालादेखि माध्यमिक विद्यालय पर्वत गुप्तेश्वर गुफानेरको गुठीमा बनेको दुई तले पक्की धर्मशालामा गई पढेँ । जागिरको सिलसिलामा चाहिँ पृथ्वी प्रजापतिसँग प्राइभेट रूपमा २०१९ सालदेखि अध्ययन गरेको हुँ । २०३० साल माघ महिनामा आफ्नै स्वअध्ययनले नारायण मा.वि. कुश्माबाट तेस्रो श्रेणीमा एस्.एल्.सी. पास गरे ।

२५. तपाईंले उच्च शिक्षा हासिल गर्नुभएको छ ?

→ मैले पारिवारिक र जागिरको कारणले उच्च शिक्षा हासिल गर्न सकिनँ ।

२६. तपाईंले पढेको पहिलो साहित्यिक कृति कुन हो ? तपाईंलाई मन पर्ने विषय, विधा र कवि लेखकहरू भन्नुहोस् ।

→ मैले पढेको पहिलो साहित्यिक कृति 'नासो' हो । मलाई मनपर्ने विषय साहित्य, गद्य, पद्य विधा, लेखनाथ पौड्याल, गुरूप्रसाद मैनाली, माधव घिमिरे र भूपि शेरचन हुन् ।

२७. आफूले शिक्षा ग्रहण गर्नेक्रममा घटेका विशेष परिस्थिति र घटनाहरू केही छन् कि ?

→ तीन कक्षामा पढ्दा-पढ्दैमा उमाभद्र खनालले साथै लान्छु र उच्च शिक्षा दिलाउँछु भनी लैजान खोज्दा आमा र मावली परिवारले जान दिएनन् । आमा र मावली परिवारको एक मात्र पुत्र सन्तान थिएँ । त्यसपछि उमाभद्र गुरु २०१० सालमा जानुभयो । केही समय मेरो अध्ययन रोकियो । जान नपाएको कारणले उच्च शिक्षा प्राप्त गर्न नसकेको तीतो अनुभूतिले मलाई सधैँ सताइरहन्छ ।

२८. तपाईंका विचारमा शिक्षा, सभ्यता, संस्कृति र सदाचार भनेको के हो ?

→ सार्थक जीवनयापनको लागि अपरिहार्य र अनिवार्य । जीवन सदुपयोग गर्न जाने श्रीखण्ड नजाने खुर्पाको बिँड ।

२९. तपाईं साहित्यलाई कसरी चिनाउनुहुन्छ ?

→ समाजको ऐना हो भनेर अथवा सम्वेदनात्मक अनुभूतिको कलात्मक अभिव्यक्ति हो भनेर चिनाउँछु ।

३०. तपाईंलाई साहित्य सिर्जना गर्ने प्रभाव र प्रेरणा कहाँबाट कसरी प्राप्त भयो ?

→ आफूभन्दा अग्रजका कृति पढेर र आफ्नै अध्ययन, अनुभूति र अठोटबाट ।

३१. तपाईंको साहित्यका आदर्श के हो र तपाईं आफ्नो साहित्यमा मुख्य-मुख्य रूपमा के-के देखाउन खोज्नुहुन्छ ?

→ सरल र सुबोध शब्द चयन गरी पाठकहरूले सहजरूपमा बुझ्न र आत्मसात गर्न सक्ने साहित्य सिर्जना गरेर ।

३२. तपाई साहित्यमा समाजको कस्तो कस्तो पक्षलाई र व्यक्तिको मनस्थितिलाई देखाउन चाहनुहुन्छ ?

→ रोग, भोक र शोकले पीडित हाम्रो मनस्थिति, विकृति र विसङ्गतिले गाँजेको सामाजिक परिस्थिति एवं सामाजिक रूपान्तरणका निम्ति हामीमा आवश्यक दायित्वबोधजस्ता पक्ष ।

३३. तपाईंको पितृ-मातृ वंशमा कुनै साहित्यिक र राजनीतिक व्यक्तिहरू थिए कि ? भए नाम भन्नुहोस् ?

→ मेरो जानकारीमा छैन ।

३४. तपाईंले सिर्जना गरेको पहिलो साहित्यिक कृति के हो, कुन हो ? प्रकाशित प्रथम कृति र त्यसको शीर्षक र विधा भन्नुहोस् ?

→ पहिलो सिर्जना 'शुभेच्छा' कविता (२०१८) हो । प्रकाशित पुस्तक 'गुप्तेश्वर खण्डकाव्य' (२०२७) हो ।

३५. तपाईंका प्रकाशित फुटकर तथा ग्रन्थाकार कृतिहरू के-के हुन् ?

→
- **गुप्तेश्वर** (खण्डकाव्य २०२७)
- **झंकार** (गीतसङ्ग्रह २०५६)
- **स्पन्दन** (गीतसङ्ग्रह २०५६)
- **विसङ्गति** (मुक्तकसङ्ग्रह २०५६)
- **बैंसका सुसेलीहरू** (गीतसङ्ग्रह २०५७)
- **बाडुल्की** (गीतसङ्ग्रह २०५७)
- **अनुभूति** (गजलसङ्ग्रह २०६०)
- **स्मृतिका लहरहरू** (शोककाव्य २०६०)
- **अवतरण** (हाइकुसङ्ग्रह २०६१)
- **अनावरण** (ताङ्कासङ्ग्रह २०६२)
- **संस्मरण** (नियात्रा २०६२)
- **अजम्मरी माया** (गजलसङ्ग्रह २०६३)
- **अन्तर्ध्वनी** (चोकासङ्ग्रह २०६४)

- लोकदोहोरी गीत - आजै छ लगन र हिलेपानी गाउँमा खोलापारि पुग्यो माझी दाइ ।

३६. लिखित तथा अप्रकाशित कृतिहरू छन् भने तिनको शीर्षक, रचनाकाल भन्नुहोस् ?

→ 'कोशेली' (कवितासङ्ग्रह २०२२), अल्झिएको स्मृति (कवितासङ्ग्रह २०२३), बादलिएको दिन (कथासङ्ग्रह २०२३), प्रणयको अवशेष (उपन्यास २०२४), धन्यवाद (हास्यव्यङ्ग्य), एक मनन एक चिन्तन (कवितासङ्ग्रह), स्मरण (कवितासङ्ग्रह), पुनर्मिलन (उपन्यास) र खाटा बस्न नसकेका घाउहरू (कवितासङ्ग्रह) ।

३७. तपाईंले नेपाली साहित्यका कुन-कुन विधामा कलम चलाउनुभएको छ ?

→ गद्य, पद्य, कविता, कथा, काव्य, मुक्तक, गीत, गजल, नियात्रा, हाइकु, ताङ्का र चोका ।

३८. तपाईंले आफ्ना जीवनको कति वर्षदेखि साहित्यसिर्जना गर्नुभएको हो ?

→ १४ वर्षदेखि, २०१० सालबाट गीतबाट साहित्यसिर्जना गरेँ ।

३९. विवाहपश्चात् तपाईंको जीवनमा परेको सकारात्मक वा नकारात्मक प्रभाव केही छ ?

→ पहिले सकारात्मक र पछि नकारात्मक ।

४०. आफ्ना पिता, माता वा अन्य कुनै व्यक्तिको स्वभाव र त्यसले तपाईंमा पारेको प्रभाव केही छ कि ?

→ सुखमा नमात्तिनु र दुःखमा नआत्तिनु भन्ने आमाको भनाइ र स्वभावबाट ।

४१. आफ्नी पत्नीको स्वभाव र त्यसले तपाईंमा पारेको प्रभाव केही छ कि ?

→ मीठो बोली, दयालु स्वभाव, उच्चविचार, क्रियाशील र क्रियाशीलताका साथै सरसल्लाह ।

४२. तपाईंको अहिलेको आर्थिक अवस्था कस्तो छ ?

→ दुई छाक खान र लाउन पुग्छ ।

४३. यहाँले आफ्नो कार्यक्षेत्रको चयन कसरी गर्नुभयो र के-के का आधारमा ?

→ जीवनयापनको लागि व्यवसाय गर्नैपर्ने ठानी, खेतीपाती, व्यापार र जागिर पनि खाएँ ।

४४. तपाईं आफू र आफ्ना परिवारको लागि प्रतिदिन कसरी खट्नुहुन्छ ? तपाईं कुन वर्गको व्यक्ति हो ?

→ दायित्वबोध, समय र कर्तव्यको ख्याल गरी खट्छु । म मध्यम वर्गको व्यक्ति हुँ ।

४५. तपाईंको कार्य र व्यवहारप्रति तपाईंकी श्रीमतीको कस्तो धारणा र दृष्टि रहन्थ्यो ?

→ सामान्य ।

४६. तपाईं कुन धर्ममा विश्वास गर्नुहुन्छ र आफ्नो प्रातःकालीन धार्मिक नियम कसरी-कसरी सम्पादन गर्नुहुन्छ ?

→ म हिन्दु धर्मावलम्बी हुँ । यसैमा नै विश्वास गर्छु । मानवीय सेवा कार्यलाई नै सर्वोत्तम धर्म हो भन्ने मान्यता राख्छु ।

४७. तपाईं आफ्ना इष्टदेव वा इष्टदेवीका रूपमा कुन-कुन परम्शक्तिको अर्चना, पूजा वा प्रार्थना गर्नुहुन्छ ?

→ गणेश, शिव, विष्णु, सरस्वती, भगवती र लक्ष्मी ।

४८. तपाईं धर्म र संस्कृतिलाई कस्तो रूपमा हेर्नुहुन्छ ?

→ औपचारिक र अनौपचारिक ।

४९. तपाईंका छोराछोरी कति छन् र कतिको विवाह भयो ?

→ मेरा जेठी श्रीमतीतिर (जौमायातिर) तीन छोरा र एक छोरी मध्ये अहिले दुई छोरा र एक छोरी जीवित छन् । जेठो छोराको नाम विष्णुप्रसाद श्रेष्ठ हो । उसको जन्म २०२० साल बैशाख १६ गते भयो । विष्णुप्रसादको विवाह पाल्पा निवासी बन्धनासँग भएको छ । उनीहरूको एक छोरा छ । माइलो छोरा नारायणप्रसाद श्रेष्ठको जन्म २०२२ साल श्रावण ४ गते भयो । उसले वि.ए. पढेर उषाभारी श्रेष्ठसँग विवाह भएको छ । उसको पनि एक छोरा छ । कान्छो छोराको जन्म २०२४ सालमा भयो । तर श्रीमतीलाई क्षयरोग लागेको हुँदा कान्छो छोराको मृत्यु २०२६ सालमा २ वर्षको उमेरमै भयो । त्यसपछि एक मात्र छोरी शकुन्तलाको २०३० सालमा जन्म भयो । शकुन्तलाले एस्.एल्.सी. पढी गुल्मीका महेन्द्र श्रेष्ठसँग विवाह गरेकी छन् । उनका दुई छोरा र एक छोरी छन् ।

कान्छी पत्नी सुकमयाँतिर एक छोरी र एक छोरा गरी २ सन्तान जन्मे । छोरी संगीता श्रेष्ठको २०३२ साल आश्विन २ गते जन्म भयो । उनको विवाह २०६३ सालमा म्याग्दीको बेनीबजारमा भयो । हाल उनी श्रीमान्सहित जापानमा छन् । छोरा रविन्द्रनारायणको जन्म २०३४ साल वैशाख ७ गते भयो । ऊ अविवाहित छ । जापानमा नै छ ।

५०. तपाईंको पिता र माताको मृत्यु कति सालमा भयो ?

→ पिताको मृत्यु २००१ सालमा म पाँच वर्षको पुग्दानपुग्दै भएको हो र माताको मृत्यु २०३३ साल असोज १३ गते भयो । उहाँ दमको रोगी हुनुहुन्थ्यो ।

५१. तपाईंको दोस्रो विवाहपश्चात दाम्पत्य जीवन कस्तो रह्यो ।

→ दोस्रो विवाह गरेपछि २०३३ सालमा जेठी श्रीमतीसँग अलग भई कान्छी श्रीमतीसँग बसें । त्यसपछि दाम्पत्य जीवन सुखमयनै रह्यो । उनीबाट मलाई घरायसी र साहित्यिक कार्य गर्दा सहयोग एवं उपयुक्त सल्लाह मिल्थ्यो । उनले मेरो ठूलो सेवा गर्थिन । हामीहरू बीच पारस्परिक सहयोगको भावना थियो । कारणवश २०५४ देखि

उनी विरामी भईन् उपचार गर्दा पनि निको भएन र उनको मृत्यु २०५७ साल श्रावण २५ गते भयो । तत्पश्चात् मेरो जीवनमा ठूलो चोट पर्‍यो । उनकै स्मृतिमा स्मृतिका लहरहरू (२०६०) शोककाव्य लेखेको हुँ ।

५२. अहिले तपाईंको घरमा को-को हुनुहुन्छ ?

→ जेठी श्रीमती छुट्टिएर बसेकी छन् । मेरो घरमा म र एउटी कान नसुन्ने र नबोल्ने बहिनी छौं ।

५३. तपाईं कति अध्ययन गरेपछि र आफू जीवनको कुन उमेरदेखि सरकारी र गैरसरकारी सेवा प्रारम्भ गर्नुभएको हो ?

→ पाँच कक्षाको अध्ययन पश्चात् १८ वर्षको उमेर, २०१४ सालदेखि सरकारी सेवामा प्रवेश गरेको हुँ ।

५४. तपाईंले आफ्नो कार्यक्षेत्र आफैँ वा क-कसको प्रेरणाले अँगाल्नु भयो ?

→ आफ्नै चाहना र स्वविवेकले ।

५५. यहाँले कस्ता-कस्ता विषय र क्षेत्रसँग सम्बन्धित कार्यहरू कहाँ-कहाँ बसेर सम्पादन गर्नुभयो र आजको कार्यक्षेत्र के छ ?

→ विभिन्न मन्त्रालय र विभागअर्न्तगतका कार्यालयहरूमा बसेर मैले कार्य सम्पादन गरें । हाल सामाजिक संघसंस्था र साहित्यिक क्षेत्रमा छु ।

५६. राष्ट्र र अन्तर्राष्ट्र, जिल्ला वा राजधानीमा यहाँले गरेका कार्यहरू के-के छन् ?

→ जिल्लास्थित संघसंस्थामा संलग्न भई सामाजिक कार्यहरू गरे । साहित्यको सिर्जनामार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा प्रतिभाको पहिचान दिएको छु ।

५७. तपाईंको जीवनदर्शन, विश्वास, मान्यता र आदर्श के-कस्तो रहेको छ ?

→ सकारात्मक सोंच, उच्च विचार र मानवीय सेवामा समर्पित सार्थक जीवन हुनुपर्छ ।

५८. तपाईं भाषासाहित्य सेवीलाई कस्तो सल्लाह र सन्देश दिनुहुन्छ ?

→ आफ्ना रचनाहरू क्लिष्ट र दुर्बोध्य शब्दले होइन, सामान्य पाठकहरूले बुझ्ने र आत्मसात गर्नसक्ने सरल, सवल शब्दमा सिर्जना गरौं भनेर सल्लाह दिन्छु ।

५९. यहाँले स्वदेश तथा विदेश कुन-कुन ठाउँको कहिलेदेखि भ्रमण गर्नुभयो ?

→ नेपालका पाँच विकासक्षेत्र, चौध अञ्चल र ४८ जिल्ला, भारतको डिल्ली, मद्रास, बेंगलोर, कलकत्ता, लखनौं, राजस्थान आदि बैङ्कक, जापानका प्रमुख सहरहरू, विभिन्न समयमा भ्रमण गरें ।

६०. भ्रमणको सन्दर्भमा आफूले आर्जन गरेको अविस्मरणीय अनुभव केही छ कि ?

→ अनुभवको रूपमा यात्रासंस्मरण लेखेको छु ।

६१. तपाईं अरूको कस्तो व्यवहार र स्वभाव रुचाउनु हुन्छ ?

→ स्वार्थ, छलकपट, चाकडी-चाप्लुसी, घमण्डरहित सभ्य, सुसंस्कृत परोपकारी, दयालु, मायालु र गुणकारी ।

६२. तपाईं कुन-कुन देवता, कुन-कुन धर्मग्रन्थ र कुन-कुन संस्कृतिलाई बढी रुचाउनुहुन्छ र किन ?

→ म गणेश, शिव, विष्णु, सरस्वती र भगवतीजस्ता देवता र नेपाली संस्कृति आस्थाको आधारमा रुचाउँछु ।

६३.	तपाईंको विचारमा कविता, कथा, उपन्यास, नाटक र निबन्ध भनेको के हो ?

→	मानवीय जीवन र जगतको बारेमा आफूले अनुभूत गरेका अनुभूति र अभिव्यक्तिहरू सम्प्रेषण गने माध्यमहरू ।

६४.	आफूले गरेको कुन-कुन कार्यमा यहाँले बढी सन्तुष्टि र असन्तुष्टि प्राप्त गर्नुभयो ?

→	साहित्यिक, सामाजिक सेवा र जागिरमा ।

६५.	यहाँले प्राप्त गरेका मान, सम्मान, पदक र पुरस्कारहरू के-के हुन् ?

→	क)	"जानपद सेवा पदक" २०२३ (सरकारी सेवामा कार्यरत रहँदा)

ख)	"स्वर्ण पदक" (दोस्रो राष्ट्रिय दोहोरी गीत प्रतियोगितामा प्रथम भई) २०४० पोखरा)

ग)	"रत्न श्रेष्ठ पश्चिमाञ्चल क्षेत्रीय पुरस्कार" २०६१ (स्मृतिका लहरहरू शोककाव्यका लागि)

घ)	AMBASSADOR FOR PEACE-UNIVERSAL PEACE FEDERATION-2006

ङ)	"सम्मान" महायज्ञ संचालक मूल आयोजक समिति, गुप्तेश्वरधाम, कुश्मा २०६३

च)	"सम्मान" पश्चिमाञ्चल क्षेत्रीय निर्माण व्यवसायी संघ पोखरा २०६४

छ)	"सम्मान" घुम्ते प्रकाशन प्रा.लि. ढोरपाटन दैनिक बागलुङ्ग २०६४

६६.	यहाँले दीपक उपनाम चयन गर्नुको औचित्य केही छ कि ?

→	२०१३/१४ सालतिर साथीहरू बीच उपनाम लेख्ने लहर चल्यो र मैले पनि नामको पछाडि 'दीपक' उपनाम लेखेको हुँ ।

६७. तपाईंको चूडाकर्म कहिले र कसरी भयो ?

→ मेरो चूडाकर्म २००८ सालमा, १२ वर्षको उमेरमा आफ्नै जन्मस्थान कुश्माबजारमा धार्मिक विधिविधानका साथ भएको हो । मेरो मावली परिवारतर्फ छोरा थिएनन् । हजुरआमा वृद्ध भइसकेकाले काजक्रिया गर्नुपर्ने हुँदा चूडाकर्म भएको हो ।

६८. तपाईंले जागिरको जीवनबाट कहिले अवकाश प्राप्त गनुभयो ?

→ २०४९ सालमा उमेरको हद नाघेकाले ना.सु. पदबाट अनिवार्य अवकाश प्राप्त गरें । ३६ वर्ष सेवा गरेँ ।

६९. तपाईंले कुन-कुन साहित्यिक पत्रिकाहरूको सम्पादन तथा प्रकाशन गर्नु भएको छ ?

→
- "आँकुरो" हस्तलिखित साहित्यिक पत्रिकाको सम्पादन २०१८
- "पर्वतमाला" षडमासिक पत्रिकाको सम्पादन मण्डलमा २०२२
- "सगुन" साहित्यिक पत्रिकाको सम्पादन २०५४ देखि हालसम्म

७०. तपाईं कुन-कुन सङ्घ-संस्थामा आबद्ध हुनुहुन्छ ?

→
- आजीवन सदस्य : नेपाल रेडक्रस सोसाइटी, पर्वत
- आजीवन सदस्य : रत्न श्रेष्ठ पुरस्कार गुठी बागलुङ
- संस्थापक अध्यक्ष : गुप्तेश्वर बहुउद्देश्यीय पुस्तकालय, कुश्मा, पर्वत
- संस्थापक अध्यक्ष : सुकमयाँ बाल प्रतिभा पुरस्कार गुठी, कुश्मा, पर्वत
- अध्यक्ष : गुप्तेश्वर धार्मिक तथा पर्यटकीय विकास संस्था कुश्मा
- अध्यक्ष : राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान नेपाल, जिल्ला समिति, पर्वत

- संरक्षक : जनमत साहित्यिक मासिक, काभ्रे, बनेपा
- केन्द्रीय प्रतिनिधि : नेवाः देय दवू : पर्वत
- सल्लाहकार : धौलागिरी वाङ्मय समाज
- सदस्य : जिल्ला बाल कल्याण समिति, पर्वत

७१. क) यहाँलाई मनपर्ने कवि वा साहित्यकार ?

→ लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, माधव घिमिरे, भूपि शेरचन, गुरुप्रसाद मैनाली

ख) यहाँलाई मनपर्ने नेपाली संस्कृति कुन हो ?

→ स्वजातीय

ग) यहाँलाई मनपर्ने नेपाली बाजा ?

→ मादल, बाँसुरी र सहनाई ।

घ) यहाँलाई मनपर्ने नेपाली खाना ?

→ मौसमअनुसार दाल भात, तरकारी, अचार, मासुको झोलसँग ढिँडो, धनियाँको चटनी

ङ) यहाँलाई मनपर्ने फूल ?

→ लालीगुराँस

च) यहाँलाई मनपर्ने गीत ?

→ यो सम्झिने मन छ म बिर्सूं कसरी ।

छ)	यहाँलाई मनपर्ने गीतकार ?

→	गोपाल योञ्जन, कालीप्रसाद रिजाल ।

ज)	यहाँलाई मनपर्ने गायक ?

→	नारायण गोपाल ।

झ)	यहाँलाई मनपर्ने पुस्तकहरू ?

→	लेखनाथका सबैजसो कृतिहरू, **नासो**, **मुनामदन**, **घुम्ने मेचमाथि अन्धो मान्छे**, **सोच** (कर्ण शाक्य) र **गौरी** ।

ञ)	यहाँलाई मनपर्ने वाद्ययन्त्र ?

→	हार्मोनियम ।

ट)	यहाँलाई मनपर्ने रङ्ग ?

→	कलेजी ।

ठ)	यहाँलाई मनपर्ने भेषभूषा ?

→	मयलपोस, कोट, पाइन्ट, सट ।

ड)	यहाँलाई मनपर्ने नेपालको अञ्चल ?

→	गण्डकी ।

ढ)	यहाँलाई मनपर्ने नेपालको जिल्ला

→	काँस्की ।

ण)	यहाँलाई मनपर्ने नेपालको गा.वि.स. ?

→ पोखरा उपमहानगरपालका ।

त) यहाँलाई मन पर्ने नेपालको हिमाल ?

→ धौलागिरी, माछापुच्छ्रे ।

थ) यहाँलाई मन पर्ने नेपालको जनजाति ?

→ नेवार ।

द) यहाँलाई मनपर्ने राजनीतिक मान्यता ?

→ समाजवाद, लोकतान्त्रिक पद्धति ।

ध) यहाँलाई मनपर्ने राजनीतिक नेता ?

→ विश्वेश्वरप्रसाद कोइराला ।

न) यहाँलाई भन्न मन लागेका अन्य कुरा छन् कि ?

→ खासै केही छैनन् ।

# परिशिष्ट - २

**शोधनायक शान्तिनारायण श्रेष्ठका बारेमा उनीसँग निकट भएका ओमप्रसाद घायलसँग २०६४।११।२५ गते कुश्माबजारमा लिइएको जानकारीको विवरण**

१. शान्तिनारायण श्रेष्ठको रूचि तथा स्वभाव कस्तो छ ?

→ शान्तिनारायणसँग प्राय जसो मेरो साहित्यिक गोष्ठीमा भेट भइरहन्छ । उनी साहित्यिक कार्यक्रम आयोजना गर्ने, पुस्तक प्रकाशन गर्ने, समाजमा राम्रो गर्नेलाई सम्मान गर्ने, साहित्यिक गोष्ठी आयोजना गर्ने, साहित्य अध्ययन र लेखन गर्ने गर्छन् । उनको रूचि गायन र सङ्गीत बन्ने देखिन्छ । सहयोगी र स्वाभिमानी हुनुका साथै समाजका विकृति, विसङ्गति, अन्याय, अत्याचारको घोरविरोध गर्ने उनको स्वभाव देखिन्छ ।

२. शान्तिनारायणको बानी कस्तो छ ?

→ शान्तिनारायण श्रेष्ठको नामको प्रकृति जस्तो किसिमको छ बानी पनि त्यस्तै किसिमको छ । उनी मेहनती, सहयोगी र शान्त स्वभावका छन् ।

३. शान्तिनारायण श्रेष्ठका फुटकर रचनाका बारेमा तपाईंलाई के थाहा छ ?

→ उनका फुटकर रचनाहरू थुप्रै छन् । उनले आफ्ना फुटकर रचनामा शान्तिनारायण श्रेष्ठ ‘दीपक’ जस्ता उपनाम दिएर कविताहरू प्रकाशन गरेका छन् ।

४. शान्तिनारायण कस्ता गजलकार व्यक्तित्व हुन् ?

→ सङ्क्रमणकालीन स्थितिमा पनि गजल लेख्ने शान्तिनारायण एक सिद्धान्त गजलकार व्यक्तित्व हुन् ।

# परिशिष्ट - ३

## शोधनायक शान्तिनारायण श्रेष्ठका बारेमा उनीसँग निकट भएका इन्द्रबहादुर विकल्पसँग मिति २०६४।११।२५ गते उनकै घर पर्वतमा पुगी लिइएको जानकारी

१. शान्तिनारायण श्रेष्ठको स्वभाव तपाईंलाई कस्तो लाग्छ ?

→ उनको सबैभन्दा मित्रवत र सहयोगी व्यवहार गर्ने स्वभाव देख्दा राम्रै लाग्छ । तर कहिलेकाहीँ सोचेअनुसारको भएन भने खरो रूपमा प्रस्तुत भई आफ्नो हठ पूरा गरी छाड्छन् ।

२. उनले समाजमा कस्तो मान्यता राख्छन् ?

→ उनी गरिवहरूलाई दिनुपर्छ भनि सहयोग गर्छन् । राम्रो कार्य गरे स्वर्ग यही नै हुन्छ भन्ने स्वभावका छन् । पितृको श्रद्धा र तर्पण गर्ने कुरामा विरोध गर्न हुन्न, पितृको सेवा गर्नुपर्छ भन्ने मान्यता राख्छन् ।

३. शान्तिनारायणको साहित्यिक व्यक्तित्वको बारेमा बताइदिनुहोस् न ?

→ शान्तिनारायण श्रेष्ठसँग साहित्यिक यात्रामा सँगै हिँडेका छौ, उनका गीत मार्मिक छन् । उनको साहित्यिक रचनामा गाढा सुगन्ध दिने रङ्गीचङ्गी फूलहरू फक्राएका छन् । सर्वसाधारणले बुझ्न सक्ने मीठो र झर्रा नेपाली शब्दको प्रयोग उनको रचनामा पाइन्छ । उनले साहित्यका विविध विधामा कलम चलाएका छन् । उनी उच्च तर भौगोलिक कारणले ओझेलमा परेका साहित्यकार हुन् ।

# परिशिष्ट - ४

## शोधनायक शान्तिनारायण श्रेष्ठका बारेमा प्रेम छोटासँग मिति २०६५।१।५ गते बाग्लुङमा पुगी लिइएको जानकारी

१. शान्तिनारायण श्रेष्ठ कस्ता साहित्यकार हुन् र उनका बारेमा तपाईं कस्तो मूल्याङ्कन गर्नुहुन्छ ?

→ शान्तिनारायण एक पुरानो साहित्यकार व्यक्तित्व हुन् । जागीरले गर्दा उनको साहित्यिक यात्रामा केही मात्रामा अवरोध आए जस्तो मलाई लाग्छ । राष्ट्रियस्तरका साहित्यकारहरूले उनको साहित्यिक क्षेत्रमा लामो समयदेखिको विशिष्ट योगदान छ भनेर चिनाइदिने र चिनिने अवसरबाट उनी बञ्चित हुनुपर्‍यो । भौगोलिक कारणले पनि प्रभाव पार्दोरहेछ । तर पनि उनी साहित्यकारका विभिन्न विधामा कलम चलाउने साहित्यकार व्यक्तित्व हुन् । उनको उच्च मूल्याङ्कन हुनेछ ।

२. शान्तिनारायणको गीतकार व्यक्तित्वको बारेमा बताइदिनु हुन्छ कि ?

→ उनी पर्वत जिल्लाकै एक हस्ती साहित्यिक व्यक्तित्व हुन् । लोकगीतमा, दोह्रोरी गीतमा, झ्याउरे गाउनमा उनको विशेष रुचि छ, झुकाव छ र सौखको विषय बनाएको पाइन्छ ।

३. उनी गीतको क्षेत्रमा कहिलेदेखि लागेका हुन् र उनका गीतहरूको भाव कस्तो देखिन्छ ?

→ शान्तिनारायण गीतको क्षेत्रमा धेरै पहिलादेखि लागेका हुन् । ठ्याम्मै मिति त थाहा छैन । तर जागीरको कारणले निरन्तरता दिन सकेनन् । निरन्तर गीत क्षेत्रमा लागेको भए उनी राष्ट्रियस्तरको स्थापित गीतकार व्यक्तित्व हुने थिए । तर उनी ओझेलमा परे । जागीरको अवकाशपछि फेरि जुरमुराएर उठेको देखिन्छ । उनका गीतहरूको भाव

सामाजिक परिवेश र प्रेमपरक भावको बान्कीमा केन्द्रित भएको पाइन्छ । सङ्गीतबद्ध रूपमा गाउन सक्ने लयात्मक कला उनमा भेटिन्छ ।

४. शान्तिनारायण श्रेष्ठको सम्पादक व्यक्तित्व कस्तो छ ? र पर्वतका साहित्यक्षेत्रमा उनको योगदान कस्तो देख्नुहुन्छ ?

→ उनले आँकुरो, पर्वतमालाजस्ता साहित्यिक पत्रिकाको सम्पादन मण्डलमा बसेर काम गरेको पाइन्छ । त्यसैगरी २०५४ सालदेखि उनी 'सगुन' साहित्यिक पत्रिकाको सम्पादन गर्दै आएका छन् । उनका सम्पादित पत्रिकामा साहित्यतर्फ रूचि भएका व्यक्तिका रचनाहरू छापिएका छन् । तत्कालीन समयमा उनले पर्वतका युवाहरूलाई गोलबद्ध गरेर साहित्यक्षेत्रमा अगाडि ल्याउने काम गरेका हुनाले पर्वतका साहित्यक्षेत्रमा उनको उच्च योगदान छ । नियमित प्रकाशन हुने सगुन साहित्यिक पत्रिकाले नव साहित्यिक युवाहरूलाई आकर्षित गरेको छ ।

५. शान्तिनारायणले कुन-कुन कार्यालय पदमा रहेर सामाजिक सेवा गरेका छन् ? उनको सामाजिक व्यक्तित्व कस्तो छ ?

→ शान्तिनारायण एक सक्रिय समाजसेवी व्यक्तित्व हुन् । उनले २०१४ सालदेखि हुलाक, पञ्चायत विकास केन्द्र, सहकारी, भूमिसुधार, जि.वि.स. आदि कार्यालयहरूको विभिन्न पदमा रहेर समाज र राष्ट्रको सेवा गरेको देखिन्छ । उनी व्यक्तिगत र संस्थागत रूपमा सामाजिक कार्यमा जुट्दै आएका छन् । उनले आफ्ना साहित्यिक रचनाका माध्यमबाट समाजमा हुने असमानता, भेदभाव, हिंसाजस्ता विकृति, विसङ्गतिप्रति व्यङ्ग्य प्रहार गरेका छन् । पाउनमा भन्दा दिनमा मजा हुन्छ, सन्तुष्टि पनि हुन्छ भन्ने उनको तर्क छ । उनी लामो जीवनयात्रा, अनेकौ घात-प्रतिघात खपेर पनि बुलन्द उत्साह र अटल धैर्यताका साथ समाजसेवामा समर्पित व्यक्तित्व हुन् ।

## परिशिष्ट - ५

**शोधनायक शान्तिनारायण श्रेष्ठका बारेमा काजी रोशनसँग मिति २०६४।११।२५ गते कुश्माबजारमा पुगी लिइएको जानकारी**

१. शान्तिनारायण श्रेष्ठको गीतकार व्यक्तित्व बारे केही बताइदिनु हुन्छ कि ?

→ शान्तिनारायण धेरै पहिलादेखि गीतक्षेत्रमा लागेका एक पुरानो गीतकार व्यक्तित्व हुन् । उनले मायाप्रेममा आधारित गीतहरू लेखेका छन् ।

२. उनको कवि व्यक्तित्व कस्तो रहेको छ ?

→ शान्तिनारायणले व्यङ्ग्यात्मक किसिमका कविताहरू लेख्न त खोज्छन् तर व्यङ्ग्यात्मक भाव पाइदैन तर उनी कविता क्षेत्रमा धेरै पहिलादेखि लागेका भने हुन् ।